# मतिपुराण

## (हास्यव्यङ्ग्यसङ्ग्रह)

लेखक

**बलदेव थापा**

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा नगरपालिका – ६, काभ्रेपलाञ्चोक
(प्रकाशनपुष्प : २७२)

## समर्पण

पिताजी हरिबहादुर थापा र
माताजी चित्रकुमारी थापामा ।


| | | |
|---|---|---|
| प्रकाशनकाल | : | वैशाख २०८३ |
| प्रकाशनप्रति | : | ५०० |
| सर्वाधिकार | : | लेखकमा |
| संस्करण | : | प्रथम |
| अक्षराङ्कन | : | सङ्गीता केसी |
| भाषिक शुद्धीकरण | : | गीता अधिकारी |
| आवरणसज्जा | : | इ. रोशन मञ्जुश्री अधिकारी |
| मुद्रक | : | सर्वश्री क्वालिटी प्रिन्टर्स<br>बनेपा, काभ्रेपलाञ्चोक |
| मूल्य | : | रु. ५००।- |

ISBN: 9789937995146

.............................................................................

**Mati Puran**
By Baladev Thapa

# प्वाक्कपुक्क ट्वाक्कटुक्क वार्ता-व्यङ्ग्य

नेपाली हास्यव्यङ्ग्यको फाँटमा स्तरीय लेखन पाउन कठिन छ । विशुद्ध हास्यव्यङ्ग्यखाले ग्रन्थ वर्षमा दुई-चारवटा पाउनु नि दुर्लभ छ । कसैले हास्यव्यङ्ग्य भनेर ल्याए मरुभूमिमा बिरुवा देखिएजस्तै लाग्छ । यसै सन्दर्भमा बलदेव थापाले छोटा-छोटा दुई-तीन पृष्ठ गर्दै दर्जनौँ लेख तयार गरेर अगाडि राखिदिँदा म झण्डै नाचेको ! बलदेव थापाको रमाइलो लेखन पढ्दापढ्दै सकिएको पत्तै पाइनँ ।

समसामयिक लेखन भनेको चाँडै सड्ने केराजस्तो हो, यो स्याउ हुन सक्दैन । समसामयिकलाई कालजयी बनाउन निकै कसरत गर्नुपर्छ । विशुद्ध  हास्यव्यङ्ग्यका लागि त स्यालको सिङजस्तै सिला खोज्नुपर्छ । बाँझो बेलामा एउटा-दुइटा बिरुवा उम्रे पनि आशा पलाउनु स्वाभाविक छ ।

बलदेव थापाजी ! तपाईं त मजस्तै उहिलेको मान्छे । जोगाड गर्नुभएको रहेछ । खुशी लाग्यो । थपथाप र काँटछाट, निफननाफन नगरी फनको फ्यान बन्न गाह्रो छ । किताब निस्कँदासम्म दुलहीलाई जस्तो चिरिच्याँट्ट पार्नुहोला । जोकको भोक अवश्य मेटिन्छ ।  छोटाछोटा छन् लेखन । आफ्नै प्रकारको छ । खोट लगाउने ठाउँ छैन । चोरलाई चोट पुऱ्याउने व्यङ्ग्यवाण बर्साइएको छ । हास्य भाषामा खासा अब्बल, व्यङ्ग्यमा सबल भएर बलको देव जोडिएको नाम सबल भएपछि लेखाइ सार्थक लाग्छ ।

बलदेव थापाको लेखनी घोचेरभन्दा सोचेर काउकुती लगाउँदै हँसाउने रोचक छ । यी पुराना देखिन्नन् । उही कतै नक्कली मान्छेको सक्कली नामै गर्दा पनि पुराना होलान् । सक्कली मान्छेको नक्कली नाम राखेर प्रवृत्तिलाई मात्र खुइल्याउने काम गरे वेश ।

समसामयिक विषयलाई सधैँ सजीव हुने गरी लेख्ने बलदेव थापा संवाद शैलीमा माहिर छन् । प्वाक्क बोलेर ट्वाक्क पार्न सिपालु छन् । थोरै मात्र निबन्ध शैली र अधिकांश वार्ता अर्थात् संवाद शैलीमा समसामयिक विषयमा उछित्तो काढ्न सिपालु छन् । एक प्रकारले बाज्या र गोज्या बुङ्गे वार्ता गराएर प्रहसनिक रूपमा ‘जसलाई ताके उसले

मजा चाखे' भने हुन्छ । रसिलो र हँसिलो मात्र होइन, तागतिलो यो टनिक पोसिलो पनि छ । प्रायशः समसामयिक पात्र र राजनीतिको प्रसङ्गमा सप्रसङ्ग हास्यव्यङ्ग्य सिर्जना गर्ने बलदेव थापालाई यस पुस्तकले लेखकमाझ उभ्याएको छ । उनले व्यङ्ग्य बजाउनु बजाएका छन्, हास्य सजाउनु सजाएका छन् । प्रचलित, जनताले बुझेका, देखेका, भोगेका कुरा नै उनका हास्यव्यङ्ग्यका विषयक्षेत्र हुन् । प्रधानमन्त्रीदेखि मन्त्री र कर्मचारीलाई तिनको विद्रूप रूप औंल्याएर छर्लङ्ग पारेका छन् बलदेव थापाले ।

प्रधानमन्त्रीको नाम नभए पनि घटना जोसँग सम्बन्धित छ, त्यही बकेको देखिन्छ । केही मन्त्री र मन्त्राणीको पनि नयाँ नाम दिँदा भोलि आउने डुप्लिकेट मन्त्रीलाई पनि व्यङ्ग्यको छर्रा लाग्ने थियो । ओसिने थिएन । अरू आउरेबाहुरे पनि नामै नभए पनि चिनिन्छन् नै कुकृत्यले गर्नु कीर्ति गरेपछि ।

बलदेव थापाको लेखाइ पढ्न बल गर्नुपर्दैन, मान्छे आफैँ डोरिन्छन् । लेख छोटा-छोटा भएको र त्यसमाथि मीठो संवादका रूपमा हुँदा हाई लाग्ने छैन, बरू हाइहाइ गरी उचाल्नुपर्ने भएका छन् । छोटा, घतिला, एक-एक गर्दै सबै सिध्याउन सजिलो । वार्तामा व्यङ्ग्य, अनुहारमा हास्य । साँच्चै, लेखक तरबार नलिई हिँडे पनि कलमले तरबारभन्दा चर्को चमत्कार गर्न सक्छ । एउटा नेताले कसैलाई दस वर्ष जेल हाल्न सक्ला, तर लेखकले नेताको सात पुस्तासम्मलाई निकम्मा बनाइदिन सक्छ ।

बलदेव थापाले कतिपय चोर अनुहारका नेतालाई स्वाहा पारेका छन् । जिउँदो प्रसङ्ग ल्याएर कठघरामा उभ्याएका छन् । घिनाहा नेताको नाम लिँदा त मुख नै कुल्ला गर्नुपर्ने स्थिति छ भने बलदेव थापाले त्यस्ताको नक्कली नामले उछित्तो काढेका छन् । यसैले त यो सदावहार व्यङ्ग्यविनोद बनेको छ । अन्त्यमा, कलम नरोक्न र सकेको ठोक्न आदेश दिँदै श्री पाँडेको सरकार बिदा हुन्छ । जय हास्य ! जय व्यङ्ग्य !

**अन्तिम नाम**

**– राम**

**कुमार पाँडे : पुस फासफुस, २०८२**

# लेखकीय

यो ‘मतिपुराण’ धर्मशास्त्रसँग सम्बन्धित होइन। यो नैतिकतासँग सम्बन्धित छ। नैतिकता पुरानो भएको हुनाले यस किताबलाई ‘पुराण’ भनिएको मात्र हो।

यहाँ पात्रहरू तीनथरिका छन्। कतै ‘मदिरामान बुङ्गे’ र ‘मतिप्रसाद बाज्या’ छन् भने कतै ‘धोतीप्रसाद’ सँगको संवाद छ। कतै एकल संवाद त कतै दोहोरो संवादको प्रस्तुति अति रोचक छ।

‘मतिपुराण’ मानिसहरूका मतिको सँगालो हो। यसमा बिग्रेका, सप्रेका सबैथरि मतिहरू छन्। बिग्रेको मति सप्रिन्छ कि भनेर यो पुराण तयार पारिएको हो। तर बिग्रेको मतिको ध्यान त्यतापट्टि जान सकेन। बिग्रेको मतिले पुराणलाई हेरेन, सुध्रने त अझ परको कुरा। त्यस्तै, सप्रेको मतिको बोली कतै पनि सुनुवाइ भएन। त्यसैले यो पुराण जन्मिएको हो।

यस पुराणभित्रको भाषा ठेट गाउँले र ठेट ज्यापू शैलीमा छ र संवादात्मक पनि छ। पढ्दा कुन मुडमा यो पुराण पढ्न थाल्ने हो, त्यही अनुसारको रमाइलो यसले दिनेछ। व्यङ्ग्य सम्झेर पढे व्यङ्ग्यका रूपमा र सिधा कुरा सम्झेर पढे त्यही रूपमा यसले रमाइलो दिनेछ। करिब एक-दुई पेजमा भन्न लागेका कुराहरू सकिनेछन्। रमाइलो महसुस गर्दागर्दै शीर्षकले सबै प्रस्टसँग बताएर बिदा लिने तरखर गरिहाल्छ। एवं रीतले किताब सबै नपढुन्जेल छाड्न मन लाग्दैन।

यस पुस्तकमा मन्तव्य लेखिदिने आदरणीय प्रा. रामकुमार पाँडेप्रति, प्रकाशन गरिदिने संस्था शब्दयात्रा प्रकाशनप्रति र प्रकाशनसम्बन्धी सम्पूर्ण व्यवस्था मिलाइदिने भाइ हरि मञ्जुश्रीप्रति आभार व्यक्त गर्दछु। यसमा भएका कमी-कमजोरीहरू थाहा पाउने अपेक्षा राख्दै अहिले बिदा हुन्छु। धन्यवाद !

**– बलदेव थापा**

# प्रकाशकीय

नेपाली पत्रकारिता क्षेत्रमा पाँच दशक लामो अनुभव सँगालेका सुपरिचित पत्रकार बलदेव थापालाई वरिष्ठ पत्रकार भनेर मात्रै अब नपुग्ने भएको छ । किनभने उहाँको योगदानबाट साहित्यिक क्षेत्र पनि लाभान्वित हुन पाएको छ । 'बा' को वाम' जस्तो ऐतिहासिक सन्दर्भको अभिलेख राखिएको कृति र 'कुराको सास्ती' जस्तो व्यङ्ग्यकविताहरूको सङ्ग्रह उहाँले वाङ्मयिक जगत्लाई सुम्पिसक्नुभएको छ । यसपटक उहाँले हास्यव्यङ्ग्यसङ्ग्रहका रूपमा 'मतिपुराण' दिनुभएको छ । 'चराचुरुङ्गी' महाकाव्य र 'पञ्चायतदेखि गणतन्त्रसम्म' नामका पुस्तक पनि प्रकाशन हुने तरखरमा छन् । उमेरले सात दशक पार गरेपछि साहित्यिक लेखनमा लागेर पनि फरक-फरक विधाका पुस्तक लगातार प्रकाशन गर्न सक्ने प्रतिभाशाली व्यक्तिले पहिलेदेखि नै साहित्यिक कृतिको सिर्जना गरिदिएको भए नेपाली वाङ्मय अझै धनी हुने रहेछ भन्ने यसबाट प्रस्ट भएको छ । उहाँ सामान्य प्रतिभा हुनुहुँदो रहेनछ भन्ने कुराको प्रमाण पाठकले देखिसकेका छन् ।

बलदेव थापाद्वारा लिखित 'मतिपुराण' नेपालको राजनीतिक, प्रशासनिक र सामाजिक क्षेत्रमा भएका विभिन्न प्रकारका विकृति-विसङ्गतिहरूमाथि संवादका माध्यमबाट गरिएका तीखा व्यङ्ग्यहरूको सङ्ग्रह हो । हास्य कम र व्यङ्ग्य बढी भएको यस सङ्ग्रहले गणतन्त्र कालमा राजनीतिक दल र तिनका नेताहरूले प्रशासन र कार्यकर्तालाई माध्यम बनाएर देशलाई कस्तो अवस्थामा पुऱ्याए र आफू कस्तो अवस्थामा पुगे भन्ने कुरा छर्लङ्ग पारिदिएको छ ।

अन्त्यमा, यस पुस्तकको प्रकाशन गर्न शब्दयात्रा प्रकाशनलाई नै उपयुक्त देख्नुभएकोमा कृतिकार बलदेव थापाप्रति कृतज्ञता व्यक्त गर्दै आवरण बनाइदिने इ. रोशन मञ्जुश्री अधिकारी, भाषिक शुद्धीकरण गरिदिने गीता अधिकारी, अक्षराङ्कन गरिदिने सङ्गीता केसी र मुद्रण गरिदिने सर्वश्री क्वालिटी प्रिन्टर्सप्रति आभार व्यक्त गर्दछु ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : संरक्षण समिति

# हास्यव्यङ्ग्यसूची


| | | |
|---|---|---|
| १. | उखानेलाई अरिँगालले टोकेछ | १ |
| २. | 'जेन - जेड' आन्दोलन | ५ |
| ३. | जेन्जी भनेको के ? | ७ |
| ४. | घरघरबाट नोटको वर्षा | ८ |
| ५. | फापेको आन्दोलन | ९ |
| ६. | फटा नीति सकियो | १० |
| ७. | कुकुर लिन गएनन् | १२ |
| ८. | क्यामेरालाई मोतिविन्दु | १४ |
| ९. | यो आन्दोलन नि खोइ के खोइ के ! | १५ |
| १०. | नेता किन झोक्र्या हुन् ? | १६ |
| ११. | लोकतन्त्र कम्बोडिया पुगेछ | १८ |
| १२. | नारी दिवस नि मनाए | १९ |
| १३. | फेरि प्रभावकारी हरा छ | २१ |
| १४. | मतिप्रसादको ज्योतिषी : धानको व्यापार | २३ |
| १५. | मतिपुराणमा माया | २६ |
| १६. | कर्मचारीले कङ्गाल बना'को देश | २८ |
| १७. | पानीजहाज चढ्न जाने होइन ? | ३० |
| १८. | सर्पमालिकको आपत्ति | ३२ |
| १९. | हाम्रो देशको सरकार नै नक्कली | ३४ |
| २०. | मेलम्चीमा बाख्रा मात्र चर्ने भे | ३६ |
| २१. | रेल नि चढियो | ३८ |
| २२. | भाउजूको बोली र शरणार्थी दुवै नक्कली | ४० |
| २३. | मिनी बुङ्गेले बे गरेन | ४२ |
| २४. | तुइन नि विस्थापित भेछ | ४४ |
| २५. | बागमती सफा हुनै मान्दैन | ४६ |
| २६. | विकास भा'को नदेख्नेलाई के भन्ने ? | ४८ |

२७. खानपिन आयोग फस्टा'को छ ५०
२८. राजनीति हिँड्ने बाटो नि र'छ होइ ! ५२
२९. सय किलो सुनले नेपाल खोज्दै आर हैरान ५४
३०. लौ, नेपालमा नि कानुन रै'छ हो ! ५६
३१. बुङ्गे नेता नबन्ने रे ५८
३२. मान्छे सपनाले बिग्रेछन् ६०
३३. कम्पारो तताउने काम नगरे हुन्थ्यो कि ! ६२
३४. गैरजिम्मेवारीमा परेका काण्डहरू ६४
३५. भैंसीनीति त छैन, राजनीति के बस्थ्यो ! ६६
३६. पानीनीतिमा गद्दारी ६८
३७. 'रे' ले गर्दा हाम्रा नेता उल्टो काम गर्ने र'छन् ७०
३८. छायाँ सरकार छैन ७३
३९. परिवर्तन भन्या यस्तो हुनुपर्छ ७५
४०. सीआईबीले स्वागत गर्न पाएनछ ७८
४१. गणतन्त्रमा राजाको मेसो ८०
४२. अहिलेका नेता कति अग्ला भा'का ! ८२
४३. मान्छेलाई नि एम्बुस थापेछन् ८४
४४. माओवादीसँग खाओवादी ८६
४५. यी कस्ता स्वाँठ ? ८९
४६. माइतीघर मण्डलाले धेरैलाई उद्धार गऱ्या छ ९१
४७. पैसा लिन आइज भनेर करा'को छ-छ ९४
४८. राममन्दिर नेपालमै बन्ने भो ९६
४९. घ्याम्पो सफा गरेर आछ अनि पो ... ९८
५०. मन्त्रीको कोड भाषा बुङ्गेलाई था छ १००
५१. झन्डै राजदूत भा १०३
५२. भावी प्रधानमन्त्री उवाच १०४
५३. आफ्नै हात जगन्नाथ १०६
५४. कति राम्रो नियत प्रधानमन्त्रीको होइ ? १०८
५५. अबचाहिँ केही हुनेवाला छ १११

५६. मञ्च मात्र कि नेता नि हँ ? ११३
५७. झोलामा खोला हाल्ने दिन गए ११५
५८. सजिलो साधन आज्ञा होस् ! ११७
५९. खनखने भाइरसको साइड इफेक्ट मोतिविन्दु १२०
६०. यसपालि जात्रा देखाउने पालो सरकारको १२२
६१. अर्थ न बर्थ गोविन्द गाई १२४
६२. यस्तो भिजन पो भिजन त ! १२७
६३. ओहो, कति ठूलो पार्टी ! १३०
६४. साम्यवादको यात्रा १३३
६५. मेयरको इज्जतै ठूलो १३६
६६. सर्वोत्कृष्टको खोजी १३८
६७. जे गर्छ, हेलो सरकारले गर्छ १४१
६८. गृहको योगा पो योगा त ! १४४
६९. शोषक-सामन्ती मुर्दावाद ! १४७
७०. हल्ल्यो, हल्ल्यो, जरैसम्म हल्ल्यो १५०
७१. द्रुत बस र रातोपत्रे १५३
७२. मिसन चौरासीले खुइल्याउने भो १५६
७३. बल्ल प्रधानमन्त्री जागे १५९
७४. फेरि हँसाउन थाले १६२
७५. प्रधानमन्त्रीको नयाँ कार्यशैली सुरु भो १६५
७६. गणतन्त्रमा जनताको प्रमोसन १६८
७७. बादशाहको उपहार १७१
७८. कति राम्रो निर्देशन ! १७४
७९. जनमुखी विकास १७६
८०. सङ्घीयताको लम्पसार १७९
८१. गणतान्त्रिक बुद्धि १८२
८२. गणतन्त्रलाई कसैले ल्या'को होइन १८५
८३. दूरदर्शी नेता १८८
८४. प्रधानमन्त्रीको दिक्कलाग्दो कुरा १९१

८५. लौ 'बे' को लाइसेन्स नि बन्ने भो १९४
८६. हामप्रसादको महाभाषण १९७
८७. नेताको मेकअप २००
८८. बुङ्गे नि राजा बन्यो २०३
८९. प्रधानमन्त्रीको खुबिलिटी २०७
९०. यो वर्षको लाखे नाच सक्यो २०९
९१. यो देश कसको ? २११
९२. परराष्ट्रमन्त्रीको भारत भ्रमण २१४
९३. नेपाल त जेमा नि दक्षिण एसियाकै पहिलो २१६
९४. जाने होइन त ठेकेदारको घर खोज्न ? २२०
९५. ज्योतिषको उपद्रो २२३
९६. भिजिलान्तेले कालयज्ञ भाँडे २२६
९७. यो हो समाजको गति २२८
९८. अख्तियारका मुद्दा ज्यादै चिप्ला २३१
९९. रक्तचन्दन फिर्ता २३४
१००. मानेको खाँटी कुरा २३६
१०१. कोभिड – १९ को नेपाली भेरिएन्ट २३८
१०२. खुट्टा बोकाउने खेल सक्यो २४०
१०३. हुटहुटीले काम नगर्ने देश २४२
१०४. यो नाटकै हो २४४
१०५. पेटान्तरण खुला २४६
१०६. राजनीतिको कब्जा ढोकामा मिल्दैन २४८
१०७. इज्जत थियो नै काँ र बच्नु ? २५०
१०८. अब कसो नबढारिएला ! २५२

●

# उखानेलाई अरिँगालले टोकेछ

– बाज्या ! ओ बाज्या ! के गरेर बस्या बाज्या ?
– केही गरेको छैन बुज्ञे ! त्यत्तिकै बसिराख्या । काँ ग'र आ'को ? आऊ बस ।
– काः बाज्या ! ह्वाँ छ नि ! हाम्रो छिमेकी भा'को उखानेलाई अस्पतालमा हेर्न गा'को, अनि बाज्यालाई नि भेटिहालौँ न त भनेर आ'को ।
– को उखाने ? उही टुक्के हो कि क्या हो ?
– हो बाज्या हो । पहिले अन्तै बस्थ्यो, अहिले हाम्रो छिमेकी हुन आयो । अनि त बिमारी भा'को बेला हेर्न, भेट्न गा'को नि ! ह्वाँलाई उखाने भनेपछि सबैले चिन्छन् । कसैले टुक्के पनि भन्छन् ह्वाँलाई ।
– होइन के भे छ ? टुक्केलाई ठूलै रोग लागेछ कि क्या हो ?
– हो बाज्या हो । ठूलै रोग लागेछ । ह्वाँ अरिँगाल पालेर बस्ने मान्छे, कसैसँग रिस उठ्यो भने अरिँगाल लाइदिन्छु भनेर तर्साइदिने मान्छे । अहिले त त्यही अरिँगालले ह्वाँलाई टोकेछ । मुख पनि हुप्प भ'र सुन्निेछ ।
– आफैँले पाल्या अरिँगालले आफैँलाई टोक्ने । कस्तो अचम्म ! होइ बुज्ञे ?
– अरिँगालले नि आफ्नो र अरू भन्छ र ? अगाडि जो हुन्छ, त्यसैलाई टोक्छ बाज्या ! अनि त्यो अरिँगालले टोक्या बिरामीलाई हतकडी चैँ किन ला'को होला ! होइ बाज्या ?
– अचेल उपचार गर्ने तरिका नि नयाँ-नयाँ छ भन्थे, त्यै होला । हेर न, त्यो सामाजिक सञ्जालमा जे चीजलाई नि औषधी भन्छन् । त्यस्तै परीक्षण गऱ्या होला नि ! डोरीले बाँधेको भे विष टाउकातिर नजाओस् भनेर बाँधेको भन्नुपर्थ्यो । हतकडीको कारण नि त्यही नै होला ।

– खोइ बाज्या ! मैले त बुझेन । नयाँ-नयाँ उपचार विधि हाम्लाई के था होइ ?
– अनि बुङ्गेले अरू पनि त्यस्तै अरिँगालले टोक्या बिरामी देखेन अस्पतालाँ ?
– देखेन बाज्या ! आफू भेट्न गा मान्छे देखेसि पुग्यो । उसैलाई भेट्यो, आयो ।
– त्यसो होइन बुङ्गे ! अरूलाई नि अरिँगालले टोकेर अस्पताल लग्या भन्छन् । किन बिभिन्डेछन् डाम्नाहरू ?
– था भेन बाज्या ! ती अरिँगाल त अस्पतालतिर नि रङ्बङ्गिरा थे । म त डरले भागेर आयो ।
– किन भाग्नुपर्थ्यो ! हाम्लाई त्यो जातको अरिँगालले टोक्दैन । त्यो घरपालुवा बेग्लै जात हो नि त ! त्यस्लाई पाल्ने भन्या त अरूलाई टोकाउन मात्र पाल्ने हो । राशीफल बिग्रेसि मात्रै त्यस्तो अरिँगालले आफूलाई पाल्ने मान्छेलाई टोक्छ । अहिले भा'को त्यै हो बुङ्गे !
– ओहो ! बाज्या ज्योतिष भा भेर राशीफलको कुरा ल्याइहाल्यो । भन त बाज्या, कतिको राशीफल बिग्रेछ ! हेरिदेऊ न !
– हेऱ्या छ भन्या बुङ्गे ! राशीफल बिग्र्या लोग्नेस्वास्नीको नै भागाभाग छ रे ।
– ती जोडी नि अरिँगालबाट जोगिन भाग्या होलान्, होइ बाज्या ?
– त्यै त हो नि ! हेर बुङ्गे ! त्यो जातको अरिँगालले त पानीमुनि गए नि छाड्दैन । केको जोगिन सक्नु ! जाँ पुगे नि दपेटी-दपेटी टोक्छ त्यसले ।
– बाज्याले भनेको कुरा सुन्दा त अर्को अस्पताल नि खाली गर्नुपर्ला जस्तो छ होइ !
– पर्छ बुङ्गे पर्छ । त्यो टुक्केलाई लग्या अस्पतालले मात्र भ्याउँदैन अब ।
– ती भगौडा जोडीलाई देख्नेजति मान्छेले अरिँगालबाट जोगिन आ'का जोडी भन्न थाल्या छन् रे बाज्या !

– भनेसि ती जोडी ठूलै नाम राखेर टुरिष्ट बन्दै र'छन् । कुन दिन अरिँगालले भेट्छ अनि तिनको नि मुख सुन्निन्छ । आउने त त्यै अस्पताल नै हो । म त त्यो बेलाँ मात्र भेट्न जान्छु ।
– आ ऽऽऽ बाज्या ! नग' नि हुन्छ । म त छिमेकी हुन आ'को नाताले भेट्न गा । सबैलाई जानैपर्छ भन्ने छैन ।
– तिम्ले त ठीक काम गऱ्यौ नि बुङ्गे ! ठुल्ठुला कुरा गर्नेलाई यसरी नै अरिँगालले टोकेछ भन्या सुन्नु मात्रै परेको होइन, आफैँले देखेर आयौ । त्यो नै ठूलो कुरा हो नि ! अनि बुङ्गेले डाक्टरलाई चैँ भेटेन त ?
– भेट्न गा'को त हो नि बाज्या ! तर अरिँगालले टोक्या बिरामीलाई भेट्न आ'को भनेसि डाक्टरले मेरो कुरै सुनेन । डाक्टरलाई भेट्ने लाइन त कति लामो थियो-थियो !
– भनेसि बुङ्गेजस्तै टुक्केलाई भेट्न अरू नि गा थे ?
– गा थेनन् बाज्या, गा थेनन् । किन जान्थे ? त्याँ जानेजतिलाई नै अरिँगालबाट जोगिन धौ-धौ परिराख्या थ्यो । त्यस्तो बेलाँ अरिँगालकै मुखमा टाल्लिन किन जान्थे मान्छेहरू ! मैले त कसैलाई पनि देखेन त्याँ ।
– अनि छ नि बुङ्गे ! ती टुक्केलाई अब नि अरिङ्गाल पाल्ने कि ? भनेर सोधेन बुङ्गेले ?
– सोध्यो बाज्या ! मैले 'फेरि नि अरिँगाल पाल्ने कि ?' भनेर सोध्या । सुनेर त भ्युटावरको खोपाजत्रो आँखा पल्टाएर पो हेऱ्यो मलाई ! तर म त डरा'न बाज्या !
– अरिँगालको टोकाइ कस्तो हुँदो रछ भनेर चैँ सोधेन त बुङ्गेले ?
– सोध्यो बाज्या सोध्यो । ज्यादै पोल्छ भन्यो ।
– भनेसि जीउ कति पोल्या होला, होइ बुङ्गे ?
– पोल्या छ बाज्या पोल्या छ त्यसको । ज्यान त भतभत पोल्या होला । के गर्नु त ! अरूलाई पोलाउन पालेकाले आफैँलाई पोलाउँछ भन्ने के था त होइ ?

– हेर न बुङ्गे ! अरिँगाल पाल्ने भेसि अरिँगाल लठ्याउने मन्त्र त जान्नुपर्थ्यो नि ! ह्वाँ भने तेत्रा धामी-झाँक्रीहरू पालेर बस्नेले एउटा लठ्याउने मन्त्र नि नजान्या ! कस्तो होला होइ ?

– मन्त्र त सिका'का र'छन् बाज्या ! तर उल्टो सिकाइदेछन् । अनि पो हविगत त्यस्तो भा र'छ त !

– त्यै त भन्या ! सर्प पाल्नेले सर्प लठ्याउने मन्त्र जान्नुपर्थ्यो । जजसले जेजे पाल्छन् त्यसलाई लठ्याउने मन्त्र जानेन भने दुःख पाउँछ भन्या यै हो । कि कसो ?

●

# 'जेन - जेड' आन्दोलन

– बाज्या ! ओ बाज्या ! के गरेर बस्या भन्या ?
– केही गऱ्या छैन बुङ्गे ! त्यसै बस्या । काम छैन, के गर्ने ?
– लौ, बाज्या नि अल्छि भे छ । ह्वाँ त्यत्रो आन्दोलन चल्या छ । काम नभए त्यतै जानु न !
– जान त हुन्थ्यो बुङ्गे, तर मान्छे मार्ने आन्दोलन पऱ्यो । लोकतन्त्र र गणतन्त्रको कुरा गर्छन्, मान्छेलाई गोली हानेर मार्छन् । हेर, ती कलिला बच्चालाई गोली हान्या !
– हान्यो बाज्या गोली हान्यो । ती बच्चाले के गऱ्या थे र गोली नै हान्नुपर्ने ! २०८२ साल भाद्र २३ गते सरकारले सामाजिक सञ्जाल बन्द गऱ्यो भनेर नाति पुस्ताहरू माइतीघरमा जम्मा भा'का हुन् । उनीहरूसँग कुराकानी गरेर छलफल गरी समस्या समाधान गऱ्या भे हुन्थ्यो नि ! उल्टै गोली हानेर १९ जना माऱ्यो ।
– हुन्थ्यो नि बुङ्गे ! देश लुटेर अलल्ले बनेका दलालहरूले कसैलाई मान्छे नदेख्या भन्या यै हो । मान्छे मार्नु त जघन्य अपराध हो नि ! सरकारले गोली हानेर मान्छे मार्छ भने त्याँ ज्यानमारालाई कार्वाही भेन भनेर कराउनु व्यर्थ छ ।
– यिनले त मान्छे मार्ने, १० लाख रुप्याँ दिने, सरकार चलाउने भन्दै भ्रष्टाचार गर्ने, जानेकै यत्ति र'छ बाज्या !
– ज्यान मारेर राज्य चलाउन आ'काले गर्ने त्यै हो बुङ्गे !
– हो बाज्या ! अहिलेसम्म सरकारले गोली हानेर कति मान्छे मारिसक्यो, अझै नि मार्देछ ।
– यो घमण्ड चुल्ल्या हो बुङ्गे ! अब यिनका दिन गए ।
– हो बाज्या हो । देश लुट्न नि अति लुटे । हुँदाहुँदा जनतालाई धावा बोलेर 'के गर्छौ ? हेरौँ त' भन्न थाल्या थे । जनताले क्यै गर्ने होइन र'छ, अब देखे नि बाज्या !

– हेर बुङ्गे ! यो ‘जेन्जी’ का अगाडि त हाम्रो पुस्ता नालायक नै र’छ नि !
– किन बाज्या ? के देख्यो बाज्याले तेस्तो ?
– हाम्रो पुस्ता त लुट्ने-खाने पुस्ता पो र’छ । देश बनाउँछु भन्ने, लुटेर सक्ने र’छ । यो ‘जेन्जी’ नभा भे अझै कति वर्ष खान्थे बुङ्गे !
– हो बाज्या हो । हाम्रो पुस्ता त भेडा पुस्ता नै र’छ नि बाज्या ! ह्वाँ त्यति खायो भन्यो, हो होइ, खाएछ भन्यो बस्यो । यस्तै हिसाब गर्ने बस्ने हाम्रो पुस्ता त त्यस्तो पो र’छ त !
– हिसाबै गर्न नि गाह्रो हुन्छ बुङ्गे ! त्यै हिसाब गरेर बस्या थे । हिनामिनाको हिसाब धेरै देखेसि आन्दोलन हुने त हो नि ! त्यसै भेर आन्दोलन भो ।
– बाज्या ! हाम्रो देशाँ कति चाँडो-चाँडो आन्दोलन भा होइ ?
– आन्दोलनले निकास पा’को हुँदैन, दलालले सत्ता चलाउन थाल्छन् । अनि त १०-१५ वर्षमा आन्दोलन भैर’न्छ बुङ्गे !
– हो बाज्या ! हाम्ले त अरू देख्न पाएन, आन्दोलन मात्र देख्यो । मान्छे मार्ने, आन्दोलन गर्ने । यै मात्र देख्यो ।
– ल, बुङ्गेले नि बिर्सन थालेछ । त्यत्रो तोडफोड गऱ्या देखेन ?
– का: बाज्या ! मान्छे माऱ्या अगाडि तोडफोड क्यै होइन क्या बाज्या ! यो आन्दोलनमा मात्र ७५ जना मान्छे मारेछन् भन्या ! घाइते त दुई सय छन् भन्छ ।

●

# जेन्जी भनेको के ?

– होइन हो बुङ्गे ! 'जेनजी' भन्या के हो ? मलाई बताइदेऊ न !

– काः बाज्या ! पढ्नुपर्छ भन्या त्यही हो । उति बेला पढ्न गाह्रो भो । अर्काको घरमा गोठालो लाग्न गयो । अनि कसरी था हुन्छ त ? ल सुन बाज्या ! जेन – जेड अथवा जेन्जी भनेको नाति-पनातीको जेनेरेसन भनेको हो । नाति-पनातिको पुस्ता भनेको हो । विज्ञानले दे'को सुविधा नि यिनकै लागि हो । हाम्रा लागि क्यै नै छैन । हाम्ले क्यै गर्नै सकेनौँ । हाम्रो पुस्ता त लाटो पुस्ता हो । प्रविधि पनि हाम्लाई क्यै था छैन ।

– हाम्रो पुस्तालाई कुन पुस्ता भन्छ बुङ्गे ?

– हाम्रो त पुस्तै कायम भएन । त्यसैले हाम्रो पुस्तालाई लुटेरा पुस्ता भने फरक पर्दैन बाज्या !

– के भन्छ यो बुङ्गे ? हाम्रो पुस्ता र मोदी पुस्ता एउटै पुस्ता होइन र ?

– हो बाज्या ! मोदी पुस्ता भने नि त्रिभुवन पुस्ता भने नि हाम्रो पुस्ता त्यै हो । त्यो पुस्ताको गणना छैन । गणना नभा पुस्ताले राज्यमा हालीमुहाली गर्छु भनेर हिँड्यो भने कुरा मिल्दैन । यस्तै हुन्छ ।

– यस्तै हुन्छ भन्या के हो बुङ्गे ?

– ढिलो र चाँडो मात्र हो, सबै ठाउँमा हुने यै हो । त्यसकारण हाम्रा लुटेराहरूले कुनै चिन्ता नलिए हुन्छ । देश बनाउने चिन्ताबाट त मुक्त भए नि, होइन र ?

●

# घरघरबाट नोटको वर्षा

– ‘जेनजी’ आन्दोलन त खतरा र’छ बाज्या ! छिनमै नोट बर्सने । छिनमै भागाभाग । छिनमै गायब । छिनमै आगजनी । छिनमै लुटपाट । यस्तो आन्दोलन त कैँ नि देख्या थेन ।
– आन्दोलन भनेकै त्यस्तै हुने हो बुङ्गे ! अझ हाम्रा लुटेराहरूले खालिदाको जस्तो विदेश जानुपरेन । नेपालभित्रै सुरक्षित भए ।
– त्यै त बाज्या ! त्यो ढेउबाको घरबाट कति नोट बर्स्या, हेर न !
– चार खर्बजति नोट जलाए भन्ने छ बुङ्गे ! नोट राख्ने कोठा नै बङ्करजस्तो बना’को र’छ !
– त्यो नि बाज्या ! अन्त लगानी गरेर, विदेशी बैङ्कमा राखेर बच्या नोट होला ।
– होइन बुङ्गे ! लान नभ्या’को होला क्या !
– जे होस् बाज्या ! नोट राख्ने कोठा एकै प्रकारको हुँदो र’छ भनेर बुझ्यो । त्यो चण्डमुण्डको घराँ नोट राख्या कोठा र ढेउबाआ घराँ नोट राख्न बना’को कोठा झन्डै एकै प्रकारको देख्यो ।
– हुन पनि पैसाजति लुटेराहरूसँग मात्र र’छ । अब जनता त गरिबको गरिबै । होइ बुङ्गे ?
– हो बाज्या ! हाम्रा लुटेराहरू त्यस्ता छैनन् जस्तो लाग्या थ्यो । आखिर जेन्जी आन्दोलनले सबै देखाइद्यो ।
– के मात्र देखिएन र बुङ्गे ! पैसा गन्ने मेसिन र नोट भाग लगाउने कोठासम्म देख्यो नि ! सबै लुटेराहरू भाग शान्ति जय नेपाल गरेर बस्या र’छन् । हाम्लाई के था ?
– काः बाज्या ! पैसा गन्ने मेसिन त चाइयो नि ! हातले गनेर साध्यै भेन । भिजिट भिसाकै दिनमा ५० लाख रुप्याँ, अरू मान्छे बेचेका कति-कति ! त्यस्ता नोट दिनमै भित्रने भेसि गन्नका लागि मेसिन त चाइयो नि !

●

# फापेको आन्दोलन

– हेर बुङ्गे ! हाम्री भाउजू पहिलेदेखि नै छोराको चिन्ता गर्ने भन्या ! त्यस्तो चिन्ता नगर न भन्यो, नमान्ने ।

– हो बाज्या ! कहिले 'मेरो छोराले के गरेर खान्छ' भन्या छ । कहिले छोराकै कसम खा'को छ । यस्ती भाउजू गरिब भा'को त कैँ देख्या थेन । छोराको चिन्ता गर्दागर्दै पैसा कमाउनै बिर्सेछ हाम्री भाउजूले । यस्तो गरिबी त कसैका घराँ नि नजाओस् ।

– धेरै बाठी हौ हाम्री भाउजू । पैसा नभ'र घरखर्च गर्न क्रेडिट कार्डबाट चलाउने गऱ्या भन्थिन् । हो र'छ । पैसा त उनीसँग रैन'छ बिचरी । हाम्री भाउजू हेरिकन ढेउबा त सारै लाटोबुङ्गो ।

– क्वलाई त आन्दोलन नि खुब फाप्दो र'छ । होइ बाज्या ?

– हो बुङ्गे ! आन्दोलन नफाप्या भे जिन्दगीभर लुटेर बस्न पाइन्थ्यो र ? भन त ?

– त्यसो भन्या होइन बाज्या ! उति बेलाभन्दा नि अहिलेको आन्दोलन फाप्या कुरा गऱ्या क्या !

– हेर त बुङ्गे ! त्यो ढेउबालाई आन्दोलनकारीले घरमै गेर सिँदुरे जात्रा गरेको देखेन ? फापेको भन्या त्यै हो । अविर दलेर जिउ नै राताम्मे बना'का छन् । आफ्ना नेताको कति माया होइ ?

– काः बाज्या ! हाम्री भाउजू कति मोटा'को हेर ! आन्दोलन फापेको भन्या तेसै हो र ? त्यो पन्जाबीको पाउरोटी फुल्याजस्तो गाला फुल्या छन् हो !

– हो बुङ्गे हो । उनलाई त्यो ऊर्जामन्त्रीको घरबाट नोट बर्सेको नि मतलब छैन । सोजी हो, सारै सोजी । खाँडको सान बिग्रेको अलिअलि मतलब गर्ने हो, नत्र सबै बराबर ।

●

# फटा नीति सकियो

– बाज्या ! हाम्रा लुटेराहरू आन्दोलनबाट कहिल्यै सुध्रेनन् होइ ?
– हो बुङ्गे ! लुटेराहरू आन्दोलनबाट नसुध्रने, यता जनता नि आन्दोलन गरेर नथाक्ने । हेर त कस्तो मिलेको ! नेपालमा ६५ वर्ष त आन्दोलन नै गरे । उपलब्धि केही छैन । तिनै लुटेराको अनुहार ! तिनै लुटेराले लुटेर बसे ।
– अब त्यस्तो हुँदैन होला, होइ बाज्या ?
– हुँदैन बुङ्गे हुँदैन । भेछ्छ भने फेरि आन्दोलन गर्छन् । के फरक पर्‍यो र ! होइन ? अनि बुङ्गे ! यो आन्दोलनमा त ढेउबा जोडी बाहेक अरूलाई देखिएन त ! कता ग'छन् होइ ?
– का: बाज्या नि ! ह्वाँ महाभारताँ दुर्योधन पानीमुनि बसेर रणनीति बनाउँदैथ्यो । दुर्योधन लुक्या त होइन नि ! त्यसै गरी चण्डमुण्डले रणनीति बना'र बस्या थे । अबको कार्ययोजना प्रधानमन्त्री बन्ने कसरी ? दाउपेचका कुराहरू कसरी चलाउने ? उनका योजना यस्तै-यस्तै थे । अहिले जलेका घरका नोटलाई खरानीबाट नोटमा कसरी परिणत गर्ने ? उनले यस्ता धेरै योजना बना'र बस्या थे । तर काँ बस्या थे, था भेन । झल्लुरामलाई त आन्दोलनकारीले नै अस्पताल पुर्‍याए । माखुने घर छाडेर लुक्न हिँडे । घरै बसुन् भने नोटको चाङ छैन । के बसाइ भो र ! उता यमिराम भट्टराई चाहिँ घर जलाएको ठिकै छ भन्दै सबै गतिविधि हेरेर हाँस्दैथे । लुट्या धनले बना'को घर, छु मतलब ! आन्दोलनमा लुटेराहरूको अवस्था यस्तै थ्यो । हेर बाज्या ! ती उखाने नि गायब थे । उनी त अरिँगाललाई चारा हालेको काम लागेन भन्दै इतिहास रचेर बस्या थे । गए जान्छ एउटा सुनको हात्ती ! घरमा नोट राख्या छैन भनेर ढुक्क थे ।
– हेर बुङ्गे ! ती उखाने त फट्याइँ नि खुब जान्ने हुन् । फट्याइँ नै धेरै रचेर बसे होलान् ।

– उनको फट्याइँको त कुरै नगरौँ बाज्या ! ह्वाँ चीन गा' बेला चीनका राष्ट्रपतिलाई नेपालको लिपुलेक र कालापानीबाट बाटो खोल्यामा ग्रेट अब्जेक्सन छ भने भनेर नेपालभरि हल्ला चल्यो । ह्याँका सरकारी सञ्चार माध्यम सबैले तीन दिनसम्म प्रचार-प्रसार गरे । आखिर बुझ्दै जाँदा त काँ हुनु ! ह्वैन र'छ । भनेकै ह्वैन भन्ने पत्ता लाग्यो । नेपालाँ त यस्ता फट्याइँ कति गरे-गरे, चीनाँ गा' बेला नि फट्याइँ गरेर अन्तर्राष्ट्रिय फटा बने । यस्तो छ उनको मति ।

– हो बुझे हो । अचेल नेपालको एउटा फटा अन्तर्राष्ट्रिय फटा बन्यो भनेर हल्ला त गर्थे । के र'छ भनेको त कुरो अहिले पो था भो ।

– हेर बाज्या ! त्यो नेपालका सरकारी सञ्चार माध्यमको कत्रो बेजत !

– हुन्देऊ बुझे ! अब लुटेरा, फुटेरा, फटाको दिन गएजस्तो छ । अब उनका जेल जाने नयाँ दिनको सुरुवाती सङ्केत देखिन थाल्या छन् । योभन्दा उनको शुभ सङ्केत के नै रह्यो र ! कि कसो ?

●

# कुकुर लिन गएनन्

– काँ ग'र आ'को बुङ्गे ? आऊ बस ।
– बस्ने बाज्या बस्ने । नेपालको कुकुरहरूले ज्यानमारा समाउन सकेनन् । ज्यानमारा पक्रने कुकुर पठाउने भन्यो, गोदीले लिन जान नि तयार भा थे । कहिले ल्याउने हो भनेर बुझ्न गा'को बाज्या !
– कहिले ल्याउने भे छन् त बुङ्गे ?
– कुरो हरायो पो भन्यो त मलाई बाज्या ! कुरो नि हराउने र पाउने हुन्छ बाज्या ?
– त्यो कुकुर लिन जानेको सन्चो बिग्रेछ भन्ने सुन्या हो । अब सन्चो ठीक भेसि कुकुर लिन जाने होला बुङ्गे !
– बाज्या ! त्याँबाट कुकुर किन ल्याउने होला होइ ? नेपालका कुकुरले दुःख देर हैरान छ । कुकुर त नेपालबाटै लगे हुन्थ्यो । के हो के हो बाज्या !
– हो नि बुङ्गे ! लग्या भे त हुन्थ्यो नि ! ह्याँका कुकुर कति इमानदार छन् !
– इमानदार त हाम्लाई भन्दा उनेरूलाई बढी था छ । ह्याँको कुकुर लग्यो भने ह्वाँको कुकुरसँग झगडा गर्छ भनेर लाँदैन बाज्या !
– हुन्देऊ बुङ्गे हुन्देऊ । त्याँबाट कुकुर ल्याएसि ह्याँका ज्यानमारा उम्कन पाउँदैनन् । त्यै भेर नल्या'को ठीक छ । देशमा ज्यानमारा नि चाहिन्छ रे क्या ! फेरि त्याँको कुकुर हिन्दी मात्र बुझ्छ रे ! के काम !
– हो बाज्या ! ज्यानमाराले खा'को देश फल्छ-फुल्छ भन्ने र'छ । ह्वाँ गोदीलाई भने ह्याँका ज्यानमारा सक्न पाए देश नि सकिन्छ भनेर होला कुकुर लैजा भनेर हैरान । नल्या'कै ठीक छ ।
– हुन त हो बुङ्गे ! त्याँ च्या खान बस्नेको गफ हरायो नि त ?

– कस्तो गफ भन्या बाज्याले ?

– ल हेर न ! नेपालका एकजनालाई भैँसी दे'को के गर्‍यो था भेन भनेर एकजनाले भन्ला । ती भैँसवाला कौन है ? भनेर अर्कोले भन्ला । अर्कोले पीएम भन्ला । त्याँ भ'का सबै हाँस्ने भे बुङ्गे !

– बाज्याले भन्या ठीक हो । अर्कोले फेरि कुत्ता लेख्या नहीं आया भन्ला । कौन है वो कुत्तावाला ? भनेर अर्काले भन्ला । वो भी पीएम है भनेर अर्काले भन्ला । अनि त हाँसो रोक्ने कस्ले ? कुत्तावाला उतै बसून् । किन ल्याउने कुत्ता ? कि कसो ?

●

# क्यामेरालाई मोतिविन्दु

– बाज्या ! अचेलका क्यामेराहरूलाई मोतिविन्दु भा छ रे, हो ?
– के भन्छ यो बुङ्गे ? क्यामेरालाई नि मोतिविन्दु हुन्छ भन्या ?
– काः बाज्या ! त्यो ढेउबाको घरमा नोट जल्या, नोटको वर्षा भा'को सबै भ्रम हो भनेर विज्ञप्ति निकाल्या र'छ । क्यामेरालाई मोतिविन्दु नभा भे त्यस्तो भ्रामक कुरा खिच्ने थेन । सत्य कुरा खिच्थ्यो । त्यसै भेर मोतिविन्दु भा र'छ भनेर था भो बाज्या !
– होला बुङ्गे होला । अचेलका क्यामेरालाई मोतिविन्दु नभा भे त्यो उखाने मन्त्रिपरिषद्ले सामाजिक सञ्जाल बन्द गर्ने कुरै गर्ने थेन । अहिले पो था भो होइ ? यस्ता कुराहरू त हाम्रो बुङ्गेले पो पत्ता लाउँछ भन्या !
– पत्ता लाउनैपर्दैन, त्यसै था हुन्छ बाज्या ! क्यामेराको खराबी कि मान्छेको खराबी भन्ने कुरा अचेल कसैले भन्नैपर्दैन ।
– हाम्रो देशाँ अहिलेसम्म बानीले काम गऱ्या छ । बानीले काम गऱ्या ठाममा क्यामेराले काम गर्दैन ।
– ती क्यामेराले काम गऱ्या देश होइन नि यो बुङ्गे !
– हो र'छ बाज्या ! क्यामेरा त कोठैपिच्छे राख्या छ नि ! कोठाका क्यामेराले नि कामै गर्दैनन् । बल्लबल्ल काम गरे नि नभा'को नभा'को देख्छ, त्यही खिच्छ । के गर्नु त, हाम्रा प्रविधि नै त्यस्तै हुन थाले भन्या ! मान्छे हेरेर काम गर्ने !
– हो त बुङ्गे ! हेर लौ, यो क्यामेराको खेलले गर्दा विज्ञप्ति गलत कि क्यामेरा गलत भन्ने भ्रम हुन थाल्या छ ।
– हाम्लाई होइन बाज्या, त्यही विज्ञप्ति बनाउनेलाई भ्रम भे छ । उसले सबै कपोलकल्पित देखेछ, त्यही बनायो । यो लोकतन्त्रमा आफ्ले जस्तो देख्छ, त्यस्तै लेख्छ । के फरक पऱ्यो र होइ ?
– हो बुङ्गे, हाम्ले विज्ञप्तिको पछि लाग्नैपर्छ भन्ने काँ लेख्या छ र ?

●

# यो आन्दोलन नि खोइ के खोइ के !

- काँ ग'र आ'को बुङ्गे ?
- कैँ गएन बाज्या ! आज धेरै दिक्क लाग्यो बाज्या !
- किन दिक्क लाग्यो त बुङ्गे ? के भो त्यस्तो ?
- हाम्रो यो जेन्जी आन्दोलनले हाम्लाई के दिन्छ बाज्या ?
- हाम्लाई त केही दिँदैन बुङ्गे ! दिने कुरा पूर्वभ्रष्टहरूलाई दिन्छ ।
- का: बाज्या ! के कुरा गर्छ भन्या ? भ्रष्टहरूलाई दिने भे यत्रो आन्दोलन गऱ्या के काम लाग्यो ?
- आन्दोलन त गऱ्यो नि ! नियम-कानुन, संविधान उही छ । भ्रष्टहरू उही छन् । यस्तो अवस्थामा परिवर्तन के हुन्छ र बुङ्गे ?
- ठीक हो बाज्याले भन्या । सुशीला कार्की प्रधानमन्त्री भयो । भ्रष्टलाई जेल हाल्ने भनेर छानबिन आयोग गठन गऱ्यो । आयोगले दोषी ठहर गरेर मुद्दा चलाउँछ । अदालतले सफाइ दिन्छ । पाँच अर्ब रुप्याँको क्षति हुन्छ, पाँच लाख रुप्याँ धरौटीमा छाड्छ । थुन्न त थुन्छ, कार्बाइ त्यस्तै हुन्छ । होइ बाज्या ?
- अब भने बुङ्गेले नि कुरो बुझेछ । मैले भनेकै त्यै हो । नियम-कानुन, संविधान उनैले बना'का । भ्रष्टलाई उम्कन सजिलो पर्ने गरी बन्या छन् । त्यै नियम-कानुनले उनीहरूलाई कार्वाही गर्ने हो भने उनीहरूलाई चोख्याउने मात्र हो बुङ्गे !
- हो बाज्या ! संविधान संशोधन गर्नुपऱ्यो । नियम-कानुन आपतकालीन खालको बनाउनुपऱ्यो । तब न कार्वाही हुन्छ !
- ल हेर त बुङ्गे ! चुनावका लागि मात्र आन्दोलन भा हो र ? चुनाव गऱ्यो, उनै भ्रष्टका सन्तान आउने त हुन् ! अरू को आउँछ ? आउँछन् पलेटी कसेर, फेरि भ्रष्टाचार गर्न थाल्छन् ।
- बाज्याले ठीक भन्यो । चुनाव सारेर भे नि संविधान संशोधन गर्ने र कानुन बनाउने काम गरे हुन्थ्यो । होइ बाज्या ?

●

# नेता किन भोक्र्या हुन् ?

– ढोग गऱ्यो बाज्या !
– ल बस बुङ्गे ! एउटा कुरा भन्नुछ । अहिले हाम्रा नेताको अनुहार मलिनो देखिन्छ । चमक छँदै छैन । नुन खा’का कुखुराजस्ता भ’का छन् । के कारण होला, बुङ्गेलाई था छ कि ?
– कारण क्यै होइन बाज्या, यिनीहरूको खेतीमा सुक्खा लागेछ । बाली बिग्रने भो भनेर चिन्ता गर्न थालेछन् । त्यसै भेर तिनको अनुहार बिग्रन थाल्या भन्छन् ।
– हाम्रा नेताहरू त सुकुम्बासी भन्थे । यिनको नि खेती र’छ र ?
– काः ! यिनको खेती कतिकति ! ह्याँदेखि अम्रिगासम्मै र’छ । अहिले ती सबै खेतीमा सुक्खा लागेछ । एक दाना अन्न नि उब्जेन भनेर यिनीहरू बिलखबन्दमा पऱ्या छन् । रुवाबासी छ ।
– हेर बुङ्गे ! यो गणतन्त्र आएसि हाम्रा नेताहरू खुब सुध्रे भन्या त झन्-झन् बिग्रेको कुरा पो सुनिन्छ । बुङ्गेले नि सुन्या हो ?
– किन नसुन्नु बाज्या ! ह्वाँ अम्रिगाने राष्टपतिले यिनका हुलिया टाइट हुने गरी भाषण गर्देछन् । जति दे नि नपुग्ने, गणतन्त्रको शुरुदेखि हालसम्म दे’को पैसा के गरे ? विकास गर्ने नाममा हाम्रो पैसाले व्यक्तिका खल्ती भरिँदो र’छ, अब पैसा नदिने भनेर ह्वाँबाट आउने सबै पैसा रोकेछ ।
– ए, था भो बुङ्गे ! राम्रै बाली डुब्या र’छ यिनको । भागबण्डामा परेका नेताहरूको अनुहार हेर्नै नहुने गरी बिग्रेको कारण यै हो ।
– नेपालको धर्म नष्ट गर्छु, समाजलाई ध्वस्त पार्छु भनेर विभिन्न आईएनजीओबाट पैसा लिनेको हालत नि खुस्कन थाल्या छ ।
– हेर न बुङ्गे, नेपाललाई किन रिस गऱ्या होला ? आफ्नो धर्म-संस्कृति मानेर बस्न नि नपाउनु ! कस्तो अन्याय होइ ?
– यस्ता कुरा बाज्यालाई था छैन । बालीमा वर्णसङ्कर निस्क्यो भने रैथाने बालीलाई ध्वस्त पार्छ, आफ्नै हैकम जमाउन थालिहाल्छ ।

मान्छेमा वर्णसङ्कर निस्कन थाल्यो भने आफू बस्ने देशै ध्वस्त पार्न थाल्छ । भाको यत्ति नै हो, अरू केही होइन बाज्या !

– हो रछ बुङ्गे ! नेपाललाई ध्वस्त पार्न धेरै पो लाग्या र'छन् होइ ?
– धेरै लाग्या छन् बाज्या । हाम्रा उखाने प्रधानमन्त्रीले रोक्न खोज्या र'छन्, रोक्नै सकेनछन् । के गर्नु, नसकेसि कामै लागेन ।
– के कुरा गर्छ बुङ्गे ? ती उखानेले नि खाने भनेर हल्ला आ' छ ।
– होला बाज्या, कम-बेसी होला । मुलुक ग्रेलिस्टमा परेछ । दुई वर्षदेखि उखानेले ग्रेलिस्टबाट बाहिरिन खोज्या रे । तर बाहिरिन सक्या रै'नछ । गर्न खोज्या हो नि ! सकेनछन् त के गर्नु ?
– गर्न खोज्दा नि नसक्ने भनेसि उनलाई कसले रोक्दो रछ होइ ?
– काः बाज्या नि ! भागबण्डामा बस्नेहरूकै करामत होला क्या !
– भनेसि गणतन्त्र लागू भेदेखि अहिलेसम्मका सहयोग र अनुदान झामझुम पारेछन् । होइ बुङ्गे ?
– पारे बाज्या पारे । मैले त ग्रेलिस्ट भनेको बुझ्नै सकेन भन्या ! बाज्यालाई था छ ?
– ग्रेलिस्ट भनेको सूक्ष्म निग्रानी हो भन्दा र'छन् । अम्रिगानेले सूक्ष्म निग्रानी गर्न पाइँदैन भन्ने हाम्रा प्रधानमन्त्रीको भनाइ र'छ ।
– भनेसि त्यो ग्रेलिस्ट नि यिनीहरूले नै बना'का रछन् बुङ्गे ?
– हो त नि ! यिनेरूले नबना'का भे ग्रेलिस्टमा नेपाल पर्ने नै थेन । के गर्नु र, यस्तै गर्न नहुने काम गर्छन् बाज्या !
– हेर बुङ्गे ! एक दिन विदेशीहरूले नै कसकसले कतिकति खाए भनेर लिस्ट दिन बेर छैन । विदेशी पैसा हो, त्यसै पच्ला र ?
– बाज्या ! मलाई त अचम्म लाग्न थाल्यो भन्या ! हेर त, त्यता ग्रेलिस्ट, यता ग्रेकोट । कस्तो मिल्या होइ ?
– त्यति मात्र हो र बुङ्गे ! अम्रिगाने राष्टपतिले भाषण गरेसि मैले त लेकोखाको छैन भनेर कसैले भन्न सक्या छैन । झोक्रा'र बस्या छन्, त्यति हो । यस्तै चालाले पच्ला त १६-१७ खर्ब अनुदान ? कि कसो ?

●

# लोकतन्त्र कम्बोडिया पुगेछ

- हाम्रा प्रधानमन्त्रीको भाषण त सुनिरौँ जस्तो लाग्न थाल्यो बुङ्गे !
- सुन्नुपर्छ बाज्या सुन्नुपर्छ । के-के भन्या र'छन् हँ ?
- नागरिक सर्वोच्चता सबैभन्दा माथि छ रे बुङ्गे !
- नागरिक सर्वोच्चता नि तलमाथि भैर'ने र'छ कि क्या हो ! नत्र प्रधानमन्त्रीले त्यस्तो बोल्ने थेनन् बाज्या ! के हो के हो खोइ ?
- त्यति मात्र हो र, 'लोकतन्त्र सफलतापूर्वक अघि बढ्या छ' भन्न थाले । प्रधानमन्त्रीले के बुझेर हो, भाषण त गतिलै गर्न थाले ।
- बाज्या नि ! लोकतन्त्र अघि नबढ्या भे कम्बोडिया पुग्ने नै थेन । अघि बढ्दै गा भेर ठ्याक्कै कम्बोडिया पुग्या हो । ठीक हो ह्वाँको भाषण । भाषणमा त कसैले खोट लगाउन सक्दैनन् ।
- अहिले फेरि सरकारको गठबन्धनका पार्टी कति मिलेका भन्या ! यता लोकतन्त्र अघि बढ्या बढ्यै छ, उता गठबन्धनका ढेउबाले 'जनतालाई केन्द्रमा राखेर काम गर्नोस्' भनेर अर्ति देर छुट्टी छ ।
- त्यति मात्र हो र बाज्या ! प्रधानमन्त्री 'नागरिक सर्वोच्चता सबैभन्दा माथि' भन्ने, हुनेवाला प्रधानमन्त्री ढेउबा 'जनतालाई केन्द्रमा राखेर काम गर्नोस्' भन्ने । कस्तो मिल्या होइ ?
- मिल्या होइन । उनीहरू राति-राति मिटिङ बस्दा रछ'न् कि क्या हो ! नत्र प्रधानमन्त्रीले भन्या कुरालाई ढेउबाले अझ बल पुग्ने गरी भन्ने थेनन् । जे होस्, प्रधानमन्त्री र ढेउवा मिलेकै जाति । त्यति नमिले भागबण्डा नि मिल्दैन । कुरो त्यसो हो नि त !
- हो ! देश बनाउने नै उनीहरूले हो । नमिली सुक्खै छैन । ह्याँ कोही कसैसँग मिलेको देख्नै हुन्न । प्रधानमन्त्रीसँग कोही मिल्यो भने लौ कम्बोडियामा यसको नि र'छ भनेर हल्ला गर्न थालिहाल्छन् । हाम्रो देश यसै भेर बिग्र्या हो ।
- हो नि ! ह्याँ सबको मति बिग्रेर खत्तम भैसक्यो । कसैको मति ठीक छैन । झन् उनीहरू नै ठूला कुरा गर्दै हिँड्छन् । के गर्नु !

# नारी दिवस नि मनाए

- बाज्या ! ओ बाज्या ! नेपालले नि अन्तर्राष्ट्रिय नारी दिवस मना' छ । बाज्यालाई था छ ?
- था छ बुङ्गे ! यो ११५ औँ नारी दिवस हो । यत्रो वर्ष मना'को नारी दिवस मलाई था हुँदैन त ?
- त्यसो भन्या होइन बाज्या ! विश्वले मना'को नारी दिवसमा नेपालले नि मनाएछ, राम्रै भो भन्या हो ।
- ठिकै हो त नि ! नेपालले कसरी मना' छ त नारी दिवस बुङ्गे ?
- कुरा नगरौँ बाज्या ! 'अबको अभियान भनेको अर्थपूर्ण सहभागिता' भन्दै मना र'छन् । के भन्या हो त्यो ?
- होइन, ११५ वर्षमा नि नेपालमा सहभागिताको अभावै र'छ, होइ बुङ्गे ?
- सहभागिता हुनै नचा'र बिग्रेको र'छ नि देश बाज्या !
- हो बुङ्गे हो । उता नारी दिवसमा अर्थपूर्ण सहभागिता गरौँ भने भरेको छाक टर्दैन भनेर भक्तपुरको इँटा उद्योगमा नारीले सहभागिता जना'को देख्यो ? यै हो नेपालले मना'को ११५ औँ नारी दिवस । हाम्ले गौरव गर्नुपर्छ बुङ्गे ! बिचरी ती नारीले गाडा ठेल्दै मना'को नारी दिवस कस्तो लाग्यो ?
- कस्तो लाग्नु नि बाज्या ! रुन मन लाग्यो । मैले त भन्नै सकेन । अहिलेसम्म नारी दिवस मना'काले त्यो भक्तपुरको इँटा उद्योग हेर्नुपर्ने !
- हेऱ्या छ बुङ्गे ! उनेरूले नहेरीकन त्यो कार्यक्रम नै चल्दैन । ह्याँ त्यस्तै कार्यक्रमको फोटो खिचेर दिवस मनाउने धेरै छन् । उनेरू देखापर्दैनन् । देखापर्ने भनेका यस्तै गरिब नारीहरू मात्रै हुन् ।
- कुरा बुझ्यौँ न बाज्या ! ११५ वर्षमा अर्थपूर्ण सहभागिता हुनुपर्ने कुरा आयो । यो दिवसले कहिलेसम्ममा आफ्नो अर्थ राख्ला त ?

- यो विश्व दिवस भा हुनाले यसलाई मनाउन कति खर्च भो होला, होइ बुङ्गे ?
- काः बाज्या नि ! यत्रो दिवस मनाउँदा लाग्यो होला नि ३-४ अर्ब रुप्याँ ।
- हो हो बुङ्गे । अर्थपूर्ण सहभागिता भनेको तेसै भ'र भन्या र'छ । बल्ल था भो । कुरै बुझ्न गारो होइ ?
- हेर बाज्या ! नेपालमा नारी दिवस मात्र मनाउँछन् । नर दिवस नि मनाए हुन्थ्यो, होइ ? कैयौँ वर्षदेखि रजगज गरेका नरहरू त्यस्सै बस्या छन् ।
- त्यस्सै त के बस्थे बुङ्गे ! क्यै न क्यै लामो हातलागीको भरमा बस्या होलान् ।
- ठीक हो बाज्या ! नत्र हाम्रो नि दिवस मनाउनुपऱ्यो भनेर बस्न दिने थेनन् ।
- यो दिवस मनाउने विश्वले नि नारी दिवस मात्र किन मना होला होइ ?
- रथका दुई पाङ्ग्रा भन्ने अनि आधा आकाश भनेर फेरि छुट्याइहाल्ने । यस्तै गरेर हो आज कसैको घरमा नि राम्रो छैन बाज्या !
- हो बुङ्गे ! जे होस्, नेपालले राम्रै तरिकाबाट नारी दिवस मना'कोमा धन्यवाद छ । भक्तपुरको इँटा उद्योगलाई नि धन्यवाद छ । कि कसो ?

●

# फेरि प्रभावकारिता हरा छ

- नेपालमा संसदीय व्यवस्था लागू भा'को कैयौँ वर्ष भैसक्यो । संसद प्रभावकारी बनाउने उपायको खोजी भर्खर हुँदै र'छ । अचम्मै गर्छन् नेपालमा ।
- के भो बाज्या ? फेरि भन न, म भर्खर आइपुग्यो ।
- हेर न बुङ्गे ! नेपालमा संसद प्रभावकारी बनाउने उपायको खोजी गर्न थालेछन् भन्या ! २०८१ सालको पुस एक-दुई गतेको कुरो हो, पोखरामा धुमधामले खोजेछन् प्रभावकारितालाई ।
- होइन बाज्या ! त्यो प्रभावकारिता चाइँ काँ गा र'छ त ? त्यत्रो दिन लगा'र खोज्नुपर्ने !
- त्यत्रो दिनको कुरो गर्छ बुङ्गे ! नेपालमा संसद चल्या कति वर्ष भो ? अब अहिले आ'र मात्र प्रभावकारी भेन भन्न कसरी सक्या होला ?
- सक्छन् बाज्या सक्छन् । ह्याँ त जे नि गर्न सक्छन् । उनेरूको हाँडीमा कनिका सक्केसि हाँडी भर्ने अनेकौँ जुक्ति गर्छन् ।
- हाँडीमा कनिका सक्कैरै प्रभावकारीलाई खोज्या हो त बुङ्गे ?
- हो नि बाज्या ! हाम्रा सरकारका सन्तानले अनेकौँ तरिका जान्या छन् ।
- हेर बुङ्गे ! ह्याँ एकथरिको कामै यै हो । कसरी हुन्छ हाँडी भर्ने काम गरिर'न्छन् । त्यसमा अहिलेको खोजी त बालकले नि था पाउने खोजी हो । यत्रो वर्षसम्म प्रभावकारी हुने अनि हाल आ'र नहुने । गोष्ठी, सेमिनार गर्नुपर्ने । कस्तो अचम्म, हेर न !
- हेर बाज्या ! नेपालभरका सांसदले खान-बस्न मफती, भत्ताको नि जोहो गऱ्या होला । सबै गर्दा एक अर्बजति सके होलान् ।
- सके बुङ्गे सके । अब बल्ल संसद प्रभावकारी बन्न थाल्या होला । किनभने संसदको त्यो राज्यव्यवस्था समितिमा कसलाई

चोख्याउने र कसलाई जेल हाल्ने भनेर छलफल गऱ्याबाटै संसद अब प्रभावकारी बन्यो भन्नुपर्ने भा छ ।

- भनेसि संसदको प्रभावकारिता राम्रै हुन थालेछ । त्यो नि राम्रै भो बाज्या !
- हो बुङ्गे ! उता प्रधानमन्त्रीले असायका लागि सरकार छ भनेर किन कौलास्या होला ? सरकार त छ नि ! भेर काम छैन ।
- बाज्याले भन्या ठीक हो । असाय काँ छन् ? सरकार काँ छ ? अत्तोपत्तो छैन । भन्ने बेलामा असायका लागि सरकार छ भन्यो, हिँड्यो । कस्तो मज्जा होइ ?
- हेर बुङ्गे ! असायको थितिथलो गर्न सक्या भे यस्तो भाषण गर्दै गर्दैनन् । यस्तो भाषण किन आउँछ भनेर त्यसै बुझिन्छ ।
- असायको नाम लिने अनि आफू खाने काइदा यो हो नि त ! कसो बाज्या ?

●

# मतिप्रसादको ज्योतिषी : धानको व्यापार

- ढोग गऱ्यो बाज्या !
- ओहो ! यो बुङ्गे त धेरैमा आयो नि ! के छ खबर ?
- सबै ठीकठाक बाज्या ! त्यो रत्नपार्कमा ज्योतिष भेट्न गा'को ! हाम्रो पालेनले एउटा ज्योतिष नि राखेन भन्या ! अनि त बाज्याकोमा आ'को । लौ बाज्या ! ज्योतिषले के भन्छ, हेर्नुपऱ्यो ।
- के हेर्नुपऱ्यो ?
- अलिकति व्यापार गरौँ भनेको, के होला ? हेरौँ न !
- केको व्यापार गर्ने बुङ्गे ?
- हामी किसानले धानको व्यापार गर्ने नि !
- धानको व्यापार गर्ने ? धान कति छ त बुङ्गे ?
- धेरै छ बाज्या ! भन्न गन्न सक्दैन ।
- कहाँ छ त धान ?
- उतै क्या, भारतमा छ । त्याँको साथीले व्यापार गरेको देखेर मलाई नि व्यापार गर्न मन लाग्यो । साथी अस्ति नेपाल आयो । पशुपतिमा बस्यो । हाम्रो सरकारलाई भेट्यो, गयो । ह्याँ धानको भाउ तोक्यो । अब हाम्रो त्यो साथी हाम्लाई चामल बेचेर खरबपति बन्छ । त्यसैले हाम्ले नि त्यै काम गर्न खोज्या ।
- किसान भन्छ, धान नि छैन भन्छ, कसरी ब्यापार गर्छ त ?
- हामी किसानसँग धान मङ्सिरमा हुन्छ बाज्या । असारमा त भारततिर मात्र धान हुन्छ । त्यसै भ'र अहिले भाउ तोकेको त हामी नेपालीका लागि होइन नि ! हामी नेपालीका लागि त भाउ तोक्नैपर्दैन, उतैबाट तोकेर आउँछ । हाम्रो सरकार कम चलाख छ र ! नेपालीलाई चामल किन्दा महँगो पर्छ भनेर धानको भाउ तोक्दैन । तोके नि मङ्सिरमा तोक्छ, सस्तै हुन्छ । त्यो नि उतैबाट आर उतै लैजान्छ ।
- त्यसो भे बुङ्गेले धानको ब्यापार कसरी गर्छ त ?

– कसरी गर्दा हुन्छ भनेर त बाज्याकोमा हेराउन आ'को !
– अनि त्यो भारतबाट आ'को साथीलाई चिनेको छ त ?
– छैन बाज्या छैन, चिनेको छैन । हामीले चिन्नुपर्दैन बाज्या ! हाम्रो सरकारले चिनेसि हामीले चिन्नैपर्दैन ।
– लौ बुङ्गे, यसो हेर्दा मान्छेलाई मात्र होइन, यहाँको पशुलाई अनि वातावरणलाई नि अढैयाले छो'को छ । बुङ्गेले मात्र होइन, अरू कसैले नि नेपालमा काम गरेर फाइदा लिन सक्दैन । फाइदा लिनेजति पहिले नै लिसके । अब त पहिले ले'को फाइदा नि फिर्ता गर्नुपर्ने योग छ । त्यतिले नि नपुगेर जेलसमेत बस्नुपर्ने हुन जान्छ । त्यसकारण यस्तो अवस्थामा ब्यापार गर्ने कुरा नै नगर बुङ्गे ! मेरो ज्योतिषले त यही भन्यो ।
– हाम्रो सरकारको एउटा मान्छे ललिता निवासको सबै जग्गा मेरो नाममा गराइदिन्छु भनेर आ'को थ्यो । त्याँ धान रोपौँला भन्ने कत्रो आशा गरेको त त्यो मान्छे जेलमा परेछ भन्या ! अहिले काम गर्ने मान्छेलाई घाटैघाटा । बाज्याले भनेको ठीक हो । म धानको व्यापार गर्दिनँ । बाज्याको ज्योतिषले भनेको ठीक छ ।
– एउटा कुरा छ नि बाज्या ! धान नभे नि धानको भाउ तोक्यो भने एकथरिलाई त्यसै नाफा हुन्छ । तोक्नेलाई नि नाफा हुन्छ, भाउ तोकाउन आउनेलाई नि नाफा भइसक्छ । उसले धान बेचेर नाफा खान पर्खिरनुपर्दैन । त्यसै भेर मैले नि यही व्यापार गर्न खोज्या हो । आफ्नो बाज्यालाई नढाँटीकन कुरा गरेको ।
– हेर बुङ्गे ! अहिले ब्यापार गर्ने भे आनामा हान ।
– बाज्या नि के कुरा गर्छ ? आनामा हान भन्या के ?
– लौ, त्यो ललिता निवासको जग्गाको कुरा गऱ्या नि ! हो, त्यो जग्गा आनामा हान भनेको हो क्या !
– बाज्याले भनेको त ठीक हो । त्यो आनामा हान्न गा'का जति जेल परेर धरौटीमा छुट्या छन् । हाम्लाई त जग्गाधनी बन्नुपऱ्यो मात्र भन्या हो । त्यस्तो हान्ने काम त उनीहरू नै गर्छ बाज्या !

– त्यसो भे हाम्रो बुङ्गेलाई नि उही बिस्नेलाई लटरपटर पाऱ्याजस्तो गर्न खोज्या र'छ, था भो ।
– ल हेर त वाज्या ! त्यो बिस्नेलाई कस्तो अन्याय गरेको ! आफ्नो नाममा भा'को जग्गा फिर्ता गर्न लगाउने ? कस्तो सरकार हाम्रो ?
– फिर्ता गर्ने नि त्यस्तै हो । किन फिर्ता गर्ने भन्न सक्नुपर्दैन ? सोझो, ज्यादै सोझो होइन त बुङ्गे ?
– हो बाज्या हो । सोझो हो ।
– कुरो सोझो र बाङ्गोको मात्र होइन बुङ्गे ! बिस्नेको भागबन्डामा आ'को जग्गा छलछाम हुन्छ कि भनेर छोराको नाममा पास गऱ्या र'छ । त्यस्ता पास गर्ने कतिको उठिबास लाग्ने बेला आ'को हो । सोझो भ'र होइन ।
– हेर्दा सोझोजस्तो देखिनेहरू अहिलेको सरकारले सबैलाई दान दे'को जग्गाले भागाभाग पाऱ्या छ बाज्या । धन्न जग्गाधनी नबनेको ! जग्गाधनी बन्या भे म नि बाज्यासँग बस्नुको साटो जेलमा बस्नुपर्थ्यो होला ।
– तिमी जेल बस्नुपर्थेन बुङ्गे ! तिमी त माओवादी छाडेर एमालेमा आ होइन र ? तिम्ले नि जग्गा फिर्ता देसि माफी पाउँथ्यौ । अरूजस्तो होइन । जग्गाकाण्डमा पर्ने भनेको त एमालेबाहेकका मान्छे मात्र हुन् ।
– होइन बाज्या ! खोलामा बाढी आएसि सबैलाई बगाउँछ । अहिले बाढी आइसक्या छैन ।
– हेर बुङ्गे ! यस्तै वातावरण रहिरहेमा खोलामा बाढी आउँदैन । दिनदिनै सुख्खा मरुभूमि बन्दै गा छ, केको बाढी आउनु ?
– हुन त हो । गङ्गाको पानीमा न्वार चोखिनुभन्दा नि राम्रोसँग सरकारले चोख्याउने चलन चल्या छ । यसरी चोख्याउँदै जाने सरकार भेसम्म के चाइयो र !

●

# मतिपुराणमा माया

– हाम्रो बाज्यालाई मतिप्रसाद भन्छ । मति भनेको के हो बाज्या ?
– हेर बुङ्गे ! मति भनेको धागोजस्तै हो । धागोमा राम्रो फूल उन्यो भने राम्रो माला बन्छ । नराम्रो फूल उन्यो भने नराम्रो माला बन्छ । जस्तै कुमति खराब मति भो । सुमति भन्यो भने राम्रो मति भो । मति भनेको यस्तै हो ।
– ल, बुझ्यो बाज्या ! 'राजमति कुमति, जीके ओसा पिरती' मैले नि सम्झ्यो बाज्या !
– हाम्रो बुङ्गेले ठूलै कुरो सम्झेजस्तो छ । के सम्झ्यो ?
– नातिले हजुरआमाको बे गऱ्यो । छोराछोरीले आमाको बे गरे । त्यस्तै छोराले बाउको र हजुरबाउको बे गरा'को नि देख्यो । हाम्रो नेपालमा नि विचित्र देखिन थाल्यो नि बाज्या !
– माया भनेको यही हो बुङ्गे ! माया यस्तै हुन्छ ।
– हो बाज्या हो । यो बे गर्ने माया भो । अनि त्यो किस्नेले चाईं बे नगर्ने माया गऱ्या र'छ, होइ बाज्या ?
– यो बे नगर्ने माया त देशका सबैभन्दा ठूलाले नि गर्दा र'छन् नि ! पछि घर र पैसो माग्दै हिँडेसि था हुँदो र'छ ।
– अनि यिनीहरूले पैसालाई कत्तिको माया गर्छन् बाज्या ?
– सबैभन्दा धेरै त पैसालाई माया गर्छन् नि ! यो माया त सर्वश्रेष्ठ माया हो । पैसा मात्र भनेर के गर्नु र ! नेताले कमा'को पैसालाई पानीको ज्यादै प्यास लाग्दो र'छ बुङ्गे ! हेर, त्यो नेकपा एमालेका एकजना नेताको पैसा त पानी खान ट्याङ्कीमा मात्र जाँदो र'छ । यसरी जाँदा-जाँदा ट्याङ्की नै भरिसकेछ । नेतालाई था नै छैन ।
– यस्तै छ । हाम्रा जनता माया गर्न कन्जुसी गर्दैनन् । जनता भाटभटेनीलाई माया गर्छन् । भाटभटेनीचाहिँ ललिता निवासलाई माया गर्न जान्छ । त्यस्तै आफन्तले टुक्केलाई माया गर्छन् । टुक्के मेचीको चिया बगानलाई माया गर्न पुग्छन् । जनता हाम्रा

नेताहरूलाई माया गर्छन् । हाम्रा नेताहरू खालीसीसीलाई माया गर्न पुग्छन् । हामी कोशी, महाकाली अनि कर्णालीलाई माया गर्छौं । उनीहरू दक्खिनेलाई माया गर्न पुग्छन् । यो माया भन्ने चीज त नदीको पानीभन्दा नि खराब र'छ । अलि होचो देख्यो भने बगिहाल्छ ।

– यो संसार यस्तै र'छ बुङ्गे ! कोही मान्छेले मान्छेलाई माया गर्ने, कोही प्रकृतिलाई माया गर्ने, कोही परिवारलाई माया गर्ने, कोही पैसालाई माया गर्ने । संसार विचित्रको छ भन्थे, हो र'छ । हामीलाई त यस्ता कुरा के था ? यो मतिपुराणको माया कस्तो लाग्यो त हाम्रो बुङ्गेलाई ?

– राम्रो बाज्या राम्रो । सुनिरहूँजस्तो । पुराणहरू सबै यस्तै सुनिरौँ जस्तो रमाइलो लाग्ने गर्छ । त्यसमा नि मतिपुराण त झनै सुन्न मन लाग्ने र'छ बाज्या !

– अहिलेसम्मको पुराण सुमतिवाला पुराण हो बुङ्गे ! अझ कुमतिवाला पुराण पो पुराण त ! त्यो रामायणमा राम र रावणको वर्णनभन्दा नि अद्भुत रामायणमा भाको राम र अहिरावणको वर्णन सुन्न मन लाग्ने खाले छ । त्यस्तै हो यो मतिपुराण । सुन्न थालेसि उठ्नै मन लाग्दैन ।

– हो र'छ बाज्या ! मतिपुराणको माया नै अचम्मको र'छ । संसार मायामोहमा अडेको भन्ने कुरो बल्ल था भो ।

– हुन त संसार मायामा अडेको त हो, तर अडेस लागेको चाहिँ होइन । अहिले मतिपुराणको माया कतै न कतै अडेस लाग्या जस्तो देखिन्छ । त्यसैले यो सांसारिक मायाले खुट्टा तान्ने गर्‍या हो क्या ! यो खुट्टा तान्ने मायालाई वैदिक सनातनले माया भन्दैन, बुझिराख । त्यसलाई बुङ्गे माया भन्छन् ।

●

# कर्मचारीले कङ्गाल बना'को देश

– मतिपुराण भनेको के हो बाज्या ?
– हाम्रो धर्मशास्त्रमा अठारवटा पुराणहरू छन् । भन्नेले राम्रोसँग भन्यो भने ती पुराणहरू सुनिरहौं जस्तो लाग्छ । यो मतिपुराण नम्बरविनाको पुराण हो । यो कलियुगमा बनेको हुँदा यो सुन्न झन् लायक छ । यस पुराणमा विभिन्न प्रकारका मतिहरू मिलेर पुराण बनेको छ । हेर बुङ्गे ! त्यस्तै मतिका उपजहरूलाई मतिपुराण भनिन्छ ।
– त्यसो भे एउटा मतिपुराण सुनाइदिनोस् न बाज्या ! सुनौं-सुनौं लाग्यो ।
– हेर बुङ्गे, अहिले यो देश कङ्गाल बना'को नेताहरूले होइन रे ।
– अहिले मान्छेले कुकुर धेरै पाल्न थाल्यो बाज्या ! त्यसो भे यो देश पक्का नि त्यसैले बिगारेको हुनुपर्छ बाज्या । मैले त यस्तै देख्यो ।
– म भन्दैछु नि बुङ्गे, पख न ! यो हाम्ले भन्या होइन । हाम्ले भन्या कुरा कसैले नि सुन्दैन । यो त ठूलै मान्छेले भन्या हो । यस्ता ठूला मान्छेले भनेसि हाम्ले मान्नुपर्छ । पाँचपटक प्रधानमन्त्री भइसकेका देउवाकी धर्मपत्नी हाम्री राष्ट्रिय भाउजूले भन्या हो । 'यो देश कङ्गाल बना'को कर्मचारीले हो ।' अब ह्वाँजस्तो वरिष्ठ व्यक्तित्वले भनेसि हामीले होइन भन्न मिल्दैन । ह्वाँलाई देशको ठूलो चिन्ता छ । हेर बुङ्गे ! कर्मचारीहरू नि कहाँ स्वतन्त्र छन् र भन्या ! उनीहरू नि आदेशमै चल्ने हुन् । आदेश दिने नि उनीहरू नै हुन् । कर्मचारीले हाम्रो आदेश मान्दैनन् । त्यसैले ती भाउजूको भनाइलाई हाम्ले नकार्न मिल्दैन बुङ्गे !
– उसो भे, छ नि बाज्या, हाम्रा नेताहरूले सत्य कुरा गर्दैनन् भन्थ्यो । सत्य कुरा नि बोल्दो र'छ नि होइ ?

– हो बुझे ! यो देशमा सत्य बोल्ने, सत्य गर्ने मान्छे छैन भनेर सत्य बोल्ने मान्छेलाई लुका'र राख्ने चलन छ । अब त्यो चलन राष्ट्रिय भाउजूले तोड्नुभो । धन्यवाद छ ह्वाँलाई । सत्य कुरा बताइदिनुभो ।
– होइन बाज्या, ह्वाँलाई त कुन-कुन कर्मचारी कस्ता छन्, भ्रष्टाचार कति गर्छन् भन्ने नि सबै था होला । नत्र कर्मचारीले देश लुटे भनेर कसरी भन्न सकिन्छ ? जे होस्, यो देशका सबै भ्रष्टहरू था नभे नि केही मूल्यवान् भ्रष्टहरूलाई चिन्नुभको होला । ह्वाँलाई बधाई छ ।
– हेर बुझे ! अब सत्य कुरा बाहिर आयो । त्यस्ता देशलुटेराहरूलाई हामीले कारवाही गर्ने होइन । कारवाही गर्ने मान्छे ह्वाँले चिनेदेखि केही हुन्थ्यो कि भन्ने छ । लौ बुझे ! मतिपुराणको पहिलो स्कन्द यहीँ नै समाप्त हुन्छ ।
– के कुरा गर्छ बाज्या ! भन्दै जाऊ न, यस्ता कुरा त सुनिर'न मन लाग्छ क्या !
– हेर, कर्मचारीले कङ्गाल बना'को देश भन्छ । कुनचाहिँ कर्मचारी भन्दैन । यस्तो सजिलो कुरा गर्ने मान्छेसँग कसैको कुरा मिल्दैन क्या ! ह्याँ त कसले कङ्गाल बना'को हो, त्यसको न्वारन, पास्नी गर्ने मान्छे चाइया हो । तर निस्कन्छन् यस्तै टपरटुइयाँ कुरा गर्ने मान्छे ।
– देश खाने भनेको यस्तैले हो बाज्या ! त्यो जेन्जी आन्दोलनमा आगो लागेका नोट नि कर्मचारीले नै बेसाका भन्ने छ । अनि कर्मचारीले ने देश कङ्गाल बनाउने नै भे नि, होइ ?
– खाए बुझे खाए । खार नि कङ्गाल बनाइसक्या छन् । बिचरा राष्ट्रिय भाउजू नभा भे अझ कति खाइर'न्थे होलान् । बेलैमा राष्ट्रिय भाउजूले देख्या भेर धन्न कङ्गालै हुनबाट चाहिँ बचेछ ।
– हो बाज्या ! मतिपुराण त राम्रै र'छ नि ! सुन्दा खुब आनन्द आयो । अब दोस्रो स्कन्द सुन्नलाई फेरि आउँला होइ बाज्या !

●

# पानीजहाज चढ्न जाने हैन ?

– नेकपा एमालेका अध्यक्ष, यो राष्ट्रको पूर्वप्रधानमन्त्री, अझ नजिकबाट जान्न चाहने हो भने ज्यादै दयालु नेता, जुनसुकै पार्टीका नेतालाई नि अप्ठेरो पर्दा साथ दिन खोजिहाल्ने । एक दिन आफ्नो पार्टी पङ्क्तिका नेताहरूलाई अर्ति दिनुभा छ – 'राम्रो काम गर्दै जाने, जस खोज्ने होइन ।' कति राम्रो कोटेसन ! उति बेलाका माओको कोटेसनभन्दा नि खतरा छैन त बुङ्गे ?

– खतरा छ बाज्या खतरा ! यस्तो कोटेसन भन्न सक्नेले कति राम्रो काम गऱ्यो होला होइ ?

– हेर बुङ्गे ! यो देशमा सबैभन्दा धेरै काम गर्ने नै ह्वाँ हो । जस नखोजेर मात्र हो । जस खोज्ने हो भने गिनिज बुकले दिने तीन चौथाइ पुरस्कारको हकदार उनी नै हो भन्दा फरक पर्दैन ।

– बाज्याले भनेको ठीक हो । ग्यासको पाइप घरघरमा जोडेर बबालै गर्नुभो । मेरो घरमा श्रीमतीले ग्यासको पाइप खोइ त ? भनेर मसँग करायो । पैसा नभ'र ल्याउन पाएन भन्यो । त्यो सुनेर पैसा नि श्रीमतीले द्यो । तर ग्यासको पाइप छैन । अनि घरमा बबाल । अहिले बत्ती र चुलो पाइपबाट चल्या छ ।

– त्यति मात्र हो र बुङ्गे ! रेल र पानीजहाज ल्यार भद्रगोल भा छ । पानीजहाजको अफिसमा टिकट काटेर भ्याउँदैन । लाउडा जहाजभन्दा धेरै चल्ती छ । त्यसै भ'र लाउडाले फेल खायो नि ! बुङ्गेलाई था छ ? अनि ह्वाँले त ढाकछोप नि गर्न जान्या छ ।

– हो बाज्या ! ह्वाँ त ढाकछोप गर्न माहिर हुनुहुन्छ । जसले जे भने नि खोपबहादुर खायमाझीको त नाचै राम्रो । उनको नाच हेरेर सीबीआई कहिल्यै अघाएन रे । ढाकछोपमा उनी नि पऱ्या छन् । बिस्ने अनि बाँस्कोटा र खुनी शर्मालाई नि ढाकछोप गरिदिनुभेछ । अहिले उद्योगी-व्यापारीलाई सरकारले देखिसहेन भनेर भन्नुभा' छ । तर उनेरूसँगको नाता भने था भेन ।

– हेर बुङ्हे ! हाम्रा अध्यक्ष साह्रै उदार । कसैलाई अन्याय परेको त देख्नै नसक्ने । जनताले गरिखान पाउनुपर्छ भन्ने ह्वाँको विचारलाई महान् भन्नुपर्छ ।

– ह्वाँ त अहिलेसम्मका प्रधानमन्त्रीमध्येमा सबैभन्दा उच्च कोटीमा पर्नुहुन्छ बाज्या, था छ ? ह्वाँ धेरै सिपालु र धेरै जान्ने हो ।

– जान्नेले गर्ने त्यही हो बुङ्हे । उति बेलाका राजाले असक्षम भनेका व्यक्तिका अगाडि सक्षमवालाले यति नि गरेन भने त नामै रहेन नि, होइन त ? हेर बुङ्हे ! 'अरूले मरिमरि नाचेको र हाम्रा अध्यक्षले खुट्टो मात्र हल्ला'को' यो देशका मान्छेले देखिसक्या छन् ।

– ठीक हो बाज्या । उनले जस नखोज भनेसि श्रोता कार्यकर्ताले आपसमा खासखुस गरेका थे । के भनेको भनेर बुझ्दा त नुनदेखि सुनसम्मको काम आफूले गरिसक्यो, अब हाम्ले गर्ने कामै छैन, के काम गर्ने भनेर आपसमा खासखुस गऱ्या र'छ ।

– त्यति मात्र होइन । हेर बुङ्हे, धेरै राम्रो काम गर्न नि नहुने र'छ नि ! ती रावलले कति राम्रो काम गऱ्या भनेको त उनलाई पार्टीबाट निकाला गरेर राख्यो । हाम्लाई त के था छ र यस्ता कुराहरू । राम्रो काम उनका अध्यक्षले के-के गरे भनेर रावलजीलाई सोध्यो भने अझ राम्रोसँग बताइदिनुहुन्छ । उनको कामको वर्णन गर्ने हो भने महाभारतको जत्रो पचासौं किताब बन्छ । उनको उखानटुक्काको मात्र एउटा महाभारत बन्छ । खुबी कम भा'का हुन् र !

– हो । बाज्याले भनेसि मैले नि ह्वाँको काम था पायो । हिँड बाज्या हामी नि पानीजाहाज चढ्न जाऊँ । भोलिपर्सि भनेको के हुन्छ के हुन्छ । कि कसो ?

●

# सर्पमालिकको आपत्ति

- मति बाज्या ! हाम्रो सर्पमालिकले नेपालमा अम्रिकाने सरकारको प्रतिनिधि र सिपाईको उपस्थिति बाक्लियो भनेर आपत्ति जनाउन थाल्नुभा रछ। ह्वाँको आपत्ति कोब्राको विषभन्दा खराब हुन्छ रे !
- होइन बुङ्गे ! सर्पमालिक भनेर कसलाई भनेको ?
- बाज्या नि ख्याली छ । नेपालमा सर्प पालेर बस्ने साहुलाई सर्पको मालिक भन्नुपर्छ ।
- ए ! बुङ्गेले हाम्रो झल्लुरामलाई सर्पको मालिक भनेको होला । ह्वाँ त पूर्वप्रधानमन्त्री हो नि !
- पूर्व-पश्चिम जे भे नि सर्प पालेसि सर्पको मालिक हो नि त । बाँदर पालेको भे बाँदरको मालिक, भैँसी पाल्नेलाई भैँसीको मालिक र गधा पाल्नेलाई गधाको मालिक भन्छ ।
- उनको आपत्ति नि सर्पको विषजस्तै कडा हुन्छ भनेको हो ?
- हो बाज्या, ज्यादै कडा हुन्छ । नेपालमा अम्रिगाने सिपाइ आ'कोमा उनले आपत्ति गर्‍यो भनेर विश्व हल्लेको छ रे । नेपालमा सबै हल्लिन थाल्या छन् । किन होला भनेको त सर्पमालिकको आपत्तिले हल्या र'छन् । फेरि उनको आपत्ति सधैँ रैर'ने होइन । एकपटक आउँछ अनि कहाँ जान्छ, था हुँदैन ।
- हत्तेरी बुङ्गे ! उनको आपत्ति सर्प चराउन जान्छ । कुनै बेला काठमाडौँ आउँछ र आपत्ति छ भन्न थाल्छ । उनका भेभरका सन्तान लागेर खालीसीसी पास गरेसि अम्रिकाने सिपाई आउँदैन त ? खालीसीसी पास गर्ने नेपाल अनि अम्रिकाने सिपाईचाहिँ जापान जानुपर्ने ? त्यसै भ'र खराब वातावरणमा बसेका मान्छे सन्तानले गरेका खराब कामकुरो सबै बिर्सन्छन् भन्ने गर्‍या हो ।
- हाम्ले त खालीसीसी पास नगर भनेर भन्या होइन बाज्या ?
- हो त नि ! पास गर्नु हुँदैन भनेर कत्ति करा'को ! केही काम लागेन । हाम्ले करा'को त कसैको कानैमा पसेन बुङ्गे !

– सर्पलाई दाना किन्ने ढेवा पाएन भने नि आपत्ति आउँछ नि !
– होला बुङ्गे । केही न केही त होला ।
– अरू कुरा जे भे नि एउटा कुरा था भो बाज्या । सरकारले चार सयभन्दा बढी खानी खोल्न खोजतलास गर्ने अनुमति देछ । अहिले अनुमतिपत्र पाउनेहरू पूर्व-पश्चिमका पहाडतिर छामछाम छुमछुम गर्न थाल्या छन् । त्यसरी जानेमा अम्रिकाने सिपाई नि छन् भन्ने छ । सरकारले यो कुरा बाहिर ल्याउँदैन । किनभने कुरो युरेनियम र महत्वपूर्ण खनिज पदार्थको छ । नेपालीलाई त्यस्ता चीज के काम ? त्यसैले कोही आपत्ति गरिरन्छन्, कोही खोजिरन्छन्, कोही ओसारिरन्छन् । सरकारको अनुमतिपत्रमै खोट छ । कुन-कुन वस्तुको खानी खोल्ने भनेर किटान गरेर दिनुपर्नेमा 'खोजतलास' गर्न भनेर लाइसेन्स देछ । खोजतलास गर्दै जाँदा सामान सकिहाल्छ । खानी खोल्नैपरेन । हाम्रो सरकार ज्यादै बाठो भन्थे, हो र'छ । बल्ल था भो । खानी खोलेर झिकेको सामानबारे नेपालीले हिसाब गर्न जान्दैन । युरेनियमको कति पैसा पर्छ, नेपालीलाई के था ! युरेनियम झिक्ने व्यक्तिका अगाडि नेपालीले केही जान्दिन भन्ने देखाए बेइज्जत हुन्छ । त्यसै भेर नि उनेरूलाई 'खोजतलास' गर्न लाइसेन्स देको हो । नेपालीलाई यस्ता कुरा था छ नि ! उबेलाँ धीरेन्द्रले गणेश हिमालमा जस्ताखानी खोल्ने लाइसेन्स लिए । खानीबाट अमूल्य जुहारात निस्क्यो भन्ने हल्ला थ्यो । निस्क्यो तर कता गो, गो । पछि सामान सकियो, खानी बन्द भो । उति बेला नि यस्तै लाइसेन्सबाट खानी चल्या रछ । अहिले त्यही दोहोरेको छ । यसो गर्दा हिसाबको लन्ठै भेन । सरकारलाई क्या मजा ! हिसाब गर्नुनपर्ने, सत्तावालाको बगली नि भरिने । यो हो नि त काइदा ।
– ती सर्पका मालिकलाई यस्ता कुरा था छैन होइ बुङ्गे ?
– हो बाज्या । उनलाई यस्तोमा आपत्ति छैन । यो उनको विषयमा नपरेको हुन सक्छ । कि कसो बाज्या ?

●

# हाम्रो देशको सरकार नै नक्कली

– बाज्या, ओ बाज्या ! हजुर सक्कली बाज्या कि नक्कली बाज्या ?
– के भन्छ यो बुङ्गे ? बाजे नि सक्कली र नक्कली हुन्छ ?
– हुन्छ बाज्या । अहिले बजारमा सबै नक्कली मात्र पाउँछ भन्छ । अनि त बाज्या नि त्यही हो कि भनेर सोधेको । ह्वाँ हाम्रो भतिजले लाइसेन्स लेको नक्कली परेछ भन्या ।
– धन्न तिम्रो भतिजको लाइसेन्स नक्कली परेछ । कर्मचारीले गर्ने भनेको यही नै हो । नेताले हो भने मान्छे नै नक्कली बनाइदिन्थ्यो । नेताकोमा गएनछ, राम्रो भो ।
- बाज्या नि हँसाउछ भन्या ! मान्छे नि नक्कली बनाउन सक्छ र ? हाम्रो नेतालाई हेप्या हो कि ?
– होइन बुङ्गे, हेपेको होइन । भुटानी शरणार्थी भनेर हाम्रा नेताले नेपालीलाई नक्कली भुटानी बनाइदेछ । मान्छेलाई नक्कली कसले बनायो भनेर छानबिन गर्दा त नेताले पो बनाछ । अहिले ती नेता जेलमा छन् । नेता मात्र होइन, ठूलाबडा सबै लागेर नक्कली बनाछन् । कस्तो जानेको, हेर ।
– का बाज्या ! मान्छे नै नक्कली बनाउन सक्ने भेसि ती नेताको नजिक नजाऊ है बाज्या । फेरि बाज्यालाई नि नक्कली 'भुटानी बाज्या' बनाइदेला ।
– हामी नेताकोमा जाँदैनौं क्या ! त्यसै भेर नक्कली बाज्या होइन भनेको ।
– सक्कली बाज्या भन्छ, हामीसँगै बसेर मम खान्छ । अनि त सक्कली कुन हो, नक्कली कुन हो भनेर बाज्यालाई सोधेको । नरिसाऊ न बाज्या ।
– हेर बुङ्गे ! हामी त मम खाँदैनौं । त्यसै भेर हामी सक्कली हौं ।
– बाज्याले भनेसि था भो । बजारमा सबै नक्कली भनेको त मान्छे नै नक्कली बनाइसकेछ । अनि पो बजारको सबै नक्कली भन्या

र'छ । हाम्रा नेता धेरै बाठा छन् भनेर भन्थे, हो भन्ने प्रमाणित भो । संसारमा कसैले नि नक्कली मान्छे बनाउन सक्दैन, हाम्रो नेताले बनाइद्यो । अरू देशको मान्छे के मान्छे ? होइ बाज्या ? तिनीहरूले प्लेन बनायो, मोटर बनायो, रकेट बनायो तर हाम्रा नेताले त मान्छे नै नक्कली बनायो । नेपालीलाई कम ठानेको ?

– लौ बुझें, त्यसो नि नभन । हाम्रो देशको सरकारै नक्कली छ । जुन सरकार बने नि नेपालको हित हुने काम गर्दै गर्दैन । दक्खिनेलाई के गर्दा हित हुन्छ, त्यही गर्न जान्छ । नेपालको त पैसा मात्र बटुल्छ । कामजति सबै उतैतिरको गर्छ । अनि सरकार नै नक्कली भेन ?

- हाम्ले कति दुःख गरेर चुनेर पठायो, प्रधानमन्त्री बनेसि मलाई त दक्खिनेले प्रधानमन्त्री बनाइदेको भनेर चण्डमुण्डले भाषणै गर्न थाले । अनि त प्रधानमन्त्री नक्कली भेसि अरू सांसदको के कुरा ? अरू सांसद नि सांसद बन्न चुनावमा खाँटी नेपाली बनेर चुनाव जित्छन् । अनि त उनीहरूको नि पारा उही हो । यसरी सांसद नि नक्कली, प्रधानमन्त्री नि नक्कली । यहाँ सबै नक्कली छन् । नेपाल एउटा सक्कली छ । यहाँका नागरिकसमेत नक्कली बनाइसकेछ बाज्या ।

– गरिखान पाएन भनेर नेता कराउँथ्यो । गरिखा'को भन्या यही र'छ, होइ ? बल्ल था भो । यो मतिपुराणले धेरै कुरा था पायो ।

– था पार नि काम छैन बाज्या । यस्ता नक्कलीका भुँडी पड्क्या होइन । उनेरू नै झन् नक्कली कुरा भन्दै हिँड्न थाल्या छन् ।

– हो त नि ! नकचराले जे गरे नि उसलाई लाज हुँदैन भन्या यही हो ।

●

# मेलम्चीमा बाख्रा मात्र चर्ने भे

- योे मेलम्ची नि फेलम्ची भो । हिउँदमा खोला सुक्छ । पानी त्यसै आउँदैन । वर्षाकालमा बाढी आउँछ । बालुवाले टेङ्की भर्दिन्छ । बीस, पच्चीस, तीस वर्षसम्म मेलम्चीको पानी खाउँला भनेर बसियो । अब आस नगरे भो ।
- होइन, यो बुङ्गे के गनगन गर्छ ?
- गनगन होइन बाज्या । त्यो मेलम्ची फेलम्ची भो भन्या क्या ।
- फेलम्ची भन्या के हो नि ?
- फेल भो भनेको बाज्या ।
- मेलम्ची त उपत्यकाका मान्छेलाई बेवकुफ बनाउने भाँडो हो । हेर त, त्यही मेलम्चीमा केही नहुँदा नि यस्तो भो, उस्तो भो भनेर पानीमरुमन्त्रीले दुई अर्ब भ्वाम पारे । यो कुरा अलि अगाडिको हो । त्यसपछि त केही गर्नुनपर्ने, बजेट जाने, बाँडेर खाने आयोजना बन्या छ । कहिले पानी छिर्ने ढोका भत्क्यो भन्या छ, कहिले बालुवा छिरेर खराब गऱ्यो भन्या छ । कस्तो आयोजना हो यो ? यस्तो हुन्छ भन्ने कुरा पहिले था थेन ? के हेरे ? नेपालमा कस्ता विज्ञ र'छन् भन्ने कुरो यसैले देखायो ।
- लौ बाज्या नि । यो त देखाउने आयोजना पो त, पानी ख्वाउने आयोजना होइन नि ! पानी ख्वाउने आयोजनालाई ट्याङ्कर आयोजना भन्छ । त्यसले भन्नेबित्तिकै पानी ख्वाउँछ । बालुवा नि हुँदैन । कहिलेकाहीँ भ्यागुता हुन्छ, तर पानी स्वच्छ हुन्छ । हाम्लाई त्यस्तो आयोजना मात्र फाप्छ ।
- यति ठूलो आयोजना बनाउने भेसि कम्तीमा नि आयोजनाको अवधि सय वर्षको राख्नु, अनि पो हुन्छ । आयोजनाको अवधि नै छोटो । त्यसमा नि फाप-अफाप हेराउनुपर्छ । अहिले घरैपिच्छे ज्योतिष जान्ने मान्छे छन् । यो मामिलामा त ढेउवा नै जान्ने हो । कतिपटक प्रधानमन्त्री बन्छु भनेर ज्योतिष देखाइसकेछन् ।

मान्छे भन्या यस्तो हुनुपर्छ । हेर्नोस् त, मेलम्ची जहाँको तहीँ छ, ढेउवा फेरि प्रधानमन्त्री बन्न तन्किसके । त्यसै भेर हेराउनुपर्छ भनेको क्या ।

– हेरा'को नि हो रे बाज्या ! ज्योतिषले पूर्व फर्केर मुख धुनू, खुब साइत पर्छ भन्देछ । अनि त ती सबै ठूलाबडाहरू मेलम्ची ल्याउन भनेर लागिहालेछन् । त्यति मात्र होइन, ज्योतिषले त मेलम्ची चलाउने हो भने सत्तामा बस्नेहरूले कोटको बगली ठूलो बनाउनु भन्या र'छ । अनि काँको पानी आउँछ त ? त्याँ त बोका मात्र चराउने हो । त्याँ चरेका बोका-बाखा खुब मोटाउँदा र'छन् । त्याँको घाँस खुब पोसिलो र'छ । त्यसै भेर त बोका-बाखाहरू त्यतैतिर चर्न जाँदा र'छन् । घाँसजस्तै पानी नि पोसिलो होला भनेर पानी ल्याउन खोजेका र'छन्, राशिफल मिलेन । पानी नआए नि बाखा चर्न पा'का छन् । राम्रै छ ।

– त्याँको प्रमुख नियुक्ति गर्दा अलि गल्ती भेछ । जाबो दुई-तीन गोटा पानी ट्याङ्कर भा'कालाई आयोजना प्रमुख बना'को र'छ अनि मेलम्ची बन्छ त ?

– बाज्याको कुरो ठीक हो । सानो-सानो मान्छेलाई आयोजना प्रमुख बनाउँछ अनि कहाँ हुन्छ ? अहिलेको सरकारको दिमाग नै छैन भन्या यही हो । हाम्लाई प्रमुख बनाओस् त, होइन बाज्या ?

– होइन बुङ्गे, हाम्लाई प्रमुख बनार के गर्नु ? हामी बोका पाल्नै सक्दैनौँ । त्यहाँ त यताबाट गा'का बाखा-बोकालाई भरपेट घाँस हाल्न सक्ने व्यक्ति प्रमुख बन्नुपर्छ । अहिले ठीक छ क्या ! हाम्लाई के काम ? एक दिन त्याँ चर्न गा'को बाखी काठमाडौँतिर पानी आउने प्वालमा अड्केर हैरान । जे गर्दा नि बाखी त निस्कनै मान्दैन । काठमाडौँमा पानी बन्द भैहाल्यो । अनि त दुई अर्बको घाँस देखाएसि बल्ल बाखी निस्कियो । यो टेक्निक नि नेता चण्डमुण्डलाई था र'छ र उनको आइडियाले काम गर्‍यो । त्याँ प्रमुख हुन गाह्रो छ । हाम्लाई त कामै छैन ।

●

# रेल नि चढियो

– दर्शन गऱ्यो मति बाज्या !
– दर्शन, दर्शन बुङ्गे । यत्रो दिनसम्म काँ गा'को ? मलाई त बिमार पऱ्यो कि भन्ने पीर लाग्या थ्यो ।
– बाज्यालाई भन्न भ्यान, अपर्झट पऱ्यो क्या । धेरै दिन त भा' छैन नि ! बाज्यालाई नभेटेको सात दिन त भो नि, होइन र ? ह्वाँ हाम्रो पार्टीको अध्यक्ष झापा जाने रे । मेरो स्तरसम्मका कार्यकर्तालाई झापा जाने उर्दी भछ । अनि त झापा गैयो नि !
– केमा चढेर गयो नि बुङ्गे ?
– हामी बसमा गयो । अध्यक्ष र केही नेता वाइडबडीमा गा'का ।
– अनि वाइडबडीमा जाने भेसि तिमीहरूलाई सँगै त्यसैमा लग्या भे हुन्थ्यो नि, होइन र ?
– वाइडबडी चलाउन जान्नेले मात्र वाइडबडीमा जाने निर्णय र'छ । म वाइडबडी चलाउन नजान्ने भ'र बसमा गा'को ।
– के भन्छ यो बुङ्गे ? तेरो नेताले वाइडबडी चलाउन जान्या छ ?
– जान्या छ बाज्या, उडाउन पो जान्दैन त, चलाउन त जान्दछ । चलाउन त वाइडबडीलाई चानचुने बडीले चला'को होइन, वाइडबडी चलाउने बडाबडी भनेर विश्व नै हल्ल्या छ । सबैलाई था छ । तपाईलाई मात्र था रै'नछ ।
– ठीकै हो । आफ्ना नेताले चलाउन जान्या राम्रै हो । अनि छ नि बुङ्गे, ह्वाँ बसुन्जेल के-के कार्यक्रम गरे त ?
– ओहो कार्यक्रम त निकै नै गरे । धरान-धनकुटा पूरै घुम्यो ।
– केमा घुमेको नि ?
– त्यो रेल छ नि बाज्या, हो त्यसैमा घुमेको । आफूले त रेल चढ्या थेन, चढियो । रमाइलो, खुब रमाइलो भो बाज्या !
– होइन, नेता त भाषण गर्ने भे, अनि तिमीहरूजस्ताको के काम ? तिमीहरूले के गऱ्यौ नि ?

– नेताले भाषण गर्छ, हामीचाहिँ ताली ठोक्छ ।
– हो त । भाषण गरेसि ताली ठोक्नेहरू नि सँगै हुनुपऱ्यो नि । त्याँका मान्छेको के भर ? उनीहरूले ताली ठोकेन भने नेताको भाषण कामै लागेन, होइन त ?
– बाज्या नि कस्तो कुरा गर्छ । ताली मात्र ठोकेर हुन्छ र ! होहा हुई गर्दै सिट्ठी नि लगाउनुपर्छ । ताली ठोकेर मात्रै हुँदैन नि !
– ए, सबै कुरा जान्नुपर्छ भनेको यही हो । बुङ्गेले जान्या भेर धरान, धनकुटा, झापा सबै घुमेर आउन पायो ।
– त्यति मात्र हो र बाज्या ! हाम्रा अध्यक्ष त हेली लेर त्यो 'गिरी बन्धु टि स्टेट' लाई तीन फन्का लगाउनुभो । त्यसपछि आफ्नो पुरानो घरतर्फ जानुभो । त्याँका गाउँलेले हेलीमा अध्यक्ष आ'को देखेर मुख मिठ्याउन थालिहाले । लौ अब अध्यक्षको बर्थडे रैछ क्यार, हेली लेर आउनुभो, त्यो नेपालको नक्सा भा'को केक काटेर हाम्लाई फेरि ख्वाउने भे भनेर आस गरेका र'छन् । पछि त्यहाँका मान्छेले भेटेर भनेका हुन् । उता अध्यक्ष भने हेलीबाटै बाइबाइ गरेर झापा आए ।
– झापा मेची त खुब विकास भा होला, होइ बुङ्गे ?
– विकासको कुरा नगर बाज्या ! घरघरमा हावाबाट विजुली बल्या छ । विश्वको सबैभन्दा ठूलो भ्यू टावर त्यहीँ छ । ग्यासको सिलिन्डर बोकिरहनुपर्दैन । कति आनन्द । अध्यक्षज्यूलाई कोही बा भन्दै आउँछन्, कोही हजुर बा भन्दै आउँछन् । वाक्कदिक्क लाग्ने गरी भेट्न आउँछन् । प्रोग्राम सकेसि त अध्यक्षसँगै हामी सबै पानीजहाजबाट काठमाडौँ आयो । हिजो मात्र आ'को बाज्या । पानीजहाज नि आनन्दकै हुँदो र'छ । रेलभन्दा राम्रो हिँडेको थाहै नहुने । बाज्याले जहाज चढ्या छ ?
– छैन बुङ्गे, कहाँ पार चढ्नु ? हाम्लाई कसले चढाउँछ । जे होस्, बुङ्गे चढेको नि म चढेकै सर भो ।
– ह्वाँ सरकारले खाएसि जनताले खानैपर्दैन नि, यो त्यस्तै हो त ?

●

# भाउजूको बोली र शरणार्थी दुवै नक्कली

- सँगै बसेर चिया नखा'को धेरै भो । बुङ्गे, चिया खाऊँ आइज ।
- ज्यो बाज्या, हुन्छ ।
- यो बुङ्गे नि एकताका कलाकार भा'को रे भन्थे, हो ?
- हो बाज्या । हाम्रा नेताहरू सबैको बोली बोल्न सक्छ । बोलौँ ?
- भो भो पर्दैन । अनि प्रधानमन्त्रीको बोली नि ?
- त्यो नि बोल्छ बाज्या । कुम हल्लाई-हल्लाई बोल्छ ।
- त्यसो भे हाम्रो बुङ्गे नि जेल जाने भो । शङ्कै छैन ।
- किन बाज्या ?
- राष्ट्रिय भाउजूलाई नक्कली भुटानी शरणार्थी बना'को आरोप लाग्यो । राष्ट्रिय भाउजूले होइन भन्दै छोराको कसम खा'को सार्वजनिक भो । आखिर खारजूले बोल्या होइन, त्यो त केजाति कलाकारले खारजूको जस्तै बोली बोलेको भन्दै राष्ट्रिय भाउजूको बोली बोल्नेलाई प्रहरीले ल्यार थुन्यो । त्यसै भेर अर्काको बोली निकाल्न सक्ने कलाकारको खैरेत छैन भन्न थाल्या छन् ।
- हाम्रो प्रहरी धेरै बाठो छ भन्थे, हो र'छ होइ बाज्या ? त्यसो भे अब कसैको बोली बोल्दैन । किन जेल जानु होइ ?
- उता नक्कली भुटानी शरणार्थी, यता राष्ट्रिय भाउजूको नक्कली आवाज भेसि कुरा मिल्यो । राष्ट्रिय भाउजू भुटानी केसमा होइन भन्ने था भो । प्रहरीले नै प्रमाणित गर्देसि हो भन्ने को ? हेरौँ त ! होइ बुङ्गे ?
- मैले त बोल्नै भे'न बाज्या ! म त कलाकार । आज राष्ट्रिय भाउजूको जस्तै बोली मिल्यो भनेर एकजनालाई थुन्यो । भोलि प्रधानमन्त्रीको जस्तै बोली मिल्यो भनेर अर्कालाई थुन्न बेर छैन । म त बोल्दैन ।
- ठीक हो बुङ्गे, नबोल्नु नै वेश । धन्न ती किस्नेको आवाज निकाल्ने कलाकार भेन । नत्र त्यो नि थुनामा पर्थ्यो ।

– किस्नेको अर्कै केस हो नि बाज्या । यता किस्नेको मात्र बोली बोलेर भेन नि, उता चाइनिजको नि बोली बोल्न सक्नुपर्‍यो । कलाकार हुन गाह्रो छ बाज्या । फेरि त्यो छ नि, किस्नेको कुरा त रमाइलो गर्‍या भन्ने छ । मान्छेले रमाइलो गर्न पाउँदैन र ? त्यत्रो मान्छेको रगतले रमाइलो गर्‍या व्यक्तिले चाइनिजसँग बोलेर रमाइलो गर्न नपाउनु भन्ने छ ?

– ठीक हो बुङ्गे, हाम्रा नेताहरू ज्यादै रमाइला छन् । रमाइला-रमाइला कुराहरू बोलिरहन्छन् । जनतालाई हाँसेरै फुर्सद छैन । नबोल्ने भन्या त त्यही काङ्ग्रेसको ढेउवा मात्र हो । जहिले नि ठुस्स पर्‍या छ छ ।

– बाज्याले भन्या कुरा होइन भन्ने छैन । हेर्नोस् त, अरू नेताका छोरा बाउले गर्न भ्यान भनेर आफू नि बाउको काम सघाइदिन थाल्या छन् । ढेउवाको त छोरा नि लाटो हो कि बाठो हो खोइ ?

– कुरो त्यसो होइन नि बुङ्गे ! छोराले सघाउने ठाउँमा छोराले सघाउँछन् । श्रीमतीले सघाउने ठाउँमा श्रीमतीले सघाउँछन् । अब ती बच्चा खाँडको छोरा सानै होला अनि त श्रीमान्लाई श्रीमतीले सघाउनुपरेन भन्या ?

– पर्‍यो बाज्या, सघाउनुपर्‍यो । यस्तो श्रीमान्लाई सघाउने मामिलामा श्रीमती नेपाल, श्रीमती टुक्के र श्रीमती झल्लु त्यति लागिपरेको देक्खेन ।

– उनीहरूले आफ्नो श्रीमान्लाई सघाउन जानेकै छैनन् । अनि सघाउने कुरै भेन बुङ्गे !

– हो कि, उनीहरूले धेरै नपढेर हो क्षमता त्यति देखिएन बाज्या !

– त्यो नि हुन सक्छ बुङ्गे, धेरै पढ्नेको बुद्धि नै ठूलो हुन्छ ।

– जे होस् बाज्या, यस्ता सघाउने मान्छे भेसि यो बिग्रेको देश चाँडै बन्नेमा शङ्का छैन, कि कसो ?

– हाम्रो देश धेरै भाग्यमानी भनेको त्यसै भेर हो । यसै गरी देश बन्ने भेसि भाग्यमानी भेन त बुङ्गे ?

●

# मिनी बुङ्गेले बे गरेन

– हेलो बुङ्गे, हेलो हेलो !
– ज्यो बाज्या । किन बाज्या ?
– किन फोन ढिलो उठ्यो ?
– भात खान लाग्या, त्यसैले हो बाज्या ।
– लौ भात त्याँ खाऊ, चुठ्न ह्याँ आऊ । अर्जेन्ट छ ।
– हस् बाज्या, आयो ।
– यो बुङ्गेलाई नि ठूलो मान्छे बनाइदिऊँ भनेको, के हुने हो ।
– ल बाज्या आइपुग्यो । किन ? के अर्जेन्ट पर्‍यो बाज्या ?
– अर्जेन्ट भनेको त्यस्तै हो । तिम्रो छोराले बे गर्‍यो ?
– छैन बाज्या, बे गर्‍या छैन । त्यसलाई केटी कसले दिन्छ ? बोल्नै जान्दैन । बोल्यो भने नि बुझ्दैन ।
– अनि त्यो ढेउवाले जतिको नि बोल्दैन ?
– त्यस्तो त बोल्छ ।
– हो, चाहिएकै त्यस्तै हो । धेरै बोल्ने मान्छेको के काम ? कामै छैन । त्यही ढेउवालाई बे गराइदिने अङ्ग्रेज राजदूत आउँदैछ रे । आएसि तिम्रो छोरालाई नि केटी खोज्दिनुपर्‍यो भनेर भेट्ने काम गरौँ भनेको ।
– त्यति ठूलो मान्छेले हाम्रो छोरालाई केटी खोज्ला ?
– किन नखोज्नु ? नखोज्ने भे ढेउवालाई नि खोज्ने थेनन् । ढेउवालाई त उसैले बे गर्देको । अम्रिगान र नेपाल धेरै टाढा छैन । अब त नजिकै भैसक्यो । त्यसैले कुरा पक्का मिल्छ, छोराले बे गर्छु मात्र भन्नुपर्‍यो ।
– अम्रिगाने केटी पो भन्या बाज्याले ?
– होइन होइन, नेपाली केटी नै हो । शाह, राणा, श्रेष्ठ कसकी छोरी हुन्छे अब । केटी मागेर बे गर्द्यो भने धर्म हुन्छ रे क्या ।
– हामीजस्तो गरिबलाई शाह र राणाले छोरी दिन्छ त बाज्या ?

– मागिदने मान्छे गतिलो हुनुपर्छ अनि त दिहाल्छन् नि । तिम्रो छोराले कति पढ्या छ ?
– खोइ बाज्या, उही बेलामा मास्टर गर्‍या भन्थ्यो । पढाउन कहिल्यै जाँदैन । कस्तो मास्टर भा हो, था भेन ।
– लौ, ठीक छ । त्यो बालमन्दिरको १४२ रोपनी जग्गा तिम्रो नाममा आउन लाग्यो भन्या होइन ? केको गरिब भनेको ?
– बाज्या ! त्यो 'माफियाको धन आफ्नो नभन्' भन्छ । म त त्यो काम गर्दैन अब । बे गर्ने कुरो नि छोराले मान्छ कि मान्दैन, सोध्नुपर्छ ।
– लौ त, आजै सोधेर आऊ । जाऊ ।
– हस् । गयो बाज्या । (केही क्षणपछि) लौ सोधेर आयो बाज्या ।
– छोराले के भन्यो त ?
– काँ बाज्या । छोराले पत्यान भन्या । राजदूतले त राजदूतको पो काम गर्छ त, केटी माग्ने काम गर्छ ? भनेर भन्यो । अनि बिस्तारै कुरा गर्‍यो । त्यस्तो मान्छेले नेपाल खान्छ, म त बे गर्दिनँ पो भन्छ ।
– त्यसो भे तिम्रो छोराले बे गर्दैन ? ठिकै छ । तिम्रो छोरालाई नि प्रधानमन्त्री बनाऊँ भनेको । तिम्रो छोराको भाग्यमै छैन ।
– होइन बाज्या ! उसको कुरो नि ठीक लाग्यो । राजदूतले बे गर्देसि देश खान के बेर ?
– यो बुङ्गेको कुरो बुझ्नेन । के ढेउवाले देश खान्छन् त ?
– ढेउवाले खान्छ भन्या हो र ? खानेले खान्छ नि । ह्वाँ नेपालीले केटी मागेर बे गरेका अनि आफैँले घरबेटीकी छोरी उडा'काले त नेपाल खान सुरु गर्‍या छन् । त्यो त विदेशी । उसले भन्या मान्नु परिहाल्यो । के भन्न सक्छ र बाज्या ! मलाई त छोराकै कुरा ठीक लाग्यो । परको भन्या परकै हो ।
– लौ बुङ्गे, एउटा उपकार गरौँ भनेको नि काम लागेन ।
– लागेन बाज्या । अहिलेको मान्छे अरूको कुरै सुन्दैन बाज्या ।

●

# तुइन नि विस्थापित भेछ

– कामरेड टुक्के शक्तिमा भा बेलामा धेरै नभे नि दुइटा कामचाहिँ गरेकै हुन् । गऱ्यालाई गरेकै भन्नुपर्छ । पहिलो काम तुइन विस्थापित गर्छु भन्थे, गरेकै हुन् । अर्को सदनमा कागजकलम विस्थापन गर्ने भनेर सबैलाई ल्यापटप बाँडेकै हुन् ।
– होइन बाज्या, त्यो तुइन विस्थापित गर्नलाई त पुल बन्नुपऱ्यो । तुइन काँ विस्थापित भो ? अनि पुल काँ बन्यो ? बाज्यालाई था छ ?
– हेर बुङ्गे ! सबै कुरा था पाउनुपर्छ भन्ने छैन । पश्चिम नेपालमा तुइन विस्थापित नभा' भे अहिले आ'का नयाँ सांसदले कामरेडको हुलिया टाइट गर्थे । कुरा यसरी बुझ्नुपर्छ । त्याँ तुइन विस्थापित भो, यता उनीहरू चुप लागे । हो कि होइन, भन त ?
– बाज्या नि अन्दाजको कुरा गर्छ । त्यसो भे झोलुङ्गे पुल काँ बन्यो त था छ ?
– था छ । झोलुङ्गे पुल नबनीकन तुइन विस्थापित हुँदैन । त्यो पूर्वतिर जाने साँगाभन्ज्याङमा त्यत्रो ठूलो झोलुङ्गे पुल देख्या छैन बुङ्गेले ?
– बाज्याले भनेको ठीक हो । साँगामा पुल बनेर पश्चिम पहाडमा तुइन विस्थापित हुन्छ त ?
– हुन्छ । हेर न, त्याँ बनिसकेर ह्याँ बनेको त हो नि ! त्याँ नबनी ह्याँ बन्दै बन्दैन । हाम्रा कामरेड त्यति विचार नभा'का छन् र !
– कुरो यसो हो नि बाज्या, तपाईले टीभी हेर्दैन ? स्कुलका बच्चाहरू सबैले तुइनबाट वारपार गर्छ । त्यो तुइन होइन ?
– हो बुङ्गे, त्यो तुइन हो । बच्चाहरूले अहिलेदेखि नै तुइनबाट वारपार गर्न जानेनन् भने पछि सेना-प्रहरीमा जागिर खान सक्दैन भनेर अहिलेदेखि नै प्राक्टिस गऱ्या रे । नत्र कामरेड

टुक्केले गर्न के बाँकी राख्थे र ? सबै गरेकै हुन् । जाबो तुइनको कुरो किन नगर्नु ? कुरा बुझेन ?

– बुझ्यो बाज्या, कुरा बुझ्यो । अनि त्यो ल्यापटप छ नि, सबै सांसदले चलाउन जान्या र'छ ?

– के भन्छ बुङ्गे ? परिआए लाउडा चलाइदिन्छन् हाम्रा सांसदले । जाबो ल्यापटपको कुरा, सांसदले नजाने उनका घरको जान्नेले चलाउँछ । जान्नेले चलाउन नपाउनु ?

– पाउछ बाज्या पाउँछ । जान्नेले चलाउने हो । तुइन नि जान्नेले चलाउने हो । नजान्नेले त चलाउनै सक्दैन । त्यति मात्र हो र, त्यो झोलुङ्गे पुलमा नि जान्नेले मात्र वारपार गर्ने हो । नजान्ने त आत्तिहाल्छ नि । त्यो साँगामा नि नजान्नेहरू कति करा'का हुन्छन्, होइ बाज्या ? त्यस्तो आत्तिने, कराउने मान्छे धरहरा अनि त्यो भ्यू टावरमा चढे भने कति कराउला होइ ? त्यो नि त कामरेड टुक्केले बना'को होइन बाज्या ?

– हो बुङ्गे । बनार के गर्नु र ! उद्घाटन गरेसि पापीहरूले उनको नामै झिकेछन् ।

– त्यो त बदमासी भेन र भन्या ?

– बदमासी त सोह्रै आना हो नि ! तर अग्लो-अग्लो ठूलो-ठूलो संरचना बन्दा दुईजनाले उद्घाटन गर्नुपर्छ रे क्या ! त्यसै भेर अब अर्कोले उद्घाटन गर्न बाँकी छ ।

– हाम्रा कामरेड नि ज्यादै सोझा होइ बाज्या ? दुईजनाले उद्घाटन गर्नुपरे श्रीमतीलाई नि लगे हुन्थ्यो नि !

– हुन्थ्यो बुङ्गे । तर श्रीमतीलाई कैँची चलाउन आउँदैन रे । कैँची चलाउनेजति सबै श्रीमान्ले गर्ने रे'छ । हाम्रा ढेउवाको हो भने त्यो नि मिल्थ्यो । टुक्के कामरेडको मिलेन ।

– नमिले ठीकै छ बाज्या, जेजे गर्छन् गरून् । कि कसो ?

– गर्न त अरू केही गर्दैनन् । अब फेरि उद्घाटन गर्छन् । भाषण गर्छन् । रमाइलै गर्छन् नि बुङ्गे ! के फरक पऱ्यो र ?

●

# बागमती सफा हुनै मान्दैन

– जति सफाइ गरे नि उस्ताको उस्तै भन्या के हो बुङ्गे ?
– मान्छे हो नि बाज्या । सफा गर्छ, फेरि उस्तै हुन्छ ।
– होइन, यो बुङ्गेले जानेन ।
– किन नजान्नु ? मान्छे बाहिर दिनदिनै नुहाउँछ । तर भित्रको कालो उस्ताको उस्तै । होइन र ?
– भित्रको कालो कसैले नि देख्दैन । सेतो मान्छेको नि भित्र कालो हुन्छ, था छ ?
– के हो त बाज्या ? भन्देऊ न ।
– बागमती सफाइ गऱ्या क्या ! कैयौँ वर्ष भइसक्यो, बागमती सफाइ गऱ्या छ गऱ्या छ । तर बागमती उस्ताको उस्तै छ ।
– कुरो यसो नि हो बाज्या, कुनै नदी सफा हुनै मान्दैन । त्याँमाथि बागमती उपत्यकाभित्र सफा हुँदैन । किनभने सफा गर्न आइहाल्छ भनेर जहिले नि फोरी भ'र बस्छ ।
– डलर देखेर हो कि बुङ्गे ?
– होइन भन्या बाज्या । बागमतीले केको डलर देख्नु ? पशुपतिले भे नि आईसीसम्म देख्छ कि भन्नु । बागमतीले त उही सभ्य नागरिकको ढल देख्छ, त्यत्ति हो । त्यसै भेर यता सफा हुन चाहँदैन । गुलिन्दबाट उता लागेसि अनि सफा हुन्छ । किनभने त्याँ सफाइको नाटक गर्ने मान्छे नै हुँदैनन् । अनि आफैँ सफा हुँदै जान्छ । कसैले सफा गर्नैपर्दैन । बागमती पवित्र नदी हो नि, उसलाई सबै था छ । ढल हाल्छ, सफा गर्न आउँछ भन्छ ।
– त्यो गोकर्णदेखि माथि त बागमती कति सफा छ होइ ?
– बाज्या नि कस्तो कुरा गऱ्याको ? गोकर्णमाथि सबै अनपढ मान्छे बस्छ, त्याँ बागमती सफा गर्नुपऱ्यो भनेर टीभी र पत्रकारहरू लेर कोही नि जाँदैन । उनीहरूलाई बागमती सफाइ गर्नुपर्छ भन्ने था नै छैन । त्यसै भेर त्याँ सफा छ ।

– यो बुङ्गेले भन्या ठीक हो कि क्या हो ! अनि छ नि बुङ्गे, जति सफा गरे नि मान्छे उस्तै भन्या के हो नि ?

– हेर बाज्या ! त्यो बच्चा खाँड दिनदिनै नुहाउँछ । राम्रो लगार चिटिक्क परेर हिँड्छ । अनि मीठो नि खान्छ होला । तर त्यसको भित्र कति कालो र'छ नि त ! बाज्याले देखेन ? मति बिग्रेसि कस्तो हुन्छ ?

– देख्यो बुङ्गे देख्यो । अब त्यो बागमतीजस्तै विष्णुमती सफा गर्ने, इक्षुमती सफा गर्ने र हनुमती सफा गर्ने भनेर मान्छे जम्मा भो भने त उपत्यका सफा हुन केको आइतबार ? होइन बुङ्गे ?

– हो बाज्या । पहिले त मान्छे निस्कनुपर्‍यो नि सफाइ गर्न । मान्छे निस्कँदैन । मेलम्चीको पानी हालेर सफा गर्छ भनेर होला नदी सफाइ गर्न कोही निस्कँदैन । पहिले त हिरो-हिरोइन आउँथे, नाचगान हुन्थ्यो, रमाइलो देख्न पाइन्थ्यो, हप्ताको एकपटक भे नि रमाइलो हेर्न जाने भनेर बागमतीमा जम्घट हुन्थ्यो । यस्तै जम्घट गर्दा नि १३ अर्ब सक्केछ भन्या !

– हेर बुङ्गे, मान्छेले अब मन मार्न थाल्यो । जे गर्नुपरे नि सरकारले गर्छ भन्छ । सरकार भने सहकारीका हाकिम भागेजस्तो भाग्न ठिक्क पर्‍या छ । कोही सिङ्गापुर र अमेरिका पुगिसके भन्छन् ।

– एउटा कुरा नि बाज्या, मान्छेले कहिल्यै गर्न जानेन । बागमतीलाई जैले नि मनले सफा देख्नु सधैँ सफा हुन्छ । उपत्यकाका नदीहरूलाई कैल्यै नि मनले सफा देखेन, कैल्यै मनले सललल बगेको देखेन । मान्छेको मन खराब छ भनेको त्यही हो । त्यसै भ'र सकारात्मक होऊ भनेर कति भन्छन्, कसैले मान्दैन । सरकारलाई नि सकारात्मक भेर सोच भन्छन्, मान्दैन । सरकार त्यस्तो हो कि मान्छेहरू त्यस्ता हुन्, था भेन ।

– सरकार नि त्यस्तै छ बुङ्गे । राम्रो मान्छेलाई पाखा हाम्रो मान्छेलाई काखा गर्छ । अनि हाम्ले जति सकारात्मक भे नि के काम लाग्यो र होइ ?

●

# विकास भा’को नदेख्नेलाई के भन्ने ?

– नेपालमा विकास भेन भनेर सरकारको खोइरो खन्ने जमात छन् । तिनीहरूले विकास किन नदेख्या होला ? अचम्म छ ।
– के भो बाज्या ? किन करा’को ?
– करा’को होइन बुङ्गे । नेपालमा एकथरिले विकास भा’को देख्दै देख्दैनन् । के भा’को होला ? ताजुब लाग्छ ।
– मान्छेको मति बिग्रेसि त्यस्तो हुन्छ बाज्या ।
– त्यही त भन्या नि, खोलामाथि ढलान गरेर सडक बनाको कुन देशमा देख्न पाइन्छ ? टुकुचा खोलामाथि ढलान गरेर घर बनाछ । त्यस्तो दिमाग विदेशीको हुन्छ ?
– हुँदैन बाज्या । त्यस्तो दिमाग नेपालीबाहेक कसैको नि हुँदैन । त्यति मात्र हो र बाज्या, धोबीखोलाले छाडेको आठ-दस रोपनी कति पर्ती थ्यो, त्यसमा त आश्रम र स्कुल पो बनिसक्या र’छ । राम्रै भो ।
– बाज्या नि ! अनामनगरमा दस रोपनीजति पर्ती र’छ, त्याँ नि प्राइभेट बोर्डिङ बना’र गर्नु गऱ्या र’छ । हेर बाज्या, सामाखुसीमा वर्षको एउटा बालक मर्थ्यो । खोलामाथि ढलान गरेसि आनन्द थ्यो । यसपालि पालेनले ढलान फोड्या( भेर फेरि एउटा बालक बगा’र लग्यो । खोलामाथिको ढलान भत्काइहाले ।
– खोलामाथि घर बनाउने दिमाग कहाँबाट आयो होला ? खोला त देख्नै नहुने भो । उता हेर त, दिउँसै स्याल कराउने थापाथलीको बागमती किनारमा हामी सुकुम्बासी भन्दै घर बनार विकास गर्नु गऱ्या छन् । उनीहरूका बच्चा अमेरिका गा’का छन्, डाक्टर भा’का छन्, इन्जिनियर भा’का छन् । सुकुम्बासीको नयाँ फर्मुला त्यहाँ देख्न पाइन्छ । योभन्दा अरू के विकास चाहियो ? पालेनले यो अतिक्रमण हो भनेर बस्ती उठाउन खोजेको, एमालेका टुक्केले बस्ती उठाउन पाइँदैन भन्दै धम्की दिन थालिहाले । हुन

नि उनले निर्माण गरेको विकास भत्काउन पाइन्छ त ? त्यस्ता बस्ती त सबै खोलाकाकिनारमा छन् । कति भत्काउनु ?

– अहिले फुटपाथमा हिँड्न आनन्द भो नि बाज्या । हो, त्योचाहिँ विकास भाँडेको रे । फुटपाथ मात्र होइन, टुँडिखेलसम्म बाँडचुड गर्नुपर्छ भनेर लागेका थे । त्यति बेला नि शक्तिमा टुक्के नै थिए क्यारे । उखाने र अरूको विकास गर्ने तरिका बेग्लै र'छ । के गर्नु, टुक्केलाई कसैले चिनेनन् । नत्र अहिले टुँडिखेल कति रमाइलो हुन्थ्यो होला ?

– टुक्के धेरै जान्ने हो । बुटवलतिर घर हुनेलाई समेत काठमाडौँमा सुकुम्वासी बना' र'छ । अझ राम्रोसँग छानबिन भेसि के-के देख्नुपर्छ, पछि था होला बुङ्गेलाई ।

– हो बाज्या । टुक्केले साना दुःखले आर्ज्याको जगत् होइन यो । टुक्केका धेरै बोलीवचन बगेका छन् यो नेपालमा । तब त यस्ता विकास देख्न पाइन्छ । होइन त ?

– के गर्नु र बुङ्गे ! विकास भनेको गरे नि नगरे नि जस नपाउने वस्तु रछ । मान्छेलाई भत्काउँदै हिँडे नि ठिकै थ्यो । बनाउँदै हिँडे नि ठिकै छ । यति त गरे है भनेर भन्ने कोही हुँदैन । मानिसको खोपडी अचम्मको हुन्छ भन्थे, हो रछ । देखादेख नि कोही नबोल्ने ।

– उति बेला त्यस्तो थेन बाज्या यो मन्दिर । कसले बनायो भन्ने हुन्थ्यो । जवाफ नि फलानाले बनाको भन्थे । अब त्यस्तो छैन । अहिले त यो पुल कसले बनायो भनेर सोध्यो भने जवाफै आउँदैन ।

– कस्तो कुरा गऱ्या बुङ्गेले ! यो पुल कसले बनाको भनेर सोधेको जवाफ आउन्जेलमा त पुल नै भत्किसकेको हुन्छ । अनि जवाफ देर साध्ये चल्यो त ? सबै कुराको विकास यस्तै भा छ । बुझ्या हो ? अनि पो विकास भा नदेख्या हो क्या ।

●

# खानपिन आयोग फस्टा’को छ

- मति बाज्या, हजुरको मतिपुराणमा आयोगहरू छन् कि छैनन् ?
- मतिपुराणमा सबै कुरा छ । किन नहुनु ? तर सरकारले जति आयोग बना’को छ, ती सबै भस्म आयोग भन्न थाल्या छन् । त्योचाहिँ मतिपुराणमा नहुन नि सक्छ, हेरौँला ।
- सरकारले बना’को आयोग भस्म आयोग कसरी भो त बाज्या ?
- कसरी भन्नु नि, हेर न कानुन आयोग बनायो, त्यो भस्म भो । त्यसले केही काम गरेन । उता त्रिताल आयोग बनायो, त्यो नि ताल न सुर तित्राल नै भो, काम गरेन । दरबार हत्याकाण्डको आयोगले नि काम गरेन । मदन भण्डारीको नि त्यस्तै भो ।
- आयोग त धेरै पो बन्या छ कि क्या हो बाज्या ?
- आयोग बनेको कुरा नगर, कति छन् छन् । तर सबै भस्म आयोग भा’ छन् बुङ्गे ।
- सबैभन्दा चल्तीको आयोग के छ त बाज्या ?
- हेर बुङ्गे ! मतिपुराणमा त सबभन्दा चल्तीको आयोग भनेको खानपिन आयोग हो । यो आयोग धेरै फस्टा’को छ ।
- योचाइँ भस्म आयोग किन बनेन बाज्या ?
- यो आयोग भस्म आयोग बन्ने बेला भा’ थ्यो, २०७२ सालमा भूकम्प गो । अनि सबै राष्ट्रले सहयोग गरे । त्यो सहयोग भाग शान्ति जय नेपाल हुन थाल्यो । अनि त त्यसको नाम नै खानपिन आयोग भो । त्योचाहिँ खुब फस्टा’को छ । जस्तापाता नि खाए, चामल नि खाए सबै खाए ।
- जस्ता नै खाए भनेसि तिनका दाँत कति बलिया र’छन् होइ बाज्या ?
- त्यति मात्र हो र भन्या, त्यो कोरोना भन्ने रोगले विश्वलाई हल्लायो । तर नेपाल हल्लेन । किनभने धनी राष्ट्रले उपचार गर्न दे’को औषधिसमेत बेचेर भाग शान्ति जय नेपाल गरे ।

– यो ‘खानपिन आयोग’ त तगडा र’छ होइ बाज्या ?
– हो नि । कति तगडा, कति तगडा ।
– अनि बाज्या, त्यो खानपिन आयोगले राम्रो काम गरेन भनेर छानबिन आयोग गठन गरेन ?
– गरेन बुङ्गे । त्यसको नामै खानपिन भो, आफैँ आयोग नि भो । त्यसरी मिलेर बन्या आयोग भ’र त्यसमा छानबिन गर्नैपरेन ।
– अनि बाज्याको मतिपुराणमा जनताले के पायो त ?
– भूकम्पपीडित गरिब जनताले प्रतिघर एक-एक मुठी चिउरा र दालमोठ पायो । कार्यकर्ताले घरभरि चामल, दाल, नुन, तेल, मसलाका बोरा पाए । घरमा नअटेर ससुरालीमा समेत लगे । माथिकाले त के-के पायो, भन्न सकेन ।
– होइन बाज्या, विमानस्थलमा भूकम्पपीडितलाई आ’को त्रिपाल र जस्ता अझै नि छ रे नि ?
– किन नहुनु बुङ्गे । भे नि सबै सकिसक्या छ । त्य
ाँको एउटा खरिदारले उपत्यकामा दुईओटा अस्पताल बनाउँदा कुन पैसाले बना’को भनेर सोध्या होइन ?
– लौ बाज्या नि ! सोध्ने मान्छेलाई एक हिस्सा द्यो भने सोध्ने काम कसैले गर्दैन । अनुगमनमा जाने कर्मचारीले त व्यापारीलाई पहिले नै भोलि तिम्रो गोदाम अनुगमन गर्न आउँछ भनेर टीभीमा भन्न थाल्छ । हाकिमले कालिमाटीमा अनुगमन गर्न जा भन्यो भने अनुगमन गर्ने मान्छे भक्तपुर जान्छ । यस्तै हुन्छ बाज्या अनुगमन । त्याँ त सबै हिस्सेदार हुन्छन् ।
– हो बुङ्गे । नत्र मिति नाघेका सडेगलेका विषादियुक्त खानेकुरा जनताले खानैपर्ने थेन नि !
– बाज्या ! कुरो यसो नि हो । जनताले त्यस्तो सामान खाएन भने अस्पताल चल्दैन । औषधि कारखाना चल्दैन । कति मान्छे बेकामे हुन्छन् । सरकारले सबैतिर हेर्नुपर्छ भनेको यही हो । त्यति नि था छैन ?

●

# राजनीति हिँड्ने बाटो नि र'छ होइ !

– मति बाज्या ! यो 'मतिपुराण' मा राजनीतिको बाटो कस्तो हुन्छ, बताइदेऊ न ।
– हेर बुङ्गे । राजनीतिको आफ्नो-आफ्नो बाटो हुन्छ । जति पार्टीहरू छन्, उनीहरूका बाटा त्यति नै हुन्छन् । कुनै पार्टीको दोबाटो, चौबाटो नि हुन्छ । अहिले चण्डमुण्ड सरकारको राजनीतिक बाटो दोबाटो हो कि चौबाटो हो, छुट्याउन सक्या छैन ।
– भनेसि धेरै पढ्नुपर्ने र'छ, होइ बाज्या ?
– हो नि, पढ्नु त पर्छ नि ! कालिकोट, मुसिकोट अनि त्यो रोल्पा, रुकुम नपढी था हुँदैन ।
– राजनीतिको बाटो त्यता नि पुग्या छ बाज्या ?
– हेर बुङ्गे । रोल्पा, रुकुम हुँदै त्यो राजनीतिको बाटो दिल्ली पुगेछ, यता था छैन । अनि था पाएसि नेपालका अरू राजनीति गएर दिल्लीबाट ल्याए । अहिले त्यो राजनीतिको बाटो उतै दिल्लीतिरै जान खोज्छ । त्यो बाटोमा हिँड्ने राजनीति त मान्छे धुल्याउन मात्र खोज्छ । एउटा राजनीतिको त्यस्तो बाटो नि छ । अर्को राजनीतिको बाटो अर्कै खालको छ । त्यो बाटोमा हिँड्ने कोही थाकेर ओथारो बसिसक्या छन् । कोही बिरामी परेका थे, उपचार गरेसि अहिले भरेली भा' छन् । हाम्लाई हँसाउन सक्ने भा'का छन् । रमाइलो छ । उनलाई देखेसि आनन्द आउँछ । अर्को राजनीतिक बाटो झन् बेग्लै छ । त्यो बाटोमा हिँडेसि कसैले बोलेको कुरा कसैले बुझ्दैन । कुरा नबुझ्ने भेर नै त्यो बाटोमा हिँड्ने धेरै छन् । राजनीतिका अरू चानचुने बाटा त कति छन् छन् । कोही बाटो हिँड्यो भने पुरानो राजा भा ठाममा पुग्छ । कोही बाटोले सिंहदरबार पुऱ्याउँछ । कोहीले बालुवाटार, कोहीले शीतलनिवास पुऱ्याउँछ । बाटो मात्र भनेर हुन्छ र ?
– अनि बाज्या, संविधान भा ठाममा पुग्ने बाटो छैन ?

– छ बुङ्गे, त्यो नि छ । तर त्यो बाटो बना'को मात्र हो । त्यो बाटो कोही हिँड्दैन । संविधानलाई भेट्न जाने राजनीतिक बाटो कुन हो भनेर कसैले सोध्यो भने त्यै हो भनेर देखाउने मात्र हो ।
– बाज्या नि संविधानको बाटो हिँड्या छ त ?
– छ बुङ्गे छ । संविधानमा जाने बाटो हिँड्यो भने झगडा तगडा केही पर्दैन । त्यो बाटो हिँडेन भने अहिल्यै मारामार पर्छ । अहिलेका पार्टीहरू हेर न, त्यस्तै छन् । संविधानमा जाने बाटो हिँड्दै हिँड्दैनन् अनि त जहिले नि झगडा ।
– ए, कुरा बुझ्यो बाज्या । त्यो संविधानमा जाने बाटो त हाम्लाई मात्र बना'को र'छ होइ ?
– हो त नि, हाम्लाई मात्र बना'को हो । मुलुकमारा, ज्यानमारालाई बना'को होइन । यति बुझे सबै कुरा था होला नि ?
– था भो बाज्या । त्यसैले संविधानलाई सडकमा ल्यार पछारिरँदा र'छन् । महादेवले जटा पछारेजस्तो गरेर जसलाई रिस उठ्छ, उसले संविधानलाई ल्यार बाटैमा पछार्‍या छन् । कस्ता अपराधी !
– हो बुङ्गे । होचोको मुखमा घोचो भनेको यही हो । संविधानलाई अलि होचै बनार अर्कै साइजमा ढाले । त्यसै भ'र सबलाई रिस छ संविधानकै । संविधानलाई त्यस्तो नगर न भनेको, मान्दैनन् । उता संविधानले ग्वार मागेर छुट्टी छ । के गर्नु !
– हेर बाज्या । यो राजनीति हिँड्ने बाटोमा संविधान नअट्नु भनेको अर्घेलो नै हो । राजनीति र संविधान मिलेर हिँड्नुपर्ने ठाममा संविधानलाई जहिले नि लखेट्न खोजेर हुन्छ त ?
– हुँदैन भन्या त हो नि बुङ्गे ! भन्या कसैले मान्दैनन् । यसो केही परिआयो भने संविधान पल्टाउनुभन्दा विदेशतिर पल्टेर हैरान छ । चालामाला यस्तो भेसि राजनीति हिँड्ने बाटोमा संविधान हिँडाउन सक्ने नै कसले ? त्यसैले ह्याँ राजनीति हिँड्ने बाटो मात्र छ भनेका हुन् ।

●

# सय किलो सुनले नेपाल खोज्दै आर हैरान

– मति बाज्या ! पुरानो-पुरानो कुरालाई पुराण भन्छ, हो ?
– हो, लाखौं वर्ष पुराना कुराहरूलाई पुराण भनिन्छ ।
– अनि दुई-तीन वर्षअघिका कुरालाई के भनिन्छ नि ?
– त्यसलाई मतिपुराण भनिन्छ ।
– किन ? मतिपुराणमा पुराना कुरा हुँदैनन् ?
– हुन्छन् । पुराना र नयाँ सबै मिलेर बनेको कुरालाई मतिपुराण भनिन्छ । किन सोधेको बुङ्गे ?
– बाज्या, त्यो छ नि, नेपालमा अहिलेसम्म पाँच हजार किलो सुन आयो भन्छ । त्यो कसले जोखेर पत्ता लगा'को होला होइ ?
– यो त मतिपुराणमा नि छैन । हालसाल समा'को एक सय किलो भन्ने छ । तर पाँच हजार किलो त पुराणमा नि छैन ।
– अर्को कुरो नि बाज्या, तस्करले ल्या'को सुन समात्ने तर तस्करचाहिँ नसमात्ने किन होला होइ ?
– त्यही त ! तस्कर भनेका तस्कर हुन् । तस्करहरूको खेल यस्तै हुन्छ । कति आउँछ कति जान्छ, बल्लबल्ल एकपटक समाउँछ । त्यो नि भन्सार बाहिर रिङरोडको गाडीमा सुन समाउँछ, तर मान्छे हुँदैन । विनामान्छेको सुन आउँछ । नेपाल अब विश्वमा धनी हुने भा' छ । यसरी कुइन्टलका कुइन्टल सुन आफैँ नेपाल खोज्दै आउन थालेसि नेपाल त्यसै धनी हुन्छ बुङ्गे अब ।
– सुन ल्याउने मान्छे समाउन त केही गाह्रो छैन बाज्या !
– हेर बुङ्गे । हाम्ले भनेजस्तो सजिलो छैन नि । सुन ल्याए नि नल्याए नि मान्छे यही हो भनेर समात्नलाई खोजी भा छ । सुन ल्याउने मान्छे समाउने होइन ? सुन ल्याउने त के समाओस्, जे होस्, मान्छे समाउँछ । मान्छे नसमाए सुन हराउँछ । पहिले नि ३३ किलो सुन समातेर गायब भो । यो सुन गायब हुन के बेर ? यसमा ठूलो नाटक हुन्छ क्या ।

– यो सुनको काम मिल्छ अनि कामरेड टुक्केलाई भेटम् भनेको, कहिल्यै नाटक नसकिने भो होइ बाज्या ?
– कामरेड टुक्केलाई किन भेट्ने बुङ्गे ?
– का बाज्या ! त्यो घरछेउको मन्दिरमा पचास किलोजति सुनको गजुर हाल्नुपर्‍यो भनेर । यस्तो काम त ह्वाँले गर्छ नि ।
– ह्वाँले सुन ल्या'को हो र ह्वाँले भन्नेबित्तिकै दिन मिल्छ ?
– पशुपतिमा जलहरी राख्न एक सय आठ किलो सुन दिन मिल्छ, जाबो पचास किलो किन मिल्दैन ?
– मिल्दैन बुङ्गे । त्यस्ता कुरा गर्न जान हुन्न ।
– बाज्या नि कस्तो ? त्यो यता र उता हल्लाइराखेको सुन देवलमा गजुर राख्न लैजा भन्दे त टेन्सनै साफ । दुइटा मन्दिरमा पचास-पचास किलो बाँडे त मान्छे समाउन खोजतलास गर्नैपरेन नि, होइन र ?
– होइन बुङ्गे । ती कामरेडले दे'को सुन पानीले पग्लेर तीन महिनामै सकिन्छ । त्यस्तो सुन पगाल्ने शक्ति भा'को मान्छे हो ह्वाँ । ह्वाँसँग सुनको कुरै नगर्नु, ह्वाँले दे'को सुन नि नलिनु । पग्लेर पानी भैहाल्छ, के काम ?
– त्यसो भे यो सय किलो सुन के हुन्छ त बाज्या ?
– मान्छे समाउन नसकेको भन्दै मुचुल्का उठार कहाँ पठाउनुपर्ने हो, सुन पठाउँछ । अब गर्न बाँकी त्यति नै हो । सरकारले सके गर्ने त्यही हो । तर प्रतिपक्षले त्यसो गर्न देलान् जस्तो छैन ।
– त्यसो भे यो बेवारिसे सुनको गजुर बन्दैन होइन बाज्या ?
– हो बुङ्गे । तैनि कामरेडलाई सोधे हुन्छ, मलाई क्यै भन्नु छैन ।
– ह्वाँ सय किलो सुन समा'को अहिले ६१ किलो भो भनेर कामरेड टुक्केले भन्न थाल्या छन् । त्यसैले उच्चस्तरीय छानबिन ढुस आयोग बनार छानबिन गर्न लाग्या छन् । अब भने सुन तह लाग्ला कि ? नत्र त सुनलाई हल्लार बस्नै देनन् । अब भने कि सुनले था पाउँछ कि तस्करले था पाउँछ । ढुस आयोगले हात हालेसि त्यति नि भेन भने केको आयोग ? होइन र ?

●

# लौ, नेपालमा नि कानुन रै'छ हो !

- नेपालमा कानुन छ कि छैन बाज्या ?
- किन नहुनु । सरकारले भाषण गर्दा जैले नि कानुनी राज भन्छ । कसले कानुन छैन भन्यो ? त्यसलाई अधिकारी बन्धुकोमा बुझ्न पठाइदिनू । निर्मला पन्तका परिवारलाई सोधे नि हुन्छ ।
- बाज्याले भनेको ठाउँमा नि सोध्न गयो । त्यो ठाउँमा त कानुन जानै मान्दैन रे । त्यसै भेर मैले बाज्यालाई सोधेको ।
- नेपालको कानुन त्यस्तै हो । कतै जानै मान्दैन । कतै गएर गफ गरेर बस्या हुन्छ । कामचाहिँ गर्दैन । यताको कानुन अलि अल्छी छ । नेपालमा आयो नुन जबदेखि आयो, तबदेखि कानुन अल्छी हुन थाल्यो । त्यसै भेर होला ह्याँ कानुन छैन भनेको । तर किन नहुनु ? भोटबाट आ'को नुन खाँदा कानुन सधैँ फूर्तिलो थ्यो, आयो नुनले बिगारेछ बुझें ।
- बुझ्यो बाज्या । त्यसो भे कानुन कति प्रकारका छन् बाज्या ?
- धेरै प्रकारका छन् । कोही अग्ला, कोही होचा, कोही मोटा, कोही दुब्ला । भनिसाध्य छैन । कोही कस्तो छरितो बिजुली कानुन हुन्छ । त्यो भा ठाममा जा, काम गरेर आ भनेसि तुरुन्तै गर काम गर्छ । कोही कानुन जान्छु जान्छु भन्छ, जाँदै जाँदैन । गर्छु भन्छ, केही काम गर्दैन । यस्ता थरिथरिका छन् कानुनहरू ।
- अनि यस्ता थरिथरिका कानुन कसले बनाउँछ नि बाज्या ?
- संसदले बनाउँछ । हाम्ले चुनेर पठा'का सांसदले बनाउँछन् ।
- अनि त्यस्ता अल्छी कानुन किन बना'को होला होइ ?
- हाम्ले सांसदलाई चुन्दा नै त्यस्तै अल्छीलाई चुनेर पठा'का छौँ नि त । अनि त्यस्ताले बना'को कानुन त्यस्तै हुन्छ । ह्वाँ संसद चलिरा हुन्छ, सांसद निदार बसेका हुन्छन् । त्यस्तो बिजोग पो हुन्छ त संसद चल्या बखत ।
- अनि अग्ला-होचा सबै कानुन त्यहीँ बन्ने हो बाज्या ?

– अग्लो कानुन अग्लै ठाउँबाट बन्ने गर्छ ।
– अग्लो ठाउँ भन्या कस्तो नि बाज्या ?
– यस्तै हो भनेर ठ्याक्कै त भन्न सकिँदैन । जे होस्, आफ्नो मन परेको नाम र काम छ भने मन्त्रिपरिषद्बाट सोझै राष्ट्रपतिमा पठार बनाउने कानुनलाई अग्लो ठाउँबाट बना'को कानुन भनिन्छ । अहिले नागरिकता कानुन त्यसै गरी बना'का हुन् रे ।
– बाज्या, कानुन बनाएसि बनाउने मान्छेलाई नि कानुनले समाउँछ ?
– कानुनको इच्छा हो । समाउन नि सक्छ, नसमाउन नि सक्छ । समाते नि के गर्‍या भनेर कानुन बनाउनेले हप्काएसि छाड्छ । आफूलाई समाउने खालको कानुन बना'को हो कि हो कि जस्तो देखे नि त्यस्तो कानुन उनीहरू बनाउँदैनन् । सत्य निरूपण तथा मेलमिलाप आयोग त्यसै भर दराजाँ बस्या बस्यै छ ।
– कानुन त हामीजस्ता होचा-पुड्कालाई मात्र बन्ने रे'छ होइ ?
– होइन बुङ्गे । कानुन सबैलाई बनाऊ भनेर हाम्ले भत्ता खान दे'र बनाउन लगाउने हो ! उनीहरूको मति त्यस्तो भा' बेलामा त्यस्तै कानुन बनाउँछन् ! नेपालमा ठूला-ठूला कानुनै किन चाहियो र ? ठूलो देश भा'को भे ठूलै कानुन चाहिन्थ्यो । हाम्रो देशाँ दस वर्षभन्दा बढी थुन्ने कानुन छैन । त्यो नि व्याख्या गर्दै जाँदा तीन-चार वर्षमा छुट्छ । त्यसमा नि कानुनले थुन्नु भनेको हुन्छ, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले छाड्ने चलन छ ।
– अनि बाज्या ठूलाबडालाई नेपालमा कानुन बन्दैन त ?
– नेपालको कानुन त भनिहालेँ नि ! तर उनीहरूलाई अरू देशले नै कानुन बना'को हुन्छ भन्छन् । ठूला मान्छेलाई ठूलै देशले बना'को राम्रो रे ।
– ठूलो देश भन्या कुन हो बाज्या ?
– 'हेग' भन्छ । त्याँ बन्या हुन्छ रे ठूलाबडाको कानुन । तर हेग भनेको था पाउनुपर्नेलाई त था छैन, हाम्लाई के था ?
– हो बाज्या हो । हाम्लाई के था ?

●

# बुङ्गे नेता नबन्ने रे

– नेता हुन कति पढ्नुपर्छ बाज्या ? मलाई नि नेता बनूँ-बनूँ जस्तो भा' छ ।
– नेता हुनलाई केही पढ्नुपर्दैन । पहिले भे चारपासे भन्थे, अहिले आठपासे भन्न थाल्या छन् । त्यो नि ठूलो नेता हुन । सानो नेताका लागि त ल्याप्चे नै चल्छ ।
– त्यसै भेर र'छ विद्यालयमा जाँच दिने सबै पास । हाम्रा नेताहरूले परिवर्तन ल्या'को भनेर यसैलाई भन्छन् हो बाज्या ?
– हो । पढाइ महँगो । जान्नु केही पर्दैन । जाँच देऊ, पास होऊ, यस्तै छ । ज्यादै बाठा छन् हाम्रा नेता ।
– स्कुल त थुप्रै छ नि बाज्या ?
– स्कुलहरू थुप्रै छन्, विद्यार्थी नि थुप्रै छन्, माड्साब नि थुप्रै छन् । तर विद्यार्थीले केही जान्दैनन् । किनभने स्कुलका शिक्षकहरू पार्टीका कार्यक्रममा जानुपर्ने गर्‍या र'छन् । बिचरा माड्साबले कता मात्र भ्याउनु ! यो सरकारी स्कुलको कुरो हो । उता महिनामा एक लाख रुपियाँसम्म फी तिर्नुपर्ने बोर्डिङ स्कुल नि छन् । त्यस्ता स्कुल खोल्ने र त्याँ पढाउने अभिभावकको आम्दानी हेर्नुपर्ने हो । के गर्नु र, नेताहरूलाई हेरेसि सबै था हुन्छ । हेर्नैपर्दैन ।
– विश्वविद्यालयहरू त तगडै छन् नि, होइ बाज्या ?
– हो बुङ्गे । तगडै छन् । कहिलेकाही पाँच-छ महिनासम्म ताला लगाउँछन् । संस्कृत विश्वविद्यालयमा दुई महिनामा भर्खरै ताला खुल्यो । फेरि ताला लगाइन्छ, खुल्छ । यस्तै छ । तगडा भन्या यस्तै हो । पढेका नेता र नपढेका नेतामा फरक हुन्छ कि हुँदैन भनेर सोध्नुपर्‍यो भने अझ मलाई भन्दा नि रावललाई राम्रो था हुन्छ । उनैसँग सोध्ने हो कि ? उता खुनी शर्मा पढेकै व्यक्ति र'छन् । उनलाई अहिले समातेर छाडे भन्ने छ ।

– त्यो त मलाई नि था छ बाज्या ! प्रधानमन्त्रीले माफी माग्नुपर्ने, गृहमन्त्री र अर्थमन्त्रीले राजिनामा नदिने भे अनसन बस्ने कुरा गर्न थालेछन् अनि समात्या र'छ । धेरै बोलेछन् । काङ्ग्रेस भेर प्रजातन्त्रमा धेरै बोलिरहन हुन्न भनेको यही हो ।

– त्यति मात्र होइन बुङ्गे । उनको पढाइ नै त्यस्तै धेरै बोल्ने विषय परेछ रे ।

– का बाज्या ! पढाइ नि त्यस्तो हुन्छ भन्या ?

– हुन्छ बुङ्गे । दक्खिनेले विभिन्नखाले विषय पढाउँछ र प्रमाणपत्र दिन्छ । भारतले नेपाललाई सबथोक दिन्छ भनेको यही हो । पानीबाहेक सबैथोक दिन्छ । हाम्ले त पानी मात्र दिने हो दक्खिनेलाई ।

– अनि बाज्या, त्यो जाँच दिएसि सबै पास हुनु र भारतमा पढेर पास हुनुमा फरक छ र ?

– फरक त नपर्ने हो । त्यस्ता पढाइ कतिका छन्-छन् । अरूको छानबिन नगर्ने अनि उनलाई चाहिँ भारतमा पढेको भनेर घोक्रेठ्याक लगाइहाल्नुपर्ने, कडी पऱ्या भनेको यही हो ।

– हो बाज्या । कानुन आफैँ गर समा'को होइन, समाउन जा भनेर पठा'को र'छ होइ ?

– हो हो बुङ्गे त्यस्तै हो । के त, बुङ्गे नि नेता हुने हो त ?

– खोइ बाज्या । बोल्न त राम्रो जान्दैन, भाषण कसरी गर्ने ? अलि अप्ठेरो छ । फेरि चुनाव लड्नुपऱ्यो, जित्नुपऱ्यो होइन र ? नेता बन्ने पढाइ त पुग्ने र'छ, भाषणभिषण दिन थाल्ने हो कि कसो त ?

– के विचार छ, त्यही गर । भाषण मात्र जानेर हुँदैन । अरूलाई पछाडिबाट दनक दिन नि जान्नुपऱ्यो ।

– लौ, दनक दिने काम त मबाट हुँदैन । बरू नेता हुँदैन । छु मतलब होइ ?

●

# मान्छे सपनाले बिग्रेछन्

- तरकारीमा नुन र मान्छेमा गुण देखिँदैन भन्थे, हो र'छ । हुँदो न खाँदोसँग पृथ्वीनारायण शाहको सालिक किन भत्काउँदै हिँड्या होला ? त्यो नि त एउटा इतिहास हो । त्यो सालिकले के बिगारेको छ र ? लाउन-खान माग्या छैन । एक ठाउँमा उभेर बस्या छ । हेर्दाखेरि पालो बस्याजस्तै देखिन्छ । त्यो ठाउँको एउटा शोभा नि हो ! कि त्यो ठाउँमा आफैँ उभेर बस्नु नि ! नेपालका मान्छे धेरै बाठा भनेको त्यसै भेर र'छ । भत्कार के पाए ? भेका पुराना संरचनाहरू भत्कार चीन ठूलो भा'को अनि त्याँका जनता ठूला भा'का हुन् र ? चीनले त्यो जमानामा बना'को ग्रेटवाल संरक्षण गरेर राख्या छ । यस्तै बुद्धि हो भने उही बेलामा माओले बिगार्थे । गुम्बाहरू ध्वस्त बनाउँथे ।
- बाज्या ! म आउन ढिलो भो । गनगन गर्दै के भन्या बाज्या ?
- पृथ्वीनारायण शाहको सालिक भत्काछ, हेर न ।
- मति बिग्रेसि गर्ने यही हो । पहिले नि गाउँपालिकाका कार्यालय, पाटीपौवा, एकान्त भो भने मन्दिरसमेत भत्काउँदै हिँडे । के पाए त ? नेपालीलाई बहादुर भनेको यै र'छ । यस्ता बहादुर मान्छेले भत्काउने हो भने दक्खिनेको सीमामा रातोदिन नेपालतर्फ सारेको पिलर भत्काउन जाऊ न, होइन बाज्या ?
- नाम परिवर्तन गरेर र भेका पुराना संरचना भत्कार परिवर्तन देख्ने अनि आफूलाई महान् क्रान्तिकारी ठान्ने मान्छेको सोचाइमा किन यसरी धमिरा लाग्या होला, होइ बुङ्गे ?
- ठीक हो बाज्या । नाम परिवर्तन गरेर विकास भो त ? जान्ने भेर राजमार्गलाई लोकमार्ग भन्यो । राजदरबारलाई के भन्यो ? केही छैन । राजदरबारलाई नि जर्मन भाषामा 'लोकेस्त्रो' नाम राख्नु, होइन भने चाइनिज भाषामा दरबारको नामै 'छ्याङझान', रसियन भाषामा 'भुत्रास्की' राख्या भे हुन्थ्यो । हाम्ले भन्न भेन ।

– हुन्थ्यो नि बुज्रे । उति बेला यमीराम भट्टराईले नेपालको झन्डा फेर्ने कुरा गऱ्या थे । त्यो झन्डाले यमीरामलाई के पिरेको थ्यो र ? अहिले आफैँ एक महिनामा तीनपटक फेरिनुपऱ्या छ । परिवर्तन खोज्नेले यसरी परिवर्तन पाइरहँदो र'छ भन्ने था भो ।

– बाज्या ! कुरो यसो नि हो । यमीरामले पाए नेपाल नै फेर्ने सुर गऱ्या हुन् । अझ नि उनको सुर त्यस्तै छ । मान्छे शुद्ध गोर्खाली, विचारको त कुरै नगरौँ ।

– हो त बुज्रे । नेपालभाँडा यस्तै हुन् । जान्या भे नेपालका सबै चीजको नाम फेर्नु, गाडी, प्लेन, खानपिन, भाषै फेरे हुन्छ । सालिक भत्कार, राजमार्गलाई लोकमार्ग भनेर केको बहादुरी ? सगरमाथाकै नाम फेरे नि यिनलाई कसले ठूलो भन्छ र ?

– उस बेलाँ मादल नेपाल प्रधानमन्त्री बनेसि क्याबिनेट बैठक बस्न हेलिकप्टर चार्टर गरेर सगरमाथाको काला पत्थर भन्ने ठाउँमा गए । त्यो ठाउँको क्याबिनेट बैठकले के पास गऱ्यो र नेपालमा होनहार परिवर्तन आयो, केही था भेन । यिनीहरू ऐयाशी राजा-महाराजाभन्दा कम भे त ? अहिले कुरा उठ्न थाल्यो । ललिता निवासको जग्गा त्यहीँको क्याबिनेटमा खर्लप्प पाऱ्या र'छ कि ? होइ बाज्या ?

– हेर बुज्रे । मान्छे सपना देखेर हैरान भा'का छन् । उसले आफूलाई त्यस्तो हैरान ठानेको छैन । के-के न गरियो, के-के न प्रगति भो भनेर ठूलो पल्टेका छन् तर कसैले नि ठूलो ठानेको छैन । यो सपना गजब हुँदो र'छ । दिनमै सपना रातमै सपना, दायाँ-बायाँ सबैतिर सपनाकै घर बनार बिग्रेका छन् मान्छे ।

– ठीक हो बाज्या । धेरै सपना देखेसि कुन ठीक कुन बेठीक, मान्छेले छुट्याउनै सक्दैन । अहिले ढेउवा ठीकमा कि बेठीकमा, उनैलाई था छैन । उनी संरक्षक भेर बस्या भे उनकै कद बढ्ने हो । के फरक पर्थ्यो र ? यो सपनाले त्यसो गर्नै दिँदैन क्या !

●

# कम्पारो तताउने काम नगरे हुन्थ्यो कि !

– एकथरिले राजा आऊ देश बचाऊ भन्न थाल्या छन् । अर्काथरिलाई त्यो शब्द सुन्यो भने उसको कम्पारो तात्न थाल्छ । नेपालमा जे गरे नि सुख छैन भन्या यही हो ।
– हो बाज्या । राजा आऊ भनेमा एकथरि रिसाउने, राजा नआऊ भन्यो भने अर्कोथरि रिसाउने । किन रिसाउनुपर्‍यो भन्या ?
– हेर बुङ्गे । राजालाई डाकेर के फरक पर्‍यो र ? आउने नआउने राजाका कुरा हुन् । उति बेला कलम थापा गाईले नि राजालाई डाक्या हो । खोइ त राजा आ'का होइनन् । आखिरमा राजाले धोका दे भनेर कलम थापा थन्केर बसे । राजालाई डाक्ने अनि आफू मन्त्री खान हिँड्ने, राजा कसरी आउने ? धोका कसले दे'को हो, बुझौँ न ।
– हो बाज्या हो । ती भक्तपुरका रोहितनारानले राजालाई सानो बेलामा सिला'को भोटो राजाले लाउनै सक्दैन, त्यसैले राजा आउँदैन भनेर टिप्पणी गरे । उता यमीरामले भने राजाको भूत आउँदैन भन्ने टिप्पणी गरे । भक्तपुरको रोहितनारानभन्दा यमीरामलाई राजादेखि बढी डर भा'को देखिन्छ । यमीरामको बोली नै क्षुद्र भनेको यही हो ।
– राजा भन्नेबित्तिकै झस्किनुपर्ने केही देखिँदैन । जसले यो देशमा राजाले जत्तिको नि तीस वर्षमा केही गरेन, त्यसले त पक्कै झस्किनुपर्छ । होइन त बुङ्गे ?
– हेर बाज्या, राजालाई कतिले आऊ भने, राजा किन आउने ? धेरैले राजालाई धोका दिइसकेका छन् । कसैले आऊ भन्दैमा लुरुक्क परेर आउने हो र राजा ? राजाले जनताको नासो फिर्ता गरेको भनिसकेसि राजा आउने होइन भनेर बुझे हुन्छ ।
– हो त नि । राजा आऊ भन्नेहरू जुन पहाडको आवाज छ, त्यो धेरै शुद्ध र अर्गानिक आवाज हो । जो सहरमा उफ्रन्छ, त्यो

आवाजलाई नक्कली ठाने हुन्छ । सहरको आवाज सक्कली हुने बेला भा'को छैन । कुरा त्यसो नि हो बुङ्गे । जसले राजा चाहिँदैन भन्या थे, अहिले उनीहरूले मुख बाउन मात्र नसकेको हो । झापामा राजा जाने भनेसि यताबाट टुक्के नि झापा लागिसक्या होइन र ? कहाँछेउ अलिकति कुरा मिलेन, त्यसैले कार्यक्रममा गएनन् । अनि त टुक्केका नातिले हजुरबाबाट धोका भो भनेका हुन् । यता प्रधानमन्त्री चण्डमुण्डले नि राजाका बारेमा नकारात्मक कुरा गरेको था छैन । ह्याँ एकजुट गराइदिनेको खाँचो छ ।

– हो बाज्या । अब एकथरिलाई राजा भन्नेबित्तिकै कम्पारो किन तात्नुपऱ्यो ? शेरा दरबार र क्यान्टोनमेन्ट भन्नेबित्तिकै अर्कोको कम्पारो किन तात्नुपऱ्यो ? ललिता निवास भन्नेबित्तिकै अर्काको कम्पारो किन तात्नुपऱ्यो ? यी कम्पारो तात्नेहरूको कथाव्यथामा लाग्यो भने मुलुकको विकास हुँदैन । सबै स्वतन्त्र हुनु, खानपिन गर्नु, कोहीदेखि कोही नरिसाउनु, यो पो त काइदा ।

– हाम्ले भनेर नहुने र'छ बुङ्गे । हामी खान हुन्न भन्छौँ, उनीहरू खान्छन् । अनि खाए है भन्यो भने रिसाइहाल्छन् । यसरी नि उनीहरूको कम्पारो तातेको हो ।

– हो बाज्या । नत्र राजा आऊ भन्नै नपाइने हो र ? राजाको इच्छाको कुरा हो आउने-नआउने । देशको चिन्ता राजालाई नि छ नि । राजाले बोल्न नि नहुने कस्तो लोकतन्त्र ल्याए, था नै भेन । मान्छे धेरै रिसाउन थाले । लोकतन्त्रमा यसरी रिसाउनु हुँदैन क्या !

– हेर बुङ्गे ! यिनले जानेको रिस मात्र हो । पहिले नि अर्काको रिस गरेर मान्छे मार्दै हिँड्या हुन् । खोइ त रिस गरेर विकास हुँदो रैनछ । विकास गर्न काम गर्नुपर्छ । काम गर्न जानेकै छैन । त्यसै भेर रिस गर्छन्, कम्पारो तताउँछन्, हाम गर्छन्, बस्छन् । नेपालमा यसैलाई राजनीति भन्ने गऱ्या छन् ।

●

# गैरजिम्मेवारीमा परेका काण्डहरू

– सानो-सानो नेपालमा कल्पना नि गर्न नसकिने ठूला-ठूला काण्ड र झन्झन् ठूला घटनाहरू घटे । त्यो दरबार हत्याकाण्डलाई विश्वले अति नजिक भेर हेऱ्यो तर केही बोलेन । नेपालले त बोल्ने कुरा परै जाओस्, नजिकबाट हेर्ने कामसमेत गरेन ।
– हो बाज्या । नेपालका नेता कस्ता भन्ने कुरो भनिरहनैनपर्ने भो । त्यही काण्डले बताउँछ । त्यति मात्र हो र बाज्या, सबैभन्दा पहिले मदन भण्डारी र जीवराज आश्रितको घटना भो । त्यो दरबार हत्याकाण्डको रिहर्सल र'छ नि । हाम्रा नेताले त्यो हत्यालाई राम्रोसँग हेरेको थ्यो भने दरबार हत्याकाण्ड नहुने र'छ । त्यतिखेर राजाले नि त्यसमा चासो दे'को देक्खेन ।
– हेर बुङ्गे, यो घटना नै त्यस्तो हो । एकले अर्कालाई यसो गऱ्या भे हुन्थ्यो भनेर पन्छाइरहन सजिलो हुने घटना भा'को छ । पन्छाउँदै लगेर कसलाई दोष दिने हो, त्यसलाई दोष देर छोड्ने घटनाका रूपमा हेर्न मिल्ने बनेको छ ।
– बाज्याले भनेको ठीक हो । त्यत्रा घटनाहरू सुन पग्लेजस्तै पग्लेर गए । कसैको काँधमा आउँदैन । कोही जिम्मेवार हुँदैन । जिम्मेवार हुनैनपर्ने कस्तो आनन्दको देश अनि कस्ता आनन्दका नेता ? होइ बाज्या ?
– नेता त अहिलेसम्म कोही नि बोल्या छैनन् । उनीहरू नि अर्का-अर्कालाई, मरिसकेका नेतालाई दोष देर बोल्छन् । समाउनुपर्ने बेलामा चुप लागेर बस्ने अनि स्वर्गवासीलाई दोष दिने । कति सजिलोसँग बोल्छन् । हाम्लाई त लाज लाग्न थाल्या छ ।
– हो बाज्या । त्यो नि नेताले बोल्नैपर्दैन । उनका चम्चेहरूले नेतालाई ठिक्क हुने गरी बोल्देका छन् । अनि त नेताले किन बोल्नुपऱ्यो र होइ ?

– हो बुझें । अब ती मदन भण्डारी हत्याकाण्ड कसरी भो भनेर पोखरादेखिकै नालीबेली बताउन थाल्या छन् । सुन्दाखेरि अचम्म लाग्छ, हत्या आफ्नै अगाडि भेसरह नै बोल्ने गरेका छन् ।
– हो त नि बाज्या । त्यो दरबार हत्याकाण्ड नि कसरी भो भनेर देखेजस्तै विवरण बताउन थाल्या छन् । कति साँचो हो, कति झूटो हो, कसलाई के था ? एउटा ठूलो झिँगासमेत पस्न नसक्ने दरबारमा वंशनाश हुने हत्या कसरी भो ? नेपाली मात्र होइन, विश्वका सबै अचम्ममा पर्‍या छन् । अनि आधिकारिक व्यक्ति कोही नि बोल्नुनपर्ने, अधिकारविनाका व्यक्तिहरूको बोलाइले के काम गर्छ र ?
– हो त नि बुझें । अहिले अनेकौं तानाबानासहितका कुराहरू था हुनेले यस्तो घटना घट्दैछ भनेर पहिले नै भन्देको भे सबै जोगिन्थे होलान् नि, होइन र ?
– हो बाज्या । त्यो बेलाको इतिहास पढ्दा अहिले जीउ नै जुरुङ्ग गर्छ । त्यति बेलाका हत्यारा मर्‍या मान्छेलाई बनाइया छ । मर्‍या मान्छेले त्यत्रो हत्या गर्न सक्छ ? भन्ने नि छ ।
– त्यस्तै हो कि, उस्तै हो कि भनेर जता नि तन्काउन सकिने, तन्काउन मिल्ने बनेको छ घटना भनेर त अघि भनिहालें नि, होइन र ?
– भन्या हो बाज्या । हाम्रा नेताहरू खानपिनमा चम्बु छन् । काम गर्नमा शून्य । यिनीहरूको हातमा देश पर्‍या छ । खोइ के हुने हो, था छैन । किनभने यिनीहरू बाठा छन् । नेपाली जनता सोझा छन् । जे भने नि भो । जे गरे नि भो । मनलाग्दो छ ।
– सतीले सरापेको देश भन्या छन्, लुँड्या'का छन् । कोही मरोस् कि बाँचोस्, के मतलब बुझें ।
– हेर बाज्या । नेपालमा जति काण्डहरू घटेका छन्, ती सबै गैरजिम्मेवार मान्छे र बेवारिसे घटना बन्या छन् । ह्याँको यो विशेषता हो । सबैले जाने हुन्छ ।

●

# भैंसीनीति त छैन, राजनीति के बस्थ्यो !

– होइन हौ बाज्या, नीतिमा सबैभन्दा ठूलो नीति कुन हँ ?
– नीतिशास्त्र अनुसार सबभन्दा ठूलो नीति भनेको राजनीति हो । तर दलाल भ्रष्टसँग बस्न सकिएन भनेर राजनीति उति बेलै गैसक्यो ।
– राजनीति काँ पाइन्छ त बाज्या अहिले ?
– यी ठूलाबडा नेताका घरमा उनीहरूले भनेको राजनीति किन्न पाइन्छ । इन्द्रचोकमा भन्दा ठूलो पसल खोलेर बस्या छन् । थरिथरिका नीतिहरू किन्न पाइन्छ त्याँ । होलसेलमै पाइन्छ । तर बढीबढाउचाहिँ गर्नैपर्ने हुन्छ । त्यसलाई नक्कली राजनीति भनिन्छ ।
– कस्तो हो थरिथरि भनेको ? हुन त मलाई सबै चाइया होइन, तैनि जानिराखौँ न !
– राजनीति त राजनीति भैहाल्यो । त्यसबाट लम्पसारनीति, स्यालनीति, कूटनीति, दुर्वाच्यनीति, अरिँगालनीति, खाउनीति, अहम्नीति अनि दमननीति, त्यस्तै गोठालेनीति र चाप्लुसीनीति नि छन् । सबैभन्दा चाप्लुसीनीति तगडा भन्छन् । बुङ्गेलाई कस्तो नीति चाइया हो ? किन्नैपर्ने भे ठाउँ हेरेर जानू । ठगिएला । ह्याँ त राजनीति भन्छन्, कमलकोटी पाल्नुपर्ने ठाउँमा अरिँगाल पालेर बस्या छन् । त्यस्तैको फेला पऱ्येला ।
– मलाई त भैँसीनीति, बाख्रानीति चाहिया थ्यो । त्यो नपाइने र'छ होइ ?
– त्यो नि पाइन्छ, तर अन्तै जानुपर्छ । हाम्रा प्रधानमन्त्रीलाई चिन्ने मान्छे कोही छ ? छ भने त्यसलाई लेर बालुवाटार जानु, भैँसीनीति खरैं पढ्न पाइन्छ । त्याँ नि भैँसीनीति पढ्न पाइएन भने नेपालको पहिलो राष्ट्रपतिकोमा गए हुन्छ ।
– अनि बाज्या ! त्याँ भैँसीनीति मात्र र'छ ? राँगोनीति छैन ?

– हेर बुङ्गे । त्यो त प्रधानमन्त्रीलाई सोध्नुपर्छ । किनभने दक्खिनेबाट प्रधानमन्त्री नेपाल फर्किदा पन्ध्र राँगा दाइजो पठाको भन्ने छ । अब राँगो लेर आइसकेसि राँगोनीति अवश्य हुनुपर्छ ।
– राँगो नि मलाई चाइया होइन बाज्या, बुझ्न खोजेको क्या । दक्खिने कति बाठो होइ ? भैँसी नै दाइजो दिन सक्थ्यो नि । भैँसी दाइजो द्यो भने नेपालीले दूध र भात खान्छ भनेर राँगो पो पठाछ । अब त्यो राँगो ब्याउने होइन । नेपाली ठगिएछन् नि । हुन त त्यताको संस्कार नै त्यस्तै हो ।
– अनि नीतिको खोजी किन चाहियो त बुङ्गेलाई ?
– राजनीति नै ठूलो नीति भनेसि हाम्रा नेताहरू ठूलो नीति समातेको भनेर दङ्ग पऱ्या होलान् । अनि उनीहरूले राजनीति गऱ्या छ त बाज्या ?
– गर्न त सबैले राजनीति गऱ्या भन्छन् नि । तर राजनीतिमा भनाभन, हानाहान हुनुनपर्ने हो । ह्याँ त त्यस्तो नि देखिन्छ ।
– त्यसो भे राजनीति शून्य नै माने भो । नेताहरूले गर्ने भनेको राजनीति उही गोठालेनीति पो र'छ । मैले भैँसीनीति खोजेको, कस्तो मिलेछ होइ बाज्या ?
– हो बुङ्गे । राजनीति नभे कूटनीति गर्छन् होला नि ?
– गऱ्यो बाज्या कूटनीति । असंलग्न कूटनीति भन्थ्यो, अहिले त्यो भनेको नि छु ख छु ख ? उता नेपालमा बीस लाख पर्यटक भित्र्याउने भनेर तामझाम मात्र के गऱ्या थ्यो, कोभिड आर खत्तम बनाइद्यो । अनि त कूटनीति नि हरायो ।
– होइन बुङ्गे, त्यो त अझ परैको कुरो हो नि त, नजिकमा रहेको दक्खिनेसँग केके सम्झौता गरेर आउँछ अनि दक्खिनेले मतलब राख्दैन, नेपाल त्यत्तिकै झुन्डेर बस्छ । ईपीजीको बैठक कहाँ पुग्यो, कसैलाई मतलब छैन । अनि कूटनीतिको के कुरा गर्नु ? ह्याँ त उही राजदूतहरू आर ठाडै प्रधानमन्त्रीलाई भेट्ने कूटनीति पो चल्या छ । असंलग्न कूटनीति त काँ पुग्यो पुग्यो ।

●

# पानीनीतिमा गद्दारी

– नेपालमा नदी धेरै छ कि क्या हो बाज्या ? सबैले नदी बेचेर खायो भन्छ । नदी जाँ'को त्यैँ छ । के बेचेर खायो ? जहिले नि अचम्मको कुरा सुन्नुपर्छ ।
– नदी धेरै छ बुङ्गे । धेरैले धेरै नदी बेचेर खाए । नदीचाहिँ बेचेकै हुन्, पानीचाहिँ बेचेको होइन । पानी त जता गहिरो छ, त्यतै जान्छ । के बेच्नुपऱ्यो र ?
– नदी कसलाई बेच्यो त बाज्या ?
– दक्खिनेलाई बेच्यो नि । अहिले सबैले भन्ने गरेको त्यही हो । नेपाल भारत बस्यो, पानीनीति बनायो, बेच्यो ।
– पानीनीति कस्तो छ त बाज्या ?
– हेर बुङ्गे । पानीनीति बाँदरले पाउरोटी जोखेजस्तै हो । महाकाली नदीको पानी बराबर गर्ने भन्यो अनि दक्खिनेले बाँध बनायो । आखिर नेपाललाई दस प्रतिशत पानी द्यो, अरू उसैले लग्यो । त्यो दस प्रतिशत नि चाहिने बेलामा पाउँदैन । नचाहिने बेलामा दिन्छ । नेपाल भारतको पानीनीति त्यस्तो छ । यो त महाकाली नदीको पानी भो । सप्तकोसीको पानी नि त्यस्तै हो । भन्ने बेलाँ धेरै पानी दिने कुरा गऱ्यो, दिने बेलाँ महाकालीको जस्तै हो ।
– अनि बाज्या, त्यो पञ्चेश्वरको नि कुरा गर्छ ।
– पञ्चेश्वरमा बाँध बाधेर पानी लगेको भेर पञ्चेश्वर भन्ने गरेको हो । दक्खिनेले त्यो पानी लगेर ठूलो तलाउ नै बना'को छ ।
– दक्खिनेलाई त्यत्रो पानी किन चाइयो होला होइ ?
– दक्खिने ठूलो राष्ट्र छ । उसलाई सिँचाईका लागि नि पानी धेरै चाहिन्छ । त्यसमाथि बत्ती निकाल्ने नि कार्यक्रम छ । उसको उत्तराखण्ड क्षेत्रमा ठूलाठूला नदीहरू थुनेर बत्ती निकाल्ने गऱ्या छ । त्यतिले मात्र पुग्दैन ।
– पानीनीतिले हाम्लाई के फाइदा भो त बाज्या ?

– हेरेमा फाइदैफाइदा, नहेरे केही नि फाइदा छैन । पानीजति उसैले लग्या छ, के फाइदा भन्नु ? नदी नीति हाम्रा लागि बन्या होइन । बत्ती निकाल्ने कुरामा नि उसैको हात माथि पऱ्या छ ।

– त्यसो भे हाम्रा नेताले त नेपालीलाई गद्दारी गरेछ होइ ?

– गद्दारी होइन बुङ्गे । सम्झौता गरेकै त्यस्तै । उति बेला एउटा प्रधानमन्त्रीले जेजे मन लाग्यो, त्यही गर्दै आयो । त्यसमा हुन्न भनेर कराउनेले फेरि अर्कै नदीलाई त्यसै गऱ्यो । अनि त्यो नि नदी बेच्यो भनेर कराउने पार्टीको प्रधानमन्त्री बनेसि उसले नि अर्को नदी त्यसै गरी बेच्यो । हुँदाहुँदा सबैले सबै नदी पालैपालो बेचेका हुन् । त्यसै भेर नदी बेचेको होइन भनेको । उखाने नेताले सूर्य पश्चिमबाट उदायो, भारतले १ खर्ब २६ अर्ब वर्षमा नेपाललाई दिने भो भनेर सदनबाट पास गरेर महाकाली नदीको १७ किलोमिटर  बेचे । अहिलेसम्म यो १ खर्ब २६ अर्ब कसले खा'को छ, था नै छैन । यस्ता कुरा गर्दै नदी बेचेका हुन् ।

– बाज्या ! आफूले बेचेसि फेरि किन करा'का होइ ?

– जनतालाई ठगेको भन्या यही हो । आफूले बेच्ने, अरूलाई दोष दिने नीति नै पानीनीति हो बुङ्गे ।

– अनि बत्ती निकाल्ने कुरा नि गर्छ । त्यो भनेको के हो बाज्या ?

– उही पानी बाँडफाँड नीतिजस्तै हो बुङ्गे ।

– हाम्रो पानी खार दक्खिनका मान्छे कस्ता मोटाका, होइ बाज्या ?

– हेर त बुङ्गे, वैरीको मुलुकमा आफैँ हिँडेर जाने के हो भनेर कसैले सोध्यो भने पानी भनेमा फरक पर्दैन । त्यसमा नि हाम्रो पानी कम्ता पोसिलो छ !

– हो बाज्या, हाम्रो बुढीगण्डकी आर त्रिशूलीमा मिल्छ अनि त्यो गएर पटनामा पुगेसि हरिहरक्षेत्र भनेर धाम बना'को छ त्याँ पुग्छ । हाम्रो नदीले यसरी इज्जत नि राख्या छ ।

– हो बुङ्गे हो । मानसरोवरबाट निस्केको पानी गुहाटीमा पुग्छ । ब्रह्मपुत्र नदी भनेर के गर्नु, ढल मिस्सेको छ । त्यो हेरिकन हाम्रा नदीहरूले त बडो सम्मान पाका छन् ।

●

# 'रे'ले गर्दा हाम्रा नेता उल्टो काम गर्ने भा रछन्

- हेर बुङ्गे । यो मतिपुराणभित्र रहेको मुटुको कुरा गर्दैछु आज । राम्रोसँग सुन । हाम्रो जीवनमा 'रे' ले नराम्रो असर गऱ्या छ । हेर्दा देखिँदैन तर चारैतिर 'रे' ले हाम्लाई धक्का दिइराखेको छ ।
– यो 'रे' भनेको के हो बाज्या ?
– यही त भन्दैछु । 'रे' भनेको एक प्रकारको नदेखिने किरण हो । हामी बिरामी पर्दा अस्पतालमा हाम्रो एक्स्रे गर्छ । हाम्रा रोगहरू त्यो एक्स्रेको 'रे' भित्र गएर खिचेर ल्याउँछ । त्यही हेरेर डाक्टरले हाम्रो रोग पत्ता लगाउँछन् । अस्पतालमा भिडियो एक्स्रे गर्दा नि कुरो त्यही हो । अझ अहिलेका केटीहरूले पेटमा बच्चा बसेसि छोरा हो कि छोरी हो भनेर पेटमै हेर्ने विधि नि त्यही 'रे' बाट नै चलेको हुन्छ । सकेसम्म यस्तो काम नगर्नु, यसले भित्रको बच्चालाई हानि गर्छ भन्ने छ । तर मानेको देखिँदैन । अहिलेका मान्छेले पेटभित्रै देखि 'रे' को सामना गर्नुपर्ने भा छ ।
– कुरो त्यस्तो पो र'छ होइ बाज्या ?
– हो बुङ्गे । अझ सुन न – हामी टीभी हेर्छौं । त्यसले नि 'रे' फाल्ने काम गरेको हुन्छ । उसको 'रे' त्यति हानिकारक हुँदैन भनिन्छ । त्यस्तै मोबाइल बोकेका छौँ, त्यो नि 'रे' बाटै सञ्चालन भाको छ । टेलिफोनहरू, ठूलाठूला हाइटेन्सन लाइन, रेडियोहरू ती सबैले फालेका साथै सूर्यको 'रे' सबै आफ्नो-आफ्नो दिशातिर हिँडिरहेका हुन्छन् । अनि तिनीहरूसँग हाम्रो ज्यान कति ठोकिन्छ, भनेर साध्य नै छैन । हामी शिथिल हुन्छौं, फेरि ठीक भेजस्तो हुन्छ । यो सबै त्यसैको काम हो । भन्न त त्यसले हाम्लाई हानि गर्दैन भन्ने छ । तर के गर्नु र, अवस्था हेर्दा मिनरल वाटरले समेत हानि गऱ्या छ । पानी अड्केर कति मऱ्या छन् ।
– ओहो बाज्या, यो त खतरा कुरा सुनायो । अरू के गर्छ बाज्या ?

– हेर बुङ्गे । त्यो 'रे' को प्रभाव र खेतबारीमा विषादीको प्रयोगबाट निस्कने किरण दुवै मिलेर वातावरण प्रदूषण गरायो भन्ने छ ।
– बाज्याले डर लाग्ने कुरा भन्यो बा ।
– अझै डर लाग्ने खतरनाक कुरा भन्दैछु सुन । नेपाल र नेपालीलाई धेरै असर गरेको सीआईए, केजीबी र 'रअ' को 'रे' ले हो । यसैका कारणले आज नेपाली भा'काहरू भोलि विदेशी भैसकेका हुन्छन् । आजका विदेशीहरू भोलि नेपाली भैसकेका हुन्छन् । कसरी, किन, कहाँ, को भन्ने सवाल-जवाफ त्यहाँ हुँदै हुँदैन । त्यो 'रअ' को 'रे' ले फेला पारेसि आज भाको जमिन भोलि अन्तै पुगिसक्या हुन्छ । त्याँ 'रे' ले पायो भने भस्म बनाइदिन्छ ।
– ओहो, यो त धेरै कडा र'छ होइ ? बेलायतको संसदले केटालाई केटी, केटीलाई केटा बनाउन सक्दैन, अरू सबै बनाइदिन्छ भन्थ्यो । त्योभन्दा नि कडा र'छ होइ बाज्या ?
– हो त नि । यसको कुरा यस्तै हो ।
– अनि बाज्या, त्यो 'रअ' भनेको के हो नि ?
– लौ सुन बुङ्गे । त्यो 'रअ' भनेको कुनै देश चलाउने भाँडो हो । त्यसले देश चलाउँछ अनि त्यो देशका ठूलाबडाहरूलाई फन्फनी घुमाइदिन्छ । उसले भनेको सबैले मान्नुपर्छ । नमाने त्यसको राशीफल बिग्रन्छ । सबैको कुण्डली उसैको हातमा हुन्छ बुङ्गे ।
– लौ बाज्या । झन् खतराको कुरा सुनायो त । कस्तो कुरा गऱ्या होला ? त्यहाँ देश चलाउन हाम्रोजस्तो प्रधानमन्त्री, मन्त्रीहरू अनि राष्ट्रपति छैन ?
– छन् बुङ्गे । सबै भे नि नभेसरह नै हो । देशको प्रशासन उसैले चलाउँछ । अनि आफ्नो स्वार्थ अनुसार दायाँ-बायाँका राज्यले नि उसलाई मानिदियोस् भन्ने धारणा राख्छ ।
– हाम्लाई नि त्यो 'रे' ले असर पाऱ्या छ त बाज्या ?
– हाम्लाई मात्र होइन, त्यसले चारैतिर असर गर्छ । कुनै असर राम्रो हुन्छ, कुनै असर नराम्रो हुन्छ ।

– अनि 'रअ' को 'रे' ले नेपालीलाई धेरै असर गऱ्या छ भन्या होइन त ?

– सधैँभरि असर गर्ने होइन । कहिलेकाहीँ असर गर्छ, जान्छ । त्यसको पछि लागेर नेपाली बस्दैनन् । नेपाली आफ्नो काम गर्न थालिहाल्छन् । त्यसलाई वास्ता नगरेसि ऊ नि बसिरहँदैन, आफ्नो बाटो हिँड्छ ।

– कुरा बुझ्यो बाज्या । त्यो कहाँको 'रे' हो, त्यसको असर हाम्रा नेताहरूमा पऱ्या जस्तो छ । हाम्रा नेताहरू नचाहिने काम मात्र गर्छन् । किन यस्तो भन्या त बल्ल था भो । 'रे' को असरले गर्दा बिचरा हाम्रा नेताहरू र ठूला प्रशासकहरूको दिमागले कामै गर्न छाडेछ । काम गरे नि नहुने नहुने काम किन गर्छन् भनेको त अब था भो, होइ बाज्या ?

– हो बुझे । 'रे' ले चारैतिर असर गर्छ । हाम्लाई त असर गर्दैन भन्छौँ । तर अहिलेसम्म उसैको असरले पिऱ्या छ । अझ हाम्रा नेताहरू धेरै बाठा भर 'रे' बाट जनताले त्यति दुःख पाउनुपऱ्या छैन । जनताले दुःख पाउन लागे कि नेताहरू त्याँ पुगिहाल्छन् । जनता र देशको यस्तो माया छ हाम्रो नेतामा । त्यसै भेर जनता र नेतामा जहिले नि सम्बन्ध राम्रो छ ।

– काः बाज्या, कुरा मिलेन । हाम्रा नेता कति राम्रा छन् !

– राम्रै भेर हो बुझे बारम्बार घुँडा टेक्ने भाका । अरू देशका नेताले खुट्टा टेक्छन्, हाम्रो देशका नेताले घुँडा टेक्छन् । त्यो सबै 'रे' कै प्रभावले हो ।

•

# छायाँ सरकार छैन

– हेर बाज्या, कहिले त मलाई नि टेन्सन हुन्छ भन्या ।

– केको टेन्सन पऱ्यो त बुङ्गेलाई ?

– हाम्रो यति राम्रो देश किन बिग्रेर गयो भन्ने टेन्सन त हुन्छ नि बाज्या । हिजो दिनभर यही टेन्सनले छोडेन । खाना नि खान मन लागेन । अनि मैले पत्ता लगाएरै छाड्यो । पहिले-पहिले छ नि बाज्या, सरकार बनेसि विपक्षीले छायाँ सरकार बनाउँथ्यो । अनि त सरकार जता गयो छायाँ त्यतै जाने भो । सत्तापक्षले बदमासी गर्नै नपाउने भा थ्यो । कोही नि छाडा हुन पाएन । अनि सदनमा नि छायाँ सरकारका मन्त्रीहरूले वास्तविक मन्त्रीहरूको झ्याँको झार्ने गर्थे । यति हुँदा नि देशमा त अमनचैन भा जस्तै देखिन्थ्यो । अहिले भद्रगोल भो, किन ? भनेको त छायाँ सरकार त छँदै रहेनछ ।

– बुङ्गेको कुरा ठीक हो । अहिलेको कुरो यस्तो छ नि त । सरकारको पछि लागेर हिँड्ने छायाँ सरकारलाई सत्ताको सबै कामकुरोमा नजानिदो गरी सहभागी गराउन थाल्यो । अनि त्यसमा झिल्ली झरेको देखेर छायाँ सरकारले त्यही टिप्न थाल्यो । सबै त्यसैमा लटपटिन थाले । अनि छायाँ सरकार बनाइरहने फुर्सदै भेन । छायाँ सरकार बनाउन थालुन्जेल सत्ता सरकारले कति भ्याइसक्छ । अलमल गरेर बस्ने कुरै भेन । यो अहिलेको कुरो होइन । केही पहिलेदेखि प्रतिपक्षले छायाँ सरकार हटाउन थालिसकेको कारण यही हो ।

– हो नि बाज्या । छायाँ सरकार बनाइरँदा छायाँ सरकारका मूलीका लागि हात लाग्यो सुन्ना हुन थालेछ । उनले नि विचार गर्दा त्यही छायाँ सरकारकै कारणले हो भन्ने पत्ता लागेसि केको छायाँ सरकार बनाइरन्थे त ? कुरो त्यस्तो र'छ नि त बाज्या !

– हो बुङ्गे । अबको खाउनीतिमा छायाँ सरकारको महत्त्व रहेन । प्रमुख प्रतिपक्षले छायाँ सरकार बनायो भने स्वतन्त्रले के बनाउने ? अनि राप्रपाले के बनाउने ? हुँदाहुँदा सरकारको कद ठ्याक्कै घट्ने भो । त्यसैले त्यो प्रथा हटेको हुनुपर्छ ।
– होइन बाज्या, त्यो छायाँ सरकारको कल्पना गर्नेको एक थोपा नि बुद्धि रैनछ । आज लागू गर्‍यो, भोलि झिक्यो । नेताको खोपडी नि यस्तो खाली हाँडीजस्तो भेसि के काम लाग्छ ?
– त्यही त बुङ्गे । हाम्रा नेता त दोषारोपण गर्ने र सत्तोसराप मात्र गर्न जान्ने र'छन् । यिनीहरूबाट केही नि हुँदैन भन्ने कुरो त यसै नि था भो ।
– हो बाज्या । छायाँ सरकार त नाटक मात्र र'छ होइ ?
– सरकार नै फेल भा'को बेलामा छायाँ सरकारको के काम ? यस्तो हो नि त कुरो बुङ्गे ।
– बाज्या, ठीक हो । हेर, छायाँ सरकारका लागि नि लायक रै'नछन् । अनेकौँ नाटक गरेर आ'को सरकार नै छायाँ सरकारजस्तो छ । त्यसको नि छायाँ सरकार कस्तो होला ?
– हो नि बुङ्गे । औकात नै छायाँ सरकारको र'छ । हाम्ले यिनीहरूसँग धेरै खोजेर हुन्छ ?
– हो बाज्या । बेकार मलाई टेन्सन बनाइद्यो होइ ?
– बुङ्गेलाई टेन्सनको कुरो होइन । बुङ्गेको सोच ठिकै हो । सरकार र छायाँ सरकार मिलेसि सत्ता लगभग छायाँ सरकारजस्तै देखिन्छ । सरकारसँग छायाँ सरकार मिलेसि बाहिर देखिने यही हो । तर भित्रभित्रै भाग शान्ति जय नेपाल भैराको हुन्छ । त्यसै भेर छायाँ सरकार नभाजस्तो देख्या हो ।
– पार्टीहरू सबै सरकारसरह भाग मिलानमा रका रछन् । त्यसै भेर छायाँ सरकार आवश्यक नै भेन । बेकारमा यो बुङ्गेलाई मात्र छायाँ सरकारको महत्व रछ । बाज्याले भनेसि मैले सबै बुझ्यो बाज्या ।

●

# परिवर्तन भन्या यस्तो हुनुपर्छ

– सकेछ बाज्या सकेछ । कलकारखाना, उद्योगजति सबै बेचेर सकेछ । हिजो पसलमा चिया खान गाको, त्याँ त सबै यही कुरा गरेर बस्या र'छन् । म त छक्क पऱ्यो । तेत्रो विधि उद्योगहरू र'छन् नेपालमा, सबै बेचेछन् होइ बाज्या ?
– हो बुङ्गे । उद्योगजति सबै बेचे । मजदुरलाई दुःख भो भनेर सबै उद्योग बेच्या हो । हुन नि उद्योगमा काम गर्ने मजदुरलाई साह्रै दुःख थ्यो । राति नि काम गर्नुपर्ने, दिउँसो नि । कति भ्याउनु ? त्यसै भेर 'उद्योग कसको मजदुरको' भन्न मात्र थाल्या थे, यता उद्योग नै बेचे ।
– बाज्याले अझ कुरो नबुझ्या हो कि हाम्लाई नबताको हो, था भेन । खाँटी कुरो त अर्कै र'छ ।
– कस्तो कुरालाई खाँटी कुरा भन्छन् बुङ्गे ?
– छ नि बाज्या, नेपालमा यत्रो आन्दोलन गरेर नि परिवर्तन भेन भनेर हाम्रा परिवर्तनकामीहरूको ठूलो भेला भेछ । अनि परिवर्तन देखाउन केही पाएनन्, तत्काल सबैले देख्ने र यो त परिवर्तन हो है भन्न सक्ने काम राजाले राखेका उद्योगहरू बेच्ने ठहर गरेछन् र उद्योग बेच्या रछ । हेर बाज्या, ती मजदुरले उद्योग कसको मजदुरको भन्दाभन्दै हाम्रा नेताहरूले उनीहरूलाई माथिल्लो तहको नागरिक बनाइदे । मजदुर नि दङ्ग, नेता नि दङ्ग । मजदुरलाई काम गर्नैपरेन, त्यसै दङ्ग । नेताले मजदुरको दर्जा हटाएसि नेता उसै दङ्ग । हाम्रा नेताहरू धेरै जान्ने हो । बाठा नि छन् हाम्रा नेताहरू । ल भनौँ त, अब नेपालमा परिवर्तन भेन भनेर कसैले भन्न सक्छ ? त्यति मात्र हो र भन्या, नेपालमा मजदुर खोज्दा नि पाइँदैन । अब त उद्योगहरू नेपालमा चलाउन मिल्दै मिलेन । किनभने उति बेला राजाले मागेर ल्याको उद्योग अहिलेका नेताले चलाए भने नेताको बेजत भेन ?

– हो बुङ्गे । नेपालमा अब उद्योग मजदुर अर्थात् खाँटी मजदुर छैनन् । मजदुर र मालिकको तलतल मेट्न नि मजदुर त चाहिने नै भो, के गर्ने भनेर फेरि भेला र छलफल भेछ । त्यो भेलाबाट पर्यटन मजदुर अनि होटल मजदुर भनेर मजदुरको परिभाषालाई बदलेछन् । यो नि परिवर्तन नै हो । पर्यटन मजदुरलाई विदेशीहरूले गाइड भन्छन्, तर नेपालमा मजदुर । खेतमा काम गर्नेलाई कृषि मजदुर, बसमा काम गर्नेलाई यातायात मजदुर । यसरी परिवर्तन गरेर युगौंदेखि मजदुर भन्दै आ'को मजदुर भन्ने शब्दलाई धेरै ठाउँमा अल्झार राख्या छन् अहिले । मजदुर भन्ने शब्दको धोको यसरी मेट्या छन् नेताले ।

– ठीक हो बाज्या । उद्योग र मजदुरबीचको यस्तो सौहार्द्रता कसैले होटल मालिकसँग गर्ने भे, कसैले जमिन मालिकसँग गर्ने भे, कसैले बस मालिकसँग गर्ने भे । कस्तो राम्रो ।

– त्यसो हो भने बुङ्गे, काम गर्नेजति सबै मजदुर भे त होइन ?

– हो बाज्या, सबै मजदुर हो ।

– काम गर्ने सबै मजदुर हो भने त हाम्रा नेताहरू नि मजदुर नै भे, होइन र बुङ्गे ?

– होइन बाज्या । हाम्रा नेता काम गर्ने भे मजदुर हुन्थे । उनीहरू काम गर्दैनन्, त्यसै भेर उनीहरूलाई मालिक, राजा, धनीमानी जे भने नि हुन्छ । उनीहरू रिसाउँदैन तर मजदुर भन्यो भने रिसाउँछ । तिमीहरू काम गर्ने मजदुरले हामी कामै नगर्नेलाई मजदुर भन्न पाइन्छ ? यस्तै गर्‍यौ भने तिमीहरूको पद नि फेरिएला नि, होस गर भनेर भन्छन् हाम्रा नेताहरूले । ज्यादै राम्रा छन् हाम्रा नेता ।

– हेर बुङ्गे । कुरा अर्को नि छ, मैले नभन्या मात्र हो । बाँसबारी छाला जुत्ता कारखानामा बाहुनले नि जुत्ता सिउन थाले । अनि त्यो जुत्ता हाम्रा नेताले लगार के हिँड्न थाल्या थे, त्यसपछि त हाम्रा नेताको मति नै भ्रष्ट भेछ । अनि पो संरचनाहरू भत्काउँदै हिँड्न थालेछन् । हेर, यो सबै रोक्न नि उद्योग बेच्नुपरेन त ?

– अनि बाज्या, उद्योग कसले बेच्या हो नि ?

– हेर बुङ्गे, सबैले बेचेका छन् । आ-आफ्नो पालामा भ्याउन सक्या जति भ्याए । यसले उसले भन्नैपर्दैन । अहिले उद्योग बेचेर खाए भन्नेले बाँकी भा'का उद्योग चलाए हुन्थ्यो नि । खुबी खोइ ?

– होइन बाज्या, हाम्रा नेताको खुबी नभा'को होइन । उति बेला मजदुरको प्रमोसन गरिसकेसि फेरि उनीहरूलाई मजदुर भन्न भेन । त्यसैले उनीहरूलाई दोस्रो दर्जा दिने कुरामा खुब सोच्न थाल्या छन् रे । हाम्रा नेताहरूलाई फसिएला भन्ने था छैन र ?

– यो दोस्रो दर्जा भन्या के हो बुङ्गे ?

– काः बाज्या ! दोस्रो दर्जा भन्या रैती हो । उता मजदुर भाकाजति सबै अहिले रैती भा छन् । आफ्ना नेताले दर्जा परिवर्तन गऱ्या भेर उनीहरू ज्यादै खुसी छन् । ह्वाँ भक्तपुरका किसान नेताले धेरैजसोको थरै परिवर्तन गर्द्या छन् । ह्याँ त दर्जा मात्र परिवर्तन गऱ्या न हो ।

– परिवर्तन भन्या यसरी हुँदो रछ, के था ! के गर्नु र बुङ्गे, उति बेला मजदुर हुन पा भे अहिले हाम्लाई नि परिवर्तनको खाँचो टर्ने रेछ । उति बेला बुद्धि पुगेन । अहिले हामी त एता न उताकामा पऱ्यौं ।

– कुरो त्यसो नि हो बाज्या !

– पहिलेका मजदुर एकै, हाल साविक मजदुरको दर्जा धेरै अझै प्रशासनिक मजदुर भन्ने दर्जाचाहिँ रैनछ होइ ?

– त्यो नि हाम्रो सरकारलाई झोक चल्यो भने अहिल्यै बनाइदिन्छ । कत्रो कुरो हो र । झोक मात्र चल्नुपर्छ । कि कसो बाज्या ?

– हो बुङ्गे ! अइल्या सरकार सबै झोकैझोकमा चल्या छ । कुनचाइँलाई के झोक चल्छ अनि यो रैतीको दर्जानी परिवर्तन गर्दिन्छ । यिनले यत्ति गर्न बाँकी छ अब ।

●

# सीआईबीले स्वागत गर्न पाएनछ

– यो लोकतन्त्रमा प्रधानमन्त्रीले के गर्नुपर्छ बाज्या ?
– केही नि गर्नुपर्दैन । यसो बचेखुचेको सरकारी जमिन कहाँकहाँ छ, त्यसलाई राम्रोसँग संरक्षण गर्ने हो । अरू केही गर्नुपर्दैन ।
– त्यसो भे हाम्रा पूर्वप्रधानमन्त्री मादलकुमार नेपाल र यमीराम भट्टराईले जग्गाको राम्रो संरक्षण गरेछन्, होइ बाज्या ?
– हो बुङ्गे । काम गर्ने मान्छेको चालामाला नै बेग्लै हुन्छ भन्या यही हो । उनीहरूलाई कहिले प्रधानमन्त्री हुँला र सरकारी जग्गा जोगाउने व्यवस्था गरौँला भन्ने सोच र'छ । धन्न जोगाछन् ।
– हो बाज्या । राम्रैसँग जोगाउन खोज्या र'छ । अलि ढङ्ग पुगेनछ । ढङ्ग पुग्या भे अहिले सीआईबीको स्वागतमा पर्थे । के गर्नु र, उता सीआईबीले स्वागत गर्न पाइएन भनेर कत्रो गुनासो ।
– स्वागत गर्न खोज्या भे स्वागत गऱ्या भे हुन्थ्यो नि त । किन नगऱ्या रैछन् ?
– बाज्या, कुरो यसो र'छ नि त । हाललाई सीआईबीको फुर्सद छैन रे । अरूलाई स्वागत गर्दा-गर्दा भ्या छैन । पूर्वप्रधानमन्त्री जस्तालाई चानचुने स्वागतले हुँदैन, भव्य नै गर्नुपर्ने हुन्छ भनेर पछि गरौँला भन्या र'छ ।
– हेर बुङ्गे । हाम्लाई भन्दा नि उनीहरूका आफन्त नजिकका जनता नै सीआईबीले स्वागत गर्न कन्जुस गऱ्यो भनेर कराउन थाल्या छन् । उनीहरूलाई बढी चासो छ । हाम्लाई क्यै न क्यै ।
– छ नि ! उनीहरूले जग्गाजमिन मात्र जोगाउने हो र भनेको ?
– खोइ, लोकतन्त्रलाई नि जोगाउनुपर्छ भनेर भाषण गर्दै हिँड्या छन् । लोकतन्त्रलाई नि जोगाउँछन् रे ।
– काँ हुन्थ्यो बाज्या, लोकतन्त्रलाई यिनले जोगाउने हो र ? यिनले त हाम्ले सकेन भनेर कराउने मात्र हो । अनि जोगाउने काम त सर्वोच्चले गर्ने र'छ नि होइ ?

– कुरो त अलिअलि त्यो नि हो । उबेलामा संविधान बनाउन नसक्दा लोकतन्त्र जान लागिसक्या थ्यो । होइन, नजाऊ भनेर यिनैले सर्वोच्चका प्रधानन्यायाधीशलाई प्रधानमन्त्रीसरहको पदमा राखेर चुनाव गरेसि लोकतन्त्र नगा'को हो नि । यिनले केको लोकतन्त्र बचाउँथे ! यिनले बचाउने कुरै छैन । ती प्रधानन्यायाधीश नभा भे लोकतन्त्र गैसक्या थ्यो ।

– मैले त प्रधानमन्त्रीको ठूलो काम होला भनेको त त्यस्तो होइन र'छ बाज्या । हेर त, प्रधानमन्त्री भेसि आँखा ज्यादै कमजोर हुँदो र'छ । त्यो नक्सा हेर्नै नसक्ने र'छन् । के गर्नु र, उपचार गर्न गए हुन्थ्यो नि । हाम्रा प्रधानमन्त्रीले भारतको नक्सामा नेपालको भूभाग राखेको देखेकै होइन ।

– यसो हो नि बुङ्गे । उपचार गर्न दक्खिनमै जाने हो । उनीहरूले नक्सा नदेख्ने उपचार गरेर पठा छन् । प्रधानमन्त्री भेसि सद्दे कुरा गर्दैनन् । राजिनामा देऊ भन्यो भने हुन्छ भन्दै हिँड्दै । यता यस्तो भो भनेर भन्यो भने हो र हेरौँला भनेसि हेऱ्या हेऱ्यै सकिन्छ । लोकतन्त्रमा प्रधानमन्त्री भर देश चलाउन गाह्रो छैन । देखेन, ह्वाँ दक्खिनमा चिया बेच्नेले चलाइराख्या छ ।

– हो बाज्या । त्यो त हाम्रा नेता भनेको हाम्रै नेता हुन् ।

– यो बुङ्गेलाई नि प्रधानमन्त्री हुन मन लाग्यो कि जस्तो छ । नत्र किन कुरो हाल्थ्यो र !

– होइन बाज्या । प्रधानमन्त्री हुने रहर छैन । यिनीहरूको कर्तुत देखेरै प्रधानमन्त्री हुन मन भेन । उनै ठूला भेर कुरा गर्छन् । हाम्लाई त लाजै लाग्छ क्या । त्यसै भेर प्रधानमन्त्री हुन मन छैन । यता लोकतन्त्र जोगा'को भन्छ, उता हाम्रो लुम्बिनी अर्कैको नक्सामा हालिसक्यो । त्यसको मतलब नगर्ने यो प्रधानमन्त्री पदमा यिनै बसिरहुन् । कि कसो बाज्या ?

●

# गणतन्त्रमा राजाको मेसो

– बाज्या ! ओ मति बाज्या ! बाज्या सुतेजस्तो छ । सुतेको मान्छेलाई किन उठाउनु ! भन्या मात्र थ्यो बाज्या उठ्यो ।
– किन ढिलो भो त बुङ्गे ? हामी कहिल्यै नछुट्टिने भैयो, होइ ?
– मरिलानु के छ र बाज्या । बाज्यासँग बसेर मैले कति कुरा जान्यो । अहिले फेरि अर्को कुरा सोधौँ भनेर आ'को ।
– के कुरा हो बुङ्गे ? मैले जान्या भे बताउँला । नजानेको मतिपुराणमा होला, त्यो हेरेर भे नि बताउँला नि ।
– तेसो भे यो गणतन्त्रमा राजाको काम के हुन्छ बाज्या ?
– गणतन्त्रमा नि राजा हुन्छ ? राजा भा'को गणतन्त्र कतै हुँदैन । राजा भा'को व्यवस्थालाई त राजतन्त्र भनिहाल्छ नि ।
– हुन्छ बाज्या । मैले छोटकरीमा भन्यो अनि बाज्याले बुझेन । हाम्रो गणतन्त्रमा पहिलेका राजा नभा'को हो र ? पहिलेका राजा उति बेला के गर्थे, अहिले के गर्दैछन् भनेर पो सोधेको बाज्या ।
– हेर बुङ्गे । गणतन्त्र आउनुभन्दा पहिलेका राजाले सबैभन्दा ठूलो काम त गणतन्त्र ल्याउने काम नै गरे । उनले गणतन्त्र नल्या'का भे गणतन्त्र आउँदै नआउने ।
– होइन बाज्या ! राजाले नि गणतन्त्र ल्याउँछन् त ?
– ल्याउँछन् बुङ्गे, नेपालमा ल्याइदिए । जनताको नासो भनेर श्रीपेच फुकालेर टेबलमा नराख्या भे गणतन्त्र आउनै सक्ने थेन । राजाले सक्षम र असक्षम भन्ने खेल नखेलेका भे नि गणतन्त्र आउने थेन । गणतन्त्र आऊँ कि नआऊँ भनेर दोधारमा थ्यो । राजाले श्रीपेच फुकालेसि उसलाई आउनै कर लाग्यो, आयो । आन्दोलन गरेर फुक्का भाका दललाई घाँटीमै समार निचोर्न थाल्ने अनि नेतालाई असक्षम भन्ने काम गर्न हुने थेन नि बुङ्गे ।
– होइन बाज्या । असक्षम भनेर त कुरा बिग्रेको थेन नि ! पछि फेरि सक्षम बनाकै हो ।

– लौ सुन बुझे । पार्टी भनेको नि एउटा राज्य हो । त्यसलाई नि जनताले चुनेर राज गर भनेको हुन्छ । अनि त्यस्तालाई कहिले जोकर भन्ने, कहिले जोकर होइन भन्ने काम गर्नै हुँदैन । असक्षमलाई सक्षम बनाउने भनेकै आफैँ असक्षम हुनु हो । त्यति नि बुझाइ भा'को देख्खेन । अनि मैले सक्षम बनाइसक्या छु भनेर कसले पत्याउने ?

– त्यसो भे काँ बिग्रेछ बाज्या त्यति बेलाका राजाको सोचाइ ?

– बिग्रेको होइन भन्या, त्यसलाई राम्रोसँग व्यवस्थित गर्न नसक्या हो । सल्लाहकार नि त्यस्तै । यसो गर्नु हुन्न भन्ने सल्लाह दियो भने राजा रिसाउने हुन् कि भन्ने नि छ । अनि आफ्ना भनिएका र भेका मान्छेहरूले नि छोडेका अवस्थामा राजाको मन कति हतास हुन्छ होला, सबैले सोच्ने कुरा हो ।

– हो बाज्या । नीतितर्फ राजाको मन गएन । नीतिशास्त्रले साम, दाम, दण्ड, भेदको नीति प्रधानमन्त्रीका लागि बना'को होइन । यो नीति दरबारका लागि बना'को हो । यो ख्याल भेन ।

– हेर न, प्रधानमन्त्रीको पद खुला गरियो । दरखास्त दिन आउनु भन्ने सूचना नि दरबारले निकाल्यो । पाषाण युगमा त घोडालाई नि प्रधानमन्त्री बना'का थे भन्ने कथा छ । दरबार कमजोर हुने, दरबारलाई कमजोर बनाउने यस्ता हर्कत कसैलाई नि सङ्केत गर्ने होइन । यहाँ त सबैले देखे बुझे ।

– का बाज्या ! कुरो यसो हो नि ! यत्रो प्रजातन्त्र आ'को बेलाँ राजाको मनले आँटेको कामकुरो नि गर्न नपाउनु त ?

– पाइन्छ पाइन्छ । हेर बुझे ! छयालीस सालमा आन्दोलन भो । त्यति बेलासम्म सबै पञ्च नेपाली सबै नेपाली पञ्च भन्ने थ्यो । खोइ, आन्दोलनमा तेत्रा पञ्च कता गए त ? देखिएन । सोचाइ अलिकता यो नि राख्नुपर्थ्यो ।

– अब अहिले सबैको कुरा पत्याउनुपर्‍या छ । यस्तै छ हाम्रो गणतन्त्रमा राजाको मेसो ।

●

# अहिलेका नेता कति अग्ला भा’का !

– हेर बुङ्गे ! अति गोप्य कुरा गर्दैछु । अरूसँग हल्ला नगर्नु । पसलतिर गयो भने नि कुरा सुनेर बस्नू, जवाफ नदिनू । किनभने हामी जवाफदेही होइनौँ ।
– हुन्छ बाज्या हुन्छ । सुनौँ न त कस्तो गोप्य कुरा हो ?
– नेपालमा धर्मनिरपेक्ष भनेर संविधानमा राखेछन् । त्यसपछि हाम्रा नेता यति उचाइमा पुगे कि आकाश छोलान् भन्ने डर लाग्यो ।
– ए, नेताहरू किन अग्ला हुँदै आए भनेको त धर्मलाई बोक्नुनपर्ने भेछ अनि पो अग्ला हुँदै आ’का र’छन् । त्यही धर्मले थिचेर जहिले नि पुड्का । हाम्लाई समेत हैरान । आफ्ना नेता भन्न नि लाज भेर छुट्टी ।
– हो त बाज्या, हाम्रा नेताहरूले बल्ल बुद्धि निकालेछन् । धर्मले पिऱ्या र’छ यिनलाई । अहिले हेर, कति आनन्द छ ।
– बुद्धि त बुद्धि नै हो तर नेपाली बुद्धि हो कि विदेशी हो, बिस्तारै छुट्टिँदैछ । यो बुद्धि छुट्याउने काम चाँडो हुँदो रैनछ । हाम्ले आशङ्काको भरमा कुरा गर्न भेन । अब केही पछि नेताहरूले नै यो बुद्धिको खेलो सुनाइहाल्छन् नि । हेर बुङ्गे अब धेरै कुर्नुपर्दैन ।
– गोप्य कुरा भनेको यही हो त बाज्या ?
– होइन । संविधानमा लेखेर देशविदेश पुगेको कुरालाई केको गोप्य भन्नु । गोप्य कुरो भनेको छ नि बुङ्गे अहिले नेपालमा होलीवाइन रुचाउने मान्छे छन् कि छैनन् भनेर कसैले विज्ञापन गऱ्यो भने होलीवाइन खार तीन दिनसम्म लम्पसार पर्ने व्यक्ति सोल्टीमा बस्न पुगिहाल्छन् । त्यो होलीवाइनको स्वाद बिर्सनै सकिँदैन रे । यसैलाई गोप्य भन्या हो ।
– यो नि त केको गोप्य भो र ? बाज्या नि के हो के हो ? सोल्टीमा होली वाइन खायो लम्पसार पऱ्यो धेरै खाएसि लाग्यो होला । खोइ बाज्याले किन गोप्य भन्या हो, था भेन ।

– होलीवाइन खाने मान्छेको इज्जत जान्छ भनेर गोप्य भनेको ।
– इज्जत जाँदैन बाज्या जाँदैन । होलीवाइन खाने मान्छेकोमा इज्जत जानै मान्दैन । त्यसकारण इज्जत भाको भे उसको इज्जत जान्छ कि भन्नु । त्यस्तो सोच्नैपर्दैन । इज्जत भा'को मान्छे वाइन खानै जाँदैन नि । अनि उसको इज्जत जान खोज्यो भने हाम्ले समा'र राख्न मिलेन । कुरो यसो हो नि त ।
– बुङ्गेले भन्या नि ठीक हो । अर्को कुरो छ नि बुङ्गे होलीवाइन नखाएसि पशुपतिमा गर गौदान गर्नुपर्छ । नत्र हिन्दूधर्मले थिचेजस्तो त्यो वाइनले नि थिचिर'न्छ । अनि फेरि उस्तै पुङ्का भे भने के गर्नु ? आफूलाई पीर लाग्छ क्या !
– बाज्या नि गजबको छ । संविधानदेखि नै मिलार होलीवाइन खान गा हो । अनि त्यसले थिच्ने उचाल्ने भन्ने त कुरै हुँदैन । त्यसमा नि ज्योतिष हेरार गर्ने काम गऱ्या छन् होला नि ?
– ज्योतिष हेरा'को त हो, तर गौदानले मात्र पुग्दैन रे । पशुपतिनाथलाई सुनको केही चढाइदिनु भन्या र'छ ।
– ए त्यो सुनको जलहरी चढाउने वाइन मास्टर ह्वाँ नै हो ?
– ख्वै । जलहरी चढाएबाट फेरि आँटेको पुग्या छैन भन्ने छ ।
– कहिले हिन्दू धर्म, कहिले निरपेक्षतातिर लाग्न थालेसि बिग्रेको हो कि बाज्या ?
– त्यसो त होइन बुङ्गे । संविधानमा भा'को कुरा मान्दा त्यस्तो हुँदैन । फेरि संविधानमा भनेको कुरा मानेको भनेकै यही हो । त्यसकारण संविधानको कुराले होइन मति नै यस्तो हो बुङ्गे । मतिको करामत ।
– हो बाज्या मतिको नि हो र दक्खिनका प्रधानमन्त्रीको नि करामत हो । हाम्रो संविधानमा त्यस्तो लेखेको छ । उता प्रधानमन्त्री चण्डमुण्ड दक्खिन गा' बेलाँ उताको प्रधानमन्त्रीले धोती फेरार सोमनाथको दर्शन गर्न लगेछन् । त्यो बेलादेखि हाम्रालाई त दक्खिनेले डामेको साँढे भन्न थाल्या छन् ।

●

# मान्छेलाई नि एम्बुस थापेछन्

- कृषकको बाली नाश गर्ने जनावर किरालाई एम्बुस थाप्ने भन्ने कुरो त प्रचलित नै हो । तर मान्छेलाई एम्बुस थाप्ने कुरो त अहिलेसम्म था छैन ।
- होइन, मान्छेलाई नि एम्बुस थाप्न थालेछन् बाज्या ?
- थालेछन् नि । त्यो एम्बुस छ नि बुङ्गे, सबै मान्छेलाई थाप्ने होइन र'छ क्या । चटपटे मान्छे र नखरावाला मान्छे छ भने त्यस्तालाई थाप्दा र'छन् ।
- एम्बुस किन्न पाइन्छ बाज्या ?
- त्यस्तो मान्छेलाई थाप्ने एम्बुस किन चाहियो ? कोही छ कि क्या हो एम्बुसमा पार्नुपर्ने मान्छे ?
- होइन बाज्या, अहिलेसम्म था छैन । मान्छेको एम्बुस हुन्छ कि हुँदैन भनेर ।
- हुँदो र'छ बुङ्गे । त्यो नि जता पायो त्यतै राखिने होइन र'छ । जसले पायो उसले देख्दो नि रै'नछ । त्यो त ठूलो मान्छेले मात्र देख्दा र'छन् । त्यो लैनचौरतिरको एक ठाममा मान्छेको एम्बुस राख्ने गऱ्या र'छ । हाम्रा प्रधानमन्त्री चण्डमुण्ड उति बेला लैनचौरतिर टहलिन जाँदा उनले देखेछन् । लौ ह्याँ त एम्बुस थाप्या र'छ भनेर हल्ला गरिहाले । त्यसपछि अरू मान्छे एम्बुसमा पर्न पाएनन् ।
- हाम्रा चण्डमुण्ड नि ज्यादै सोझो बाज्या । १७ हजार मान्छे मारेको भन्ने मात्र छ । यसरी लैनचौरजस्तो ठाउँमा मान्छेलाई एम्बुस थाप्न पाइन्छ ? भनेर अलि ठूलो स्वर गऱ्या भे सबै भेला भैहाल्थे नि । चुप लाग्या छ, लुरुलुरु हिँड्या छ । यसरी हुन्छ त बाज्या ?
- हाम्लाई भे हुने थेन, उनलाई हुँदो र'छ । के गर्नु त । हुन्देऊ अब करार हुँदैन ।

– होइन बाज्या, जङ्गली पशुहरूलाई थाप्ने एम्बुस सहरका मान्छेलाई थाप्न पाइन्छ ? यो त अलि भेन क्या ?
– हाम्ले नि भेन भन्या हो बुङ्गे । के गर्नु र, उनै चण्डमुण्डले देखेको, उनैले हल्ला गरेको अनि एम्बुस उनैलाई थापेको भनेसि कुरो त के हो के हो । हाम्ले त बुझ्नै सकेनौं ।
– अनि अहिलेचाहिँ एम्बुस थाप्ने चलन रै'नछ कि क्या हो बाज्या ?
– अहिले त्यस्तो कुरा सुन्या छैन । अहिले छैन नि होला । उति बेला पो हाम्रा कामरेड त्यता टहलिन जान्थे । अब त्यताका मान्छे नै हाम्रा नेताको डेरातिर टहलिन आउँछन् होला । अनि एम्बुस थाप्नैपरेन ।
– का बाज्या ! दुई-तीनपटक प्रधानमन्त्री भा'का मान्छेको घर छैन र डेरा भनेको ?
– हेर बुङ्गे । घर नि डेरा नै हो त ! घर कसले सँगै लग्या छ र ? फेरि हाम्रा चण्डमुण्ड कामरेडको घर छैन । सधैं डेरामा बस्ने हो । संसारमा सर्वहारा कामरेड भनेको ह्वाँ नै हो । घर नि छैन, जग्गा नि छैन । सुन, चाँदी, पैसा भन्न र देखाउन लायकको ह्वाँसँग केही नि छैन । विदेशमा भे भा था छैन ।
– बाजेले कस्तो अनौठो कुरा गऱ्या । पत्याउनै गाह्रो भो ।
– हेर बुङ्गे । कतिपय कुरा पत्याउनुपर्छ । नेतालाई नपत्यार कसलाई पत्याउने ? ह्वाँको पहिलेदेखि हालसम्मको विवरण त्यस्तै छ । अहिले विवरण दिन छाडेर होला बुङ्गेलाई शङ्का लागेको । ह्वाँको विवरण एकनासको छ । थपघट छैन । पत्याउनुपर्छ क्या, बरू भाटभटेनीका नीमबहादुरलाई नै नपत्याउनु । किनभने उनी व्यापारी हुन्, नेता होइनन् । हाम्रा कामरेडको विवरणलाई त पत्याउनैपर्छ ।
– लौ लौ । बाज्याले भनेसि पत्यायो । तर अहिलेका नेताहरू पत्याउने कुरै गर्दैनन् । जस्तो कुरालाई नि पत्याउँदै हिँड्दा देश काँ पुग्यो पुग्यो । बाज्यालाई था छ ?

●

# माओवादीसँग खाओवादी

– हाम्रो बुङ्गे नि पहिले माओवादी भा'को होइन ?
– हो बाज्या हो । तीन वर्षजति माओवादी बन्यो अनि छाड्यो ।
– किन छाडेको त ? राम्रै थ्यो । कमाइ नि राम्रै थ्यो होला ?
– मलाई मन परेन बाज्या । मलाई उपत्यका नेवा राज्यको सदस्य बना'को थ्यो । त्यो मिटिङमा गा'को त नेवा राज्यको अध्यक्ष त बाज्या पो र'छ । म त नेवा राज्यको अध्यक्ष हुँ भन्दै भाषण दिन थाले अनि त्यस्तो नाटकमा जान छाड्यो बाज्या ।
– बुङ्गे माओवादी हुँदा अध्यक्ष चण्डमुण्डले पश्चिम पहाडतिर तान्चीनको थालमा भात खा'को देख्यो त ?
– काँ'को पश्चिमको कुरा गऱ्या ? म त उपत्यकाबाट बाहिर जाँदै गएन । मलाई था छैन ।
– अनि झापामा मार्सी चामलको भात खा'को था छ त ?
– था छ बाज्या । त्यो त धेरैले प्रशंसा गऱ्या थे होइ ?
– नेता चण्डमुण्डले तपाईंहरूलाई कत्तिको माया गर्थे त ?
– राम्रो माया गर्थे नि । सादा खाना, उच्च विचार भन्थे । त्यो नि एक-दुईपटक मात्र भेट्या हो ।
– त्यसो भे सबै कुरा बिर्सिसकेछ बुङ्गेले ।
– केही त सम्झ्या छु बाज्या । हाम्रा नेताले कुरा गर्दा कुम हल्लाउँथे अनि हाँस्दा पेट हल्लाउँथे । अहिले छाडेछन् । त्यति मात्र हो र, हिटलरी जुँगा, देहाती मार्काको कपालमा जेल हालेर फिक्स गर्थे । अहिले त्यो नि छाडेको देखियो । हाम्रा नेतामा धेरै परिवर्तन आइसकेछ । लाउने कुरामा मात्र होइन, पहिले त त्यो देहाती मार्काको कपाल कटिङ हुन्थ्यो । अहिले त मान्छे नै देहातीजस्तो देखिने गऱ्या छ । यस्तो परिवर्तन किन आयो ? भनेको त एज फ्याक्टरले गरेको भन्दा र'छन् ।
– ठीक हो बुङ्गे । तिम्रा नेताले कुम हल्लाउन थालेसि सबैले कुम हल्लाउन थालेर अचम्म । अनि हाँस्दा सबैले पेट हल्ला'को

देखियो । के गर्नु र, कुम हल्लाउँदा र पेट हल्लाउँदा नै चण्डमुण्ड हुने होइन र'छ ।

– अनि बाज्या ! त्यो माओवादी भनेसि खाओवादी नि सँगै हिँड्न खोज्छ क्या ! त्यतिखेर हाम्रा चण्डमुण्ड धेरै बाठा भेर खाओवादीलाई अन्तै जाओ भनेर लघार्नुभो । अहिले त्याँ खाओवादी छैनन् । आनन्द छ ।
– त्यसो भे फेरि माओवादी बन्न मन लाग्यो कि क्या हो बुङ्गे ?
– होइन बाज्या होइन । उति बेला साँढे लघार्ने जोस-जाँगर अनि देश बनाउन त भनेर गा'को सबै था भो अनि छोड्यो ।
– देश बनाउने काममा लागेन त बुङ्गे ?
– लाग्यो बाज्या लाग्यो । देश बनाउने बाटोमा चार पाइला अघि हिँड्यो भने आठ पाइला पछि हट्छ । त्यो देश बनाउने ठाउँमा जाने बाटो त्यस्तो हुँदो र'छ । अनि त कहिल्यै त्याँ पुग्दैन । हाम्रा नेताहरू वाक्कदिक्क भा'को त्यही कारण र'छ । म नि ठाउँमा पुगौँ न त भनेको, जान सकेन । फर्क्यो म त ।
– हो त नि बुङ्गे । नेताहरू अहिले देश बनाउने बाटोभन्दा आफू बन्ने बाटोमा लाग्या त्यसै भेर हो । आफू बन्ने बाटोमा हिँड्यो भने टकाटक पुगिहाल्छन् । अनि यही बाटो ठीक भेन ?
– यो बाटोमा हिँड्दा हुलमुलमा हिँडेजस्तो सबैसँग ठोकिन्छ । अनि सबैलाई मिलार हिँड्न ह्याँ नि गाह्रै छ बाज्या ।
– हेर बुङ्गे । जे भे नि सबैलाई मिलाउन सक्यो भने त यो बाटो त धेरै राम्रो । ह्याँ त बजेट नि काँबाट आउँछ, था नै हुँदैन । एकजनाले एउटा बजेट ल्याउँछ, अर्कोले अर्को बजेट ल्याउँछ । त्यसलाई मिलाउन मात्र गाह्रो ।
– हो बाज्या । अहिले त्यो सय किलो छानबिन गर्न उच्चस्तरीय ढुस आयोग बनाउन पाइएन भनेर प्रतिपक्षले एक महिना सदन अवरुद्ध पाऱ्यो । अनि सर्वदलीय बैठक, उच्चस्तरीय आयोग गठन गर्ने भनेर पास गरेर एमालेका टुक्के अध्यक्ष बाहिर निस्कनुभो । पत्रकारले छोपिहाले । कुरो त सुनकै सोध्नुपर्थ्यो,

उनीहरूले मेचीको चियाबगानको कुरा सोधे । हाम्रा अध्यक्ष मात्र के कम 'कागजले चलाइराख्या चियाबगान कागज नचाहिने गरी नियम बनाइदेको हो' भनेर हिँडे ।

– यस्ता रमाइलो कुरा नि सुन्न पाइन्छ । व्यक्ति विकास बजेट कसरी बन्छ ? भनेर अध्यक्षज्यूले छोटकरीमा बताइदिनुभा'कोमा ह्वाँलाई धेरै-धेरै धन्यवाद छ बुङ्गे ।
– त्यसो भे चियाबगान पक्का भो होइन त बाज्या ?
– भो भो । धन्दा नमाने हुन्छ बुङ्गे । राम्रो भेन भन्या कि कसो ?
– चियाबगानका बारेमा देश-विदेश सबै हल्या थ्यो । अब भने सबैले चाल पाए । नियम बनाको रछ, हाम्लाई के था ? हाम्लाई मात्र होइन बाज्या, धेरैलाई था थेन । कामकुरो भन्या यस्तो पारदर्शी हुनुपर्छ ।
– बिनसित्तिमा हाम्रा अध्यक्ष उखानेलाई चियाबगानप्रति शङ्का गरेर हैरान । अब त था भो होला नि बुङ्गे !
– बाज्या, टुक्के कामरेडको काम यस्तै पारदर्शी हुँदाहुँदै नि कसैले नबुझ्ने । त्यो एउटा अचम्मको ह्वाँमा पाइने कला हो ।
– हो त नि बुङ्गे । अब उनकै मुखबाट भनेसि ह्वाँ त त्यसमा सामेल होइन रछ नि !
– गाह्रो छ बाज्या । आफन्तहरू ठूला-ठूला कुरा गर्दै आउँछन् । होइन र हुन्न भन्न नसक्ने कलिला मनका मान्छे पर्नुभो टुक्के । अनि मान्छेले शङ्का गर्ने भइहाले नि !
– शङ्काकै भरमा दौड्या रछ दुनियाँ । माओवादीसँग खाओवादी हुन्छ भन्ने नि शङ्कै हो बुङ्गे ।
– बाज्या ! माओवादी र खाओवादीको फरक कति छ ?
– उही हो बुङ्गे । रोल्पा र रुकुमबाट काठमाडौंजत्ति नै फरक छ । धेरै फरक छैन ।

●

# यी कस्ता स्वाँठ ?

– खत्तम पारे । स्वाँठहरूले खत्तम पारे
– के खत्तम भो बाज्या ?
– बजारभाउ बिक्री खत्तम भो नि बुङ्गे ।
– के गर्ने त बाज्या ? हाम्ले गऱ्या होइन । व्यापारीहरूले गरेको मान्नैपऱ्यो नि ।
– मान्या छ बुङ्गे, मान्या छ । सबैले मान्या छन् ।
– हाम्रो टोलमा एकजनालाई सबैले स्वाँठ भन्छ भन्या । स्वाँठ भन्या के हो बाज्या ? बाज्याले नि त्यही भन्यो ।
– स्वाँठ भनेको राम्रो हो बुङ्गे ।
– ए हो र ? स्वाँठ भनेसि त्यो हाम्रो टोलको मान्छे खुब हाँस्छ । रमाई रमाई हाँस्छ बाज्या ।
– कस्तो हाँस्छ बुङ्गे ? रावण हाँसेझैँ हाँस्छ कि विभीषण हाँसेजस्तो हाँस्छ ?
– कहिले त्यस्तै कहिले उस्तै हाँस्छ ।
– भोलि आउँदा उसलाई किन हाँसेको ? भनेर सोध है । मान्छेहरू धेरै प्रकारले हाँस्छन् । पहिले त देश खाने लाइनमा बसेका हाँस्छन् । उनीहरूको हाँसो रावण हाँसो हुन्छ । दिगो काम गर्नेहरूको हाँसो विभीषणको जस्तो मुसुक्क हाँस्ने हुन्छ ।

(भोलिपल्ट)

– बाज्या सोधेर आयो । ठूलाबडालाई मात्र स्वाँठ भन्थे । मलाई नि स्वाँठ भन्न थाले भनेर हाँसेको रे ।
– लौ बुङ्गे । त्यो स्वाँठ ठूलै खाले मान्छे हो र'छ । त्यस्तो मान्छे हत्तपत्त पाइँदैन ।
– बाज्या नेपालमा स्वाँठ छन् कि छैनन् भन न ।
– नेपालमा स्वाँठ छ । उः हेर न, तिम्रै टोलमा छन्, हाम्रै टोलमा छन् । जताततै छन् बुङ्गे ।

– त्यसो भे ठूलाबडाको सङ्ख्या त बढ्या र'छ होइ ?
– हो बुङ्गे । बढ्या छ ।
– अनि बाज्या, स्वाँठ कति प्रकारका हुन्छन् ? त्यो नि भन्देऊ न ।
– झट्ट हेर्दा स्वाँठ दुई प्रकारका हुन्छन् । एकथरि स्वाँठ आफूलाई खुब बुद्धिमानी ठान्छ । पढेलेखेको घमन्ड नि गर्छ । त्यसलाई पढेलेखेको स्वाँठ भन्छन् । त्यसले काम नि केही गर्दैन । फटाहा हुन्छ । सत्य कुरा गर्दै गर्दैन । अर्कोथरि स्वाँठ पढेलेखेको हुँदैन । ऊ आकाशपाताल जोडेर कुरा गर्छ । मजस्तो जान्नेसुन्ने कोही छैन भन्ने घमन्ड उसमा नि हुन्छ । त्यसलाई बज्रस्वाँठ भनिन्छ ।
– अनि बाज्या, यी दुई स्वाँठमा कुनचाहिँ राम्रो स्वाँठ हो त ?
– दुवै स्वाँठ राम्रै हुन् बुङ्गे ।
– त्यसो भे यी दुवै स्वाँठलाई देश बनाउने जिम्मा दिन पाए हुन्थ्यो कि ? होइ बाज्या ?
– होइन, देश बनाउने कुरा मात्र गर्छ त बुङ्गे । देश बनाउन त घुस नखाने मान्छे चाहिन्छ । अनि देश बन्छ बुङ्गे ।
– बाज्या, घुस कसले खान्छ त बाज्या ?
– खोइ, त्यो कुरो त मलाई नि था छैन । यमीरामलाई सोध्यो भने बताइदिनुहुन्छ ह्वाँ कालीगण्डकी जलविद्युत आयोजनाबाट ढेउवा, टुक्के र मादलले तीन-तीन अर्ब घुस खाए, मसँग प्रमाण छ भनेर उति बेला भाषण गर्दै हिँडेका विद्वान् भट्टराई हुन् । पूर्वप्रधानमन्त्री नि हुन् । उनैले तीनजनालाई तीन-तीन अर्ब गनेर हातमा हाल्देजस्तो गरी भाषण गरेको सुनेसि त्यति बेलाको सरकारले 'कालीगण्डकी जलविद्युत आयोजनाको नामकरण नै भा'को छैन' भने । त्यसपछि लौ त भनेर प्रमाण ल्याउन सक्नुपर्थ्यो, प्रमाण आइपुग्या छैन । आउँदै होला ।
– बाज्या, छ नि, यो कुरो त मिलेन । भट्टराईले भनेको ठीक कि सरकारले भनेको ठीक हो ?
– हेर बुङ्गे । देश यस्तै गरी चल्या छ । हो कि हो कि, होइन कि जस्तो गरेर चल्या छ । ह्याँ सबै ठीक, सबै बेठीक ।

●

# माइतीघर मण्डलाले धेरैलाई उद्धार गऱ्या छ

– ओ बाज्या । बिहान-बिहान टाढै हो कि ?
– मर्निङ वाक् जाने गऱ्या छ । त्यसै भर बिहान हिँडेको अनि बुङ्गेलाई नि बाटामै भेट भो त, टाढै हो कि ?
– हो बाज्या । म त बिहान-बेलुका त्यो माइतीघर मण्डलामा जान थाल्या छ । धेरै भो जान थाल्या अनि त्याँको वातावरण हेर्ने, भाषण सुन्ने, ताली बजाउने, घर जाने । अब त बानी नै परिसक्यो भन्या । त्याँ सबै कुराको भाषण सुन्न पाइन्छ ।
– कस्तो-कस्तो भाषण सुन्न पाइन्छ बुङ्गे ?
– कुरा नगरौँ बाज्या । त्याँ भाषण सुनेसि हाम्रो सरकारले सियोसम्म बाँकी राखेन भन्ने था हुन्छ । सबै विषयको भाषण एकै दिन हुने होइन । कहिले मिटरब्याजी आउँछ, कहिले फाइनान्सको ठगी काण्ड आउँछ । विभिन्न काण्डहरू मण्डलामा आइरको हुन्छ ।
– हो बुङ्गे । त्यो मण्डला बनाएसि सबै काण्डहरू पहिले त्यहीँ नै जान्छन् ।
– मलाई त अचम्म नि लाग्या छ बाज्या । सरकार पक्ष नि आउँछ, सरकारलाई छाड्दैन भन्छ । अरू दुःख पा'का पक्ष त आउने नै भे । उनीहरूले नि सरकारलाई नछाड्ने भन्छ । सरकारलाई त सबैले समातेर पो बस्या र'छ होइ बाज्या ?
– हो बुङ्गे । सरकारलाई सबैले समातेर बस्या छन् । नत्र सरकार हल्लिन्छ, ढल्छ । त्यस्तो नहोस् भनेर सरकारलाई नछोड्ने कुरा मण्डलामा आर समेत भन्ने गरेका छन् ।
– झूटो टिक्दैन भन्या त होर'छ होइ बाज्या ? घुमाइफिराइ सत्य नै बोल्छ भनेको यही हो ।
– ढिलो र चाँडो मात्र हो, मान्छेले साँचो बोल्छ । उति बेला छ नि बुङ्गे, हाम्रा कामरेड चण्डमुण्ड बेकामे हुँदा सरकारका विरुद्ध

मण्डलामा आर धर्ना बस्ने गर्थे । अनि त त्याँ हिरोइन आर नाच्न थालेसि हाम्रा कामरेड नि उठेर नाच्न थालिहाल्थे । ह्याँ नाचेरै पहिलोपल्ट प्रधानमन्त्री भाका हुन् हाम्रा चण्डमुण्ड । त्यस्तोबेला त खुब रमाइलो हुन्थ्यो

– बाज्या नि जाने गऱ्या थ्यो ?
– थ्यो बुङ्गे । म जाने गर्दा मानव अधिकारको कुरा गर्दै आवश्यक वस्तुको भाषण गर्थे, कहिले अनुगमन भेन भन्थे, कहिले सरकारको बदमासी भन्ने भाषण गर्थे । प्रहरी आर धपाउँथे । कतिलाई समातेर लाने नाटक नि गर्थे । भ्रष्टाचार नगरेको सरकारलाई यहीँबाट धेरैले विरोध गर्थे । अहिले सरकारलाई भ्रष्टाचारले पुरेको छ, तर कोही नि बोल्दैन । उति बेलाको कुरा हो, हामी सामाजिक अभियन्ता भनेर मानव कल्याणका ठूलाठूला कुरा गर्थे । पछि रहँदै-बस्दै आउँदा त बिलार गो भन्या ।
– धेरै मान्छे आउँछन् र बुङ्गे ?
– धेरै भनेर त्यस्तो टुँडिखेल नै भरिने धेरै भनेको होइन । सबै काण्डहरूले पीडित हेर्दा धेरै नै हो नि ? नेपालीहरू सबै ठगिएका छन् । त्यो मण्डलामा जान रुटिन बन्या हुन्छ क्या । आज यसको पालो, भोलि अर्काको पालो । यसो गर्दै गएसि मान्छे धेरै देख्दैन । मान्छे कम हुन्छ, सरकारलाई सजिलो हुन्छ । अनि बाज्या, तीमध्ये कोही सरकारसँग सम्झौता गर्न जान्छ । कोही नाम मात्रका पीडितहरू हुँदा रछन् । सबै काण्डमा त्यस्तै र'छ । एउटा काण्ड सकेसि अर्को काण्ड खोजेर ल्याइहाल्छन् । त्यो आन्दोलन गर्न सजिलो छ । त्यसै भेर माइतीघर मण्डला त ती पीडकका व्यथाभन्दा नि सरकारलाई सजिलो पार्ने ठाउँ पो र'छ । होइ बाज्या ?
– ल, बुङ्गेले बल्ल था पाछ । मण्डला हो नि त मण्डला क्या, मण्डलाले सबैलाई सजिलो बनाइदिन्छ भन्या यही हो । मण्डलाले कसैको नि अहित गर्दैन । त्यसै भ'र त्याँ बेलाबेलामा बत्ती बाल्ने चलन नि छ । सबैको दुःख पोख्ने थलो हो नि त्यो ।

– हो र'छ बाज्या । त्यो अफ्रिकामा नेल्सन मन्डेला राष्ट्रपति भेसि उनलाई विश्वले मान्यो । अब हाम्रो ह्याँ नि हाम्रा नेताहरू मण्डेलाजस्तै होला भनेर माइतीघरमा मण्डला बना'को होला । ह्याँ त छु ख, छु ख ?
– हाम्रा नेता मात्र कम छैनन् । नेताले जे गरे नि एकथरि गर्ने हो । संसारै बनार हिँड्ने होइन नि, अरू देशका भन्दा हाम्रा नेता बाठा छन् । यसै भेर उनीहरूले बनाउनेजति बनाइसक्या छन् । अब बन्नेवाला छैन । अब बन्ने कुरा गऱ्यो भने बिग्रन्छ मात्र । त्यसकारण जति बन्यो बन्यो, चुप लागेर बस्ने हो । हेर त, त्यति धेरै पार्टी सरकार बाहिर छन् । उनीहरू त चुप लाग्या छन् । यसरी बुझ्दा कसो होला बुङ्गे ?
– ठीक हो बाज्या । माइतीघरमा धेरै बोल्न हुँदैन । त्यो हाम्रो परम्परा हो । त्यसैले त्यो ठाउँलाई माइतीघर भनेर नाम राख्या हो । पछि मण्डला बन्छ, अनि मान्छे धेरै कराउलान् भनेर पहिले नै त्यो ठाउँलाई सुरक्षित बनाको हो ।
– हो रछ बुङ्गे । त्यो माइतीघर मण्डलामा उठेका र उठाइएका कुराहरू त्यसै बिलार जाने गऱ्या छन् । त्याँ उठेका मर्मप्रति कसैको ध्यान जाँदैन । बरू नाच्ने मान्छेको प्रगति भेर प्रधानमन्त्रीसम्म बने नि उनले त्यो मण्डलामा आका मान्छेको माग पूरा गऱ्या था भेन ।
– बाज्या, त्यो ठाउँको दोष हो । माइतीको भलो सबैले चिताउनुपर्छ । अनि त सरकारलाई सजिलो पर्छ ।
– हो त बुङ्गे । त्यसै भेर सबैको सजिलो, सबैको उद्धार हुने भर नै त्यो ठाउँको महत्व बढ्या हो । नत्र अरू ठाउँको नि त्यस्तै महत्व हुन्थ्यो । अरू ठाउँले सबैको उद्धार गर्दैन । यस्तै छ ।

●

# पैसा लिन आइज भनेर करा’को छ-छ

– नेपालमा धेरैलाई चिट्ठा परिसक्या छ । सबै समृद्ध बनिसकेका छन् । अलिकति बोल्न जान्ने र हाँइफाँइ गर्ने व्यक्तिलाई नेपालमा चिट्ठा परिहाल्छ । उसलाई केही दुःख गर्नैपर्दैन । तर कुरोचाहिँ मिला’र गर्न जान्नुपर्छ ।
– हो बाज्या । मलाई नि अम्रिगानेको फोन आयो । किन भनेको त तपाईलाई एक अर्ब डरलको चिट्ठा पर्‍यो, लिन आउनुस् भनेर हैरान गर्‍या छ । म नि अब त सम्पन्न हुने भो बाज्या ।
– बुङ्गे कहिले जान्छ त अम्रिगाने डलर लिन ?
– यहीँबाट नि लिन मिल्छ भन्छ बाज्या । घरमै ल्याइदिने हो कि, था छैन ।
– मलाई नि त्यस्तै दशा आइलाग्या छ बुङ्गे । रात पर्‍यो कि फोन आउँछ । एक अर्बको लट्री पर्‍यो लौ बधाई छ भन्न थाल्या छ । अम्रिगाने त सबै नेपालीलाई धनी बनाउन पो लागेजस्तो छ ।
– अरू कुरा जे भे नि बाज्या, यो बुङ्गे अर्बपति बन्ने भो । मलाई त आनन्द आ छ ।
– धेरै खुसी हुने कुरा छैन बुङ्गे । ह्वाँ हाम्रा ठूलाबडाले उनीहरूको बैङ्कमा राख्या, पैसा त त्याँको बैङ्कले खाइदे’का छन् । त्यो देखाउन नहुने पैसा भन्ने था पार ठूलाबडाको पैसा धेरै फस्या छ विदेशी बैङ्कमा । त्यस्तो गर्ने ठाउँमा पैसा लिन आइज भन्यो भन्दैमा पत्याउने कुरो छैन । मलाई पैसा चाहिँदैन भन्दे हुन्छ ।
– के भन्छ बाज्या, मान्छे पैसा नपार कति दुःख गर्छ । हाम्लाई चिट्ठा परेको पैसा तैँ ली भन्यो भने नेपाली त बेवकुफ र’छ भनेर भन्दैन ?
– हेर बुङ्गे । मलाई पैसा लिन आइज भनेर करा’को छ-छ । म नि पहिले त हुन्छ-हुन्छ भन्दै गयो, अनि पछि हुँदै आएसि नेपालबाट गएर त्यही अमेरिकामा बसेको पूर्व कमान्डर इन चिफलाई दिनु

भनेको त किन ? भनेर सोध्यो । अनि मैले भनेँ कि नेपालमा दरबार हत्याकाण्ड हुँदा उनै सेनाका प्रमुख हो । अहिले अम्रिगानेकाँ बस्या छन् रे । बिचरा नेपाली हो । दुःख पा'र गा'को होला । त्यसै भेर मेरो लट्री उनै महाशयलाई दिए मेरो मन्जुर छ भनेर भन्देसि फोन आउन छाड्यो क्या ।

– के कुरा गऱ्या बाज्या, त्यत्रो पैसा त्यसै दान गरेर खत्तम पाऱ्यो ।

– कहिलेकाहीँ दान गरेर मन आनन्द लिनुपर्छ क्या । हेर न, हाम्रा पूर्वप्रधानमन्त्रीले आफ्नो घर त दान दे'र बस्या छन् । हाम्लाई त त्यसै आ'को पैसा एउटा गरिब नेपालीलाई दान दिँदा राम्रै गऱ्यो नि । होइन र ?

– अनि के त, पछि फोन आउनै छाड्यो त बाज्या ?

– एकपटक आयो बुङ्गे । पैसा लिन आउने कि नआउने ? अन्तिम निर्णय चाहियो भनेर फोन गऱ्या थ्यो । अनि मैले मेरो निर्णय बदलिँदैन, मैले भनेकै पूर्वसेनापतिलाई दिनू, मेरो अन्तिम निर्णय हो भन्दिएँ । अनि त तपाईले भन्या मान्छे नि लट्री परेरै आ'को हो क्या, अमेरिका आएसि कोही नि गरिब हुँदैन भन्दै थ्यो, मैले त फोन नै बन्द गर्दें । त्यसपछि फोन आ'को छैन बुङ्गे ।

– मलाई त बाज्या, पहिले-पहिले पैसा लिन आइज भन्थ्यो । पछि त पैसा घरमै आउँछ, अहिलेलाई कर तिर्न जिरो प्वाइन्ट एक प्रतिशत पैसा पठाइदिनू भनेर भन्न थाल्यो । अनि त मलाई नि बाज्याले भनेको ठीकजस्तो लाग्न थाल्यो ।

– हो भनेको बुङ्गे । हामी आफ्नै देशबाट त ठगिन बाँकी भेन । उता अन्तर्राष्ट्रिय ठगको फन्दाबाट नि जोगिन गाह्रो पो हुने भो त । होइन नेपाली नै सबैतिरबाट ठगिनुपर्ने के नचाहिने काम गऱ्या छ र ?

– हो त नि बाज्या । पहिले त मलाई नि लोभ लागेको हो । अहिले सबै बुझेसि ठगहरूबाट नेपालीलाई जोगिनै गाह्रो भो भन्ने लाग्या छ । होइ बाज्या ?

●

# राममन्दिर नेपालमै बन्ने भो

– भक्तपुरको पाँचतले मन्दिर कसले बनाको ? अनि पाटनको कृष्णमन्दिर कसले बनाको बाज्या ?
– लौ, बुङ्गे त हाजिरी जवाफको खोजीमा पो हिँडेछ । भक्तपुरको भूपतीन्द्र मल्ल राजाले अनि पाटनको सिद्धिनरसिंह मल्ल राजाले बना'को हो ।
– ठूलो स्वरले नभनौँ न बाज्या । हाम्रा राजाले था पाए भने अहिले यस्ता संरचना बनाउन थालिहाल्छन् । ह्वाँ राममन्दिर ठोरीमा बनाउन सुरु गरिसक्या छन् ।
– अयोध्यामा टाढा भो भनेर यहीँ बनाउन लाग्या होला ।
– होइन बाज्या । राम नेपालमै जन्मेको भनेर भन्न थाल्या छन् । त्यसै भेर राममन्दिर नेपालमै बनाउन थाल्या हुन् । यस्तै कुरा गर्छन् अनि भारतीयले सीता भारतमा जन्मेको भन्छन् नि ।
– हेर बुङ्गे । हाम्रो जनकपुर र अयोध्याको सम्बन्ध माइती ससुरालीको भेर होला, जनकपुरबाट अयोध्या सोझै यातायात चल्न थाल्या थ्यो । हाल के छ, था छैन ।
– का बाज्या नि, केको नाता-सम्बन्धको कुरा गऱ्या भन्या । सीता नि यहीँको राम नि यहीँकै भन्न थाल्या छन् ।
– राम्रै भो बुङ्गे । यसै गरी भारतका तीर्थस्थल सबै नेपालमै बनाइदिने राजा भे त झन् राम्रो होइ ?
– हो त नि बाज्या । बनाउन नि खोज्या हो रे । उताका चारै धाम नेपालमा बनाउने भनेर एकताका यहाँका राजाहरूको खैलाबैला चल्या थ्यो, फेरि रोकिएछ ।
– कुरो यसो रछ नि त बुङ्गे । बनाउने पक्कापक्की भैसक्या रछ । तर सबै अध्ययन गर्दा हाम्रो संविधानले नदिने भो भनेर बन्द गऱ्या रे । त्यसो भर जतिसुकै ठूलो स्वर गरेर कुरा गरे नि यिनले संविधानलाई जिम्मा लगाइहाले । धन्दा नमाने हुन्छ ।

– त्यसो भे नबन्ने भे'छ, होइ बाज्या ?

– हो त नि । नबन्ने भो । बेकारमा हाम्रो संविधानमा किन अन्टसन्ट लेख्नुपऱ्या ? नत्र अहिले चारै धाम नेपालमै । कति आनन्द हुन्थ्यो, होइ ?

– बाज्या ! अरूले बनाउँदा संविधानले नरोक्ने, हाम्रा राजाहरूलाई रोक्ने । कस्तो संविधान ?

– संविधान हाम्रा राजाहरूले बना'को हो । यो अर्गानिक संविधान भेको हुँदा उनीहरूले संविधानको पालना गऱ्या होला नि ?

– होइन होइन बाज्या । दक्खिनेले बनाउन नदे'को भन्ने गाइँगुइँ नि सुन्नमा आको छ । नत्र हाम्रा राजा तातेसि बाँकी रहने थेन ।

– हेर बुज्रे । हाम्रा राजाका चार धाम भनी साध्यै छैन, अनि हाम्लाई केको चारधाम बनाइदिन्थे !

– यस्तो मठमन्दिर बनाउने कुरामा त पहिलेका मल्ल राजा नै हुने । अहिलेका राजाले पाए त भत्काउन पो थाल्छन्, केको बनाउने ? एकथरिले बनाउने भनेर कुर्लिदैमा के बन्थ्यो र ?

– जे भे नि मन्दिर कसले बना'को भनेर सोधेकोमा धन्यवाद छ । अहिलेसम्म ह्याँका राजाले नसोध्या कुरा बुज्रेले सोध्यो, खुसी लाग्यो ।

– राजालाई मन्दिरले दिने केही होइन, मन्दिरकै झिकेर खान थाल्या छन् । हेर त पशुपतिनाथको हिसाबकिताब कहिल्यै मिल्दैन । झिक्न छाडेको नि होइन । हल्ला गर्न छाड्या नि होइन, खान छाड्या नि होइन । हिसाब नि कहिले मिल्दैन । भन्याजस्तो गरेर खान पाएन भने दानपेटिका नै गायब बनार भजमन नारायण हुने गरेका छन् बाज्या ।

– यो गणतन्त्रमा यति नि भेन भने यिनलाई रमाइलो लाग्दैन नि, बुझ्या हो ? राजाहरू हो ! रमाइलो मानेर अजिँगर बन, खाऊ, देश भन्या जे हुन्छ हुन्छ, रमाइलो गर । कि कसो बुज्रे ?

●

# घ्याम्पो सफा गरेर आछ अनि पो ...

– मति बाज्या ! त्यो के-के जातको कुरा गर्छ । यस्तो जातको कुरा गर्ने मान्छे कहिल्यै खुस छैन । जहिले नि रिसा'को हुन्छ । किन होला होइ ?
– हेर बुझ्ने । उसले नि आफ्नो जातकै काम गऱ्या हो ।
– होइन बाज्या । आफ्नो जातको काम गर्दा रिसाउनुपर्छ र भन्या । हाँसी-हाँसी काम गर्न मिल्दैन ?
– मिल्छ बुझ्ने । कोही मान्छे हाँस्दैनन्, त्यस्तै हो क्या । हाम्ले हाँसेर, खुसी भर कामकुरा गर भन्न मिल्दैन । उनीहरूलाई गुरुले सिका'कै त्यही छ । त्यही गर्छन् ।
– बाज्या ! यो जात भनेको के हो ? जात कति थरिका हुन्छन् ?
– हेर बुझ्ने । मतिपुराणमा जात भनेको दुईथरिका छन् । एकथरि पारिजात, अर्कोथरि वारिजात । यो पारिजातलाई श्रीकृष्ण भगवान्ले स्वर्गबाट ल्या'को भन्ने छ । यसले वारि जातलाई राम्रो गर्छ भन्ने श्रीकृष्णको कुरा हो । अहिले वारिजातलाई कसैले राम्रो गर्नुपर्दैन । उनीहरू आफैँ राम्रा छन् । वारिजात र पारिजात मिलेर बसे संसारमा सुखैसुख हुन्थ्यो । मिल्दै मिल्दैनन् ।
– कुरो यसो हो नि बाज्या । यो पारिजात कहाँ स्वर्गमा जन्मेको अनि वारिजात पृथ्वीमा जन्मेको मिलेर बस्ने कुरै छैन क्या ।
– पारिजात भनेको के हो बुझ्ने ? था छ ?
– भन्न त मलाई नि आउँछ बाज्या । तर बाज्याले भन्देऊ न ।
– सोझै आउँदैन भने भैहाल्यो नि । यही हो वारिजातको खराबी था नभे नि आफैँ ठूलो पल्टनुपर्ने ।
– बाज्या ! मलाई त वारिजात भन्यो । बाज्या नि त वारिजात हो नि ! नत्र किन रिसाउँछ ?
– होइन बुझ्ने । यो वारिजात कताकता झल्किहाल्छ क्या । ल सुन ।

– लसुन होइन बाज्या । बजारमा अहिले लसुनभन्दा प्याज महँगो छ ।
– होइन, यो बुङ्गे आज कुन मुडमा आछ ?
– बाज्या ! आज घ्याम्पो सफा गरेर आ'को अनि त जहिले नि हाँसूँ-हाँसूँ लाग्छ । भन्नुस् त बाज्या, पारिजात भनेको के हो ?
– पारिजात भनेको खासमा एक प्रकारको वृक्ष हो । उति बेला सत्ययुगमा कल्पवृक्ष भन्ने नि हुन्थे रे । कल्पवृक्षले मागेको कुरा दिन्थ्यो भन्ने पुराणमा पाइन्छ । अब यो पारिजात कल्पवृक्षजस्तै त होइन, द्वापरयुगमा स्वर्गबाट ल्याको हुँदा यसले वारिजातलाई आनन्द दिन्छ भन्ने छ । साँझ परेसि फुल्न सुरु गर्छ । रातभर फुल्छ, दिनमा फुल्दैन । यो फूलको बासना यति आनन्द आउने खालको हुन्छ कि बयान गर्नै सकिँदैन । यो विशेष गरेर भदौ-असोजमा फुल्छ । यसले सबैलाई बराबर सेवा दिन्छ । आफ्नो अर्को भनेर भेदभाव गर्दैन । त्यसकारण पारिजातको बैगुन भन्ने छँदै छैन ।
– हो बाज्या । वारिजातजस्तो बैगुनी त संसारमा कोही नि हुँदैन । दाजुभाइमारा नि वारिजात हुन्छ, गाईमारा नि वारिजात हुन्छ । मारकाट गर्नेमा खप्पिस छ । वारिजातले आफ्नो र अर्को भन्दै भन्दैन सबैलाई लुट्न खोज्छ । वारिजातमा बिरालोनीति हुन्छ भन्छन् । सबै मान्छे मरे भने तातो चुलोमा बस्न पाउँथेँ भन्छ रे बिरालोले । त्यही नीति वारिजातमा पाइन्छ । पारिजातमा त्यस्तो होइन र'छ ।
– बुङ्गेले भन्या ठीक हो । पारिजातमा रिसराग नहुने भेर अहिलेसम्म जीवितै छ । द्वापरयुगदेखि अहिलेसम्म पारिजातको महिमा सुन्न पाइन्छ ।
– बाज्या ! यो कलियुगको वारिजात त झन् कुरै गर्न नहुने दाजुभाइ । झगडा मात्र गर्न खोज्छ । झगडा गरेर के पाउँछ ?
– त्यही त बुङ्गे । झगडा गऱ्यो भने पारिजात नि वारिजातमा पुग्छ । भोलि घ्याम्पो सफा नगरीकन आउनू है ।

●

# मन्त्रीको कोड भाषा बुझ्नेलाई था छ

– ‘दालमा काम नलाग्ने गहत, मान्छेमा काम नलाग्ने महत’ यो एकजना माननीयले सदनमा भन्नुभको कथन हो । किन यसो भन्नुभो होला भनेको त बल्ल था भो । अर्थमन्त्री प्रकाशशरण गहतले नौलो कुरो ल्याउनुभेछ । ह्वाँले भर्खर पत्ता लगाजस्तो छ । कुरो उही अर्कालाई औँला ठाडो पार्ने हो । हेर्नोस् त, ‘स्पष्ट परराष्ट्रनीतिले आर्थिक क्षमता बृद्धि गर्छ’ । यो अर्थमन्त्रीको भनाइ हो । अहिले कि त परराष्ट्रनीति अत्तो न पत्तोमा छ, कि त अर्थनीति अत्तो न पत्तोमा छ । यी दुईमध्ये एउटा सप्रेको एउटा बिग्रेको हुनुपर्छ । सप्रेको त दुवै होइन, दुवै सिकिस्त भा छन् ।

– बाज्या किन भट्भटा’को ?

– उता अर्थमन्त्रीलाई अप्ठेरो परेछ क्या बुङ्गे ।

– बाज्या नि ! त्यो सुर्ति मोलेर भा’को अर्थमन्त्रीलाई त्यस्तै हुन्छ । के अप्ठेरो परेछ बाज्या ?

– मन्त्री भा’को मान्छेलाई अर्थनीति र परराष्ट्रनीति नै था रै’नछ । परराष्ट्रनीति स्पष्ट छैन भनेर कौलास्न थालेछन् । कुरो ८० भदौतिरको हो ।

– के गर्नु त बाज्या, हाम्ले परराष्ट्रनीति स्पष्ट पार्दिने होइन । हाम्रो पालामा त स्पष्ट नै थ्यो । अब त्यो नीति अहिले छैन भनेर अर्थमन्त्रीले भनेसि था भो ।

– यो परराष्ट्रनीतिको मात्र कुरो होइन बुङ्गे । आर्थिकनीति खत्तम छ भन्न नसकेर परराष्ट्रनीतिमा टाँसिन गा’को जस्तो छ ।

– हो नि बाज्या ! नत्र एउटै मन्त्रिपरिषद्मा बसेर कुन मन्त्रालयको नीति के हो, त्यति नै था छैन भने केको मन्त्री खानु ? केको डाक्टर ? बिजोग छ बाज्या ।

– हेर त बुङ्गे । परराष्ट्रनीति स्पष्ट हुनुपर्छ भनेको राजदूतले मागेर ल्याइदिनुपऱ्यो भन्या हो नि ।

– हो बाज्या हो । राजदूतले मागेर ल्याएसि अर्थमन्त्री नि परराष्ट्रमन्त्री नै हुन्छ नि । किन गहतको झोललाई अर्थ दिने ?

– यस्तै मन्त्रीहरू राख्या भ'र प्रधानमन्त्री चण्डमुण्डलाई सजिलो भा छ । अर्थमन्त्रीले परराष्ट्रनीतिको कुरा गर्ने, अर्थनीतिको कुरा गर्ने, सबैले अर्काको नीति देख्ने आफ्नो नीति नदेख्ने कस्तो मन्त्रिपरिषद् होला ? नीति जो छ नि, त्यो आफैँमा खराब हो । ह्याँ व्यक्ति खराब होइन, खराब नीति हो । अहिले नेपालमा परराष्ट्रनीति मात्र होइन, सबै नीति खराब छन् । अर्थमन्त्रीले किन परराष्ट्रनीतिको मात्र कुरा गरेका हुन्, था भेन ।

– बाज्या ! मन्त्री गहतको कुरा सुन्दा त मन्त्री हुन् कि होइनन् भन्ने खुल्दुली लाग्न थाल्यो त ?

– त्यस्तै हो बुङ्गे । नेपालमा कस्ता-कस्ता अर्थमन्त्री भे, देखेन ? कोही अर्थमन्त्री मुसो पालेर राख्ने अनि ऐनमौकामा सिसि क्यामराको तार काट्न जा भनेर पठाउने । मुसो नि हस् भन्दै गएर तार काट्ने कस्तो सिकाउन सक्या ? गजब छ । यस्तै ट्रेनिङ सेन्टर खोलेर बस्या छन् कि क्या हो ?

– हाम्रा मन्त्रीहरूलाई क्षमता अभिवृद्धि गर्नुपर्ने भो भन्या यही हो । कोही बोल्नै नजान्ने, कोही बढी बोल्ने । त्यसै भेर क्षमताले नभ्या'कै भन्नुपर्छ ।

– हो बाज्या । क्षमता नास्ति कुराको सास्ती ।

– हेर त बुङ्गे । अब आर्थिक क्षमता वृद्धि गर्छ भन्न भ्या'का छन् । यतिसम्म बोली खाउ गरिखान पर्‍या होइन । यस्ता भूषडीलाई पालेर बस्या छ अहिलेको नेपालले ।

– के गर्नु त बाज्या, यस्तै मन्त्रीले अहिलेका प्रधानमन्त्रीलाई टेढो आँखाले हेरे पुग्छ । केही भन्नैपर्दैन ।

– हो बुङ्गे, अहिलेका मन्त्रीहरूले गरिखाने होइन सोरिखाने हो । अर्थमन्त्री गहतले गर्ने भनेको सचिव र गभर्नरलाई सहकारीबाट सोर्ने आदेश दिने । अनि त्यो लगेर माथि बुझाउने, कति

प्रतिशत तोकिएको छ, त्यो आफ्नो विदेशी खातामा जम्मा गर्ने काम यति नै हो सजिलो छ ।

– यी अर्थमन्त्री मात्र होइनन् । यीभन्दा धेरै पहिलेदेखिका मन्त्री, सचिव, गभर्नर सबै त्यही बाटोमा हिँडेर घर गा'का हुन् । खोजतलास गऱ्यो भने सबैलाई सीआईबीले स्वागत गर्नुपर्छ । कोही मन्त्री र सचिवलाई त जेलमै घडा राखेर भित्र्याए हुन्छ । मन्त्री आदेश दिने, सचिव र गभर्नर सहकारीसमेतबाट सोर्ने, काम गाह्रो छैन ।

– बाज्या, हामी क्षमताको कुरा गर्छ, अर्थमन्त्रीले त कोड भाषामा सोरिसक्या छैन भन्या हो क्या । अर्थमन्त्रीलाई आफ्नो ठाउँबाट किन ढिलो भो भने होला । अनि उनले नीति स्पष्ट भेन भनेर जानकारी गरा'को हो ।

– यस्ता भित्री कुरा त बुङ्गेले जान्दछ । कि कसो ?

– हो बाज्या । मैले नि त्यो 'दालमा काम नलाग्ने गहत, अनि मान्छेमा काम नलाग्ने महत' यो दुवैलाई मिलार हेर्दा ठ्याक्कै त्यस्तै देख्न आउँछ । अनि भनेको त्यही हो बाज्या ।

– होइन, ती माननीयले मन्त्रीलाई गहतमा लगेर किन मिसाको होला ? बुझ्नै गाह्रो भो बुङ्गे ।

– सुन बाज्या । अहिलेको वातावरण सबै गहतको झोलमा डुब्या जस्तो छ । कतै केही मिल्दैन । कुरो मन्त्री र गहतको होइन । कुरो हो वातावरणको । वातावरण नि भ्याउने र नभ्याउने खालका छन् । प्रस्टसँग ती कुराहरू गर्न भेन, प्रस्ट नभेसि ती माननीयलाई थप बुझ्न मन लागेर मन्त्रीलाई गहतसँग जोडेका मात्र हुन् ।

– था भो बुङ्गे । कुरा वातावरणको रछ, लगेर गहत र मन्त्रीमा जोडेसि कसरी बुझ्नु ? अप्ठेरो छ । हत्तपत्त कुरै बुझिँदैन । बुझिहाल्यो भने नि आधा-आधा बुझिन्छ । धन्न अर्थतन्त्र, धन्न गणतन्त्र ।

●

# झन्डै राजदूत भा

– सरकारले आफन्त भनाउँदा काइलालदेखि झाइलाललाई समेत राजदूतमा नियुक्त गर्ने खबर आएसि सरकारले गर्न लाग्यो भन्ने थ्यो । काँको असिना परेर सरकार नै बेहाल हुन थाल्यो । गर्न नखोजेको त होइन, गरेकै हो । अख्तियारको फन्दामा परे नि राजदूत बनिने भैयो भनेर भनेको त जिल्ल पर्नुपऱ्या छ ।
– अब त सरकार नै अल्पमतमा छ क्यार, के गरोस् ?
– अल्पमत बहुमतको के मतलब ? हाम्लाई चाइया राजदूत हो, त्यो नै नहुने भेसि मतसँग हाम्लाई के खाँचो ।
– कुरा त ठिकै नि हो, झन्डै राजदूत त भा'को हो नि ! अरू कति धाउँदासम्म केही बन्न सक्या होइन । ह्याँहरू त झन्डै राजदूतसम्म भा'का । यो नि ठूलै उपलब्धि हो नि ! त्यही नि सरकार नभा'को भे त्यति नि हुने थेन । कुरा यसरी बुझौँ न भाइलालजी !
– कुरा त बुझेकै हो नि ! यो देशको कुरा नबुझ्ने भे मेरो नाउँ राजदूतमा कसरी पर्छ, भन त ? कुरा बुझेरै झन्डै राजदूत भा'को ।
– हाम्रो कुरा त छाडौं न ! सरकारले झन्डै चुनाव गरा'का । चुनाव गराउँछु गराउँछु भन्थे, सदनमै पो चुनाव गराउँछु भन्या र'छन् । बुझ्नै गाह्रो । नेताका कुरा बुझिसक्नु छैन । उखानेको बोली ठ्याक्कै पुग्छ भन्थे, हो रछ ।
– ल, काइलाल नि भेट भो । तिमी नि झन्डै राजदूत भाका होइ ?
– हो, झन्डै राजदूत भा । के गर्नु र, सरकारलाई काम गर्नै दिंदैनन् भन्या यही हो ।
– अब त के काम गरून् । ट्राफिकले लाइसेन खोस्या ड्राइभरजस्तो बनाइदिहाले ।

●

# भावी प्रधानमन्त्री उवाच

– अख्तियार प्रमुखको बोली बन्द भेछ नि ! डाक्टरले नबोल्नु भन्या र'छ । त्यसैले उनको बोली बन्द भेको भन्ने छ। मानिसलाई व्यथा नि कस्तो-कस्तो लाग्ने ! कसैलाई बोल्न नहुने व्यथा, कसैलाई थोरै बोल्ने व्यथा, कसैलाई गर्नै नजान्ने व्यथा, कसैलाई धेरै जान्ने भेर आइपर्ने व्यथा। यो संसारमा बाँचुन्जेल कस्तो-कस्तो व्यथा लाग्ने हो, कसैलाई थाहै छैन। लौ हेर, ती कार्की बाबु अस्तिसम्म भाषण दिँदै हिँड्थे, अहिले बोल्नै नहुने भेछ।

– उनलाई बोल्न नहुने व्यथा लागे नि उनको बोली अरूले नै बोलिदिने भेसि फरक के पऱ्यो र ! बोल्न सक्ने भेको भे आफैँ आर संसदको समितिमा जवाफ दिन्थे होलान्। जवाफ-सवाल गर्ने थलो संसद भा'को बेला उनको बोली ठ्याक्कै रोकिनु, कस्तो संयोग परेछ। यस्तो पर्दा त हाम्रा सभासद निकै दयालु बन्ने गर्छन्।

– सभासदभन्दा नि शीर्ष नेताको दया पो दया त ! सभासद त महाअभियोग दर्ता गर्न पछि पर्दैनन्। तर शीर्ष नेताले महाअभियोगका विरुद्ध टाङ अड्काउन थालेसि के लाग्छ ! अहिले भेकै त्यही हो। महाअभियोग दर्ता गरेसि कार्की बाबुलाई भन्दा माओवादीका अध्यक्षलाई पो आपत परेछ। अभियोग लगाउन होइन, संसदमा छलफलै गर्न पाइँदैन भनेर भन्न थालेसि यो धोतीप्रसादलाई निकै खुसी लाग्न थाल्या छ। हाम्ले चुनेर पठाका नेताले अरूउपर अविश्वास दर्साउने, महाअभियोग लगा'को हेर्न र सुन्न नपरे हुन्थ्यो भन्ने पक्षमा धोतीप्रसाद छ।

– नेता र जनताका कुरा यसरी मिल्नुपर्छ। नत्र जनताले भोटै दिँदैनन्। भोट नदिए नेता बन्न पाइँदैन। त्यसै भेर जनता र नेताको विचार मिल्नुपर्छ भन्या हो। अहिले हेर त नेता र जनताको बोली, आशय ठ्याक्क मिल्यो कि मिलेन ? अरू-अरू

नेता भनाउँदा त नजान्ने नै हुन् क्या ! आफ्नै नेताको आशय बुझ्न नसकेर होला, अख्तियारका प्रमुख कार्की विरुद्ध महाअभियोग दर्ता गर्दिहालेछन् । अनि भावी प्रधानमन्त्री चण्डमुण्डले त्यो दर्ताका विरुद्धमा म मात्र होइन, सबै दलका शीर्ष नेता छन्, कुरो बुझ्या खोइ ? भनेर भनेसि सबै तीनछक पऱ्या छन् । सबै शीर्ष नेताका तर्फबाट नि भावी प्रधानमन्त्रीले बोलेसि सक्किहाल्यो नि ! अब छलफल हुँदैन, फिर्ता हुन्छ । अनि त बोल्न नहुने व्यथा नि निमन हुन्छ होला नि, कि कसो त ?

– कुरो खोलेर नबोल्ने नेताको फेला परेको यो धोतीप्रसाद अब भने निकै झस्केको छ । हेर त, चण्डमुण्डले सबै पार्टी नेतालाई कुरो बुझाउनुपर्ने भेसि उनको भाउ बढ्या छ । बेखबरमा यी कार्की बाबुलाई किन खेदो खन्या हुन् ! कतै यिनको बोली बिकाएनन् र हो कि ?

– चण्डमुण्डजी नभा भे कार्की बाबुले महाअभियोगको सामना गर्नु परिहाल्या । धन्न चण्डमुण्डले गर्दा सबै सङ्कट टरेर गो ।

– यो सङ्कटको कुरो होइन त ! ह्वाँ कार्की बाबु नै बोल्न नहुने बेथा लाग्या भेर चण्डमुण्डले कार्की बाबुको उपचार गऱ्या भन्दा हुन्छ । जे होस्, चण्डमुण्डको उपचार विधिले खुब काम गऱ्यो । मान्नुपर्छ । यस्तो उपचार गर्न माहिर त चण्डमुण्ड नै हो भन्थे, हो रछ । यो देशमा चण्डमुण्डजस्ता मान्नुपर्ने मान्छे त धेरै होलान्, तर चण्डमुण्ड भन्या चण्डमुण्ड नै हुन् । कुरो अख्तियारसँग जोडिएसि कोही न कोही अघि सरेर त आउनैपऱ्यो नि ! यतिको कमाइ त कार्की बाबुले राखेकै हुन् । उनी मात्र चानचुने खेलाडी हुन् र ! कुन बेला के आइपर्छ, त्यही गर्ने ठामठाममा तगारो बुनेरै अख्तियार प्रमुखसम्म भ्याका हुन् ।

●

# आफ्नै हात जगन्नाथ

- पूर्वविशिष्टहरूलाई भत्ता दिने जोहो गर्दैमा एमालेको सरकार ढल्यो । तर जाँदाजाँदै करोडौं बाँड्न भ्याछन् । राम्रै गरे । राष्ट्रिय ढुकुटीको दोहनमा लागेका नेपालका विशिष्टहरूको मतिमा बादल लागेसि यस्तै हुन्छ ।
- नेपाली ओडारमा जन्मेर ओडारमै मरेका छन् । एक चक्की सिटामोल उनीहरूको पेटमा पऱ्या छैन । विशिष्ट भने खाना नपचेको रोगलाई उपचार गर्न विदेश जान्छन् । विशिष्टको उपचार खर्च नि विशिष्टकै हुने गरेको छ । अब त एकजनाको उपचार खर्च तीन-चार अर्बसम्म हुन थालेछ । नेपालले विशिष्टको पालनपोषणमै विदेशीसँग कचौरा थापेको रकम जाने भो । हामीले नमुनाका विशिष्ट पाका छौं । अहिलेसम्म उनीहरूको कूल उपचार खर्च दस अर्ब चानचुन पुगेछ । नेपाल र नेपालीलाई उनीहरूले केही नगरे नि नेपालीका पसिनाले उनीहरूलाई नुहाउन पाकोमा धोतीप्रसाद आनन्दित छ । नेपालीको पसिना र रगत यसरी विशिष्टको कर्ममा लगाउन पाउनु ठूलो अहोभाग्य हो ।
- जयपति चेपाङ १०५ वर्षमा स्वर्गे भेछन् । उनी ओडारबाटै अन्त भेका हुन् । उनले वृद्धभत्ता लिन मानेनन् रे ! सरकार गरिब छ, उसैलाई दिनु भनेछन् । सबैले सम्झाइबुझाइ गरेर लेको भत्ता नि छिमेकीलाई राख्न देर गएछन् । सरकार गरिब रछ भन्ने कुरा त विशिष्टले लेनदेन गरेको करोडौँकरोडको दान र उपचारबाट था भो । सबै नेपालीले काँको कुरा बुझ्थे र ! बरू ओडारमा बस्ने चेपाङले सरकार गरिब भेको थाहा पार भत्ता लेनन् । विशिष्टहरूले भने भत्ताको लागि जोहो गर्न छाडेका छैनन् ।
- उपचार विधिमै नेपाल थला बस्ने भको छ । अब नेपालका विशिष्टहरूलाई विदेशमै बस्ने व्यवस्था नेपालले गऱ्यो भने त्यो

पो सस्तो पर्छ कि ! विचार गर्ने बेला यै हो। घरिघरि उपचार गर्न उतै जाने खर्चले उतै एउटा महल बनार सबैलाई उपचार गरेर बस्नुहोला भनेर राख्ने व्यवस्था गर्न पाए कसो होला ? त्यसो भे साठी-चालीसको बण्डापत्र नि गर्नुपरेन। काइदा यो नि हो है !

– त्यो नि अप्ठेरो छ। कोही अम्रिगान, कोही झिँगापुर, कोही दक्खिन, कोही माइल्यान्ड, उपचार गर्ने ठाउँ नि भिन्नाभिन्नै छ। भिन्नाभिन्नै ठाउँमा उपचार गर्ने भेकै कारणले मति नि भिन्नाभिन्नै भेको रछ। बल्ल पो था भो। जे होस्, हामीले पठाउनुपर्ने होइन। जहाँ जाने भे नि उनीहरू आफैँ लिन्छन् र जान्छन्। कसैले दिनुपऱ्या होइन। उनीहरूको उपचार खर्च जेजति हुन्छ, नेपालीले जम्मा गर्दे पुग्छ। लिने कुरामा आफ्नै हात जगन्नाथ छँदैछ नि ! कि कसो ?

– होइन, उपचार खर्च लेकोमा यो धोतीप्रसादको दुई मत होइन। कस्ता-कस्ता राजा-महाराजा त उपचार गरेर बाँच्न सकेनन्, अब हाम्रा विशिष्टहरू उपचार गरेर बाँच्न कस्या छन्, बाँचिरहुन् । उनीहरू बाँच्या नि राम्रै छ । बेलाबेलामा मुड खराब भो भने उपचार गर्न विदेशिन्छन् र मुड फ्रेस गरेर फर्कन्छन् । तर उनीहरू दान किन लिन्छन् ? धोतीप्रसादले यो बुझेन ।

– बानी हो धोतीप्रसादजी, बानी हो। लिने बानी लागेसि लिने मात्र दाउ गर्छन्। गऱ्या यत्ति हो। कहिले उपचार खर्च, कहिले दान उनीहरूको हक-अधिकार नै बन्या छ। विशिष्ट हुन् भनेर चिन्ने कसरी ? यो लेनदेनले चिनारी नि राम्रै बन्ने गऱ्या छ।

•

# कति राम्रो नियत प्रधानमन्त्रीको होइ ?

– हाम्रा प्रधानमन्त्री चण्डमुण्डले भारतमा गर २५ बुँदे तमसुकमा ल्याप्चे लगार आए भन्ने विषय अहिलेको ताजा खबर बनेको छ। यो धोतीप्रसाद नि निकै खुसी हुनुको कारण यही नै हो। किन त्यति सारो खुस हुनुपऱ्या हो हाम्रा धोतीप्रसादलाई ? बुँदा बनाउने एउटा, ल्याप्चे लगाउने अर्को, अनि खुसी हुने धोतीप्रसाद। क्या मिलेको होइ ?

– होइन, खुसी हुने मामलामा खुसी हुनुपर्छ। जसले जे जानेका थिए, त्यही गरे त बेखुस हुने किन ? हेर्नोस् त, हाम्रा प्रधानमन्त्री बुँदाबाटै संसदीय राजनीतिमा प्रवेश गरेका हुन्। राजनीतिमा छिरेसि नि त्यस्ता बुँदावार तमसुक कति बनार कतिमा ल्याप्चे लगाए, गनिसाध्य र भनिसाध्य छैन। त्यसैले बुँदागत कागज देखे भने उनी त सही गर्ने ठाउँमा सही धस्काउने र ल्याप्चे लगाउने ठाउँमा ल्याप्चे लगाउन अघि सरिहाल्छन्। यो कुरा प्रस्टसँग बुझेको दक्खिनेले बुँदा बनाउन किन चुक्थ्यो ?

– बुँदा बनाइद्यो र अघिल्तिर राख्यो अनि 'आप महान् है' भन्द्यो, हाम्रा प्रधानमन्त्रीले धस्काइदिए, के फरक पऱ्यो र ! यसमा सबै खुस हुनुपर्छ।

– प्रधानमन्त्री दक्खिन जाँदा एमालेले त भन्या हो – 'बुँदा ल्याउलान्, सही नगर्नु।' त्यही बेला प्रधानमन्त्रीले 'हातखुट्टा बाँधिएर जाने होइन' भन्ने जवाफ दिएर गएका हुन्। बाठा छन् नि हाम्रा प्रधानमन्त्री ! आफ्नो हातखुट्टा नबाँध्ने गरी देशकै हातखुट्टा बाँध्नेमा ल्याप्चे लगाछन्। जे होस्, आफू त बचे नि ! त्यही ठूलो कुरा मान्नुपर्छ। अरूले सबै कुरा गोप्य गरेर आउँथे, उनले गोप्य गरेकै छैनन्। गरे नि एक-दुई कुरा गोप्य गरे

होलान् । त्यो ठूलो कुरै होइन । साना-साना कुरालाई लेर प्रधानमन्त्रीलाई गर्नु-नगर्नु गर्न थाले ।

– हेर्नोस्, विरोध गर्नु बेकार छ। प्रधानमन्त्रीले राम्रै नियतले सही गऱ्या भनिसकेसि किन विरोध गर्ने ? उनको नियत त राम्रो छ नि ! दक्खिनेको नियत कस्तो छ, त्यो त उनलाई के था ! अर्काको नियत पढेर बस्या हो र हाम्रा प्रधानमन्त्रीले । त्यसो त तीनबुँदे लेर नि आ'का छन्, त्योचाहिँ नदेख्ने ?

– परियोजनाहरू निरीक्षण गर्न नेपाल एक्लै जाँदा डर हुने भेर दक्खिनको दूतावासलाई साथ लाने विचार गर्नुभा'को रछ । अनि दोस्रो, नेपालमा संविधान संशोधन गर्छु त भन्ने गरेकै कुरा र'छ । तेस्रो बुँदा, अरू राष्ट्रमा जाँदा नि नेपाल एक्लै होला, हराउला भनेर दक्खिनेसँगै जाने मेसो बनाका र'छन् । यी तीन बुँदा देशका लागि ल्याकै हुन् नि ! यसैलाई गर्न नहुने काम गरे भनेर बस्नै देनन् । ल हेर्नोस् त, गर्न नहुने काम गऱ्या हो त ? बुझ्नुभो नि ?

– हाम्रा प्रधानमन्त्रीको आनीबानी यो धोतीप्रसादलाई जति एमालेलाई था छैन । बुँदामा सही गर्दैमा के बिग्रेको छ ? उनले सही गऱ्या जति बुँदाहरू के नै काममा आ'का छन् र ! जाबो सही गरेको कुरालाई देशभर पुग्ने गरी प्रधानमन्त्रीको भाउ घटाउन खोज्या हो कि ? खोइ, मैले त बुझ्नै पो सकिनँ त !

– नेपाल बिग्रेको कारण नै यही हो । कसैले केही गर्नै हुँदैन । उसको खुट्टा तान्न थालिहाल्छन् । अब अहिले प्रधानमन्त्री चण्डमुण्डले दक्खिनेसँग राम्रो व्यवस्था मिलार आको हुँदा उनको विरोध गर्न थालिहाले । विरोध नि ताइ न तुइको छ । पहिलो कुरो त नियत हेर्नु, क्षमता हेर्नु, मानमनिता कस्ता थे, ती सबै हेरेर, अध्ययन गरेर पो समर्थन र विरोध गर्नुपर्छ त ! खोइ जानेको ? यो प्रधानमन्त्रीको मर्यादा घटाउन खोज्या होला, आफ्नो मर्यादा घटेको पत्तै छैन । नेपाल र भारतको विषयमा उनले जत्तिको सौहार्द्रता कसैले नि कायम गर्न सक्तैन । त्यति

जाने हुन्छ । नेपाललाई सौहार्द्रता भे पुग्छ । अरू कुरा के चाहिया छ र ? चाहिएको छ भारतलाई । नेपालका प्रधानमन्त्री जान्छन् । यसै गरी सौहार्द्रतामा ल्याप्चे लगाउँछन्, आउँछन् । यो नेपालको परम्परा नै हो । हाम्ले प्रधानमन्त्री यत्तिका लागि त बनाउने गऱ्या हौँ नि ! खोइ बुझ्या ?

– त्यत्रो भाउ चर्का'र आका प्रधानमन्त्रीको भाउ घटाउन खोजेकोमा यो धोतीप्रसादको नितान्त आपत्ति छ । ल हेर्नोस् त, उसले उसको कानमा थुतुनो जोरेर, उसले अर्काको कानमा थुतुनो जोरेर उनै प्रधानमन्त्रीको विरोध पो गऱ्या सुनिन्छ त ! होइन, के भा'का नेपाली जनता ! आफ्ना प्रधानमन्त्रीलाई त्यसो गर्न पाइन्छ ? कुनै-कुनै कुरा अलि फरक ढङ्गबाट आको हो भनेर उनैले भनिसकेसि कुरा त बुझ्नुपऱ्यो नि ! काँ जाँदा कुन ढङ्गले कुरा आउँछ, काँ जाँदा कुन ढङ्गले कुरा आउँछ भन्ने कुरा उनलाई के था ! कतै फरक नपरीकन आउँछ, कतै फरक परेर आउँदो र'छ । उनले कुरा हेर्ने हो र ! यत्रो सार्वभौम राष्ट्रका प्रधानमन्त्रीले सूक्ष्म अध्ययन गर्न मिल्छ ? त्यै भेर परराष्ट्र मन्त्रीलाई तीन दिन पहिला पठा'को । त्यही भेर फरक ढङ्गले केही कुरा आको था पाएछन् ।

– धन्य हाम्रा प्रधानमन्त्री ! कसैले विरोध गर्दैमा केही हुनेवाला छैन । तर्क गर्न तपाईं सिपालु हुनुहुन्छ । तपाईंको समर्थन गर्ने यो धोतीप्रसाद छँदैछ । केको चिन्ता ! होइन त ? यही तरिकाले अघि बढे हुन्छ ।

●

# अबचाहिँ केही हुनेवाला छ

– हाम्रा प्रधानमन्त्री चण्डमुण्ड ढुङ्गा खोज्दै दक्खिन पुग्या र'छन् । उनले त त्याँ द्यौता पो फेला पारेछन् । राम्रै दर्शन गरेर आका होलान् हाम्रा प्रधानमन्त्रीले ।
– किन नगर्नु नि ! नेपाल आएसि कत्रो बखान गऱ्या, सुनेनौ ? यो धोतीप्रसाद भने ढुङ्गा खोज्न नि जाँदैन, अनि केको द्यौता पाउनु !
– ठीक हो । आफू परियो कम्युनिस्ट, अनि केको द्यौताको कुरा गर्नु ! ढुङ्गाको नि कुरा गर्न जान्या छैन ।
– होइन धोतीप्रसादजी, हाम्रा प्रधानमन्त्रीले द्यौता त पाए, ढुङ्गाचाहिँ किन खोज्या र'छन् हँ ?
– यो मतिपुराणमा ढुङ्गाको महत्व हाम्रा प्रधानमन्त्रीले मात्र बुझेका छन् । जसतसले बुझ्ने कुरै हैन । प्रधानमन्त्रीबाट खुस्केसि सडकमा ढुङ्गा हान्नुपऱ्यो भने अहिले नै नखोजेर हुन्छ र ?
– त्यो त होला । तर ढुङ्गा खोजी गर्न नि दक्खिन नै जानुपर्ने भेछ ?
– ल हेर । सबै थोकको खोजी गर्न जाने नै त्यहीँ हो । त्याँ किसिम-किसिमका ढुङ्गा पाइन्छन् । त्यसै भेर धेरैजना ढुङ्गा खोज्न त्यहीँ जाने गर्छन् ।
– त्यसो भे हाम्रा प्रधानमन्त्री त झुक्केछन् त यसपालि । खोजी ढुङ्गाको रछ, द्यौता पाएसि दर्शन गरे फर्के । ढुङ्गा ल्याउन त पाएनन् होइ ?
– होइन । द्यौताकै दर्शन पाएसि ढुङ्गाको के कुरा भो र ! कति नेपालीहरू द्यौताको दर्शन गर्न चारधाम जाने चलन छ । तर उनले ढुङ्गा खोज्न गको भनेर हाम्लाई पो भनेका त ! आखिर खोजी त द्यौताकै हो नि ! पाए देउता, दर्शन गरे, फर्के ।
– त्यसो भे शक्ति बढार आ छन् हाम्रा प्रधानमन्त्रीले । अबचाहिँ केही हुन्छ है नेपालमा !

– अँ, केही हुन्छ नेपालमा । २०८० सालको तिहारपछि केही हुन्छ भन्न थाल्या छन् । मधेसी दलहरू नि तिहारपछि केही हुन्छ भन्छन् । पत्याउनैपऱ्यो नि !
– होइन, ती मधेसवादी दल नि ढुङ्गा खोज्न त उतै जाने गर्थे होइन र ?
– हो त नि ! उनीहरूले ढुङ्गा पो खोजे त, द्यौता त पाएनन् नि ! जसतसले द्यौता कहाँ पाउँछन् र ! हाम्रा प्रधानमन्त्री त भाग्यशाली भेर पो द्यौता पा' हुन् नि !
– त्यसो भे हाम्रा प्रधानमन्त्रीले द्यौता खोज्ने प्रयास नि निकै गऱ्या होलान् । सानोतिनो प्रयासले केको द्यौता मिल्नु ?
– लौ हेर । त्यो प्रयास अहिलेदेखिको हो र ! उही बेलादेखिको प्रयास हो क्या ! देखेनौ, उतिखेर नि ढुङ्गा खोज्न लैनचौर लाजिम्पाटतिर रल्लिरहन्थे रे ! उही बेलादेखिकै प्रयास हो क्या ! त्यसै मिल्छ द्यौता !
– लौ, राम्रो कुरा था भो । यो मतिपुराणमा राम्रो राम्रो कुरा आउँछ भन्थे, हो रै'छ ।
– कुरो ढुङ्गो र देउताको मात्र होइन, ह्वाँ दक्खिनेको हातको च्या कम मीठो हुन्छ ? त्यही च्या खाना लागि नि नेपालमा प्रधानमन्त्री हुनेबित्तिकै दक्खिन जाने गऱ्या हुन् । जान्छन्, मुख मीठो पार्छन्, फर्कन्छन् । यो त परम्परा नै बनिसक्या छ ।
– धेरै कुरा गर्नेले दाम राख्न गाका भन्ने गर्छन् । त्यो जत्तिको नीच कुरा केही नि होइन । हाम्रो दुई देशको सेतु बनार आउने प्रधानमन्त्रीलाई जे नि भन्न पाइन्छ ?

●

# मञ्च मात्र कि नेता नि हँ ?

– ढल्यो, ढल्यो, लौ ढल्यो ।
– होइन ए धोतीप्रसाद ! के ढल्यो ? सत्ता ढल्यो कि, सरकार ढल्यो कि, के ढल्यो ?
– के ढल्नु नि, मञ्च ढल्यो । देखेनौ, हाम्ले गणतन्त्र ल्यायौँ भनेर त्यो गौर साइडतिर भाषण गर्न गका नेताहरू बसेको मञ्च नै ढलेछ ।
– मन ढलेका नेताहरू बस्ने मञ्च नढले के ढल्छ त ? सबैको मन ढलिसक्या छ । अनि त्यस्ता नेताहरूको भार थाम्छ त मञ्चले ? त्यसै भर ढल्यो मञ्च ।
– २०४५ सालतिर बर्लिनको पर्खाल ढल्या थ्यो, अहिले ह्याँ मञ्च ढलेछ । के फरक पर्‍यो र ?
– होइन, कार्यकर्ताभन्दा नेता धेरै भेछन् कि के हो ?
– मञ्चमा आधा सयजति नेता बस्या रछन् । अनि त ढलेछ ।
– नेता धेरै होइन, गफ धेरै भो । भाषण धेरै भो । नेतालाई त थाम्न सक्ने गरी मञ्च बनाको हुन्छ । भाषणलाई मञ्च बनाकै हुँदैन । अनि भाषण धेरै गर्न थाल्छन्, मञ्चले थाम्दै थाम्दैन । धन्न मञ्च मात्र ढलेछ । नेपाल नै ढल्न लाग्या बेलामा मञ्च मात्र ढलेछ । नेताहरू नेपाल नै ढाल्ने भाषण गर्न थाल्या छन् । मञ्चले नेताभन्दा भाषण थेग्न नसकेसि यस्तै हो ।
– त्यसो त भाषणमा मात्र नेपाल ढाल्न खोज्या हो र ! कामैले नेपाल ढाल्न लागे भनेर भनिदैछ । सुन्या होइन टुक्केको बोली ? नेपालका प्रधानमन्त्री अहिले कैँची र सलाई बगलीमा हालेर हिँड्या छन् रे । बत्ती बालेर उद्घाटन गर्नुपर्‍या ठाममा सलाई झिकेर बत्ती बाल्ने, रिबन काटेर उद्घाटन गर्ने ठाममा कैँची झिकेर रिबन काट्ने गर्छन् रे ! यस्ता सजिला प्रधानमन्त्री पाको बखत भाषण त हुनैपर्‍यो नि ! अनि त्यस्ता भाषणले सकेसम्म

अरूलाई ढाल्छन् । सके ढाल्छन्, नसके मञ्च ढलेजस्तो आफैँ ढल्छन् । अहिले मञ्च ढल्या ठाममा नेता ढलेनन् होला त ?

– काँ'को नढल्नु नि ! नेता नि ढले । ह्वाँ खुट्टै भाँच्या छ भन्छन् । सहानुभूति दिन जानुपऱ्या थ्यो । फुर्सद नै छैन । आफ्नो धोती समाल्नु कि सहानुभूति दिन जानु ! यस्तै छ ।

– होइन धोतीप्रसादजी ! मञ्च ढल्यो, नेता ढले । अनि नेपाल ढल्यो भने नेता ढल्दैनन् त ?

– यो मतिपुराण नि अचम्मको छ । लौ सुन्नुहोस् ! नेता त अहिले नै ढल्यासर छन् । कहिले हो र नढलेका ? ढलेरै बस्या छन्, ढल्नै रुचाउँछन् । ढल्नै नढलेका भे, ढल्ने विचार नबोकेका भे नेपाल दह्रो भर उभिन्थ्यो । नेपाल दह्रो भर उभिन नसकेको कारण नै यही हो । नेता त यसै-उसै ढलेका छन् । हुँदाहुँदा उनीहरू भाषण गर्ने मञ्च नै ढल्न थाल्यो र पो नेपालीलाई चिन्ता लाग्न थाल्यो । यसरी मञ्च ढल्न थालेसि अब नेताले काँ बसेर भाषण गर्लान् ? अहिलेको चिन्ता यही नै हो ।

– लौ, त्यसै हो भने पशुपतिनाथसँग प्रार्थना गरौँ – मञ्च नढलोस् । मञ्च ढल्ने गरी खचाखच मञ्चमा बस्ने मति नेताहरूमा हटेर जाओस् ।

– हुन त यो धोतीप्रसादले पैलादेखि नै भन्दै आको हो कथंकदाचित मञ्च ढले नि मन ढाल्ने काम नगर्नु । तर अहिले नेताहरूले यो धोतीप्रसादको भनाइलाई ख्याल गरेर सबैजना एकै भाको देखाउन खोज्या होला । काँ छेउ मिलेछन्, मञ्च ढलिहाल्यो । यो नेताहरूका लागि अपसगुन नि हो । यो अपसगुनको प्रभाव तुरुन्तै देखिँदैन । यो प्रभाव त बिस्तारै देखिन्छ । हेर्दै जाऊँ, अपसगुनको प्रभाव अवश्य देखिन्छ । नेतामा यो ख्याल नै छैन ।

•

# झोलामा खोला हाल्ने दिन गए

– हाम्रा प्रधानमन्त्री चण्डमुण्डले यूएईमा गर दक्षिण एसिया नै झलमल्ल पार्ने योजना छरेर आको देख्दा यो धोतीप्रसादलाई नहाँसी बस्नै मन लागेन। नेपालको ऊर्जाले संसार पिट्ने भो अब। तर के गर्नु र, लगानी गर्ने नभर खोज्न गा'का हाम्रा प्रधानमन्त्रीले लगानी गर्ने मान्छे पाए कि पाएनन्, त्यो भने खुलाउन सकेनन्।

– हाम्रो राष्ट्रको विकास नै पानी बगेजस्तो बग्या छ। नेताका दिमाग त्यस्तै बग्या छन्। के गर्नु र, कसरी नेपालको विकास हुन्छ भन्ने चिन्तामा दौडादौड छ बिचरा। नत्र ऊर्जामन्त्री गा भे हुन्थ्यो। प्रधानमन्त्री नै गएमा लगानीकर्ता तुरुन्तै तयार भर हात उठाउँछन् भन्ने होला, अनि उनी आफैँसमेत हुइँकिए। केही छैन, फ्रेस हुन नि पाए। अबचाहिँ केही हुनेवाला छ।

– नेपालमा उत्पादन गरेको ऊर्जा नेपालमा मात्र खपत गर्ने भन्या भे कोही नि लगानी गर्न आउने थेनन्। दक्षिण एसियाभर पुग्ने उत्पादन भनेसि को नआउला र ! त्यति मात्र हो र, शतप्रतिशत मुनाफा दिने वचन नि दिनुभको छ। फेरि हाम्रा प्रधानमन्त्रीले बोलेसि नहुने केही छैन भन्ने त विश्वले बुझेका छन् नि ! त्यसकारण अब नेपालको ऊर्जामा भारतको मात्र मुख ताक्नुनपर्ने भो।

– धन्न हाम्रा प्रधानमन्त्रीलाई अरूले जस्तो त्याँका लगानीकर्ताले भन्न भ्याएनछन्। केही पहिला यसै गरी नेपालमा उद्योग खोल्न सबै देशका राजदूतलाई लगानीकर्ताको जोहोमा जमघट गर्दा राजनीतिक स्थायित्व गर, त्यसपछि उद्योग खोल्नेको लर्को लाग्छन् भन्या थे। त्यो कुराचाहिँ त्याँ भेनछ।

– होइन, मान्छे नि अचम्मका हुन्छन् भन्थे, हो रे'छ। उद्योग खोल्न राजनीति किन चाइया होला ? अचम्म छ। प्रधानमन्त्रीले

भनिसकेसि आउनु, धमाधम खोल्नु नि ! अब हेर न, यूएईबाट ऊर्जामा लगानी गर्नेको लर्को थामेर थाम्नै सकिँदैन। कति आउँछन् कति ? अथा छ। काँ-काँ उत्पादन हुने थलो, त्यो बाँडफाँड गर्दैमा नेपाल फजित हुनेवाला छ। अब त ऊर्जामन्त्री मात्र सातजना बनाउँदा नि काम भ्याइनभ्याइ हुन बेर छैन। प्रधानमन्त्रीले छुट्टै भन्ने अनि ऊर्जामन्त्रीले भनेर आउने छुट्टै। कति आउने हुन्, हिसाबै छैन।

– नेपाल बनाउने भन्दै त्यसै आ'का हुन् र हाम्रा नेता ! कति दूरदर्शी र'छन् हाम्रा प्रधानमन्त्री ! त्यसरी बुझे कुरो मिल्न आउँछ। सबैले भन्थे हल्ला मात्र गर्छन् भनेर। अब हुने ऊर्जा विकास देखेर सबै दङ्ग पर्छन्। बल्ल था पाउने भे हाम्रा प्रधानमन्त्रीको खुबी।

– हाम्रा प्रधानमन्त्रीको खुबी भनिसाध्य नै छैन नि ! अझ ती लामा पक्राउ परेको देशतिर जाने काम पऱ्यो भने त हाम्रा प्रधानमन्त्रीले त्याँबाट नेपालमा लगानी गर्ने मान्छे कति खोज्थे-खोज्थे ! के गर्नु र, नेपालको दुर्भाग्य, हाम्रा प्रधानमन्त्रीको त्यता जाने कामै परेन। नत्र नेपालीले था पाउँथे !

– होइन, युएई एउटै छ नि त ! उनीहरू आएसि उनीहरूको योजना अनुसार काम दिन सके त्यो नै ठूलो कुरो हो। अरू देशमा जानैपरेन। एउटै क्षेत्रले धान पुग्ने भेसि किन लामाको गन्तव्यतिर जानु ? होइन र भन्या !

– कुरो त यसो नि हो। युएई नेपालमा विद्युत उत्पादन गर्न आएन भने त्यता गएर नि लगानीकर्ता त ल्याउनैपऱ्यो। गाह्रो छ हाम्रा प्रधानमन्त्रीलाई। लगानीकर्ता ल्याउनेमा सोचविचार गर्दैमा प्रधानमन्त्रीको कपाल फुलिसक्या छ, हेर त !

●

# सजिलो साधन आज्ञा होस् !

हे अगस्त्य मुनि ! यो मर्त्यलोकको पुण्यभूमिमा आ-आफ्नो गृहस्थ जीवनप्रति तल्लीन रहेर तपस्या गर्दै आका तपस्वीहरू एकाएक बिचल्लीमा पर्न थाले । देवता र दानवहरूको सङ्ग्रामपछि पाताल लोकमा रहेका दानवहरू एकाएक प्रकट भेर अनेकौं दुःख दिएसि त्राहिमाम बनेका तपस्वीहरूको भागाभाग हुन थाल्यो । हाहाकार मच्चियो । राजाको संहार गरे, । राज्य ध्वस्त भएसि सबै थिति लाग्छ भन्ने कुरामा सहमत भेर बसे नि ती तपस्वीहरूमा शान्ति छाउन सकेन । एउटा राज्य नष्ट भो, अरू अनेकौं राज्य खडा गर्न थाले । एउटा राजा लखेटे, अरू धेरै राजाहरू देखापरे । रक्तबीज प्रकट भेसरह हुन थाल्यो । ती गृहस्थ तपस्वीहरूलाई धेरै राजाका धेरै कुरा, धेरै प्रतिबद्धता र एकपछि अर्को सुव्यवस्थाको कुरा गर्दै, भ्रम छर्दै उनीहरूको तपस्यामा बाधा पुऱ्याउन छाडिएन । सबै कुरामा लुटिएका ती तपस्वीहरू बोल्न नसक्ने भेर रहनुपऱ्यो । यो अन्यायबाट पार पाउने उपाय तपस्वीहरूमा केही रहेन । सबै कुरामा नाङ्गो भेर लाचार जीवन बिताउँदै मर्त्यमण्डलमा त्वम् शरणम् भन्दै उनै श्री पशुपतिनाथसँग शरणागत भेर रहे ।

हे अगस्त्य मुनि ! अब तिमीलाई के सुन्नाको इच्छा छ भन भनी कुमारजी आज्ञा गर्नुहुन्छ । प्रभु ! मतिपुराणको सारसङ्क्षेप वर्णन गरियोस् भनी अगस्त्य मुनि भन्नुहुन्छ ।

गौतम बुद्ध जन्मेको यो भूमि सत्ययुगमै महादेव स्वामी पाउन पार्वतीले तपस्या गरेको थलो मानिएको छ । त्रेतायुगमा सीताको जन्मले हर्षित जनता रावणको सीताहरणबाट त्यति नै विचलित हुन पुगे । उता द्रौपदीको चिरहरणले कुरुक्षेत्रको जन्म भो । द्वापरयुगमा श्रीकृष्णको जन्मलीलाले एउटा सत्य र निष्ठालाई बचाको वर्णन छ । आखिर यो धर्तीमा जन्मेसि श्रीकृष्णले समेत मर्नुपरेको थ्यो । ठूला कहलिएका रत्नाकर डाकासमेत यो धर्तीमा वाल्मीकि ऋषि बन्न

पुगे । रावणजस्ता पराक्रमीलाई काखी च्यापेर पृथ्वीको तीन फन्को मार्ने बलशाली बालिलाई श्रीरामले लुकेर मार्नुपऱ्यो । किनभने बालिको अगाडि युद्ध गर्दा आधा आफ्नो बल स्वतः बालिमा जाने वरदान पाको थ्यो । अन्याय नाश गर्न बालिको मृत्यु नै श्रीरामलाई पहिलो अनिवार्य सर्त थ्यो । यसरी युगौँदेखि सत्यलाई जोगाउन गरिएका कार्य बुझेका यो मर्त्यमण्डलका जनता रत्नाकर वाल्मीकि बनेजस्तै बन्ला कि भन्ने आशामा भगवान्को पुकारा गरी शरणमा परेको वर्णन छ ।

हे अगत्स्य मुनि ! अब म तिमीलाई मर्त्यलोकको अर्को कथा सुनाउँछु । एकचित्त भई सुन ।

स्वर्गीय सुखभोग समाप्त भएसि मानवको जन्म हुने यो लोक अति पुण्यभूमि हो । ह्याँ कर्म गर्नाले सबै लोकमा जाने बाटो खुल्नेछ । ह्याँ जन्मेसि मर्नुपर्छ भन्ने एक मात्र सत्य हो । त्यो नबुझ्दा ह्याँ लोभ, पापको कर्म गरेर अरूलाई दुःख देर आफू सुख कमाउन खोज्छन् । अन्त्यमा त्यो नि सुख होइन । जन्मेसि मर्नुपर्छ भन्ने जान्ने र मर्दा पाप र पुण्यबाहेक केही लान पाइँदैन भन्ने मात्र सम्झे नि पापकर्मबाट जोगिन सकिन्छ । सबैमा उद्धार हुने कर्म त्यही नै हो ।

यस्तो शाश्वत सत्यलाई मिचेर दुःख दिने काममा कोही नि नलागून् भन्ने छ । तर नि मानवमा चेतना पाइँदैन । यो पृथ्वीको उत्पत्तिदेखि नै चल्दै आको भनाइले अझै नि मान्यता पाउन नसकेसि ब्रह्मादि देवताहरू नि दिक्क हुन थालेका छन् ।

उता मानव उद्धारमा लागेका नारद मुनि वीणा बजाउँदै भगवान्सँग बिन्ती गर्छन् - यो कलियुगमा कसरी तर्ने, सजिलो साधन आज्ञा होस् !

उति बेला हिरण्यकश्यपुले जमिनलाई आदेश दिएसि जे भन्यो त्यही उब्जाइदिनुपर्ने, त्यति बेलाको खेतीका बारे त्यस्तो वर्णन गरेको छ । त्यसै भेर होला अहिलेका शक्तिवालाहरूले नि वनजङ्गल, बाँझोकुँजो केही नभनी पैसा उब्जाउन थाले । तर मर्दा पैसा सँगै जाँदैन भन्ने त्यस्ता खेतीवाललाई नि लागेर होला, त्यसरी उब्जाको

पैसा चलनचल्ती गर्न अर्कैलाई दिने गरेका छन् भन्ने यो मर्त्यलोकमा चर्चा छ । ह्याँको बाँझोकुँजो हराभरा गर्न जान्नेले अरूका लागि किन पैसा फलाका होलान् ? अहिले नारदको चिन्ता त्यसैमा छ ।

नारदको यस्तो चिन्ता देखेर भगवान् नारायणबाट आज्ञा भो – हे नारद ! यो कलियुगमा काँचो र पाको मानवलाई दुईवटा मन्त्र जप्न लगाइद्यौ भने उनीहरू तर्नेछन् । अहिलेका पाखण्डीलाई 'मरा' जप्न लगाऊ र पाको मानवलाई राम जप्न लगाऊ भन्ने भेछ ।

त्यही मन्त्र जपाउने र मानव मात्रलाई तरणतारणमा लगाउने भन्दै नारद मर्त्यलोकमा ओर्लंदा पहिला अम्रिगानेकाँ पुगेछन् ।

त्याँ कसले राम जपोस् । नारद दिक्क भेर सयर गर्दै गर्दा हिमवतखण्ड नेपाल आइपुगेछन् । ह्याँको व्यवहार, ह्याँका ठूलाबडा, ह्याँका धनीमानी सबैको आमदानी अदृश्य देखेर नारद दिक्क हुँदै ठिक्कको कुरा गर्न लाग्दा कसैले पत्यानन् । पछि त अम्रिगानेबाट आको भनेसि सबैले स्वागत गर्न थाले । यस्तो देखेर ह्याँको मानव कल्याण आफूबाट सम्भव नहुने भन्दै उनकै लोकमा फिर्ता भे भन्नेसम्म मतिपुराणको भाइ टुपीपुराणमा वर्णन छ ।

●

# खनखने भाइरसको साइड इफेक्ट मोतिविन्दु

– लौ हेर, सबैको आँखामा मोतीविन्दु भछ । यो राम्रो लक्षण होइन । उता कोरोना भाइरस लागेर विश्व ध्वस्त हुन लाग्या बेला नेपालमा भने सबका सबमा मोतीविन्दुले बर्बाद गर्न लाग्या र'छ ।
– हाम्रा स्वास्थ्यमन्त्रीले देखिहालेछन् र मात्र हो, नत्र मोतीविन्दुले टाउको ठाडो पारिसक्या र'छ । धन्न हो ! स्वास्थ्यमन्त्री भन्या ठूला हुन्छन् भन्थे, हो र'छ । उनले नदेखेका भे अहिले नागरिकको बेहाल हुन्थ्यो । सबैलाई सरकारले डोऱ्यार हिँड्नुपर्थ्यो । अनि त खर्चमा खर्च । नेपालले धान्नै सक्ने थे'न । हाम्रो टुक्के मन्त्रिमण्डलमा होनहारकै व्यक्तिलाई स्वास्थ्यमन्त्री चयन गऱ्या र'छ, मान्नुपर्छ । यत्रा नागरिकका आँखामा मोतीविन्दु भको सिंहदरबारबाटै देख्ने, अचम्म होइन त ?
– अचम्मको कुराभन्दा नि उनको पढाइ नै त्यस्तै हो । आफ्नो विषय अनुसारको पढाइबाट ठ्याक्कै के भा'को छ भनेर पत्ता लाग्छ रे क्या ! नत्र अरूले नि त नागरिकको आँखामा मोतीविन्दु भको देख्थे होलान् ! अरूले नदेख्ने उनैले मात्र देख्ने भेसि केही त उनमा छ भन्न मिल्छ नि !
– कुरो त्यसो नि हुन सक्छ नि ! जसको आँखामा मोतीविन्दु भको छ, उसले सबैलाई मोतीविन्दु भको देख्छ । किनभने उसको आँखा नै दोषी छ भने सबैमा दोष देख्नु नाजायज होइन नि !
– बुङ्गेको कुरा मिलेन । कुरा त्यस्तो होइन । मन्त्री भनेको मन्त्री हो नि । उनीहरूलाई रोग नै लाग्दैन । त्यसमाथि नि स्वास्थ्यमन्त्री उनको पद सुन्नासाथ रोग आफैँ भाग्छ । नत्र अहिले सबभन्दा पहिले कोरोना भाइरस उनैलाई लाग्नुपर्थ्यो, लाग्दैन । किनभने त्यो भाइरसलाई ठीक-ठेगान लगाउन उनकै मातहतबाट औषधि खरिद गरिन्छ । त्यति कुरा भाइरसलाई नि त था छ नि हो !

– एउटा कुरा के हो भने भाइरस थरिथरिका हुन्छन् । कोरोना भाइरसको उपचारका लागि खरिद-बिक्री सम्बन्धी मामलामा तलमाथि हुँदा कोरोना भाइरस लाग्दैन । त्याँ अरूखाले भाइरस लाग्ने गर्छ । अरूखाले भाइरस भनेको विभिन्न खालका हुन्छन् । तिनै विभिन्नखाले भाइरसमध्येको एकखाले भाइरस हो खनखने भाइरस । जति गरे नि यो भाइरसले स्वास्थ्यमन्त्रीलाई छोड्दै छोडेन भन्या ! यो खनखने भाइरसले त स्वास्थ्यमन्त्रीको पाइला पछ्याको छ छ । संसारबाट स्वास्थ्यमन्त्रीलाई भाइरसले छोपेको देखेर कराउन थालिसके । उता स्वास्थ्यमन्त्री भने कराउनेहरू सबैलाई मोतीविन्दु भाको भनेर जवाफ दिँदैछन् । लाज नभेसि यस्तै रछ, के गर्नु !

– होइन, यो स्वास्थ्यमा मात्र खनखने भाइरस किन लाग्या हो ? अरू क्षेत्रमा नि भाइरस लागे पो उपचार विधि र औषधिमुलो बढ्न थाल्छ । उपचार विधि बढ्यो भने जनता स्वस्थ हुन्छन् । मोतीविन्दु हट्ने थ्यो ।

– अरू क्षेत्र नि कुन क्षेत्र बाँकी छन् ? भाइरसले सबै क्षेत्रलाई छोको छ । धेरथोर मात्रामा मात्र फरक हो । बाँकी केही छैन । अहिले स्वास्थ्यमन्त्रीले मोतीविन्दु देख्या भा भेर स्वास्थ्यमै धेरै हो कि भन्ने लाग्यो हो ।

– तर जनतामा लागेको मोतीविन्दु हटाउन धेरै ठूलो तामझाम गर्नैंनपर्ने रछ । स्वास्थ्यमन्त्रीको मोतीविन्दु हटाएसि सब ठीक हुने कुरो पत्ता लाग्या छ । उनको मोतीविन्दु हटाउने मान्छे नपार मात्र उनले रोग पाल्नुपऱ्या रछ । के गर्नु, यत्रो गणतन्त्रमा मन्त्रीकै उपचार हुँदैन भने जनताको उपचारको त कुरै नगरौं ।

•

# यसपालि जात्रा देखाउने पालो सरकारको

यो वर्ष कोभिड – १९ ले गर्दा जनताले गाईजात्रा मनाउन पानन् । सत्तारूढ दल नेकपाले नै धुमधामसँग गाईजात्रा मनायो । अघिपछि जनताले मात्र गाईजात्रा मनाउने भर होला, जात्राको महत्त्व त्यति उत्कर्षमा पुगेको पाइँदैनथ्यो । जात्रा त जनताले भन्दा सरकार पक्षले मनाको ज्यादै राम्रो । यसपालि धेरै वर्षपछि सरकारले निकालेको गाईजात्रा हेर्न पार होला, जनता आनन्दित छन् । सुख-समृद्धि प्राप्त गरेसरहको आनन्द जनतामा मिलेको छ । रेल र पानीजहाज चढेभन्दा बढी आनन्द प्राप्त भको छ ।

जात्रा राम्रो हुन बाजागाजा राम्रो हुनुपर्छ भन्थे, हो र'छ । सरकारमा भका, नभका इतरपक्ष सबैजना बाजा बजाउनेमा पारङ्गत र'छन् । प्रधानमन्त्रीले बजा'को बाँसुरी अनि अरूले बजाका सारङ्गी र मादलहरूले जात्राको रौनक नै अकास्सेको थ्यो । गाईजात्राभन्दा पहिलेदेखि रिहर्सल गरेको जात्रा किन राम्रो नहुनु ! हुन नि प्रधानमन्त्रीको गाइने शैली कति मजाको ! उनको सुरिलो आवाज सुनेसि स्टेजमा नाच्न निस्केका बहुरूपीहरू कहिले कुन भित्ता कहिले कुन भित्तामा ठोकिन पुग्थे । रमाइलो त त्यो पो ! त्यति मात्र हो र, गाईजात्रामा हानेका टुक्केको व्यङ्ग्यले त्यहाँका वरिष्ठहरू थला पर्थे र रिसले मुर्मुरिन्थे । गर्न केही सक्ने होइन । हेर्दाहेर्दै त्याँका सबै वरिष्ठहरूको नाच सुरु भो ।

जवाफ त कति-कति ! हाते जवाफ त थेन है ! जे चलाए नि गाईजात्रामा चलाउनुपर्छ भन्थे । त्यसै भर होला, मुखे जवाफ राम्रैसँग चलेको थ्यो । त्यति मात्र हो र, प्रतिद्वन्द्वीहरूले एउटा खुट्टा उचालेर नाच्यो भने हाम्रा प्रधानमन्त्री दुवै खुट्टा उचालेर नाच्थे । हाम्रा प्रधानमन्त्रीलाई नाचमा नि कसैले भ्याउन सकेनन् । यस्तो प्रतियोगिता त जनताको गाईजात्रामा काँ पाउनु ! हद्द भे त्यही कमलादीको बुढो घरमा सबैलाई निम्तो गर्थे र सिस्नुपानी लगाउँथे

भन्ने छ । त्यो सिस्नुपानी त बुढो छालामा केही न केही ! जे होस्, नेकपाले निकालेको गाईजात्रा एउटा ऐतिहासिक नै थ्यो । कृष्णाष्टमीसम्म जनताले खुब हेरे गाईजात्रा ।

गाईजात्रा मात्र होइन, यो कोरोनाले गर्दा जनताले तीज मान्न नि नपाउने भे । तीजमा जनताका रमझम आफ्नै प्रकारका हुन्थे । खानपिन त्यस्तै हुन्थे । के गर्नु !

यसैबीच हाम्रो बुङ्गे हस्याङफस्याङ गर्दै आयो र भन्न थाल्यो – अब जनताले खाने जमाना गए । यसपालि त तीज नि सरकारले नै मनाउने भेछ । सरकारले मनाको तीज कति राम्रो, हेर्नोस् । अस्ति-अस्ति कति रमाइलो भा’को । भैंसेपाटी, खुमलटार, कोटेश्वर, सिंहदरबार, बालुवाटार, ठाउँठाउँमा पटकपटक तीजको प्रोग्राम राम्रैसँग चलेको देख्यो । नाचगान त हेरिरौँ जस्तै थे । गीत त्यस्तै, दोहोरी त्यस्तै, क्या गजबको नाचगान ! सरकारले मनाको तीज पो तीज भनेर बयान नै रह्‍यो ।

सरकारले मनाको सबै चीज राम्रो हुन्छ । जे गर्नुपर्छ, उसले पहिले नै व्यवस्था मिलार गरेको हुन्छ । यो तीज नि ६-७ जनाको आयोजक कमिटी नै गठन गरेर मनाको हो नि ! कमिटीमा बालुवाटार निलेको, कहिले उखाने त कहिले झोलीसँग मिलेको भन्ने ठूलै हाइफाइ थ्यो । त्यसै भर जनताको झल्लरी तीजभन्दा सरकारको तीज कति राम्रो कति, भनेर साध्य नै छैन ।

नाचगान गरेर तीज जसले मनाउँछ, खानपिन नि उसैले गर्छ । यो परम्परा नै हो । त्यसै भर सरकारले जति राम्रो कार्यक्रम गर्‍यो, त्यसको सयौँ गुणा बढी खानपिन नि उसैले गरेको छ । यो उपत्यकाबाहिर र योचाहिँ उपत्यकाभित्र भनेर भन्नैनपर्ने । सबैतिर खानपिनमा जुहारी नै चलेको छ ।

जे होस्, जात्रा, नाचगान र तीजका कार्यक्रम हेर्नसम्म हेरियो । सरकारले खाको नि देखियो । जनताले हेर्ने हो, हेरेसि देख्ने, देखियो । तपाईंले नि देख्नुभो कि नाइँ ?

●

# अर्थ न बर्थ गोविन्द गाई

- नेकपाभित्र नौ महिनादेखि चल्दै आको रत्यौली भदौ ५ गतेदेखि साम्य भा'को छ । नेकपाका अध्यक्ष दुवैजनालाई कार्यदलले प्रतिवेदन बुझाएसि साम्य भा'को हो । अब अध्यक्षहरूलाई बोर लाग्यो भने त्यही कार्यदलले तयार पारेर देको प्रतिवेदन झिक्छन्, पढ्छन् र राख्छन् । यही क्रम चल्या छ अहिले त्याँ । बोरको औषधि नि भाको छ प्रतिवेदन । अध्यक्षहरूलाई चित्तबुझ्दो छ नि प्रतिवेदन ?
- अध्यक्ष मात्र कहाँ हो र, वरिष्ठ नेतादेखि कनिष्ठ कार्यकर्तासम्मलाई चित्त बुझ्या छ । यस्तो प्रतिवेदन बनाउन सक्ने पो नेता त ! नेकपा भन्या नेकपा नै हो ।
- भदौ ५ गते प्रतिवेदन बुझाउँदै महासचिवले भन्या कुरामा यो बुङ्गेको पूरा समर्थन छ । त्यतिखेर महासचिवले नेकपाको अस्थिरतामा रोटी सेकार बाँच्नेहरूलाई प्रतिवेदन ठूलो झापड भा'को भन्थे, हो र'छ । अहिले जताततै झापडै मात्र देखापर्‍या छ । किन यस्तो भा'को भन्या त रोटी सेकार खानेलाई झापट आ'को र'छ ।
- यो त ठीक हो, अर्काको पार्टीमा रोटी सेकार खानेलाई यस्तै हुन्छ । रोटी सेकार खानेले आफ्नै पार्टीमा सेकार खानु नि ! त्यसो भेसि कसैको झापट नि आउँदैन । हेर्नोस् त, ती महासचिवलाई सोधे हुन्छ । त्यो बालुवाटार जग्गामा रोटी सेकार खाँदा कसैको झापट आ'को थ्यो त ?
- थेन नि ! त्यसै भर रोटी सेकार खानेले आफ्नै पार्टीभित्र सेकार खानु भन्या हो । महासचिवको कम राम्रो कुरा हो र ! हुन त महासचिव हुन नि चानचुने बुद्धिले कहाँ पुग्छ र ! खोपडी धेरै भरिएको व्यक्ति हुनुपर्छ । त्यतिले मात्र अझ पुग्दैन । लिन नि

सक्ने र फिर्ता दिन नि सक्ने त्यस्तो उदार व्यक्ति नेपालमा को छ ? भनेर सोध्यो भने उनैको नाम अगाडि आउँछ ।

– अगाडि नाम आउनलाई काम राम्रो हुनुपर्छ, बुद्धि होनहारकै हुनुपर्छ । अनि मात्र अगाडि नाम आउँछ । जसको पायो त्यसको नाम अगाडि आउने भे पानीट्याङ्कीभित्र नोट कोचेर राख्नेको नाम अगाडि आउँथ्यो नि ! खोइ, उनको नाम कहिल्यै सुन्या होइन ! नोट मात्र कोचेर के गर्नु, बुद्धि कोच्न सक्या भे उनको नि नाम अगाडि नै आउँथ्यो ।

– यो भो प्रतिवेदन मेकरको खुबीलिटी ।

– त्यसो त पार्टीभित्र अस्थिरता कसले ल्याछ कुन्नि ! काङ्ग्रेसले ल्याइदेछ कि भनौँ भने उसको पार्टीभित्र त्यस्तै दशा देखिन्छ । अरू भारेभुरे पार्टीहरूले ल्याइदेको भनौँ भने नि नेकपालाई छुने कसले ? त्यसकारण यो अस्थिरता जसले देख्छ, उसैले ल्याइदे'को हुनुपर्छ भन्ने यो बुङ्गेको ठोकुवा छ । किनभने रोटी सेक्ने कुरामा पारङ्गत भा'काले नै अस्थिरता ल्याउँछन् । अरूलाई केको टाउको दुख्या छ र अर्काको पार्टीमा अस्थिरता ल्याओस् ! जे होस्, बोलीचाहिँ क्या मीठो होइ ? बोली मीठो भर नै महासचिव बन्या हुनुपर्छ । बोलीबाटै झर्रो कम्युनिस्ट भन्ने सहजै बुझ्न सकिन्छ । यस्ता धेरै दिग्गज छन् त्याँ । प्रमको बोलीले नि दिग्गज भन्ने कुरा प्रस्ट पार्छ ।

– खाँटी कुरो त बाँकी नै छ । रोदी, दोहोरी, रत्यौलीजस्ता कार्यक्रममा एउटाले जित्ने, एउटाले हार्ने हुन्छ । अहिले दुई अध्यक्षमा कसले जिते, कसले हारे, था नै भेन ।

– यो प्रतिवेदनले हार र जीतको छिनोफानो गर्दैन । यो त प्रतिवेदन पढ्नेले आफैँ महसुस गर्ने कुरा हो । मैले जितेँ भनेर पढ्यो भने जितेकै देखिन्छ, हारेको सम्झेर पढ्यो भने हारेको देखिन्छ । पढ्नेमा निर्भर गर्छ । त्याँका अध्यक्षहरू दिग्गज छन् । उनीहरू आफू हार्न चाँदैनन् । त्यसकारण दुवैले जित्या छन् । कुरो अध्यक्षको मात्र होइन, वरिष्ठ नेताले जिते कि हारे ?

– वरिष्ठको नाम हारजीतमा आउँदैन । उनीहरू त लोली मिलाइदिने, थपडी मार्ने अनि आवश्यक पर्दा सिट्ठी बजाइदिने मात्र हुन् । त्यसकारण उनीहरूको नाम त्यति सस्तो तरिकाले आउने-जाने गर्दैन । उनीहरू भनेका बुद्धिका ढिका हुन् । चट्टान भेर बस्छन् । दौडादौड गर्दै हिँड्दैनन् । राजदूतहरू उनीहरूकै निवासमा भेट्न पुग्छन् । वरिष्ठ भनेका वरिष्ठ नै हुन् । उनीहरूको भेशभूषा, बोलीचाली, नाचगान सबै वरिष्ठखाले हुन्छन्, त्यति नि था छैन ? त्यसो हो भने प्रतिवेदनले जितेको भन्न मिल्छ त ?

– कसै न कसैले जित्नैपऱ्यो, होइन र ?

– हो पनि, होइन नि । प्रतिवेदनले जितेको मुद्दा तामेलीमा जान्छ । अहिले तामेलीमा नि गा'को छैन । तामेलीमा गएसि कुनै एक अध्यक्षले आफूले हारेको महसुस गर्दै पढेका बेला हारेको देख्छन् र उनी फेरि कराउन थाले भने त्यो मुद्दा प्रतिवेदनले जित्या र'छ भनेर बुझ्नुपर्ने हुन्छ । यो था पाउन केही समय कुर्नैपर्छ । किनभने दुवै अध्यक्षले सँगै बसेर पढेसि निस्कने कुरा हो ।

– कहिले पढ्छन् त सँगै बसेर ?

– पढ्छन् । भरेभोलि नै पढ्छन् । जहिले पढे नि त भो नि !

– 'अर्थ न बर्थ गोविन्द गाई, प्रतिवेदन तयार भा' छ लाज पचाउनलाई' भनेर गीत गाउँदै बुङ्गे नि आफ्नो बाटो लाग्यो ।

– अब बुङ्गे नै नभाको देशमा प्रतिवेदनको कसले कुरा गर्ने ? अहिले पार्टीका अध्यक्ष दुवैमा यही सङ्कट आइपऱ्या छ । त्यसै भेर बोलचाल बन्द भा छ । कुनै दिन फेरि एकपटक बुङ्गेले प्रतिवेदन झिकेर अध्यक्षद्वयलाई पढ्न आग्रह गर्ने हाम्ले ठान्या छौँ ।

●

# यस्तो भिजन पो भिजन त !

– होइन हौ, हामदेव गौतम त माननीय बनेर राष्ट्रिय सभामा आउने भा' छन् नि ?
– को हामदेव हँ ? उनै २२ पल्टसम्म आश्वासनको गुलियोमा रमाउने हामदेव हुन् कि क्या हो ?
– हो नि ! उनी नभए नेकपामा भ्वाङ नै पर्ने भो भनेर कत्तिको रुवावासी थ्यो । अब त ठ्याक्कै रोक्यो । हामदेव नि अचम्मका चटकी रछन् । उति बेला नेकपा एमाले फुट्दा उनी मैनाली एन्ड कम्पनीमा लागेका थे । यता टुँडिखेलमा भाषण गरेर नेपाल एन्ड कम्पनीले उनको उछित्तो नै काढे । गृहमा छँदा नेपालदेखि भारत सीमासम्मै तस्करको लस्कर लगार भ्रष्टाचार गरे भनेर कम्पनी नै उर्लेको थ्यो । उता हामदेवलाई त्यति गाली खाएसि विचार फिरेछ र उनी फरक्कै फर्केर नेकपा एमालेमा छिरे । अनि त उनको काम नै चुनाव लड्ने र हार्ने । चुनाव लड्ने र हार्ने । यो नि उनका लागि एउटा आनन्दकै बात थ्यो ।
– एकपटक उनलाई के लहड लागेछ कुन्नि, प्रधानमन्त्री बन्नुपर्‍यो भनेर नेपाल एन्ड कम्पनीमा कुरो हालेछन् । यो बुङ्गेले था पाइहाल्यो । लौ बनाउने भनेर लागे । यसरी तान्ने, यसरी हान्ने, यसरी घुमाउने, यसरी छेक्ने, यसरी टेक्ने, यसरी बोक्ने, यसरी रोक्ने भन्दै सबै लागे । तर सबै कुरा यही बुङ्गेको हातमा थ्यो । बुङ्गे नि के कम ! चुपो लागेर धेरै कुरा भ्याइसकेसि अब प्रधानमन्त्री होइन सभासदचाहिँ बनाइदिनैपर्‍यो भनेर लाग्यो र सभासद हुने भा' छन् भन्थे ।
– नेपालमा दिग्गजका कुरा था नै हुँदैन । त्याँमाथि नि हामदेवजस्ता दिग्गज व्यक्तिको कुरा के था ! चुनाव हारेर त प्रधानमन्त्री बन्ने इच्छा राख्छन् र उनको इच्छालाई नेकपाले

स्वागत गरेजस्तो गर्छ भने चुनाव जितेका भे हालका टुक्के प्रधानमन्त्री हुने दर्जामा रहेनछन् । हाम्ले बुझ्ने यही नै हो ।

– अहिले सुन्नमा आ' छ उनीमा नेपाल बनाउने भिजन छ रे । उनैले भनेका हुन्, हाम्लाई के था !

– त्यसो त प्रधानमन्त्री नबनुन्जेल नेपाल बनाउने भिजन सबैमा हुन्छ । ती झल्लुराम खनाल भिजनको त चट्टानै हुन् । त्यसपछिका प्रधानमन्त्री मादल नेपालको भिजन त कति-कति । नेपाललाई चाहिनेभन्दा धेरै भिजन भको को हो ? भनेर भन्यो भने उनैको नाम आउँथ्यो । त्यही भिजन धेरै भर उनीहरू प्रधानमन्त्री बन्या हुन् ।

– ती मोहन अधिकारीसँग त भिजनै थेन । टुक्के प्रधानमन्त्री बन्नुभन्दा पहिले टुक्केको भिजनले नेपाल ढपक्कै ढाकेको थ्यो । अहिले नेपाल धपक्कै बल्या छ उनको भिजनले । भिजन त प्रधानमन्त्री बन्नुभन्दा पहिले यति चम्कँदो रेछ कि कुरा गरेर साध्य नै छैन । टुक्के प्रधानमन्त्री बन्नुभन्दा पहिला नेपालदेखि दक्खिनसम्मै उनको भिजन चम्केको थ्यो । कसैले उल्टो भन्ने नि गर्छन् । दक्खिनदेखि नेपालसम्मै चम्केको थ्यो नि भन्छन् । जे होस्, भिजन न हो, चम्केकै राम्रो ।

– यही सिलसिलामा हेर्ने हो भने हामदेव गौतमको भिजन त मदन भण्डारीको हाराहारीमै छ नि ! उनले भन्नै पर्दैन, चुनाव लडेर जहिले नि हार्ने व्यक्तिसँग भिजन धेरै हुन्छ भन्थे, हो र'छ । उनको नेपाल बनाउने भिजन जताततै छताछुल्ल भर पोखिन थाल्या छ । प्रधानमन्त्री नबनुन्जेल उनको भिजन यस्तै हुन्छ रे क्या ।

– ए, अहिले वर्षातको पानीजस्तो जताततै छताछुल्ल के भको भनेर भन्या त भिजन पो रेछ । यस्तो भिजन भा'का व्यक्ति नेपालले चिन्नै सक्दैन ।

– नेपालले त चिन्या हुन् । अरूले पो चिन्न सकेनन् त ! जे होस्, अब भिजनले कहिलेदेखि काम गर्ने होला ? चाँडै नै काम गर्न

थाले त त्यो मेलम्चीको भ्वाङ चाँडै टालिन्थ्यो कि भन्ने थ्यो, के गर्नु र !

– त्यस्तो होइन क्या, उनको भिजनको पोको जुन बेला पायो, त्यही बेला फुकाउने हो र ! त्यो त प्रधानमन्त्री बनेसि मात्र फुकाउने पोको हो नि । त्यसै भर चाँडै प्रधानमन्त्री बनाउनुपर्‍यो भन्ने भा' छ ।

– त्यसो त संविधान संशोधन गर्नुपर्छ अनि मात्र उनी प्रधानमन्त्री बन्ने बाटो खुल्छ भन्दा र'छन् । अहिले संविधान संशोधन हुनेवाला छैन । किनभने प्रधानमन्त्री टुक्केले उनलाई उपयुक्त समय आएसि मात्र प्रधानमन्त्री बनाउने भन्नुभा' छ । अहिले नै संविधान संशोधन गरेर बाटो बनाइद्यो भने त प्रधानमन्त्रीको कुर्सी नि सुम्पिदे भैगो नि ! त्यसै भर उपयुक्त समय आएसि ती तपसिलका कुरा पूरा हुन्छ भनेर टुक्केले भन्दै आउनुभा' हो ।

– कस्तो अचकल्टो र'छ । खोइ, अरूलाई चाहिंदैमा नपाइने पदको के कुरा गर्नु ! हाम्लाई त अहिले नै प्रधानमन्त्री भैदे हुन्थ्यो, के गर्नु र ! नमिल्ने र'छ । यस्तो नमिल्ने जति हामदेवकै भागमा पर्ने र'छ । कस्तो संविधान बना'को होला होइ !

– सबै कुरा बुझेसि था भो कि हामदेवलाई प्रधानमन्त्री बन्नमा संविधानकै रोकावट रछ । अब यो रोकावट कहिले खुल्छ र हामदेव प्रधानमन्त्री बन्ने हुन् ?

– यता टुक्के साबले त कुरो छिनिसक्या रछन् । प्रधानमन्त्री हामदेवलाई बनाउनुपर्छ, तर उनले भनेजस्तो हामदेव प्रधानमन्त्री बन्ने समय नै आएन । लौ न, हामदेवजी त्यो समय काँ गाको छ, खोजेर ल्याउनुपर्‍यो । हाम्ले नि एकपटक हामदेव नेता प्रधानमन्त्री भाको हेर्न पाऊँ न !

●

# ओहो, कति ठूलो पार्टी !

मदिरामान बुङ्गेलाई अरूले असक्षम भनेर हुन्छ र ! सक्षम भएरै पार्टी हाँक्या देखिन्छ । पार्टी चाउरी परेर गको बुङ्गेको कारणले होइन नि ! कहिले चाउरी पर्छ कहिले फुक्छ, पार्टी भनेको त्यस्तै हो ।

यतिखेर भने पार्टीलाई सबैभन्दा ठूलो बनाउने मन बुङ्गेलाई नि भेछ । पार्टी अधिवेशन नजिक आउन थाल्या भ'र हो कि बुङ्गेको मनमा पार्टी ठूलो बनाउने लहड लागेछ र उसले घोषणा गरेछ, 'अब पार्टी ठूलो बनाउँछु ।'

पार्टी त ठूलो बनाउने, कति ठूलो बनाउने ? आफ्नै कम्पाउन्डभन्दा ठूलो बनाउने कि ? होइन, अझ त्योभन्दा ठूलो बनाउने कि ? त्यसको यकिन चाहिँ बताको पाइएन । यत्रो वर्ष बुङ्गेकै रेखदेखमा रहेको पार्टी अहिले एकाएक ठूलो बन्न पाइने भो भनेर पार्टी नि दङ्ग पऱ्या छ ।

टाठाबाठाले आफ्नो पकडमा राख्या पार्टीको ४० प्रतिशत हिस्सा खाँदै आको यो बुङ्गेले शतप्रतिशत हालीमुहाली गर्न पाउँदा उसको फुर्ति कसले हेर्ने ? पार्टीमा अरू जतिसुकै कराए नि कसैको केही लाग्या होइन । यस्ता एक ढड्डीका व्यक्तिले पार्टी ठूलो बनाउन लागेँ भनेसि सबैतिर खैलाबैला चलेछ । अरू त के कुरा, दक्खिनमा दक्खिनेले समेत बधाई दिइसक्या र'छन् । अम्रिगानको खाइपीएसले बधाईका साथै खालीसीसीको स्मरण गराएछन् रे । अरू सानातिना राष्ट्रले पठाको बधाई त भनिसाध्य नै छैन ।

यो बुङ्गेले ठूलो कुरा गऱ्या त केही होइन, तर विदेशीहरूबाट धेरै बधाई किन आए भनेर यहाँका सत्तापक्षले छानबिन गर्न थालेछ । सत्तापक्षका सम्पूर्ण उपकरण लागेर छानबिन गर्दा नि कसैले केही पत्ता लाउन सकेनछन् । कसैले भने बुङ्गेको विवाहसम्मको कुरा गर्न थालेछन् । त्यसो हो भने बुङ्गेले पार्टी ठूलो बनाउने नै भो भनेर सत्तापक्ष नि चिन्ता गर्न थालेछ ।

यता बुङ्गे भने पार्टी ठूलो बनाउने फर्मुला तयार गर्न थालेछ । आफू भन्ने सबैका श्रीमान्-श्रीमतीलाई आगामी महाधिवेशनमा केन्द्रीय सदस्य बनाउने पहिलो फर्मुला । दोस्रोमा बाँकी केही सदस्यहरूलाई मूल्यमा प्रतिस्पर्धा गराउने । किनभने परम्परालाई नि धान्नुपर्‍यो । नागरिकता विधेयक ल्याउने बाचा अर्को फर्मुला । आगामी चुनावमा अन्तर्घातको सिकार नहुने हो भने अहिले आफूलाई सघाउनुपर्ने । एकसेएक यस्ता फर्मुला बनार पार्टी ठूलो पार्न ढुक्क भएर बस्या बुङ्गेलाई देखेर सबै दङ्ग पर्न थाल्या छन् ।

यस्तो मति बिग्रेको फर्मुलाले पार्टी ठूलो हुने हो भने पहिले नै ठूलो हुन्थ्यो । त्यसो त बुङ्गेको खोपडी अनुसारको काम गर्ने न हो ! ठूलो खोपडी हुनेले ठूलै काम गर्छ । खोपडी सानो हुनेले गर्ने काम यस्तै हो । यसैमा रमाको देखिन्छ । आजकल बुङ्गेले जस्तो पार्टी ठूलो बनाउन कसलाई मन लाग्दैन र ? ठूलो बन्ने कसलाई मन हुँदैन ? औकातविनाको कुरामा ठूलो बन्न खोज्यो भने त्यसले आफू र सबैलाई बिगार्‍यो भनेर जाने हुन्छ ।

यो कुरा हाम्रा प्रधानमन्त्रीले भनेको जस्तो डिलमा बसेर भन्या होइन । डिलमा बसेर भन्ने औकात कसैमा छैन । डिलमा बस्ने अनि कराउने, रमाउने जिम्मा यतिखेर प्रधानमन्त्रीलाई नै देको छ । त्यसमध्ये कम्तीमा नि हप्तामा दुईपटकसम्म हाम्रा प्रधानमन्त्रीले बोलेको सुन्न पाए कति आनन्द आउँथ्यो-आउँथ्यो ! यो बुङ्गेको हुर्मत लिन नि उनै प्रधानमन्त्रीले मात्र जान्या छन् । भाषा, शैली, अभिव्यक्ति कति मिलार बोल्या छन् हाम्रा प्रधानमन्त्रीले ।

यसरी मिलाउँछु भनेर अरू कतिले मिलाउन खोज्छन् तर मिल्दै मिल्या हुँदैन । प्रधानमन्त्रीका नजिक बस्नेहरूले कति मिलाउन खोजे नि नमिलेर सबै बाहिरिने गरेका छन् । अनि प्रधानमन्त्रीले डिलमै बसेर देखेछन् क्यार भनेर भन्ठान्नुमा अन्यथा छैन ।

हाम्रा प्रधानमन्त्रीको भाषण स्मरण गरेर बस्दाबस्दै बुङ्गेले पार्टी ठूलो बनाइसकेको देखेर आश्चर्य लाग्न थाल्यो । बुङ्गे कहिले पहाड चढ्ने, कहिले ओर्लने गर्दै गरेको देखेर धेरैमा कौतूहल चल्या थ्यो

होला । तर केही क्षणमै पार्टी ठूलो बन्या देखेसि बुङ्गेको चटक सबैले था पाए । अहिले बुङ्गेले ठूलो बनाको पार्टीले नेपाल ढाक्न खोजिसक्यो ।

ठूलो बनाए नि ठिक्कै खाले ठूलो बनाउनु नि ! कहाँ थाम्नै नसक्ने ठूलो बनाएसि त्यसको महत्त्व आफैँ घट्छ । ठूलो बनाउने मान्छेको दिमागमा नेपाल ढाक्ने पार्टी बनाउन पाइयो भने श्रीमती लगायत आफू भन्नेजतिलाई सांसद बनाउन पाइन्थ्यो भन्ने ठूलै बुद्धि होला । अहिले त्यस्तो बुद्धिले काम गर्दैन भन्या ! बल्लबल्ल श्रीमतीलाई सांसद बनाको त देखिसहँदैनन् ! यस्तो ठाउँमा नेपाल ढाक्ने पार्टी बनार के काम ? धेरै कसरत नगर्दा हुन्छ । जे छ, त्यसैमा मन बुझार बस्नुपर्छ बुङ्गे ! धेरै चुरीफुरी नगरौँ ।

यो बुङ्गेले पार्टी ठूलो बनाउन लाग्यो भनेर बाज्यालाई किन औडाहा भाको हो ? पार्टी आफैँ ठूलो बन्छ कि बन्दैन भनेर यो बुङ्गेले परीक्षण गर्नसम्म गऱ्या हो । अन्तिममा केही नगरी पार्टी आफैँ ठूलो नहुने रछ । त्यसै भर अब पार्टी ठूलो बनाउने काम गर्न थाल्या हो । यो बुङ्गेको कल्पनाले काम गऱ्यो भने त नेपालमा एकछत्र रजाइँ गरिन्छ भन्ने लाग्या छ । अर्को कुरा, बुङ्गे फर्मुला नि पार्टीको सिद्धान्तभन्दा उम्दै छ । कसैले ठीक भेन भन्नै सक्दैन । जाँसम्म पार्टीभित्रको कुरो छ, त्यो त सबैले ताली बजार स्वागत गरिसक्या छन् । बाहिरको कुरा भन्या त्यस्तै हो । वनका चरा के गाउँछन्, के गाउँदैनन् ? त्यसको पछि लाग्ने पक्षमा बुङ्गे छैन । पछि लाग्ने, खुट्टा तान्ने काम यही बाज्याले गरे हुन्छ । बुङ्गेको काम त्यस्तो हुँदैन ।

●

# साम्यवादको यात्रा

यो समाजवादलाई बुङ्गेवाद नि भन्छन् । किनभने ह्याँको सबै हालीमुहाली त्यही बुङ्गेको हातमा छ । त्यसै भर बुङ्गेवादको निकै चर्चा हुने गर्छ ।

एक दिन सुखीचा र समृद्धिचालाई बोलार बुङ्गेले भनेछ - तिमीहरू दुईजना यो समाजवादलाई टेकेर अन्त कतै नहेरीकन साम्यवादमा जानुपऱ्यो । अन्तिममा हामी सबैले जाने नै त्यहीँ हो । हामी नि आउँछौँ । हामी नआउन्जेल त्याँ रहेको विश्वविद्यालयमा हुने पढाइमा ठूलो निगरानी राख र पढाउने काम नि गर । कुन बाटो जाने भनौला । अक्षांश र देशान्तरको ठीक बीच भर जानु, ठ्याक्कै तीँ पुगिन्छ । त्याँ विश्वविद्यालय त धेरै छन्, तर माओभ्फप्र विश्वविद्यालयमा जानु र त्याँको उपकुलपतिसँग सोध्नु दाइचा, भाइचा र न्याइचा भन्ने फ्याकल्टी काँ पर्छ ? उसले बताएसि त्याँ गेर मैले भनेको काम गर्नु र केही पऱ्यो भने फोन गर्नु ।

त्यति भनेर बाटो खर्च थमाउँदै बुङ्गेले ती दुईलाई बिदा गरेछ । सुखीचा र समृद्धिचाले पिठ्यूँमा बुङ्गेभ्फोला भिरेर बाटो लागेको ४० औं वर्ष भइसकेछ, साम्यवाद फेला पार्न सकेनछन् । तर माओभ्फप्र विश्वविद्यालयचाहिँ फेला पारेछन् र त्याँ गएर उपकुलपतिसँग सोधखबर गरेर फ्याकल्टीमा पुगेछन् । त्याँका विद्यार्थीहरूसँग परिचय गरेर घुलमिल हुँदै पढाउन थालेछन् । ती तीनवटै फ्याकल्टीमा उच्च तहको अर्थनीति पढाइने रहेछ । त्याँ पढ्ने विद्यार्थीहरू ह्याँका कतिवडाजस्तै होनहार विद्वान् रछन् । त्यस्तो हुनुपर्ने पढाइ ती सुखीचा र समृद्धिचाले त्याँ पुगेर था पाए ।

एक दिन सुखीचालाई त्याँका विद्यार्थीहरूले एउटा प्रस्ताव राखेछन् – तपाईं समाजवादबाट आउनुभको हो । त्याँको अर्थनीति कस्तो हुन्छ ? अर्थलाई चलायमान गर्ने तरिका कस्ता हुन्छन् ? ती कुराहरू प्रत्यक्ष अध्ययन गर्न त्याँ पुऱ्याइदिनोस् न !

सुखीचा र समृद्धिचाले भनेछन् – हेर्नोस्, त्याँको अर्थनीतिको त कुरै नगर्नोस् । हाम्रो नाम हेर्नोस् न, हाम्रो नामबाटै था हुन्छ त्याँको अर्थनीति । तपाईंहरूले अध्ययन गर्न जाने भे त्यसको जोहो नि गरौँला । तपाईंहरू तयार भएे हुन्छ ।

त्यसपछि सुखीचा र समृद्धिचाले बुङ्गेलाई सबै वृत्तान्त सुनाउँदै वाइडबडी र न्यारोवडी दुई विमान पठाइदिन फोन गरे । बुङ्गेले विमान पठाइद्यो । त्याँका सबै फ्याकल्टीमा विमान र त्यसको अर्थ चलायमान् हुने सम्बन्धमा साधारण जानकारी दिँदै समाजवादमा आउने दिन तय गरे । सुखीचा र समृद्धिचाले त्याँका विद्यार्थीहरूलाई प्लेनमा हालेर समाजवादमा ल्याए । अनि कुन-कुन दिनमा कुन-कुन क्षेत्रमा जाने भन्ने विषयमा रुटिन तयार बनार ठूला होटलबाट हिँड्न गाडीमा बसे । ती सबैलाई सर्वप्रथम मेलम्ची लगियो र त्याँको भ्वाङलाई देखाउँदै भने – हेर्नोस्, ह्याँ अर्थको ठूलो चलायमान् भयो । करिब तीस वर्षजति लाग्यो यो भ्वाङ पार्न । गतिलो अर्थको चलायमान् नीतिहरूमध्ये यो नि प्रमुखमै पर्छ । ह्याँको पानी लगेर समाजवादलाई सिँचने ठूलो प्रयासमध्येको एक नमुनादार प्रयास मानिने गरेको छ यसलाई ।

त्यसपछि समातेको तस्करको सुन कहाँ छ भनेर त्यसलाई पत्ता लगाउन छानबिन समिति तय गरेको कुरा सुखीचाले सुनाएसि चलायमान्को नीति र सिद्धान्त कस्ता हुँदा रछन् भनेर विद्यार्थीहरू सबै हाँसेछन् ।

यसरी नै पुरानो बसपार्क, भ्यूटावर, गोकर्णको जङ्गल, कतिपय ठाउँका सरकारी जमिन, सबै अर्थलाई चलायमान् गर्ने नीतिभित्र परेका छन् भनेर एक-एक सबै बताएसि ती विद्यार्थीहरूले जिब्रो टोकेछन् ।

विकास हुन अर्थनीतिलाई चलायमान् गर्नपर्छ भनेको ठीक हो र'छ । किनभने ह्याँ विकास नि त चानचुने भा'का छैनन् । कसैले सोच्दै नसोचेका विकास भा'का र'छन् ।

साम्यवादबाट आका विद्यार्थीहरूले समाजवादी अर्थनीतिलाई चलायमान् गर्ने मोडेलहरू एकपछि अर्को गर्दै अध्ययन गरे । यत्तिकैमा एक दिन समृद्धिचाले समाजवादको सबैभन्दा ठूलो आर्थिक चलायमान् गर्न लागेको ठाउँमा ती विद्यार्थीहरूलाई लगेर देखाउन थालेछ । त्याँ प्रयोग गरेको अर्थनीति हेर्दा सबै विद्यार्थी छक्क परेछन् । किनभने झन्डै-झन्डै एउटा जिल्लाजत्रो मिक्स्चर घुमिरँदो रछ । छिनछिनमा मिक्स्चर रोकेर त्याँ राखेका गाडाहरूमा हालेर पठाउने काम गरेको देखेर ती विद्यार्थीको अगुवाले समृद्धिचालाई सोधेछ – होइन, यो भाँडो त ठूलो छ । त्याँबाट निस्कने सामान किन गाडामा ? त्यस भाँडोले काम गरे अनुसार एकैपटक हजारौं टिपरले ओसारपसार गर्न पुग्ने होइन र ?

समृद्धिचाले मुसुक्क हाँस्दै भनेछ – अर्थनीतिको ठूलो चलायमान् भनेको यही हो । यो भाँडो ठूलो देखेर के गर्नु, यसका छिद्रहरू गनिसाध्य नै छैन । यसलाई छिद्रे अर्थनीति भन्छन् ।

विद्यार्थीहरू एकपछि अर्को आश्चर्यमा परी समाजवादको आर्थिक मोडल हेर्दै गर्दा उपल्लो छेउमा त्यो मिस्क्चरजत्रै भुँडी भको व्यक्तिले अलिकति उसको झोला खोलेपछि त्यो भाँडोमा हालेका ९० प्रतिशत अर्थ त उसैको झोलामा गको देखेछन् । धेरैपटक यस्तो देखेसि समृद्धिचालाई सोधे – त्यो परको के हो ?

अब भने समृद्धिचाले राम्रैसँग भन्यो कि समाजवादको नाइके नै त्यही हो । उसले समाजवाद त्यसै गरी टिका'को छ । त्यसै भर अब साम्यवादमा जाने तयारी हुँदैछ । त्यही मोडेलको अर्थ चलायमान् भको मैले तपाईं विद्यार्थीहरूलाई देखाउँदै आको हुँ ।

साम्यवादमा यस्तो अर्थनीति देख्न पाइँदैन । समाजवादमा राम्रैसँग देखियो । लौ, हाम्रो अध्ययन भ्रमण नि अति सफल भो भन्दै विद्यार्थीहरू आफ्नो देश फर्केछन् ।

●

# मेयरको इज्जतै ठूलो

'भोकै कोही पर्दैन, भोकले कोही मर्दैन' कति राम्रो नारा । नारा भनेको यस्तो हुनुपर्छ । अनि यो नारा मात्रै पढे नि भोकले कोही मर्दैन । समाजवादमा जाने नारा । जसले समृद्धि ल्याउँछ, त्यसलाई नराम्रो भन्नै मिल्दैन । त्यसमाथि नि हाम्रा मेयरले खानेकुरा कति बाँडे, लेखाजोखा छैन । यस्ता नारा घन्कार महानगरका प्रमुख भका सुन्दर शाक्यले खुलामञ्चको खाना बन्द गर्न ठूलो कुरा गरेर बस्नै नहुने भा' छ ।

काम र माम दिन नसक्ने वाम नपाएसि उनको पहिलो तर्क यही हो – "काठमाडौंको खुलामञ्चमा सुन्दरता ह्रास हुन्छ, त्याँ गरिबले खाना खान हुँदैन ।" यो हो नगरप्रमुखको भनाइ । कुरा त ठीकै हो नि, काठमाडौं सहरलाई खानाले कुरूप बनाउँदो रछ भन्ने बल्ल था भा'को छ । के गर्नु र, कोरोनाले गर्दा काम नपाएसि गरिबले खान पाएनन् र भोकै मर्नु नपरोस् भनेर खुलामञ्चमा दाताले खाना बाँडेको देखि नै सहेनन् । गरिबलाई खाना ख्वाउनु भनेको मानवता हो । मानवता भाकाहरूमा सबैले बाँच्नुपर्छ भन्ने छ । मानवता नभाकाले जे बोले नि हुन्छ । जे गरे नि हुन्छ ।

त्यति मात्र होइन, काठमाडौं सहर भोकमरीहरूको सहर बन्नु भेन । मागिखाने सहर भनेर चिनाउन भेन । यस्तो पिरलो नगरप्रमुखलाई आइपरेको छ । खुलामञ्चको स्वयंसेवक खानाले कम्युनिस्ट सरकारकै टाउको दुखेको हुनुपर्छ । होइन भने नगरप्रमुखको टाउको दुख्दैनथ्यो । टाउको दुख्नु भनेको उनको प्रतिष्ठामा भात लाग्यो र जुठो भने अनि हाम्ले नि भन्नैपर्ने हुन्छ । के मेयरको इज्जत नै छैन त ? छ, इज्जत धेरै भर त पाख्यो ।

उनको केन्द्रीय सरकारले कतारो थापेर विदेशमा माग्दा इज्जत जोगिने अनि उनका महानगरमा रहेका भोकमरीहरूलाई उपकार गर्नेहरूले खाना ख्वाउँदा इज्जत जाने, कस्तो सोच होला ! सोचमा

परिवर्तन भनेको यही हुनुपर्छ । कुरा त ठीक नि हो । खुलामञ्चमा बसपार्क बनाका छन् । त्यो एरियामा घर बनार व्यक्तिलाई दिनुपर्ने ठाउँमा काँको खाना ख्वाउन थालेर बेइज्जतै गऱ्या छन् । बितेको वर्षमा त्याँ बन्न लागेका घर भत्काउन नागरिकले कत्रो जोरजुलुम गर्नुपऱ्यो । नगरप्रमुखले त्यस्ता काम गरे पो स्वाउँछ । पुरानो बसपार्कलाई भ्युटावर बनाउन राणाले बिर्ता बाँडेजस्तो बाँड्न हौसिने । मेयरसापलाई न लेना न देनाको काममा विरोध हुनु स्वाभाविकै हो । दुई पैसा आमदानी हुने होइन, बेकार आफ्नो सहरमा फोहर बनाउन आउने । 'खाना ? केको खाना ? खाना किन खानुपऱ्यो ? बन्द गरिदिन्छु' भनेर नगरप्रमुख रिसार छुट्टी छ ।

नगरप्रमुख धेरै रिसाएसि उनलाई शान्त हुन बुङ्गेले निवेदन गऱ्यो – खाना त तपाईंहरूले नख्वाए नि कसैले खान दिन्छन् भने खानुपरेन त ? किन रिसा'को, त्यसरी रिसाउन हुने थेन । रिसाइहाल्नुभो । अबदेखि रिसाउने काम नगरौँ । कि कसो ? ल हेर-हेर, कोही त रिसाको नि राम्रो देखिने । यो बुङ्गेको मेयरले रिसाको मात्र होइन, उनले खाना ख्वाउन खुला मञ्चमा हुँदैन, बरू पार्टी प्यालेसको व्यवस्था गर्दिन्छु भन्दा सुख नपाउने भन्न थाल्या छन् । लागेको भाडा उनैले दिने भएसि खुला मञ्च नै किन चाहियो त ?

त्यसो त यस्ता कुरा कति गरिए-गरिए । काम गर्ने होइन । त्यसै भर उनको कुरा कसैले पत्याउँदैनन् । उता खुलामञ्चमा खाना खानेहरू अलमलमा परेर भोकै मार्ने हुन् कि भन्ने पिरलोमा छन् । अशक्त, गरिबहरूलाई आफू नि खाना खान नदिने, अरूले देको खाना नि रोक्ने हुँकार कस्तो न्याय ? कस्ता मेयर, कस्ता सरकार, कस्ता कम्युनिस्ट ? अचम्म लाग्न थाल्या छ ।

तर अचम्म मान्नुपर्ने कुरै छैन । महानगरको मेयरले कुरा गर्दा नि महान्-महान् कुरा गर्नुपर्छ भन्या यही हो । त्याँमाथि अहिलेका वाम ! वाम त वाम, कुन वाम ? कस्तो वाम ? छुट्याउनै गाह्रो छ । वाम भनेसि यी मेयरजस्तै सम्झनुपर्ने हो कि ? बुझ्नै सक्केन ।

●

# सर्वोत्कृष्टको खोजी

– निजामती दिवसमा कर्मचारीहरूलाई पुरस्कार नि दिने चलन छ नि, होइ बाज्या ?
– हो बुङ्गे हो । नेपालभरका कर्मचारीलाई छानेर राम्रो काम गर्नेलाई सरकारले पुरस्कार दिन्छ त ।
- बाज्या ! राम्रो काम गर्ने उत्कृष्ट कर्मचारी त बल्लतल्ल पाएछ, तर सर्वोत्कृष्ट कर्मचारी त सात वर्षदेखि पाउनै छाडेछ ।
– ती एयरपोर्ट भन्सारका कर्मचारी नि सर्वोत्कृष्टमा परेनछन् । पर्नुपर्ने त तिनीहरू नै थे । होइन र बुङ्गे ?
– छैन-छैन बाज्या, परेन ।
– बुङ्गेले कसरी था पायो त ?
- २०८० भदौमा निजामती दिवस मनाउँदा भाषण गर्नेले सर्वोत्कृष्ट नै छैन भन्न थाले अनि था पा'को ।
– मैले नि हाम्रा प्रधानमन्त्री चण्डमुण्डको भाषण सुन्या थेँ बुङ्गे ! 'निजामती प्रशासनमा गुणात्मक परिवर्तनको खाँचो रहेको' भनेर प्रधानमन्त्री भन्दैथे ।
– बाज्या नि ! हाम्रो प्रधानमन्त्रीलाई के-के खाँचो छ छ, ती खाँचोहरू पूरा गर्न प्रयासरत भाको नि धेरै भैसक्यो !
– हो बुङ्गे हो । कुराले खाने देशमा गर्ने नै यही हो । जान्या छन् हाम्रा प्रधानमन्त्रीले ।
– काँ बाज्या ! निजामतीमा सर्वोत्कृष्ट कर्मचारी नभा'को सात वर्ष भेछ । अबको सात वर्षमा त निजामतीमा टिप्पणी उठाउने व्यक्ति नै हुँदैनन् । टिप्पणी उठाउने व्यक्ति भाडामा राख्नुपर्छ । पीएचडी गरेका व्यक्तिलाई १२ पासले जित्ने भेसि त्यही हुने होइन त बाज्या ?
– हो बुङ्गे । तर हाम्रो टाउको दुखाइ होइन यो । था छ ?

– था छ, था छ बाज्या ! भाषण सुन्दा उनीहरूले भनेको कुरा सुन्नु परिहाल्यो । अनि पो कुरा आउँछ टाउको दुख्ने ।
– हेर बुज्झे, बल्ल था भो । हाम्रा प्रधानमन्त्रीले निजामती प्रशासनमा गुणात्मक परिवर्तनको खाँचो रहेको किन भनेका होलान् भन्ने कुरा बल्ल बुझें ।
– बल्ल बुझ्यो बाज्याले ? यस्तो बना'को हाम्ले होइन, उनीरूले नै बना'को । हाम्ले गऱ्या काम सात वर्षमै फेल खा'को भे भाषण होइन, लाजले बोल्न नि सक्ने थेन ।
– के भन्छ बुज्झे ! लाज त हाम्रा प्रधानमन्त्री भा' ठाममा जाँदै जाँदैन । लाजलाई त्याँ जान लाज लाग्छ । त्यसैले भाषण गर्दै हिँड्छन् । प्रधानमन्त्री भा' ठाममा लाज गयो भने भाषण कसले गर्ने, होइन र ?
– बाज्या ! अब प्रधानमन्त्रीले नि था पाएसि गुणात्मक परिवर्तन होला नि त !
– हुन्छ बुज्झे । प्रधानमन्त्रीले था पाइसकेसि परिवर्तन त अवश्य हुन्छ ।
– बाज्या नि ! हाम्रो प्रधानमन्त्रीलाई सनक चढेसि तीन-तीन महिनामा प्रशासनभित्र होलसेल परिवर्तन गर्छन् । त्यसै सर्वोत्कृष्ट कर्मचारी नपा'को हो र ! उत्कृष्ट हुन लाग्यो कि सरुवा गर्दिहाल्छन् । अनि सर्वोत्कृष्ट खोजेर पाइन्छ ?
– कुरो के नि हो भने बुज्झे, प्रधानमन्त्रीको कमाइ खाने समय नै तीन वर्षसम्म हुँदैन, अनि किन चाहियो सर्वोत्कृष्ट कर्मचारी ?
– बाज्या ! कुरो यो नि हो, उत्कृष्ट हुने कर्मचारीले समेत घुसखोरीलाई नजिक आउनै दिँदैनन् । सर्वोत्कृष्टको त कुरो अर्कै, त्यसैले नि सर्वोत्कृष्ट कर्मचारी पाउन छाडेको हुनुपर्छ । कि कसो ?
– भनेसि सर्वोत्कृष्ट हरायो ! काँ गयो होला होइ बुज्झे ?
– गयो बाज्या गयो । ह्याँ बस्न सकेन कतै शरण लिन गयो । यो देशमा सर्वोत्कृष्ट बस्ने ठाउँ छैन भन्या यही हो । एक

महिनाअघि मैले भेट्या थ्यो । त्यति बेला मसँग खाडीतिर जाने कुरा गर्थ्यो, त्यतै गयो कि ! विचरा नभे नि शून्य हुने ।

– अब सर्वोत्कृष्टको पुरस्कार कसले लिन्छ होला होइ बुङ्गे ?
– सरकारले नै लिन्छ बाज्या ! सरकारलाई जति भे' नि पुग्दैन, उसैले लिन्छ ।
– के भन्छ बुङ्गे ? कर्मचारीको पुरस्कार सरकारले कसरी लिन मिल्छ ?
– मिल्ने गराउँछ बाज्या ! कस्तो-कस्तो मिलाउँछ, त्यति सानो कुरा मिलाउन के गाह्रो ? सर्वोत्कृष्ट कर्मचारी हराको हुँदा उसले पाउने पुरस्कार यो सर्वोत्कृष्ट सरकारले पाउने भनेर आफैँ लिन्छ ।
– ठीक हो बुङ्गे ! अबदेखि पुरस्कारचाहिँ हराउने भेन, होइ ?
– बाज्या ! यो सर्वोत्कृट नभाको देशमा सरकारलाई के भन्छ ?
– के भन्नु नि बुङ्गे । त्यस्तो देशको सरकारलाई भालुभुत्ते सरकार भन्छ ।
– बाज्या, त्यस्तो सरकारले राजिनामा दिनुपर्ने होइन ?
– राजिनामा दिनुपर्ने त हो नि बुङ्गे, दिँदैनन् । हाम्ले राजिनामा मागेर हुँदैन । अहिले देश उत्कृष्टको खेलोमा नि नभा बेलामा सर्वोत्कृष्टको खोजी गर्छन् भने हाम्ले भन्नु केही छैन ।
– यो सरकार ज्यादै राम्रो छ भन्थे, हो रछ । अरू सरकार भा भे सर्वोत्कृष्टलाई नि मूल्यमा राख्थे । यो सरकारले त्यसो गरेन । बरू सर्वोत्कृष्ट फेला परेन भनेर घोषणा गऱ्यो । त्यसैलाई महान् मान्नुपर्छ बाज्या ।
– के कुरा गर्छ बुङ्गे ? सांसद, मन्त्री, राजदूत अनि ठूला कर्मचारी हो र मूल्यमा राख्ने ? यसको त मूल्य नै हुँदैन । त्यसै नपाको हो र ? नत्र कस्ता-कस्ता चीज त पाइन्छ भने सर्वोत्कृष्ट नपाइने हो र ?

●

# जे गर्छ, हेलो सरकारले गर्छ

– हाम्रो सरकारले के गर्छ, था छ बुङ्गे ?

– था छ बाज्या ! राष्ट्र र जनता भनेसि हुरुक्कै हुन्छ । अरू राष्ट्रको सरकारजस्तो होइन ।

– हो त ! विकास त्यस्तै गऱ्या छ । अझ प्रधानमन्त्री चण्डमुण्डले गरेको भाषण सुन्नुपर्छ । देशलाई स्वर्ग बनाउने प्रतिबद्धता जाहेर गऱ्या छन् छन् । देश अब कल्पना नगरेको विकासमा पुग्ने भो भनेर हामीजस्ता जनता त कति खुसी कति खुसी !

– बाज्या ! हाम्रो प्रधानमन्त्रीलाई विकास निर्माणको धेरै कुरा था छ क्या । बालुवाटार आउनुभन्दा पहिले विकास निर्माण गर्ने व्यक्तिको घरमा डेरा बसेका हुन् । त्यसै भर हाम्रा प्रधानमन्त्रीलाई विकास निर्माणको कुरामा कसैले ठग्न सक्दैन ।

– हो बुङ्गे ! अहिले 'हेलो सरकार' भन्ने फोनले विकास गर्ने भाछ । ह्वाँ हाम्रा प्रधानमन्त्रीले यो विषयमा कति फाँक्या थे । गर्न त नगर्ने हुन् र भन्या !

– गर्छन्-गर्छन् बाज्या ! प्रधानमन्त्रीले गर्ने हुन् । त्यो हेलो सरकार पहिले प्रधानमन्त्री हुँदा नि ल्या'का थे । त्यो साजी होइन नि बाज्या ! त्यो त पहिले नि एकपल्ट नबिकेको बासी हो नी ! अहिले त्यही फतफत सुन्दा त जनता हाँस्न थाल्या छन् ।

– हेर बुङ्गे ! 'बासी बानी साजी पानी' भो भने हाम्रा प्रधानमन्त्री त्यसै दङ्ग पर्छन् । यति भे पुग्छ । कुरो त्यति मात्र होइन, आफूसँग जे छ, त्यही बिकाउने हो । दलालले आफ्नो जग्गा बिकाउन राम्रो जग्गा भनेर कति कराउँछ । विकास निर्माण गर्ने ठेकेदारले भोलि नै बनाइदिन्छु भनेर रकम कुम्ल्याउन थाल्छ । अनि मान्छेतस्करले महिनामा दसौं लाख तलब हुन्छ भन्दै पैसा उठाउँछ । दुईनम्बरीले फट्याइँ गरेर लुटेका हुन्छन् । सरकार

दलालसँग मिलेर मुलुक बनाउन थाल्छ । आफूसँग भेका सामान यसरी बिकाउँछन् । तर हाम्रो सरकार त्यस्तो छैन ।

- अहिलेसम्मका हाम्रो सरकार त्यस्ता होइनन्, छैनन् नि । तर निर्माण व्यवसाय गर्नेले सरकारलाई गुन लगाइदिहाल्छन् । खोला नभाका ठाममा पुल बनाइदिने, पुल बना'का ठाममा एक महिनामै भासिने, पिच गरेका ठाममा सात दिनमै उक्किने, यस्तो विकास गर्दिन्छन् । विकास गऱ्या होइन भन्न मिल्दैन । अझ काम गर्छु भनेर अर्बौं लिने-दिने गर्दै जाँदा दसौँ वर्षसम्म नि काम नगर्ने ठेक्कावालको पछि लाग्दैमा हाम्रो कुनै नि सरकारलाई फुर्सद भेन बाज्या !
- हेर बुज्झे ! ती निर्माण व्यवसायीले गऱ्या कामको पैसा पाएन भनेर २०८० साउनतिर माइतीघर मण्डलामा धर्ना नि बसे । अब त्यो नि मिल्यो होला, अहिले बन्द छ ।
- त्यो त सबैलाई मिलाउनुपर्छ, मिलिहाल्छ नि ! ठूलो कुरै होइन बाज्या ! कस्तो-कस्तो त मिलाउँछ हाम्रो सरकारले ! त्यो छ नि, हत्या र हिंसा ज्यादै बढ्न थाल्यो भनेसि हत्या भा'को परिवारलाई दस लाख देर मिलापत्र गरिहाल्छ । जनताले दुःख पाउनु नपरोस् भनेर हातहातै पैसा दिन्छ । बलात्कार भाको र हत्या गरेको देख्नै हुँदैन । सरकार पुगिहाल्छ । यस्तो हुनुपर्छ सरकार भनेको । हाम्ले खोजेको सरकार यस्तै हो । यति गर्दा नि झमेला बढ्न लाग्यो भने छानबिन समिति गठन गर्छ र हत्यारा अज्ञात रहेको भनेर केस भिसमिस गरिदिन्छ । यस्ता सरल काइदाहरू जान्या छ कि हाम्रो सरकारले, कुरा गरेर साध्य नै छैन । अरू राष्ट्रमा यस्ता बाठा मान्छे सत्तामा हुँदैनन् । यस्तो कुरा विदेशीले था पाए भने हाम्रा प्रधानमन्त्री र नेताहरूलाई आजीवन सरकार चलार बस भनेर बिन्ती गर्दै लिन आउछन् ।
- आउँछन् बाज्या, लिन आउँछन् । विदेशी त्यति बाठा हुँदैनन् । उनीहरूले यस्ता बाठालाई त्याँ लाँदा नि लाँदैनन् । किनभने यस्ता बाठा मान्छेले त देश नै बेचिदेला भनेर यस्तालाई ढिम्कन

नि दिँदैनन् । हेर न, कहिलेकाहीँ यिनलाई बोलार काबु बनार पठाउँछन् । उनीहरूका अगाडि त बिरालाको अगाडि मुसो बस्याजस्तै लुत्रुक्क परेर बस्या हुन्छन् । देख्या होइन बाज्याले !

– हाम्रो सरकारले गरेको विकास र गर्ने विकासको वर्णन गर्नै सकिँदैन बुङ्गे । यो गर्छ, यो गर्दैन भन्नैपर्दैन । परिआए गर्ने काम बाँकी राख्दैन । कोही कराओस् कि जेसुकै गरोस् । उसले आँटेसि हुने-नहुने सबै गरिदिन्छ । बुझ्या हो ? त्यसमा नि अहिले त हेलो सरकारको विकास भनेसि काम पुग्ने भा'को छ ।

– बाज्या, हाम्रा प्रधानमन्त्रीलाई यो हेलो सरकारप्रति किन विश्वास भा रछ होइ ?

– हेर बुङ्गे, त्यो घोडेजात्रामा किन घोडा दौडाउँछन्, था छ ?

– बाज्या, जात्रा देखाउन घोडा दौडाउँछन् ।

– लौ बुङ्गे, कुरा त्यही हो । नयाँ-नयाँ जात्रा देखाउँदै बखान गर्ने गर्छन् । यस्तै हो ।

– होइन बाज्या, हाम्रा प्रधानमन्त्रीले हेलो सरकारमा पीएच. डी. गऱ्या छन् रे । त्यसै भेर हेलो सरकारको बखान गर्न थाल्या हुन् । नत्र अरू सरकारले नि हेलो सरकारको बखान गर्थे । अरूले जान्या छैन । चुप लाग्या छन्, बस्या छन् ।

– कुरा यसो हो नि बुङ्गे ! अरू सरकारलाई यो हेलो सरकारप्रति विश्वास छैन क्या ! हेलो सरकारले विकास गर्ने भे हामीजस्ता सरकारको के काम ? भनेर उनीहरूले विश्वास गरेकै छैनन् ।

– हुन त यो नि स्वर राम्रो भाकाले गीत गाएजस्तै हो बाज्या । गीत गाउँछन् । सुनुन्जेल राम्रो लाग्छ । सुन्न छोड्यो, फेरि उस्तै । त्यसकारण यो गीतको महिमा धेरै टिक्ला जस्तो छैन । पहिलोपल्टको गीत कता हो कता, फेरि यो दोस्रो गीतलाई कसले विश्वास गरोस् !

●

# गृहको योगा पो योगा त !

– हाम्रो गृह प्रशासन नि बेलाबेलामा विमारी परेर हैरान छ भन्या ।
– गृह प्रशासन मात्र होइन बुङ्गे, हाम्रा गृहमन्त्री नि बिमारीबाट भर्खर उत्रेको भन्ने छ । अहिले गृह भनेसि प्याँलो भाइरस लागिहाल्दो र'छ ।
– हो बाज्या ! त्यो भाइरसबाट मुक्ति पाउने कसरी भन्ने ठूलो छलफल भो । त्यो छलफलमा म नि थेँ । अनि त निचोडमा गृहमन्त्री गोर्खालीले योगा गर्ने निर्णय गरेसि गृह मातहतका सबै कार्यालयका कर्मचारीले योगा गर्नुपर्ने सर्कुलर भो । दस बजेदेखि सवा दससम्म सबै कर्मचारीले योगा गर्नैपर्ने उर्दी गरे । कुरा २०८० भदौ-असोजतिरको हो ।
– भनेसि प्याँलो भाइरसलाई तह लगाउन ठूलो आइडिया पो रचेछन् त ! हाम्रो गृहमन्त्री त डाक्टरभन्दा नि सिपालु र'छन् । मान्नैपर्छ ।
– सिपालु नभर के गर्नु त ! त्यो भाइरस सबै उनीतिर खनिन थालेछ । अनि त योगा गरेर भे नि हटाउनुपऱ्यो नि !
– दस बजेदेखि सवा दस बजेसम्म त्यो भाइरसलाई समाउन कोही आयो भने हामी त योगामा थेम्, हाम्ले भाइरस देखेनौँ भन्न सजिलो हुने भो । होइन बुङ्गे ?
– हो बाज्या ! योगाको मुख्य कारण त्यही हो । मैले नभनेको मात्र हो । ठूलो छलफल यसैमा भा'को थ्यो ।
– भनेसि अब भाइरस हट्ने भो, होइन त बुङ्गे ?
– खोइ, हट्ने-नहट्ने त था छैन बाज्या, यो विश्वमै पहिलो परीक्षण हो । यसमा सफल भो भने विश्वमा हाम्रा गृहमन्त्रीको नाक कसले हेरोस् !
– विश्वमा नेपालको गृह प्रशासन भनेर ठूलै नाम रहने भो । हाम्रो नि ठूलो भाग्य मान्नुपर्छ बुङ्गे ।

– मान्नैपर्छ बाज्या ! पश्चिम पहाडतिर एकजनाले हत्या गरेछ । त्यो हत्यारालाई पक्राउ गर्न प्रहरी गा'को । बाटैमा दस बजेछ । ती जानेजति गृहका कर्मचारी बाटैमा योगा गर्न थालेछन् । हेर्ने मान्छे त कति-कति ! यो पो काइदा त !
– हेर बुङ्गे ! योगाको समय थप गर्नुपऱ्यो भनेर गृहमन्त्रीकाँ डेलिगेसन आउन लाग्या छन् रे ! पन्ध्र मिनेटको समयले पुगेन, अरू थप्नुपऱ्यो भन्दैछन् रे !
– कुरो ठिकै हो बाज्या ! पहिलो परीक्षणमा के-के पर्छ सबै ! थपघट गरेर मिलाउँछन् बाज्या । त्यो उनीहरूकै कुरो हो नि त !
– हो बुङ्गे ! दस बजे अफिसमा हाजिर हुने भनेको, साढे दसमा अफिस पुग्ने चलन छ । पन्ध्र मिनेटको योगा त दुईपटक दायाँ-बायाँ फर्किँदै सकिन्छ । कि त योगा नि अलि छोटकरीमा नै हुनुपऱ्यो !
– बाज्या नि ! योगा त कम्तीमा नि एक घण्टा गर्नुपर्छ । तर ह्याँ त योगा होइन नि बाज्या, नर्सरीका बच्चालाई विद्यालयमा सुताएजस्तै हो । अनि त्यसैलाई योगा भन्देको मात्र हो ।
– मैले गृहको एकजना हाकिम चिन्या थेँ । बाटामा तिनलाई भेट भो । स्कुलको बच्चाले बोक्या जस्तो ब्याग बोक्या थ्यो । होइन, ए हाकिम ! के हो यो ? भनेको त योगा गर्दा लगाउने कपडा हो भने । हुन नि योगा गरेको कपडाले फेरि हाकिमको कुर्सीमा बस्न भेन । अप्ठेरो छ । के गर्नु र, आदेश मान्नैपऱ्यो ।
– आदेश नमाने आफ्नै ज्यान बिग्रन्छ । सन्चो बिग्रेसि ज्यान बिग्रन धेरै समय लाग्दैन बाज्या ! गृहका कर्मचारीलाई धेरै माया गऱ्या हो नि ! यिनीहरूले राम्रो गरे भने राजस्व अनुसन्धान, कर कार्यालयका कर्मचारी, भन्सारका कर्मचारी, उनीहरूलाई नि योगा गराउने सरकारको लक्ष्य छ भन्छन् ।
– होला-होला बुङ्गे ! प्रशासन सबैमा यस्तै काम गराउनुपर्छ अनि त पोख्त हुन्छन् कर्मचारी ! अरू ट्रेनिङ दिनैपर्दैन । योगाले

शरीरलाई फुर्तिलो बनाउँछ, दिमागलाई धारिलो पार्छ । जाबो भाइरस लाग्दैन ।

– हो त नि बाज्या ! हाम्रा गृहमन्त्रीको दिमाग किन धारिलो छ भनेको त बल्ल था भो ।

– दिमाग धारिलो नभा'को भे यस्तो अचम्म लाग्ने काम सोच्नै सक्दैनथे । ह्याँ त सोच्या मात्र होइन, सर्कुलर गरेरै सबलाई देखाइदे । गोर्खाली भन्या यस्तो हुनुपर्छ । यमीराम भट्टराई त गोर्खाली भन्नु मात्रै, कामै नलाग्ने । होइ बुज्ञे ?

– बाज्यालाई अर्को कुरा था छैन जस्तो छ । ह्याँ नेपालको गृहले योगा गरेर पाँलो भाइरस हटाए भन्ने कुरो सबैतिर फैलिन थालेछ । अनि छिमेकीहरूका आँखा तिखा र कान ठाडा हुन थालेछन् । परतिरका शुभचिन्तकहरूले नि त्यही काइदा अपनाउन हानाथाप गर्दैछन् भन्ने पो बुझ्नमा आको छ ।

– किन हानाथाप गर्नुपरेछ त बुज्ञे ? योगा त जसले गरे नि हुने होइन र ?

– भित्री कुरो बाज्यालाई था छैन । उनीहरूको देशमा पहेंला व्यापारी हुँदैनन् रे । त्यसै भेर त्याँ पहेंलो भाइरस आउँदैन, योगा गर्ने झन्झट नगरौँ भन्नेमा हानाथाप गर्दा रछन् बाज्या । हाम्लाई के था ?

– हाम्रो देशमा नि त्यतैतिरबाट आका व्यापारी बाबाले योगा सिकार जान्या त हुन् नि ! नत्र योगा भन्या कुन चराको नाम हो, के था बुज्ञे ?

– जे होस्, योगाको प्रभाव हाम्रा गृहमन्त्रीमा राम्रै पऱ्या रछ बाज्या ।

– अनि अहिलेसम्म प्याँलो भाइरस कति हटेछ त बुज्ञे ?

– प्याँलो भाइरस त के हट्नु र बाज्या, बरू भाइरसको सट्टामा गृहमन्त्री नै हट्लान् जस्तो छ रे ।

●

# शोषक-सामन्ती मुर्दावाद !

– बाज्या, ओ बाज्या ! तपाईं नि कामरेड होइन भन्या ?

– हो बुङ्गे, कामरेड हो । किन र ?

– कसैले छ नि बाज्या, कामरेड भनेर बोलायो भने मलाई त लाज लाग्छ भन्या ! बाज्यालाई नि त्यस्तै हुन्छ ?

– मलाई त्यस्तो लाज लाग्दैन बुङ्गे । कामरेडलाई कामरेड भन्यो त के लाज ! तर कम्युनिस्ट भन्यो भने लाज लाग्छ ।

– किन बाज्या ? तपाईं आफैं कम्निस्ट भर नि लाज मान्ने त ?

– रीत नपुगेका कम्युनिस्टलाई कम्युनिस्ट भन्यो भने लाज मान्नुपर्छ क्या !

– ल, बाज्या नि अचम्म कुरा गर्छ भन्या ! हाम्रो त्यत्रो सत्ता चलार आका र सत्ता चलार बसेका कम्निस्टको मात्र रीत पुग्या हो र ? उनीहरूलाई लाज छैन, हाम्लाई केको लाज ?

– हुन त हो कि बुङ्गे ! तर उनीहरू र हामीमा फरक छ नि ! उनीहरू सर्वोच्च नेता, हामी भनेका भुइँफुट्टा कम्निस्ट । कसरी कुरो मिल्छ ? उनीहरूले जे भने नि हाम्ले मान्नुपर्छ । नमाने कार्वाहीमा परिन्छ । कुरो यस्तो हो नि त !

– त्यसो भे हाम्रो काम छैन बाज्या ?

– खासै काम त भको देखिँदैन । लेवी दिने र जासुसी गर्ने, हालको काम यति नै हो हाम्रो ।

– जासुसी भन्या के हो बाज्या ?

– ल बुङ्गे । तिम्ले आफ्नो ठाउँका पुँजीपति शोसक-सामन्तीहरूले के-के गर्छन्, के-के खान्छन्, के-के बोल्छन्, हाम्रो विरोध गर्छन् कि गर्दैनन् भनेर सामन्तीहरूको जन्मकुण्डली बनार पार्टीमा पेस गर्ने गऱ्या छ कि छैन ?

– छ बाज्या छ । त्यसो नगरे कम्निस्ट बन्नै पाइँदैन भन्छ । तल्लो तहमा काम गर्न सारै गाह्रो । सधैँ च्या पसलमा ढुक्वा भर बस्नुपर्छ ।
– अनि बुङ्गेलाई सिद्धान्त सिकाउँदैनन् ?
– सिकाउँदैनन् । हाम्ले आफैँले जान्या छ सिद्धान्त ।
– के जान्या छ बुङ्गे ? सिद्धान्त कस्तो हुन्छ ?
– कस्तो हुनु ! लालसलाम भन्ने, एउटा हात मुठी पारेर आकाशतिर लैजाने अनि शोषक-सामन्ती मुर्दावाद भन्ने । यही हो बाज्या ! सजिलो छ ।
– भाषण गर्दा नि ?
– भाषण हाम्ले गर्ने होइन । हाम्ले त भाषण सुन्ने र ताली मार्ने मात्र हो बाज्या ।
– अनि सामन्ती कसलाई भन्ने बुङ्गे ?
– हाम्ले भनेको कुरा नमान्नेजति सबै सामन्ती हुन् । तिनैलाई भन्ने नि बाज्या ! अनि रीत नपुगेका कम्निस्ट भन्या के हो नि बाज्या ?
– आफ्नो भनेसि कुरा मात्र दिने, अरूको सर्वश्व खानेलाई रीत नपुगेको कम्युनिस्ट भनिन्छ बुङ्गे ।
– का बाज्या, मेरो त रीत पुग्या छ नि ! मेरो दुई रोपनी जग्गा थ्यो, त्यो बेचेर सुकुम्वासी भो । अब सामन्तीको जग्गा, घर सबैलाई बराबर बाँड्छ भन्छ । त्यो कहिले भाग लगाउँछ अनि त हामी नि सामन्ती हुन्छ नि !
– आफ्नो भा'को जग्गा बेचेर सामन्तीको जग्गा ताक्दै हिँड्ने त ?
– का बाज्या ! हाम्ले जग्गा बेचेर पार्टीमै खर्च गऱ्या त हो नि ! अनि दिनुपरेन ?
– हाम्रा सत्तामा बसेका कामरेडहरूले नि सम्पत्ति बेचेर पार्टीमा लगा'को हो त बुङ्गे ?
– होइन बाज्या । उनीहरूको नाममा त जग्गै छैन । पुर्खाको जग्गा पुर्खाकै नाममा । अनि केको पार्टीमा लगाउनु ?

– होइन बुङ्गे, मैले कामरेड भन्यो भने तिम्लाई किन लाज लाग्छ ?
– का बाज्या ! हामी धर्म नमान्ने भन्छ, ठूला कुरा गर्छ, आफ्नो थर झिक्नै मान्दैन । कमलपुष्प कामरेड भनेर हुँदैन, दाल लेख्नुपर्छ । यमीराम भट्टराईको सट्टा यमीराम माओवादी भनेर हुँदैन । अरूले त नामको पछाडि थरको सट्टा माले राखे हुन्थ्यो नि ! आफ्नो थरको उनीहरूलाई कत्रो माया छ ! यता हाम्लाई धर्म नमान भन्छ, धर्मनिरपेच्छे भन्छ । उता आफ्नो नामको पछाडि शर्मा राखेको हुन्छ, त्योसमेत हटाउँदैन । अनि पो लाज लाग्छ भन्या ! नेपालमा थर नभा'को कम्निस्ट छँदै छैन ।
– त्यही भेर हो बुङ्गे, रीत नपुगेको कम्युनिस्ट भनेको । मलाई लाज लाग्ने कारणै यही हो ।
– बाज्याले भनेको ठीक हो । आफ्नो भने कुरा मात्र दिने, अरूको सर्वश्व लिने भनेको यही हो, होइ ?
– हो बुङ्गे । तर मलाई सामन्ती भनेर कुरा नलानु नि !
– लाँदैन बाज्या लाँदैन । बाज्या त हाम्रै मान्छे हो नि त्यो त मलाई नि था छ क्या ! मबाट त्यस्तो गद्दारी हुँदैन । हाम्रो पार्टीमा गद्दार कति छन् छन् । तर म त्यस्तो गद्दार होइन ।
– गद्दार भनेको के हो बुङ्गे ?
– ल बाज्या नि ! हाम्रो थेगो हो नि त्यो त । त्यति नि हाम्रो बाज्यालाई था छैन ? बाज्या कसरी कम्निस्ट भो होइ ?
– कम्निस्ट हुन गद्दारलाई थेगो गरेर बस्नुपर्ने रछ । हाम्लाई के था र बुङ्गे ?
– कम्निस्ट हुन कति सजिलो छ, होइ बाज्या ? सिद्धान्त जान्नुपर्दैन, ठूलाले नियम मान्नुपर्दैन, जे बोले नि हुन्छ । एउटा हात मुठी कुसेर उठाइदेसि खाँटी कम्निस्ट भइन्छ ।

●

# हल्ल्यो, हल्ल्यो, जरैसम्म हल्ल्यो

– हेर बाज्या, कस्तो हल्लेको ?
– भूकम्प आयो होला, त्यसै भेर हल्यो । लौ हेर, ठाडै हुन दिँदैन । कति हल्ला'को होला ।
– त्यही त भन्या बाज्या ! अचम्मै भो । भूकम्प होइन बाज्या यो । मान्छे मात्र हल्ल्या छ, घर हल्ल्या छैन ।
– कसले हल्लायो बुङ्गे ? ह्वाँ २०८० को वर्षा सकेसि हाम्रा प्रधानमन्त्री चण्डमुण्डले एक-डेढ लाख मान्छे ल्यार जरैसम्म हल्लाइदिन्छु भन्या थे, त्यही होला । उनैले हल्ला'को हुनुपर्छ । पक्का त्यही हो ल ।
– बाज्या ! हाम्रो प्रधानमन्त्रीलाई के सोख लाग्या होला ! बेलाबेलामा हल्लार बस्नै नदिने भे ।
– के गर्नु त बुङ्गे, ! यसपालि त वर्षदिन हुन लागिसक्यो प्रधानमन्त्री भा'को । पहिलोपटक र दोस्रोपटक प्रधानमन्त्री हुँदा छ महिनामै हल्लिसक्या थ्यो । यो तेस्रो पटकमा हल्लाउन ढिलो गरे ।
– हो बाज्या, अम्रिगा गए, दक्खिन गए अनि उत्तरन गए । सबै डुलेर आएसि उनलाई फेरि हल्लाउने मुड चलेछ । हल्लाइदिन्छु भनेर करा'का छन् ।
– करा'का मात्र होइन बुङ्गे, हल्लाउनै थालिसके । लौ हेर बुङ्गे, कस्तो हल्लेको ! जरैसम्म हल्ल्या छ त !
– छ बाज्या, जरैसम्म हल्ल्या छ । किन हल्लाउनुपर्‍या होला । जनतालाई सुखसँग बस्नै नदिने भे । बाज्याको जरो हल्ल्या छैन ?
– छ बुङ्गे, सिपालुले हल्लाएसि सबै हल्लिन्छ नि !
– हेर बाज्या, उः त्यो पारि बाटामा लाम लागेर हिँड्या देखिन्छ नि ! हो, तिनीहरू प्रधानमन्त्रीले हल्लाउन ल्या'का मान्छे हुन् ।

एक-डेढ लाख मान्छे ल्यार हल्लाउँछु भन्थे । नभन्दै हल्लाउन थालिहाले ।

– ओहो ! तिनीहरू धेरै पो छन् त ! काँ'ट ल्या'का होलान्, होइ बुङ्गे ?

– बाज्या नि ! काँट ल्याउँछ-ल्याउँछ नि । दक्खिनबाट नि ल्याउँछ । पच्छिमबाट नि ल्याउँछ । सबै ठामबाट ल्याउँछ नि ! एक ठामबाट मात्र ल्या'कोले जरो हल्लाउन सक्दैन । त्यसै भेर धेरै ठामबाट ल्या'को हुनुपर्छ ।

– आफू एक्लैले हल्लाउन किन नसक्या होला, होइ बुङ्गे ?

– एक्लैले हल्लाउन सक्ने भे त हामी बस्नैपर्ने थेन । जुन बेला नि हल्लाइरन्थे । हल्लिरनुपर्थ्यो ।

– यो असी साल त जनताका लागि कठिन साल पो र'छ । जे गर्दा नि सहेर बस्या जनतालाई किन हल्लाउनुपऱ्या हो । हेर बुङ्गे, निको चाला छैन ।

– का बाज्या ! हाम्रो प्रधानमन्त्री आफैँ हल्लिन थाल्या छ । त्यसै भेर त जनतालाई हल्ला'का हुन् ।

– आफू हल्लिन थालेसि अरूलाई के बाँकी राख्नु भन्दै हल्ला'का छन् । उता काङ्ग्रेसले नि प्रधानमन्त्रीको दौराको फेर छोड्न लाग्यो भनेर प्रधानमन्त्री झन् रिसा'का र'छन् बुङ्गे ।

– होइन बाज्या ! काङ्ग्रेसले समातेको दौराको फेर कसेर समातेन भनेर त ह्वाँ भाउजूलाई आरामै छ भनेर प्रधानमन्त्रीले सोधेसि दौराको फेर बलियोसँग समात्यो भन्ने छ ।

– बुङ्गेलाई था नै छैन । अहिले शक्तिमा बस्या बेलाँ नहल्लाए शक्तिबाट बाहिरिएसि हल्लाउन गाह्रो हुन्छ ।

– हो बाज्या । अरूलाई हल्लाउँदा-हल्लाउँदै आफैँ हल्लिने बेला भा'को था छैन, के गर्नु ! अरूलाई हल्लाउन मात्र खोज्छन् ।

– हेर बुङ्गे ! हाम्रा प्रधानमन्त्रीलाई त्यति हल्लिनुपर्दैन । किनभने उनी हिँड्दा नि बसेरै हिँड्छन् । बस्दा त बसेकै हुने भे उभिनेलाई मात्र हल्ला'को था हुन्छ ।

– होइन बाज्या ! अब त हल्लाउन छाडे नि हुन्थ्यो नि ! कति हल्ला'को होला छ्या !
– यसो हो नि त बुझे, हल्लाउने मान्छेले हल्लाउने हो । हल्लाइरहन्छन् । हल्लिरहने हो ।
– त्यसो भे बाज्या, अब हल्लाउन छाडे भने किन नहल्ला'को भनेर सोध्नुपर्ला होइ ?
– हो बुझे । त्यसरी सोध्ने बेला अलि भाको छैन । हल्लाउँदा हल्लाउँदा थाक्छन्, अनि त्यति बेला सोध्नुपर्छ । अहिले अलि सोध्ने बेला भा छैन ।
– अहिले सोध्यो भने के हुन्छ बाज्या ?
– हुन त केही हुँदैन । मैले त ठूलै काम गरेछु भनेर ठूलो मान्छे पल्टन थाल्छन् । त्यसै भेर सोध्ने समय भा छैन भनेको हो । आफूखुसी गर्ने मान्छेलाई उसको अकर्मण्यता सोध्न हुँदैन । यति जानिराख्नु बुझे ।
– कुरो ठिकै हो । बाज्याले भनेको मान्नुपर्छ । कतिन्जेल हल्लाउने हो, हल्लाइरहुन् । उनको कामै हल्लाउने हो । हल्लाउन जान्ने मान्छे हल्लाइरन्छन् । कि कसो ?
– हेर बुझे, कोही-कोही हल्लाइरने मान्छेले हल्लाउन पाएन भने बिरामी पर्छ रे । त्यसै भेर यो लागेको बानी हो, हल्लाइरन्छन् ।
– होइन बाज्या, हल्लाउनुको कारण नि बतार हल्लाको भे यो कारणले हल्लाका रछन् भनेर जानिन्थ्यो । अहिले कुरा केही बुझ्या छैन, हल्लिरनुपर्‍या छ । के आइलाग्यो लाग्यो बाज्या ।
– सबैजना आश्चर्यमा पर्‍या कारण यही हो । हल्लाउन जान्या छ भन्दैमा हल्लाइहाल्न त नहुने हो । सबैको भनाइ यही छ ।
– बाज्या ! अरूले हल्लाको भन्दा हाम्रै चण्डमुण्डले हल्लाको राम्रो । यो देशी-विदेशीले हल्लाको नराम्रो । कि कसो ?

●

# द्रुत बस र रातोपत्रे

– बाज्या ! ओ बाज्या ! त्यो द्रुत बस भनेको के हो हँ ?
– खोई के भन्न खोज्या हो ! छिटो-छिटो दगुर्ने बस भन्या होला नि बुङ्गे !
– हो बाज्या, त्यही हो । दसैँमा म त्यही बस चढेर घर गा'को । धेरै छिटो दगुर्दो र'छ ।
– के भन्छ बुङ्गे ? द्रुत बस चढेर काँ'को घर गा'को ?
– उही रामेछापतिर त हो नि बाज्या ! द्रुत बस चढेर द्रुत मार्गबाट गा'को, चाँडै नै पुग्यो । त्यो बस त ज्यादै राम्रो र'छ । मान्छेले चिन्दैन अनि धेरै कुरा गर्छ ।
– हो बुङ्गे हो, धेरै कुरा त अरूले भन्दा बुङ्गेले नै गरिसक्यो । द्रुत मार्गमा द्रुत बस चढेको भन्छ, के हो के हो !
– हो बाज्या हो, चढेकै हो । द्रुत मार्गमा त एक ठाममा नि रोक्दैन । कस्तो छिटो हुन्छ ! त्यसै भेर त द्रुत मार्ग भनेर नाम राख्या ! हाम्रा नेता कम बाठा छन् र !
– त्यही बाठा भेर त द्रुत मार्ग ओथारो बस्यो । ६ वर्षमा जम्मा २-४ प्रतिशत बनार ओथारो बसेछ द्रुत मार्ग ।
– जेसुकै बसोस् बाज्या, आफू त्यसैमा चढेर घर गैहाल्यो । छु मत्लब !
– बुङ्गे घर जाँदा भक्तपुरको द्रुत मार्ग हुँदै द्रुत बस चढेर घर गा' होला होइन ?
– हो बाज्या हो, बाज्याले ठ्याक्कै जान्यो ।
– अनि भक्तपुरमा ओर्लेर अर्को बस चढेको होला होइन ?
– हो बाज्या हो । त्यसै भेर चाँडै पुग्दो र'छ भनेर जान्या हो नि !
– त्यो बस रोक्ने ठाममा सडक रातो गरेर पोत्या थ्यो बुङ्गे ?
– थ्यो बाज्या, सडक त रातै थ्यो । किन पोतेको बाज्या ?

– त्यो द्रुत बस २०८० को दसैँ मान्न आ'को भेर त्यसलाई ठूलो सम्मान गऱ्या भन्छन् ।
– होला बाज्या होला, नत्र अरू बस रोक्ने ठाउँमा त्यस्तो पोतेको छैन ।
– हेर बुङ्गे, त्यो बस त जाँ-जाँ रातो पोत्या छ, त्याँ मात्र रोक्छ । त्यसै भेर अरू बसभन्दा दस मिनेट चाँडो गुड्छ । भक्तपुरबाट काठमाडौँ जाँदा त्यही दस मिनेट चाँडो पुग्ने भेर द्रुत बस भन्या हो क्या !
– हो र बाज्या ? त्यसो भे मलाई झुक्या' छ । द्रुत बस चढेर जाने भन्यो, होला त भनेर त्यसमा गा'को । मलाई त ठगेछ बाज्या ।
– त्यसमा चढाउने मान्छेले बुङ्गेलाई ठग्यो अनि त्यो बस चलाउने बुद्धिवालले देशलाई ठग्यो । अहिले ठगको राज छ, ठगिरहन्छन् । हुन्देऊ ।
– मलाई त ठग्यो अनि त्यो देशलाई कसरी ठग्यो ? बाज्या ।
– ल, बुङ्गे नि । त्यो रातो पोत्या छ नि सडकमा ! हो, त्यही सडकमा रातो पोत्दा चार-पाँच करोड लागेछ । त्यो सडक पोत्ने बुद्धिवालको बुद्धिलाई मान्नुपर्छ भनेको त्यसै भेर हो ।
– कस्तो जानेको होइ बाज्या ? बाज्याले दसैँ मान्न आ'को बस भनेको हो र'छ नि ! अनि बाज्या, त्यो सडक नपोते नि द्रुत बस चल्दैन र ?
– चल्छ नि बुङ्गे ! त्यो सडक नपोते बसले दसैँ मान्न पाउँदैन, अनि सडक पोत्नु परिहाल्यो नि ! सडक पोतेर रातो देखेसि पो बस आउँछ ! नत्र बस आउनै मान्दैन । कुरो त्यसो हो नि त !
– दसैँअघि घर जाँदा सडक रातै थ्यो । दसैँ मानेर काठमाडौँ आउँदा त्यो सडकको रातो त गैसकेछ । त्यति मँगो रातोले पोत्या र'छ । सडकमा के बसिरन्थ्यो ! चार-पाँच करोडको रातो सडकमा बस्न मानेन बाज्या ! उसलाई लाज भो होला, गैहाल्यो । ह्याँ राम्रो चीज केही नि बस्न मान्दैन भन्या यही हो ।

– हेर बुङ्गे ! भक्तपुरलाई सरकारले कति माया गर्छ, उ बेला नि ट्रलीबस चलाउन थाल्या' थ्यो । बस नै बन्द भो । अब यो द्रुत बस नि कतिसम्म चल्ने हो, था छैन ।
– हो बाज्या हो । दसैँ गैहाल्यो, अब किन चल्नुपऱ्यो र ! त्यो सडकमा रातो दल्न पाए बेलाबेलामा चल्न नि सक्छ । त्यो बसलाई तेल भन्दा नि रातो प्यारो छ भन्थे, हो क्यार ! रातोपत्रे भन्या रातोपत्रे हो नि त ! कति कालोपत्रेमा मात्र गुडिरहनु ! होइन बाज्या ?
– अचेल द्रुत बसलाई रातोपत्रे मात्र होइन बुङ्गे, अहिले ब्याट्रीबाट चल्ने बस आका छन् । गर्न त सरकारले गर्नु गऱ्या छ । के गर्नु र, बस ल्याउँछ, थन्क्याउँछ । प्लेन ल्याउँछ, थन्क्याउँछ । नेपालको सरकारले कसैले नगरेको यस्तै काम गर्छ ।
– किन थन्क्याउने बाज्या ? चलाउन ल्याको त चलाए हुन्थ्यो ।
– चलाउन ल्याको होइन बुङ्गे । चलायो भने चाँडै बिग्रन्छ भनेर नचलाईकन राख्ने गऱ्या हो । सरकारले फारो गऱ्या भनेको यही हो । बल्लबल्ल किन्यो, चलाएसि बिग्रन्छ । थन्क्यार राख्नुबाहेक विकल्प नै छैन । विकास धेरै गर्ने मान्छेको हातमा सत्ता पुग्यो भने यस्तै विकासले देश भरिन थाल्छ । त्यहीमध्येको चल्तीमा आको भनेको यही द्रुत बस हो । यो नि रातोपत्रे देखेन भने चल्दैन ।
– बाज्याले भन्या ठीक हो । अबको पाँच वर्षपछि सिंहदरबारमा गाडी राख्ने ठाउँ हुँदैन । अहिले नै भरिसक्या छ । ल्याउँदै थन्क्याउँदै गर्ने रछ, अनि त गाडीको डङ्गुर लाग्ने भैहाल्यो नि ।
– त्यो मात्र होइन बुङ्गे, नेपाललाई विदेशीको प्रयोगशाला भन्छन् । नेपालीहरू विदेशमा जे देख्यो त्यही ल्याउँछन् । नेपालीको बानी राम्रो छ । त्यसै भेर सबै चीज यहीँ आउँछन् र थुप्रिन्छन् ।

●

# मिसन चौरासीले खुइल्याउने भो

– अब हाम्रो सम्वत् नि अन्तर्राष्ट्रिय हुन लागेछ बाज्या ! नेपालको भाउ यसरी बढ्दैछ ।
– कसरी ? हाम्रो सम्वत् अन्तर्राष्ट्रिय हुने भो बुङ्गे ! अचम्मको कुरा सुनाइस् त !
– का बाज्या नि ! उत्तर, दक्खिन, पश्चिम, अम्रिगातिरका मान्छेले 'मिसन चौरासी' भन्न थालेको देख्नुभेन ?
– मिसन चौरासी भनेर करा'को सुन्या छु । त्यो मिसन चौरासी भनेको के हो भने, 'भालुभुत्ते' हो बाज्या । अब हाम्रै मान्छेले भन्या भे केही गर्छन् कि भन्ने हुन्थ्यो, उनीहरूको कुरा पत्याउन सकिँदैन । उनीहरू जे नि बोल्छन् । बाज्याले देखेन, उति बेलाका राजाले 'शान्तिक्षेत्र नेपाल' भनेर घोषणा गरेको त 'गैल भयँस पानी में' भो, अब यिनले मिसन चौरासी भन्छन्, गीत गाउँछन्, नाच्छन् । के फरक पऱ्यो र ?
– ठीक भन्या हो बुङ्गेले । यी मिसन चौरासी भनेर गीत गाउने मान्छे त राम्रा कलाकार पो र'छन् त होइ ! परिआयो भने रोइदिने, परिआए झगडा नि गरिदिने, अनि वरिपरि एकै भेर भोज नि खाने, हँसाउने नि त्यत्तिकै हँसाउने । यस्ता कलाकार हुन् नि त यिनीहरू ! अब मिसन चौरासी भनेर यी कलाकारले के-के खुइल्याउने हुन्, हेरौँ न !
– हो बाज्या । यिनले खुइल्याउन केही नि बाँकी राख्या छैनन् । सबै खुइल्याइसक्या छन् । अब बाँकी यही नेपाल हो, यसैलाई खुइल्याउने होला । चार वर्ष बाँकी छ । यत्रो समय अगाडि नै मिसन चौरासी भनेसि यिनका योजना ठूलै होलान् । सानोतिनो योजना भा'को भे यसरी कराउने थेनन् । भित्रभित्रै सक्किसक्थे । यी तत्त्वले केही गर्नेवाला छन् भनेर बुझे हुन्छ ।
– यी तत्त्वले नेपाल बनाइदिने भे, होइन त बुङ्गे ?

– हो बाज्या हो, बनाइदिन्छन् । हेर त, झिँगापुर बनाइदे, कुजरल्यान्ड बनाइदे । सबै यिनै तत्त्वले बनाइदेको त हो नि ! अब बनाउन बाँकी नेपाल हो । त्यसको पालो चौरासीमा आउने भा' छ ।
– ठीक हो बुङ्गे । बनाउने कुरामा यिनीहरूसँग धेरै आइडिया छ । भेनेछ्वोयला नि त यिनैले बना'का हुन् नि । सिपालु मान्छेको हात पर्नुपर्छ, बनिहाल्छ ।
– बाज्या ! ती विदेशीले मिसन चौरासी भनेसि मलाई त कहिले चौरासी आउला जस्तो हुन थाल्या छ ।
– किन बुङ्गे ? चौरासी हेर्न मन लाग्यो ?
– चौरासी हेर्न होइन बाज्या ! कलाकारको कला हेर्न पाइन्छ भनेर हतार लाग्या हो ।
– सधैँ देख्या छ नि यिनका कला । सधैँको नाटक कति हेर्नु ? यो बुङ्गेलाई अझ नि धीत मऱ्या रै'नछ ।
– त्यति बेला अलि बेग्लै हुन्छ कि भनेर हो बाज्या !
– केही हुँदैन बेग्लै । उही हो क्या, कुरा बुझ्यौ होइ ?
– बाज्याले उही हो भन्यो । मैले त कुरो बुझेन । उही भनेको के हो के हो !
– अब सुन है त बुङ्गे ! यो देशमा यस्तै कुरा गर्ने नाटककारले नाटक देखाउँदै आको बीस वर्ष भो । बितेको बीस वर्षमा कति फरक देख्यो, आफैँ भन त ?
– बाज्या ! बीस वर्षमा अरू त होइन, मेची-महाकाली नदीको पानी कति बग्यो, कति बग्यो । कसैले नापजाँच नै गरेन । अब मिसन चौरासीले यसको राम्रै नापजाँच गरेर थितोथलो लगाउने भा' छ ।
– यो मिसन चौरासीले गर्ने भनेको यही हो बुङ्गे । थला नबसुन्जेल मिसन चौरासी चलाइरहन्छन् । मिसन चौरासी भनेको त्यस्तो भालुभुत्ते मिसिन हो नि त । यो मिसिनले कस्ता-कस्ता चीजलाई गालेर पानी बनाइदिन्छ ।

– त्यस्तो मिसिन हाम्रो नेपालमा चाहिया थ्यो क्या बाज्या ! बाक्लो दिमाग हुनेहरूको दिमागलाई पानीजस्तो पातलो बनार त्यसलाई राम्रो काममा लगाउन सजिलो पर्थ्यो । भनेसि त्यो सबै मिसन चौरासीले गर्ने भे छ । मलाई त खुसी लाग्न थाल्यो । मैले त अर्कै होला भनेर नेपाली संवततिरको कुरा गर्‍या, होइन रछ ।
– अब भन त बुङ्गे, तिम्ले भन्याजस्तै काम गर्न थालेसि नेपालमा हाँसोको फोहोरा छुट्छ अनि कति हाँस्नु, होइन ?
– हो बाज्या । हाँस्ने, रमाइलो गर्ने त जिन्दगीको कामै हो नि । जनताले यस्तै रमाइलो खोज्या थे । मिसन चौरासीमा मात्रै पाउने भे । अनि पर्खनैपर्ने भो कि कसो ?
– हाँस्नलाई त्यति बेलासम्म पर्खनुपर्ने रछ । रुनलाई त पर्खनै नपर्ने । यो दैवको लीला नि अपार छ भन्या बुङ्गे ।
– जिन्दगी भन्या यस्तै रछ बाज्या । हाँस्न पर्खनुपर्ने, रुनलाई पर्खनु नपर्ने । कसले बनाको नियम हो, था पाउन सक्केन ।
– यही मिसन चौरासी भन्नेहरूले बनाको नियम होला नि । के गर्नु, उनीहरूलाई सबै पुगिसरिआको छ । जस्तो नियम बनादे नि भो । के फरक पर्‍यो र बुङ्गे ?
– हुन्देस् बाज्या हुन्देस् । मिसन चौरासीसम्म को काँ पुग्ने हो, था छैन । अहिलेदेखि हिसाब गरेर बस्या देखेर पो ताजुब मान्नुपर्‍या छ ।
– मैले त मिसन चौरासीलाई बुझ्नै सकिनछु । बरू बुङ्गेले मिसन चौरासी भनेको भालुभुत्ते हो भनेर जानिसकेछ ।

●

# बल्ल प्रधानमन्त्री जागे

– हाम्रा प्रधानमन्त्री चण्डमुण्डलाई अचेल देश बनाउन निकै जाँगर चल्या छ । हेर त बुज्ञे ! त्यो खाडी देशतिरका उद्योगीहरूलाई खोजेर भर्खर फर्केका छन् । नेपालमा उद्योग खोल्न आओ भनेर त्याँ भाषणै गरेर भनेछन् ।

– हो बाज्या, २०८० मङ्सिरतिर त्याँका उद्योगीहरूले हाम्रा प्रधानमन्त्रीको भाषण खुब सुनेछन् । अनि हाम्रा प्रधानमन्त्री त्यही भाषण मात्र गर्न गा' र'छन् कि के हो बाज्या ?

– भाषणभन्दा नि त्याँका बैङ्कहरूको राम्रै निरीक्षण गऱ्या रे । नेपाल आएसि त्याँका बैङ्क कसरी चल्या छन् । ह्याँ नि त्यसै गरी चलाउन सके आर्थिक सङ्कट टर्थ्यो भन्ने ह्वाँलाई लागेछ ।

– खासमा हाम्रा प्रधानमन्त्री देश बनाउने काइदा सिक्दै हिँड्न थाल्या छन् । तीनपटक प्रधानमन्त्री बनेसि मात्र देश बनाउनेतिर लाग्दा र'छन् । अनि पो बाज्या, ती ढेउवा सातपटक प्रधानमन्त्री बन्ने दौडमा र'छन् त ! एकपटक मात्र प्रधानमन्त्री हुनेहरूको त नामै छैन । देश किन बनेन भन्या त कारण यसो पो र'छ । नेपालीले कुरै बुझ्दैनन् भनेको यही हो । देश बनेन भनेर कराउन मात्र जान्या छ । किन नबन्या हो भनेर खोजी कसैले गर्दैन । ल, अब भने देश बन्ने भो । कति नबनोस् त, अब भने मान्छेको हातमा पऱ्यो । देश पक्का बन्छ ।

– बन्छ बुज्ञे बन्छ । त्याँका उद्योगपति ह्याँ आर उद्योग चलाउन मञ्जुर भा' छन् रे ! नेपालमा ठेक्कापट्टा गर्न, उद्योग चलाउन सजिलो छ । ह्याँ काम चलाउनुपर्ने होइन, कागज चलाए पुग्छ भन्ने र'छ । उद्योग नेपालमै चलाउने भनेर सल्ला' गर्दैछन् रे !

– खोइ बाज्या, प्रधानमन्त्रीले त्याँका उद्योगीलाई बोलार नेपाल आइनपुग्दै नेपालको एनसेल भाग्यो रे भन्ने भे छ । त्याँका उद्योगीहरू आउनेमा शङ्कै छ ।

– भाग्या होइन बुङ्गे । भगाको हो क्या !

– होला बाज्या होला । नेपालीले यस्ता काम गर्न त खुब जान्या छन् । कसलाई ल्याउने, कसलाई पठाउने काम भैरन्छ । एनसेल भागेर उनलाई के फरक पर्छ र ? झन् त्यसरी भाग्न नि पाइँदो र'छ भन्ने था भो नि त उनीहरूलाई !

– कुरो त्यसो मात्र होइन बुङ्गे ! त्यो एनसेल भागेको र उसले नेपाललाई तिर्नुपर्ने झन्डै ५ अर्बको अनियमितता हाम्रा प्रधानमन्त्रीलाई था नै रै'नछ । खाडी देशबाट आर उनले नेपालमा खुट्टा राख्दा त्यसै भन्थे ।

– हो बाज्या ! मन्त्री र सचिवलाई नै था छैन रे प्रधानमन्त्रीले भनेको । मन्त्री र सचिवलाई नै था नभाका कुरा प्रधानमन्त्रीलाई था हुँदैन रे क्या ! त्यसो भेर यो एनसेल काण्ड हाम्रा प्रधानमन्त्रीलाई था नै छैन । ह्वाँ चार-पाँचवटा प्लेन किनेर ल्याए, एक दिन नि चलाएनन् । अब फेरि त्यसलाई बेच्ने कुरा हुँदैछ रे । उनलाई त्यो नि था छैन । देशको प्रधानमन्त्रीलाई सबै कुरा था हुनुपर्छ भन्ने छ र ?

– कुरो ठीकै हो बुङ्गे ! त्यो एनसेलको बजार व्यवस्थापक सञ्चारमन्त्रीको सल्लाहकार भा'को कुरा प्रधानमन्त्रीलाई झन् था हुने कुरै भेन । यस्तो भारेभुरे कुरा हाम्रा प्रधानमन्त्रीलाई चासो हुँदैन क्या !

– बाज्या, था भा'को कुरो त हाम्रा प्रधानमन्त्रीले था छ भनेकै छ । हेर्नोस् त त्यो एनसेल सञ्चालकलाई राम्रै चिनेको कुरा बताउनुभा थ्यो । आफूले मात्र होइन, ह्याँका सबै प्रधानमन्त्री सिङ्गापुर जाँदा उनैकोमा बस्ने हो भनेकै हो । कुरा लुकाउने बानी छैन क्या हाम्रा प्रधानमन्त्रीको !

– हो नि बुङ्गे, त्यसै भेर सबै प्रधानमन्त्री भिँगापुर जान भनेसि हौसिँदा र'छन् । कुरो बल्ल था भो होइ ?

– बाज्या ! त्यो भिँगापुर भन्ने देशलाई त तस्करहरूले चर्ने देश भन्दा रछन्, हो ?

– खोइ बुज्झे । मलाई त था भेन । तस्करहरू कहाँ-कहाँ चर्छन्, हाम्लाई के था ?

– बाज्या ! पहिला त पञ्चायत कालदेखि नै झिँगापुरको बखान खुब सुन्या हो । अझै नि बखान ओइलाको छैन ।

– कुरो यसो हो नि त बुज्झे ! बखान धेरै हुने गर्‍या भेर नै झिँगापुरमा हाम्रा प्रधानमन्त्रीहरू झुत खेल्ने गर्छन् नि । ह्याँको हावापानीले वाक्क भेसि जाने त्यहीँ हो । त्याँ गेसि देखिहाल्यो एनसेल मार्काजस्तै त्याँ हाम्रा प्रधानमन्त्रीका कैयौँ दोस्तीहरू बस्ने गर्‍या छन् । सबैसँग बस्ने र फर्कने गर्छन् । प्रधानमन्त्री भएसि त्यस्ता दोस्तीहरूले निकै काम गर्छन् । नेपालमा हुने त्यस्ता कामहरूको सम्झौता त्याँ भो भने नेपाल नि झिँगापुर बन्छ भन्ने हाम्रा नाइकेहरूलाई लाग्या छ ।

– बुझ्यो बाज्या बुझ्यो । त्यसै भेर सबैले नेपाललाई झिँगापुर बनाइदिन्छम् भन्या रैछ । यस्ता कुरा बुझ्नै गाह्रो ।

– अब हाम्रा प्रधानमन्त्री नि बल्ल जाग्न थाल्या छन् । यसपालि त नेपाल झिँगापुर नबनी छाड्दैन । होइ बुज्झे ?

– बन्छ-बन्छ बाज्या । ह्वाँ एनसेलको त्यत्रो छत्रछायाँमा बसेर बुद्धि सपार्दै त्यही बुद्धि देशविकासमा लगाउने प्रधानमन्धी पाएसि झिँगापुर नबनेर सुख !

– नेपाल झिँगापुर बने नि नबने नि उनीहरूलाई सुखैसुख छ । दुःखैदुःख त गरिबलाई न हो बुज्झे !

– गरिबलाई नि दुःख छैन । हद्द गरिब भनेका नेपालका सुकुम्वासी हुन् । राजधानीमा दुई-तीनवटा घर भाका अम्रिगातिर ओहोरदोहो गर्ने उनीहरू नै छन् । दुःख भन्ने कुरो त के नै रह्यो र ?

– भनेसि खाडी देशबाट आर नेपालमा उद्योग चलाइदिने भे होइन त बुज्झे ?

– हो बाज्या हो । चल्छ । अब नेपालमा उद्योग चल्छ । विश्वस्त भे फरक पर्दैन ।

●

# फेरि हँसाउन थाले

– हाम्रो मति बाज्या हाँसेको छ छ । किन हाँसेको बाज्या ?
– अहिले प्रधानमन्त्रीको धेरै विरोध गर्न थालेछन् क्यार, त्यो विरोधलाई प्रधानमन्त्रीले व्यवस्थासँग जोडेको देखेर हाँसेको । धेरै जान्ने-मान्ने मान्छे हुन् है भन्थे हाम्रा प्रधानमन्त्रीलाई । अहिले था भो, हो र'छ ।
– कुरा बुझेन बाज्या ! के भनेको ?
– अबदेखि प्रधानमन्त्रीलाई केही भन्न पाइँदैन, प्रधानमन्त्रीले जे गरे नि व्यवस्थाले गरेको भनेर बुझे हुन्छ भनेको क्या ?
– कुरो ठीकै हो बाज्या । देशको यत्रो भारी बोक्या छ । त्यस्ता मान्छेलाई नातिनीको ब्यामा यति र उति करोड खर्च गरे भनेर भन्दै हिँड्न त भेन नि ! विरोध नि चाहिने कुरामा गर्नुपर्छ नि । भ्रष्टाचार गरे भने विरोध गर्नुपर्छ । ब्यामा खर्च भा'को कुरा गरेर बसिटिक्नु नै छैन । के त्यो भ्रष्टाचार गर्‍या हो र ? त्यो नि अर्कैले बिल तिरेको रे ।
– भ्रष्टाचार गर्‍या भनेर कसले भन्या छ र ! ह्वाँ प्रधानमन्त्री आफैँले 'मेरो विरोध गर्‍या होइन, गणतन्त्रको विरोध गर्‍या, लोकतन्त्रको विरोध गर्‍या, सङ्घीयताको विरोध गर्‍या हो' भन्या सुनेर पो हाँसेको बुझे ।
– हो त नि ! अब प्रधानमन्त्री भनेको गणतन्त्र हो, अनि प्रधानमन्त्री भनेको सङ्घीयता हो र प्रधानमन्त्री नै लोकतन्त्र हो नि त ! ठीकै त हो नि ! उति बेला 'सबै नेपाली पञ्च र सबै पञ्च नेपाली' भन्न मिल्ने अनि अहिले 'मुलुकको व्यवस्था प्रधानमन्त्री हो र प्रधानमन्त्री नै मुलुकको व्यवस्था हो' भन्न किन नमिल्ने ? यसमा हाँस्नुपर्ने कुरै छैन बाज्या । अझ ह्वाँले सबै नेपाली गणतान्त्रिक भनेकै छैनन् । आफूलाई मात्र गणतन्त्र भन्या हुन् ।

– कुरो त्यसो होइन बुङ्गे । राष्ट्रपतिको विरोध गरे भने राष्ट्रकै विरोध गऱ्या ठहर्ने भो, प्रधानमन्त्रीको विरोध व्यवस्थाको विरोध हुने भेसि भन्नु नै के रह्यो र ?
– लौ, अब कुरो बुझ्यो बाज्या । ती मन्त्री किरातीले नि यस्तै कुरा गऱ्या थे । किन मन्त्रीले यस्तो कुरा गर्छन् भनेर म नि एक क्षण त हाँसैँ । मैले चाहिँ कुरा नबुझीकन हाँस्या र'छु, अब था भो ।
– मन्त्री किरातीको के कुरा बुङ्गे ?
– लौ ! त्यति नि बाज्यालाई था छैन ? "नेपालमा इसाईको विरोध गऱ्यो भने संविधानको विरोध गऱ्या ठर्छ । अनि संविधानको विरोध गर्नेलाई हतकडी लगार जेलमा कोच्ने हो" भनेर मन्त्री किरातीले भाषण गरेको बाज्याले सुनेकै रै'नछ ।
– हेर बुङ्गे, म त्यसै हाँसेको र'छु त ? मन्त्री र प्रधानमन्त्रीले संविधानको र व्यवस्थाको यति राम्रो व्याख्या गर्न थालेसि म मात्र होइन, अब त विश्व नै हाँस्ने भे ।
– का बाज्या, जनतालाई बोर भो भन्ने था पाछन् कि क्या हो, हँसाउन थालेछन् होइ ?
– मैले नि ह्याँ छेउ अलिकता कुरा बुझिनँ बुङ्गे । हिन्दूहरूको जति विरोध गरे नि हुने तर इसाईहरूको विरोध गऱ्यो भने संविधानको विरोध हुने भनेसि संविधान नै दुईथरिको बना'को र'छ कि क्या हो ?
– होला त नि बाज्या । बनाउने र गनाउने सबै उनीहरू नै भेसि संविधान जतिओटा बनाए नि भो नि । त्यसै भेर व्याख्या नि नौलो नौलो सुनिन थाल्या छ । नहाँसौँ भने नि हाँस्न मन लाग्ने, होइ बाज्या ?
– कुरो बुझ्दै जाँदाखेरी झन् झन् हाँस उठ्ने कुरो आउँदो रछ । अनि पो मान्छे धेरै हाँस्दा रछन् । अरूले हाँसेर चुप लागिसकेसि मात्र हामी कुरा बुझ्दा रछम् । त्यति बेला त हाँसोको हापटाम भैसक्ने रछ । के काम लाग्यो र बुङ्गे !

– हो त नि बाज्या ! अहिले प्रधानमन्त्री र मन्त्री भाकाले नियम, कानुन, संविधान बनाउने होइन, उनीहरूको त मुखमै कानुन, मुखमै संविधान सबै अटार बस्या छन् । त्यसकारण संविधानको विरोध, नियम-कानुनको विरोध सबै उनैलाई था छ । था नभाका जनतालाई 'जाँ भेटिन्छ, त्याँ रेटिन्छ' भन्देसि पुगेन ? उति बेला राणाशासन भन्थे, अहिले लोकतन्त्र । त्यो नि प्रधानमन्त्री र मन्त्रीको । कुरो बुझ्ने गर है सबैले । नत्र ... ।

– कुरो रेट्नेमा पुगिसकेछ बुङ्गे ? ल हेर, हामी भनेको कतै नजाने । अनि त कुरो था पाउनै गाह्रो । यो नेपालमा कानुन किन धारिलो भेन भनेको त बल्ल था भो । अर्काको मुखको कानुन कसरी धारिलो बनाउनु ? त्यो काम त न्यायाधीशलाई नि ज्यादै गाह्रो हुनाको कारण नै यही रछ । अब भने था भो । नेपालमा कानुन लागू भेन भनेको कानुन त अर्काको मुखभित्र बस्दो रछ । अनि काँको लागू हुनु ! हाँस्ने मात्र होइन, हाँस्ने-हँसाउने र फस्ने-फसाउने सबैले कानुन नदेखेको कारण त्यही रछ । कुरो यसरी बुझ्दा ठीक होला कि ?

– हाम्ले गणतन्त्रलाई कति वर्ष पढेसि गणतन्त्र बुझिन्छ बाज्या ?

– खोइ बुङ्गे ! बीस वर्षजति पढिसक्यो, गणतन्त्रको 'ग' सम्म बुझ्न सक्केन ।

– भनेसि बाज्या, हाम्ले गणतन्त्रलाई जति पढे नि बुझ्न नसक्ने किन होला होइ ?

– यो विषय नै गाह्रो रछ बुङ्गे । बुझ्नै नसकिने ।

– हो बाज्या । हाम्लाई मात्र बुझ्न गाह्रो भा होइन । हाम्रा नेतालाई नि गाह्रै रछ । त्यसै भेर विदेशीसँग ट्युसन पढ्दा रछन् । हाम्रो अगाडि गणतन्त्र बुझ्न गाह्रो भो भन्न भेन । भित्रभित्रै ट्युसन पढ्ने कारण त्यही रछ ।

●

# प्रधानमन्त्रीको नयाँ कार्यशैली सुरु भो

– हाम्रा कामरेड चण्डमुण्ड तेस्रोपटक प्रधानमन्त्री भेको एक वर्ष भेछ । दिन नि कति चाँडो जाँदो रछ, था' नै नहुने । ह्वाँले एक वर्ष भा'को उपलक्ष्यमा सम्बोधन गर्‍या भेर था' भो ।
– प्रधानमन्त्रीले एक वर्षमा के-के उपलब्धि गरेछन् त बुङ्गे ? मैले त सम्बोधन सुन्नै पाइनँ ।
– ह्वाँ आफैँलाई एक वर्षमा गर्‍या काम चित्त बुझेन रे । त्यसै भन्या सुनियो ।
– हो र भन्या ? चित्त त बुझ्नुपर्ने हो । देशका तस्कर र ज्यानमारालाई छुटाउँदैमा एक वर्ष बित्या र'छ । ह्वाँ आफूले छुटा'को मान्छेलाई अदालतले फेरि थुनामा पुर्‍याइदेसि प्रधानमन्त्रीलाई चित्तबुझ्दो काम हुँदै भेन नि बुङ्गे ।
– भनेसि एक वर्षसम्म त्यसै दौडेछन् हाम्रा कामरेड, होइ बाज्या ?
– त्यसै सित्तैंमा त को दौडन्छ र बुङ्गे ? तलबभत्ताविना खुट्टा नि उचाल्दैनन् । अब काम गर्ने मान्छेलाई नै चित्त बुझ्या छैन भनेसि सक्किहाल्यो नि ! कसैले यस्तो गरेन सरकारले भनेर भन्नै पाएनन् नि, होइन र बुङ्गे ? बाठा छन् हाम्रा प्रधानमन्त्री ।
– हो बाज्या, त्यसो भेर यो सरकारले केही गरेन भनेर कुनै नेताले नभन्या र'छ । यस्ता कुरा नेताहरूले त पैले नै था' पाउँदा र'छन् ।
– अबचाहिँ गर्छु भन्न थाल्या छन् बुङ्गे ! के-के गरेर देखाउने हुन् ! उनले गर्दै जाने, हामी हेर्दै जाने, हुँदैन ?
– हुन्छ बाज्या हुन्छ । अब सरकारले कार्यशैली नै बदल्छ रे । देश विकास गर्नलाई कम्मर कसे हाम्रा प्रधानमन्त्रीले ।
– कार्यशैली बदल्ने भनेको के होला, अब आउने कार्यशैली कस्तो हुन्छ ? भनेको त सुरु गरेर देखाइहाले बुङ्गे ।

– बदलेको कार्यशैली कस्तो र’छ त बाज्या ?
– लौ, देखेन बुङ्गेले ? ह्वाँ कोरिया जान इपिएस परीक्षा दिन पाऊँ भन्ने दुईजनालाई ललितपुरको बालकुमारीमा गोली ठोकेर मारेछन् । सरकारले कार्यशैली नबदलेको भे विचराहरूले मर्नुपर्ने थेन होला ।
– विदेशमा काम गर्न जान लागेकाले गोली खानुपर्ने भेसि नेपालमा त रोजगारको कुरा नगरे भो, होइन बाज्या ?
– हो त नि बुङ्गे, नयाँ कार्यशैली त कडा र’छ ।
– बाज्या नि ! प्रधानमन्त्री भनेको ख्यालख्यालको हो र ? बोलेसि काम सुरु गर्नुपरेन ? नत्र कस्ले पत्याउँछ प्रधानमन्त्रीलाई ?
– बुङ्गेले भन्या ठीक हो । अब यही गतिमा कार्यशैली हिँड्ने भेसि प्रधानमन्त्रीको चित्तबुझ्दो विकास हुने भो । अहिलेको सुरुवाती विकासले प्रधानमन्त्रीको चित्त बुझ्न थाल्या हुनुपर्छ । होइन त ?
– कुरो यसो नि हो बाज्या, प्रधानमन्त्रीले कार्यशैली बदल्छु भनेसि जनता सजग हुनुपर्ने र’छ ।
– प्रधानमन्त्रीको कार्यशैली कस्तो हुन्छ ? ह्वाँको हुटहुटी कस्तो हुन्छ ? सुरुमा त जनतालाई था भेन नि ! अनि सजग हुने त कुरै भेन ! लोकतन्त्र र गणतन्त्रमा सरकार भनेकै जनता हो भन्ने गऱ्या छन् । जनताकै सरकारसँग हारगुहार माग्ने पक्षमा जनता छन् । अब त्यो नयाँ कार्यशैली त्यस्तो होला भन्ने त कसैले नि चिता’का थेनन् । अबचाहिँ सजग हुनुपर्ने देखियो होइ बुङ्गे !
– का बाज्या, अब त कसैले फुर्ति गरेर कुरा गऱ्यो भने सरकारको नयाँ कार्यशैली था’ छ ? भनेसि त्यसले कुरा बुझ्के हुन्छ । कि कसो ?
– कुरा के बुझ्नु भने नि बुङ्गे ! हाम्रा प्रधानमन्त्री नै नौरङ्गी कुरा गर्छन् । नयाँ कार्यशैली भन्छन् । पुराना कुरा सबै हटे भन्छन् । अब प्रधानमन्त्री भएसि देशको मुहार बदल्छु भन्छन् । यस्ता कुरा

त हाम्ले सुन्दै आका कुरा नै हुन् नि बुङ्गे । कुरासम्म त सुनियो । तर त्यसको व्यावहारिक पक्ष हेर्न पाको थेन, त्यो नि देखियो ।

– एकथरि मान्छे बोल्छन् मात्र काम गर्दैनन्, तर हाम्रा प्रधानमन्त्री त बोल्छन् पनि, गर्छन् नि । फरक यत्ति हो बुङ्गे ।

– बाज्या ! हाम्रा प्रधानमन्त्रीज्यूले देशविकास गर्न तय गरेको नयाँ कार्यशैली अब प्रयोग नगरे हुन्थ्यो होइ ?

– हाम्ले भन्या नि त्यही हो बुङ्गे । यो, नानीदेखि लागेको बानी हो, भन्नेबित्तिकै कहाँ छुट्छ र ! फेरि विभिन्न शैली तय गरेर काम गर्न थालेका प्रधानमन्त्रीलाई नयाँ कार्यशैली काम लागेन भन्न नि त भेन नि ! उनका कस्ता-कस्ता सल्लाकारहरूले बनाको कार्यशैलीलाई हाम्ले भेन भन्न मिल्दैन । गर प्रधानमन्त्री गर । यस्तै काम गर्दै जाऊ ।

– काम त ठिकै हो नि बाज्या, कार्यशैली मात्र फरक हो । त्यो नि गोप्य तरिकाले शैली लागू गऱ्या होइन । नयाँ कार्यशैली लागू हुन्छ है भनेकै हो । नबुझेसि के लाग्छ !

– अहिलेका मन्त्री, प्रधानमन्त्रीले बोल्या कुरो बुझ्नै नसकिने । के गर्नु, हाम्रो जमानामा त्यस्तो थेन बुङ्गे ।

– थेन बाज्या थेन । उही तन्त्रका कुरा गर्थे । त्यो नि हाम्ले त काँ बुझ्नु र ! तन्त्र भन्या के हो, मन्त्र भन्या के हो । यस्ता व्यक्तिले झन् शैली भन्या कुन चराको नाम हो, था भे मार्दिनु ।

– अब त था भो नि बुङ्गे । शब्दले काम गर्न थालेसि मात्र बुझिने रछ ।

– हाम्रा प्रधानमन्त्री र नेताहरूले यसै गरी जनतालाई पढाउँदै गए भने बल्ल जनता सचेत हुनेमा दुई मत छैन । कसो बाज्या ?

●

# गणतन्त्रमा जनताको प्रमोसन

– बाज्या, गणतन्त्र आएसि जनताको सम्मान कत्तिको बढ्या छ ?
– हेर बुङ्गे ! जनताको मानसम्मान र मर्यादा गणतन्त्रमा राम्रैसँग हुन थाल्या छ । प्रजातन्त्र मात्र हुँदा जनतालाई अर्कै तरिकाले पुकारेको सुनिन्थ्यो । तर गणतन्त्र आएसि अलि उच्च कोटीको सम्मानबाट पुकारिन थाल्या छ । फरक त अलिअलि परिहाल्छ नि !
– कुरा बुझिनँ बाज्या, राम्रोसँग बुझाइदेऊ न ।
– ल हेर बुङ्गे ! प्रजातन्त्र भर्खर आर चुनाव मात्र सकेको थ्यो, त्यति बेला 'जनता भनेका भेडा हुन्' भनेर भनियो । जनताबाट भेडामा पदोन्नति भो भनेर त्यतिखेरका जनता अति खुसी भे । एकथरि जनता त नाच्न नि थाले ।
– ल बाज्या, परिवर्तन भनेको यसरी हुँदो र'छ भन्ने भो होला जनतामा । कहिल्यै नि परिवर्तन नदेखेका जनताले यसैलाई परिवर्तन ठानेको हुनुपर्छ । यो चानचुने परिवर्तन होइन नि त ! कहाँको जनता, कहाँको भेडा । जनताले जथाभावी खान भेन, भेडाले त जे खाए नि भो । त्यसै भेर जनता दङ्ग परेको हुनुपर्छ । अनि भेडा भन्ने मान्छे नि जनता नै होइन र बाज्या ?
– जनता भे नि भेडा भन्ने ब्यक्ति अलि माथिल्लो तहको जनता हो ।
– अनि बाज्या, यो गणतन्त्र आएसि अझ बढी सम्मान गर्न थाल्या छ भन्या के हो नि ?
– यो गणतन्त्रका जनतालाई अहिले 'नालीको कीरा' भन्न थाल्या र'छन् । यो सुन्ने जनता नि खुब खुसी हुन थाले ।
– आफ्नो प्रमोसन भेसि खुसी हुनुपरेन त ? उति बेलाका भन्दा अहिलेका जनता झन् खुसी भेको देख्दा पक्का नि जनताको प्रमोसन भेको हुनुपर्छ भन्ने त लाग्या हो बाज्या !

– बुङ्गेले भन्या ठीक हो । अहिले जनताले सर्वश्रेष्ठ बना'का व्यक्तिले जनतालाई राम्रो प्रमोसन गरिदे'का हुन् । त्यसैले जनता खुसी देखिन्छन् ।
– गणतन्त्र भनेको गणतन्त्र हो नि बाज्या ! ह्याँका जनतालाई खानु-लाउनु पर्दैन । सबै कुरा संविधानले दे'को छ । गाँस, बास, कपास अनि उपचारको व्यवस्था गरेको छ । बाँकी मानसम्मान पुग्या थेन, नालीको कीरा भनेर सम्मान नि गरिहाले । व्यक्ति विकासमा बाँकी कुनै कसर रहेन । अब जनता नाचेन भने कहिल्यै नाच्न पाउँदैन ।
– हो बुङ्गे । जनताले ठीक समयमा कुरो बुझ्छन् भनेको यही हो । जनता किन नाच्छन् भनेको त बल्ल था भो ।
– बाज्या ! उति बेला भेडा भनेसि ती भेडाका नाइके कति दङ्ग पर्थे ! अहिले नालीका कीरा भनेर सम्बोधन गर्ने ती कीराका नाइके नि दङ्ग भेको हुनुपर्छ, होइ बाज्या ?
– उनीहरूको खुसीको सीमा नै छैन बुङ्गे ! "ती नालीका कीरासँग के बोल्नु ? केलाई चलार के गन्ध भन्या जस्तो ।" भनेको सुन्दा उनीहरू निकै खुसी छन् भन्ने अनुमान लगाउन सकिन्छ ।
– नालीको कीराको नि नाइके भेसि खुसी हुनैपर्‍यो नि ! ह्वाँ भेडाको नाइके त कति खुसी भा'का थे । अहिले कीराकै नाइके भेसि खुसीको बयान गर्नै सकिँदैन बाज्या !
– प्रजातन्त्र र गणतन्त्रमा हुनुपर्ने परिवर्तन बुङ्गेले था पायो त ?
– था पायो बाज्या, था पायो । अहिले नेपालमा सबै कुरो सक्या छ, कसले खान्छ होला भनेको त बल्ल था भो । नेपालमा केही बाँकी छैन भन्या ! त्यसै भेर लोकतन्त्र र गणतन्त्रको बखान ठूलो हुने गर्‍या र'छ । अनि जनताको प्रमोसन गर्न नि कति जानेका होइ ?
– एउटा कुरो नि बुङ्गे ! ठूलो पाप गर्नेहरू नालीको कीरा हुनुपर्छ भन्ने हाम्रो धर्मले बताउँछ । तिनीहरूले कति ठूलो पाप गर्‍या होलान्, हेर न !

– बाज्या नि ! पाप र धर्मको कुरा नगर । यो गणतन्त्रमा बाज्याले भन्या जस्तो हुँदैन बाज्या ! त्यस्तो हुने हो भने त चण्डमुण्डले सत्र हजार मान्छे मारेको कुरा गर्छन्, उनलाई कसले पापी भन्या छ, ल भन त बाज्या ?

– हुन त हो । उनी पापी भेका हुन् भने नेपालका नालीहरू सबैमा उनी नै कीरा भेर बस्या हुनुपर्थ्यो । खोइ त, त्यस्तो भाको छैन । ठीक हो बुङ्गेले भन्या ।

– बाज्या, प्रजातन्त्रमा र गणतन्त्रमा जनताको प्रमोसन गर्नैपर्छ बाज्या ?

– अघि भन्या होइन बुङ्गे ? प्रजातन्त्रको परिवर्तन नि जनतालाई देखाउनैपऱ्यो । अनि गणतन्त्रको परिवर्तन नि देखाउनैपऱ्यो । गणतन्त्र भनेको के हो, प्रजातन्त्र भनेको के हो, जनताले प्रस्टसँग बुझ्नुपऱ्यो नि ! त्यसकारण पहिले जनताको प्रमोसन गर्नुपर्छ क्या !

– बाज्या ! जुनसुकै तन्त्रमा नि पहिले जनताले आफ्नो महत्त्व बुझ्नुपर्ने कारण यही रछ, होइ ?

– हो बुङ्गे । महत्त्व त जनताले आफ्नै बुझ्नुपर्ने हो । तर आफ्नो महत्त्वतिर जनता लाग्न थाले भने कीरा र भेडा भनेर नाइकेले तह लगाउन थालिहाल्छन् । प्रधानमन्त्री चण्डमुण्डले समेत त्यसै कीरा भन्या हुन् र ! अनि जनता त प्रमोसन भयो भनेर सधैँ दङ्ग । के गर्नु, यस्तै छ ह्याँको चलन । कि होइन ?

– हो बाज्या हो । ह्वाँ भक्तपुरका मजदुर नेता रोहितनारानले भक्तपुरभरिका कति किसानहरूको थर नै परिवर्तन गर्दे । आफूले सक्या बेला गर्ने यही नै हो ।

– भनेसि कामरेड चण्डमुण्डले जनतालाई नालीका कीरा भन्नुमा केही फरक परेन, होइन त बुङ्गे ?

– हो त नि बाज्या ! अझ हाम्रा प्रधानमन्त्री चण्डमुण्डले त माया गरेर कीरा भन्या हुन् ।

●

# बादशाहको उपहार

– लौ न बाज्या मलाई के भो के भो ! आनन्द भन्ने नै भेन । तिम्रो मतिपुराणमा आनन्द दिने खालका कथा छन् भने सुनाऊ न ।
– कथा त छ । बुङ्गेलाई कत्तिको आनन्द दिन्छ, त्योचाहिँ मलाई था छैन ।
– भन न बाज्या, आफूलाई कुन बेला सुनौँ जस्तो भा छ ।
– सुन है त ! एकादेशमा सुँगुर प्रतियोगिता भेछ । अनि सुँगुरहरूलाई प्रतियोगितामा लगिएछ । तीमध्ये एउटा बडेमानको सुँगुरको जीउमा 'मलाई सुँगुर जस्ले भन्छ त्यो नि सुँगुर हुनेछ' भन्ने लेखेको रछ ।

संयोगवश त्यो सुँगुर प्रतियोगिताबाट फुत्केर नजिकको देशमा घुसेछ । त्यो देश अकबर बादशाहाको देश रछ । त्याँका पालेपहराले त्यो सुँगुरलाई एउटा खोरमा पारेछन् र बादशाहलाई खबर गरेछन् । 'सरकार ! एउटा जन्तु आर हाम्रो राज्यमा पस्यो, हाम्ले त्यसलाई खोरमा थुनेर राखेका छौँ, के गर्ने सरकार ?' भनेछन् । बादशाहको बैठक चलिरको रछ । बैठकमा भेका सबै उठेर जन्तु हेर्न गएछन् । जन्तु देखे तर त्यसको नाम के हो भनेर कसैले नि भन्न सकेनन् । वीरबललाई बादशाहले अब के गर्ने भनेर सोधेसि वीरबलले 'यसलाई गणतन्त्र भेको देशमा उपहार पठाइबक्स्योस्, उनीहरूले जे गर्छन् गर्छन्' भनेर युक्ति निकालेछन् । आखिर भर्खर गणतन्त्र भेको देश कुन हो भनेर केलाउँदा नेपाल नै परेछ र त्यो सुँगुर हालेको खोर खुब सजार बादशाहले नेपालको सिमानामा पठाइदेछन् ।

नेपालको सीमारक्षकले 'बादशाहबाट एउटा उपहार आको छ, के गर्ने ?' भनेर नेपालका नयाँ राजालाई सोधेछन् । 'के उपहार ?' भनेर यताबाट सोधनी भेछ । जवाफमा 'थाहा भेन' भनेछन् । अन्तमा 'उपहार हो, पठाइदिनू' भनेसि तिनै सीमारक्षकले त्यो

उपहार ल्याएर बालुवाटारमा भित्र्याएछन् । त्याँका राजाहरूले उपहार हेर्छन् त नामै भन्न नहुने भएसि क्याबिनेटको बैठकमा त्यो उपहार पेस गरेछन् । क्याबिनेटले नि जन्तुको नाम यही नै हो भन्न सकेन । 'के गर्ने ?' भनेर ठूलो हल्ला चल्न थालेछ । अब सतहत्तरै जिल्लाका नगरपालिका, पालिका, सातै प्रदेशका मन्त्री र सांसदहरू अनि केन्द्रका मन्त्री र सांसदहरूको संयुक्त भेला डाक्ने निर्णय भेछ । नेपालमा सात हजार छ सय त्रिचालीस वडाहरू छन् । ती लगायत प्रान्त र केन्द्रका सबै प्रतिनिधिहरू एकै ठाउँमा बस्ने भवन छैन । अर्को फसाद ! आखिर टुडिखेलमा सम्मेलन गर्ने निर्णय भेछ र सबै उपस्थित भेछन् । उपहारलाई टुँडिखेलको माझमा राखेछन् र संयुक्त सम्मेलन सुरु भेछ ।

उद्घोषकले सबै विवरण खुलाइसकेपछि उपहारको नाम बताउन वक्तालाई अनुरोध गर्दै सभा सञ्चालन गरेछन् । पहिलो वक्ताले भाषण सकेर माइक छोड्ने बेलामा 'यो जन्तुको नाम पछि थाहा हुनेछ' भनेर माइक छाडेछन् । दोस्रो, तेस्रो सबै वक्ताहरूले पहिलो वक्ताले भनेजस्तै गरेर माइक छाडेर जाने गर्दा रछन् । यही तरिकाले सात दिनसम्म सम्मेलन चलेछ, तर कुनै उपलब्धि भेन । अनि एकजना नेपाली वीरबल उठेर 'यसको नाम मलाई थाहा छ' भनेपछि करतल ध्वनिले उपत्यका नै गुन्जेछ । अब समस्याको हल हुने भो भनेर माइक उसलाई देछन् । उसले नि भाषण गर्नसम्म गरिसकेपछि 'यस्तो उपहार कसले लिनु भन्यो ? उपहार भन्दैमा जे नि लिन भेन नि ! राम्रो उपहार भेको भे बालुवाटारबाटै सकिन्थ्यो' भनेर उपहार लिनेको झाँको झारेछ । अनि 'यो उपहारको नाम 'कि त मुसो मोटाको हो कि हात्ती दुब्लाको हो' भनेछ । त्यसपछि सबैले ताली बजाएछन् र उपहार लगेर चिडियाखानामा राख्नु भन्दै सम्मेलन सकेछन् । कथा यस्तो छ ।

– ल बाज्या, मैले थाहा पायो । मलाई आनन्द नि भो । कथा राम्रो लाग्यो होइ ।
– कथा सकेकै छैन । पख न ।
– हेर बुङ्गे ! त्यो प्रतियोगिताबाट भागेको सुँगुर काँ गा होला भनेर प्रतियोगी देशले खुब खोजेछ । सुँगुरले खान पाउँछ कि पाउँदैन भन्ने कुरा जान्नका लागि एउटा आयोग नै खडा गरेछ र त्याँका गुप्तचरहरू चारै दिशा लागेछन् । सुँगुर नेपाल भन्ने गनतान्त्रिक देशमा पुगेछ भन्ने पत्ता लगाछन् र आयोगको बैठक बसेछ । आयोगमा भारी छलफल हुन थालेछ । सुँगुर लिन जाने हो भने पत्राचार गर्ने कि भन्ने कुरा नि उठेछ । यत्तिकैमा सुँगुरको खाना बारे चर्चा चल्न थालेछ । अनि गुप्तचरको एउटा रिपोर्ट अनुसार नेपालमा भाका सबै सुँगुर मोटाघाटा छन् । उनीहरू सुँगुर भन्न नसुहाउने गरी बसेका हुँदा खानपिनका बारेमा चिन्ता लिनुनपर्ने देखियो । नेपालका सुँगुरले जे नि खाने गऱ्या रछन् भन्ने भेसि आयोगको छलफल सौहार्द्रतापूर्वक समापन भेछ र सुँगुर नेपालमै भाको राम्रो मानिएछ बुङ्गे ।
– ल बाज्या ! विदेशीले समेत नेपालको दानापानीको बारेमा चिन्ता लिनुनपर्ने देखेछन् होइ ?
– नेपालका सुँगुरलाई दानापानी प्रशस्तै पुग्या कुरो विदेशीले नि था पाए । त्यसै भेर त ह्याँका सुँगुरहरू कति मोटाघाटा भाका, होइ बुङ्गे ?
– हो बाज्या । जे नि खान्छन्, अनि त मोटाउन भैहाले नि । खान नपाए पो दुब्ला ख्याउटे हुन्थे ।
– किन र बुङ्गे ?
– किन भन्नु नि बाज्या । ती विदेशीका सुँगुर नि कति राम्रोसँग पालेको छ नि त यो देशले । त्यसै भेर हाम्रो देश राम्रो देश भन्या । बुझेन ?

●

# कति राम्रो निर्देशन !

– काँ ग'र आ'को बुङ्गे ? हस्याङफस्याङ गर्दै आ'को छ त !
– काँ जानु बाज्या ! बत्तीको पैसा तिरेर आ'को । तीन महिना भेछ पैसा नतिरेको । आर लाइन काटेछ । अनि त पैसा तिरेर लाइन जडान गरेसि सोझै यता आ'को ।
– के गर्नु त बुङ्गे ! जनताले तीन महिनामा पैसा तिरेन भने लाइन काट्छ, होटलहरू अनि ती उद्योगहरूले वर्षौंसम्म पैसा नतिरे नि लाइन काट्दैन । के हो के हो ?
– केही होइन बाज्या ! यो जनताको सरकार होइन भनेको क्या ! उद्योगपति अनि ठूला-ठूला व्यापारीहरूको सरकार हो भनेर उसैले आफूलाई प्रमाणित गरेको भनेको यही हो । त्यसमा नि व्यापारीसँग उठ्नुपर्ने रकम धेरै छैन, छ-सात खर्ब त होला नि !
– त्याँ बिजुलीमानले उद्योगको नि लाइन काटेर पैसा उठाउन थाल्या र'छ । केही पैसा नि उठ्न थालेछ । यो असी साल मङ्सिरतिरको कुरो हो । धमाधम पैसा उठ्न थालेसि प्रधानमन्त्री चण्डमुण्डबाट बिजुलीमानलाई निर्देशन गर्छ 'पैसा नि नउठाउनू, लाइन नि नकाट्नू' भनेर । कति राम्रो निर्देशन !
– हो त नि बाज्या ! त्यो व्यापारीको पैसा उठेर के काम, आफ्नो खातामा जाने होइन ! ठीक गरेछन् प्रधानमन्त्रीले । अनि के भेछ बाज्या ?
– अनि बिजुलीमानलाई नि प्रधानमन्त्रीको निर्देशन राम्रो लागेछ र एउटा टिप्पणी उठाउन लगाछन् । पैसा नि नउठाउने लाइन नि नकाट्ने प्रधानमन्त्रीको निर्देशन अति सुन्दर छ भनेर टिप्पणी सदर गरेछन् बुङ्गे !
– ठीक गरेछन् बाज्या ! अब त्यसपछि उद्योगपतिहरू केको पैसा बुझाउन आउँथे । पैसा बुझाउन तयार भा'काहरू नि पैसा बुझाउन छाडेर बसेछन् ।

– उता बिजुलीमानलाई जनताले उद्योगबाट खपत गरेको बत्तीको पैसा किन उठेन भनेर करा'का छन् । के गर्नु, उनको व्यथा उनैलाई था छ बुङ्गे !

– हो बाज्या ! बिजुलीमानलाई नि सारै गाह्रो छ जागिर खान । पैसा उठाएन भने जनता कराउँछ । पैसा उठाउन लाग्यो भने प्रधानमन्त्रीको निर्देशन आउँछ । तिमी-हामी गरिब जनताको लाइन काट्यो भने कसैले निर्देशन गर्छ त ? गर्दैन नि !

– यस्तै छ बुङ्गे हाम्रो भोटको कमाल । के गर्नु भन्या छ, बस्या छ । यही हो नि त जनताको काम !

– होइन बाज्या ! हामी नेपाली जनताका मनै खुनी, हातै खुनी, अनि भोट नि खुनी भनेको यही हो । राम्रो मान्छेलाई त हाम्रो हातले भोट हाल्नै मान्दैन । काँकाँ खुनीहरू उठेका छन्, हाम्रो हात भोट हाल्न त्यहीँ पुग्छ ।

– कुरो यसो नि त हो नि बुङ्गे ! चुनावमा उठ्ने बेलामा राम्रा मान्छे भेर उठ्छन् अनि चुनाव सकेसि उही खुनी स्वभाव आइहाल्छ ।

– बाज्या ! यसैलाई अर्गानिक नेपालीपन भनिन्छ । केही छैन, अर्गानिक भनेको अर्गानिकै हो नि ! कसो बाज्या ?

– कुरो अर्गानिकले मात्र काम चल्दैन नि बुङ्गे ।

– काम चलाउने हाम्ले हो र बाज्या । काम चलाउने, पैसा फलाउने उनै प्रधानमन्त्री हुन् क्यार । उनैले निर्देशन देर उद्योगीको बत्ती मिना गर भन्छन् भने हाम्लाई के फरक पर्छ र ?

– के कुरा गर्छ बुङ्गेले । अहिले भर्खर लाइन काटेको पैसा तिरेर आको भन्दैछ । फेरि फरक पर्दैन नि भन्दैछ । के हो ? कतै प्रधानमन्त्रीको हुक्केमा जागिर खान थाल्या छ कि के हो ?

●

# जनमुखी विकास

– ओ बाज्या ! कति घरमा मात्र बसिर'नु ! जाऊँ जनमुखी विकास हेर्न ।
– के भन्छ यो बुङ्गे ? कहाँ जाने जनमुखी विकास हेर्न ? संसारमा विकासै विकास भा' छ होइन र ? त्यै हेरे भैहाल्यो नि !
– का बाज्या नि । अरू विकासजस्तो होइन नि जनमुखी विकास ! त्यो विकास हेर्न त केबलकार चढेर जानु पर्छ । त्यसै पुगिन्छ भन्या होला !
– काँ छ बुङ्गे त्यस्तो केवलकार चढेर विकास हेर्नुपर्ने ठाउँ ?
– ल, बाज्या नि ! त्यो चन्द्रागिरी टुप्पामा भा'को विकास हेर्न त जसतसले सक्दै सक्दैन, केबलकार चढ्नुपर्छ । केबलकारको भाडा तिरेर हत्तपत्त को पुग्न सक्छ त्याँ ?
– अनि भाडा कति तिर्नुपर्छ नि बुङ्गे ?
– खोइ बाज्या, म नि गा'को छैन । अरूले भनेको सुनेको, काठमाडौँबाट नारायणगढ जाँदा लाग्ने भाडा लाग्छ भन्ने छ ।
– त्यसो भे गएन बुङ्गे ! त्यत्रो भाडा तिरेर त्याँ के हेर्नुछ र ?
– बाज्या नि ! हेर्न-देख्न त हिँडर गए नि पाइन्छ, भाडा नि तिर्नुपर्दैन । त्यो त जनमुखी विकास भा'को कारण भाडा तिरेरै हेर्नुपर्ने हुन्छ । जनमुखी भनेकै त्यै हो । अन्तको जनमुखी र हाम्रो देशको जनमुखी विकासको फरक यै हो ।
– के त, जाने त बुङ्गे विकास हेर्न ?
– विकास मात्र होइन भन्या क्या बाज्या ! जनमुखी विकास भन्नुपर्छ । जति भने नि बुझ्दैन बाज्याले ।
– लौ, जाऊँ न त जाऊँ, हेरेर आऊँ । आफ्नै देशमा भा'को विकास हेर्न किन नजानु ! जनताले जनमुखी विकास हेरून्, देखून्, जानून् भनेर सरकारले काँ-काँबाट मान्छे झिकार गऱ्या विकास हेर्न नगर हुन्छ ? जानुपर्छ ।

– ल बाज्या, केवलकारको टिकट नि काट्यो । अब चढौँ ।
– हाम्रो बुङ्गेले भनेको ठीक र'छ । हेर, केबलकारले कतै नहल्लाईकन चन्द्रागिरी डाँडाको टुप्पोमा पुऱ्यायो ।
– ओर्ल बाज्या, अब त ह्याँ डुलेर हेर्नुपर्छ ।

– ओहो ! कति राम्रो होइ बुङ्गे ! हेर, पूर्वतिर हेऱ्यो भने उपत्यका सबै देखिने र'छ । पश्चिमतिर हेऱ्यो भने त्यो भीमफेदी चित्लाङको बस्ती कति राम्रो होइ ? झण्डै नआको । कति रमाइलो रछ ।
– ल बाज्या, नजाने भन्या होइन ? कति राम्रो र'छ । देख्यौ नि ! यस्तो जनमुखी विकास नेपालमा कतै भा'को छैन । यस्तो विकास गर्न लाग्यो कि सरकारको गठबन्धन ढुस पार्न थाल्छ । अर्कै सरकार भेसि विकासको नमुना नै बदलिन्छ । धन्न यो जनमुखी विकासचाहिँ के भेर हो, सम्पन्न गर्न पाए ।
– हेर बुङ्गे ! ह्याँ त मन्दिर नि र'छ, होटल नि र'छ । डुल्ने, घुम्ने ठाम नि र'छ होइ ?
– ह्याँ हाम्रो सरकारले ठूलो-ठूलो कार्यक्रम गर्नुपऱ्यो भने गर्ने ठाउँ यही नै हो । त्यसै जनमुखी भन्या हो र बाज्या !
– हो र'छ बुङ्गे, राम्रै ठाम छानेर घुमाउन ल्या छ बुङ्गेले । मैले त जनमुखी विकास भनेसि विकासको पखेटा हुन्छ भन्ठानेको । बेलाबेलामा उडेर रमाइलो गर्छ र त्यही हेर्न मान्छेहरू केवलकार चढेर जाने होलान् भन्ठानेको, होइन र'छ ।
– बाज्याले भनेको ठीक हो । यो जनमुखी विकासको पखेटा हुन्छ । त्यसै भेर यसको नाम जनमुखी विकास भन्ने गरेको हो । तर यो जनमुखी विकासको पखेटा हामी देख्दैनौँ । त्यो पखेटा विकास गर्न रुचाउने र विकास गर्न दिने दुईथरिले मात्र देख्छन् । अरूले देख्ने भनेको यही जङ्गल हो ।
– जङ्गल नि के भनाइ भो र ! जङ्गल भे विकास छैन, विकास भे जङ्गल छैन । यस्तो छ नि त कुरो बुङ्गे !

– कुरो बल्ल बुझेछ हाम्रो बाज्याले । त्यसै भेर यो विकासलाई जनमुखी विकास भन्ने गरेको हो । था भो बाज्या ?
– था भो बुङ्गे । अहिले जनमुखी विकास भनेसि यस्तै जङ्गल अनि खोलाका किनार, पर्ती जग्गाहरू, जे होस्, सरकारी जमिनमा नै हुने गर्दो रछ, होइ ?
– हो बाज्या ! बाज्याले अब भने था पायो, निजी जमिनमा त सक्कली विकास मात्र हुन्छ । जनमुखी विकास हुनलाई सरकारी जमिन नै चाहिन्छ । सरकारी जमिनमा धोको फुकार विकास गर्न पाइयो । अनि त्यसको त बेग्लै मजा ।
– जनमुखी विकासको एउटा पखेटा सत्तावालले चलाउने, अर्को पखेटा विकासप्रेमीले चलाउने, यी दुवै मिलेसि जनमुखी विकास उडेर गर्नसम्म रमाइलो गर्छ नि । यो टुप्पोमा सधैँ यस्तै रमाइलो हुने गर्छ रे बुङ्गे ।
– बाज्या, चलाउने त चलाउने नै रछन् होइ ? नेपालका प्लेन चलाएजस्तै त होला नि !
– करिब-करिब त्यस्तै हो बुङ्गे । चलाउने भनेसि त्याँ फलाउने नि सँगै हुन्छ क्या । त्यो कुरा हामी देख्दैनौँ, विकास गर्न दिने र विकास गर्न लिनेले देख्छन् । अरू कसैले नि देख्दैनन् । जनमुखी विकासको विशेषता नै यही हो ।
– यस्तो जनमुखी विकास अन्त कतै देख्या छ बाज्याले ?
– ठ्याक्कै यस्तै खालको त होइन, अरू खालका जनमुखी विकास धेरै भाको पाइन्छ । अहिले जता हेर जनमुखी विकासले ढाक्या छ बुङ्गे ।
– विकास गर्न आको सरकारले विकास गर्‍या छ । राम्रै गर्‍यो बाज्या ।

●

# सङ्घीयताको लम्पसार

– सबैतिर विकास भो । त्यो फूलचोकीको टुप्पामा विकास गर्न सबैको मन मरेको किन होला होइ बुङ्गे ?
– किन होला त ? हेर्न जाऊँ न बाज्या, हुँदैन ?
– हुन्छ ल ! पैदल जाने, पैदलै आउने । कहिले जाने त बुङ्गे ?
– भोलि नै जाने बाज्या । खाजा नि बोकेर जाने । पिक्निक गएजस्तै हुन्छ । बाज्याले आइडिया लगा'को नि ठिकै छ ।

(भोलिपल्ट)

– लौ, अब यही गोदावरीबाट उकालो चढ्ने होइन त बुङ्गे ?
– हो बाज्या हो । अब बिस्तारै उकालो चढेर लाग्ने हो ।
– होइन, यो बुङ्गे के गरी हिँड्या हो ? आकाशतिर हेरेर मात्र हिँड्छ त ! भुइँमा हेरेर हिँड् न ! लौ हेर, भनेको मान्दैन । ल, त्यो भीरको टुप्पामा पुगिसक्यो । अझ भन्या मान्दैन । बुङ्गे ! ए बुङ्गे ! के भो तँलाई ? त्यो भीरबाट खस्न लागिसक्यो । पख-पख, नहिँड ।
– किन करा'को बाज्या ? अहिले यसै गरी आकाशतिर हेरेर हिँड्नुपर्छ क्या ! ह्याँ नेपाली काङ्ग्रेसका उपसभापति अपूर्णबहादुर खड्गाले असी सालको मङ्सिरतिर पश्चिम नेपालमा भाषण गर्दा त्यसै भन्या थे । उनी त मन्त्री नि भा र'छन् । अनि भाषण गर्दा 'अहिलेको सरकारले जनतालाई निहुरेर हिँड्नुपर्ने गरा'को छैन' भनेर भाषण गऱ्या थे । त्यसै भेर ठाडै हिँडेको क्या बाज्या !
– त्यस्तै भाषणको भरमा परेर हिँड अनि भीरबाट खसेर कहिल्यै निहुरिनुनपर्ने हुन्छ ।
– बाज्यालाई था नै छैन, अहिले त्यो भाषण सुन्नेजति सबै आकाशतिर हेरेर हिँड्ने गऱ्या छन् । बाज्या ! त्यो भीरमा झुन्डेको के होला होइ ?

– त्यो भीरमा झुन्डेको सङ्घीयता हो सङ्घीयता । तल नि खस्दैन, माथि नि जाँदैन । झन्डै बुङ्हे आफू नि त्यसै गरी खसिसक्या थ्यो ।

– आऽऽऽ बाज्या ! म त खसे नि माथि आइहाल्थेँ, त्यसरी अड्केर बस्थिनँ । होइन, त्यो सङ्घीयता नि खुरुक्क माथि आए हुन्थ्यो नि ! किन त्यसरी लम्पसार परेर बस्या होला होइ बाज्या ?

– सबैले सङ्घीयताको विरोध गर्न थाले । चोरी गर्ने, बलात्कार गर्ने, तस्करी गर्ने, भ्रष्टाचार गर्ने, ज्यान मार्ने अरू हुन्छन् । त्यसको सबै दोषजति सङ्घीयतालाई दिन थाल्छन् । यो त भेन नि ! त्यसै भेर सङ्घीयता भीरमा गर बस्या र'छ । कतिले माथि आउनु भनेर बोलाउँछन्, तर सङ्घीयता त्यहीँ बसिराख्या छ । माथि आउनै मान्दैन ।

– ठीक त र'छ नि ! नचाहिने काम आफू गर्ने अनि सङ्घीयतालाई दोष दिन हुन्छ त ?

– नहुने हो बुङ्हे ! के गर्नु र, सङ्घीयतालाई नचिन्नेहरू भा ठाममा बस्दिनँ भनेर छुट्टै बस्न गा'को रे ! अझ नि धेरै विरोध गर्न थाले भने त्यहीँबाट खसिदिन्छु भन्छ रे !

– सङ्घीयताको हत्या नै गर्ने भे यिनले । बाँदरको हातमा नरिवल भन्या यही हो बाज्या ! लड्दै-पड्दै, दुःख गर्दै आ'को सङ्घीयताको हुर्मत नै लिने भे यिनले । सङ्घीयतालाई किन यसरी दच्का'को होला ?

– सङ्घीयतालाई कसैले चिनेन बुङ्हे ! ल हेर त, त्यस्तो हालतमा पु¥याए । पाल्न नसके राम्रै मुखले जाऊ भनेर बाटो देखाइदे भैहाल्थ्यो । बिजोग हेर्नैपर्थेन ।

– ती अपूर्णबहादुर खड्गाले नि सङ्घीयतालाई चिनेनछन् होइ ? ती त अलि खाइलाग्दै कुरा गर्थे, तर बुद्धि त शून्य नै र'छ होइ ?

– बुद्धि शून्य होइन, बुद्धि धेरै भा'को भन न बरू ! ह्वाँ प्रधानमन्त्रीले काण्डैकाण्डको बयान गरिरा' छन् । यता जनताले

निहुरिनुपर्ने काम सरकारले गऱ्या छैन भन्छन् । बुद्धि धेरै हुनेले भन्ने यही हो बुङ्गे !

– हो बाज्या हो ! मैले नि बुझेँ । अरूलाइ सोध्नैपर्ने थेन । आफ्नै साथी बच्चा खाँडलाई सोधेर भाषण गऱ्या भे हुन्थ्यो नि ! जनतालाई निहुरिनुपर्ने गरी सरकारले काम गरेको छ कि छैन खाँड साप ? भनेर सोधेसि मात्र भाषण गर्न गा भे हुन्थ्यो नि ! धेरै जान्ने भेर भाषण गर्छन् । त्यही भाषणमा लागेर झन्डै आफू नि सङ्घीयताको साथी बन्न गा'को । धन्न बाज्याले बचायो ।

– खोइ बुङ्गे ! फूलचोकीको टुप्पामा त पुग्न सक्केला जस्तो छैन । धेरै थकाइ लाग्यो । फेरि कुनै दिन आउँला नि, हुँदैन ?

– हुन्छ बाज्या ! फर्कम् न त !

– हेर बुङ्गे ! फुलचोकीको विकास हेर्न गाको, आधा उकालोबाटै फर्कनुपऱ्यो । त्याँको विकास कस्तो छ, था भेन होइ ?

– का बाज्या । हामी फुलचोकी पुग्ने हो । तर अपूर्णबहादुरको पूर्ण भाषण सुन्ने भेर झन्डै भीर गाको । तर जे होस्, एउटा कुरो पत्ता लाग्यो नि, सङ्घीयताको हुर्मत देख्न पाइयो । यो नि त गणतन्त्रको विकास ठाने के फरक पऱ्यो र, होइ ?

– के भन्छ बाज्या ? सङ्घीयताको बिजोग देखेर खुशी भा हो कि ? कहिलेकाहीँ बाज्या नि यस्तै कुरा गर्छ भन्या !

– होइन बुङ्गे । सङ्घीयताले हाम्लाई के गऱ्या छ र हामी उसको बिजोगमा खुशी हुनु ? सबैको राम्रो होस् भन्ने हाम्रो धारणा हो । अब त्यसको संरक्षण गर्ने त हाम्रा जनमुखी नेताले हो नि त !

– नेताले त सङ्घीयताको संरक्षण गर्नसम्म गऱ्या छन् । भन्न भेन । त्यो भीरमा लम्पसार परेर सुतेको सङ्घीयतालाई देखेसि तेसै था हुन्छ नि बाज्या ।

– सङ्घीयता र नेताको गर्धन एउटै हुनुपर्ने हो बुङ्गे । तर त्याँ कुरा अलि नमिल्या हो क्या !

●

# गणतान्त्रिक बुद्धि

– हेर न बुङ्गे ! हिजोआज गाउँतिर पिर्का देख्नै नहुने भा छ । पिर्का देख्यो कि बच्चाले लगिहाल्ने ।
– त्यो मात्र हो र बाज्या ! आमाको सल नि बच्चाले देख्ने ठाउँमा राख्नै नहुने भेछ । देख्यो कि बच्चाले दौडाइहाल्ने ।
– पिर्के सलामीको असर हो बुङ्गे ! पिर्का लाने, त्यसमाथि सल ओछ्याउने र सलामी खान थालिहाल्ने । अरू बच्चाले ताली बजाउने । यस्तो खेलमा गाउँका बच्चा रमाउन थाल्या छन् ।
– यो सलामी कतिथरिका हुन्छन् बाज्या ?
– धेरै थरिका हुन्छन् बुङ्गे । भनिसाध्य छैन । देखिहाल्यौ, पिर्के सलामीसमेत हुन थाल्या छ । यही हो गणतन्त्रको रमाइलो भनेको । कुनै नियम छैन, कुनै कानुन छैन । जसलाई जे मन लाग्यो, त्यही गर्‍यो, हिँड्यो ।
– अनि सलामी खान बेन्चमा उभेर खाए नि हुने हो, टेबुलमा उभेर खाए नि हुने हो । पिर्कामै उभेर सलामी किन खा'का होलान् होई ?
– ल, यो बुङ्गे नि ! हामी पिर्कामा बसेर भात खान्छौँ होइन ? बसेर खाने चीज त पिर्कै रछ । अनि सलामी नि खाने नै हो । सलामी खाएसि तलब-भत्ता नि खाने नै हो । जे खाए नि खानका लागि पिर्कैमा बसेर खाने हो । जे खाए नि पिर्काले पचाउँछ रे क्या ! त्यसो भ'र पिर्कामा सलामी खा'को पक्का हुन्छ भनेर होला ।
– ठीक हो । अरूभन्दा नि बच्चालाई रमाइलो त भो !
– खाने कुरा मात्र देख्नुपर्छ, त्यसलाई कसरी खानुपर्छ भनेर भालुभुत्ते बुद्धि लगाउन थालिहाल्छन् । त्यसै खाए नि तलब-भत्ता त पचिहाल्थ्यो । किन नौथरिका नाटक गर्दै खानुपर्‍या होला ?
– बाज्या नि ! अहिलेका मान्छेलाई गणतन्त्रले बाठो बना'को भनेको यै हो । धेरै बाठा हुन्छन्, कसैले देख्दैन भनेर लुकार

खाइहाल्छन् तर भोलिपल्ट बाहिर निस्किहाल्छ । यही हो गणतान्त्रिक बुद्धि भनेको ।

– हो बुङ्गे, खान भनेसि विभिन्न तरिकाले खान थालिहाल्छन् । हेर न, आमाबाउ दुवै परलोक गैसकेका, यता छोराले श्रीमतीलाई आमा बनार एकल भत्ता लिने गरेछ । खान पाइन्छ भन्दैमा श्रीमतीलाई आमा भनेर भत्ता दिलाउन हुन्छ ?

– हुन्छ बाज्या हुन्छ । खाने मान्छेलाई खानकै ध्याउन्न हुन्छ, खाइरन्छन् । अरूले जेसुकै भनोस्, उसले मतलब नै नगरी खाइरको हुन्छ ।

– बुङ्गेले भन्या नि ठीकै हो । नखाईकन अर्बपति, खर्बपति बनिदैन । त्यही बन्नका लागि नि खाइरन्छन् ।

– का बाज्या ! यो कलियुगमा त मान्छेले मरेसि नि खाँदै-खाँदै परलोक जान्छन् रे ! अनि उसले कमा'को जति उसलाई लिन आउने दूतलाई बोकार परलोकसम्मै लग्छ भन्दा रछन् ।

– हो त नि बुङ्गे ! परलोकमा नि घुस खान दे'र कमाउनुपर्छ भनेर ती दूतहरूलाई यहाँको केही अर्ब बोकाउने चलन आ छ रे ।

– ल बाज्या ! ह्याँका अर्बपति र खर्बपतिले त परलोकसम्मै पैसा लाने व्यवस्था गरेछन् । नहुनेले के लग्ला होइ ?

– नहुनेले केही नि लानुपर्दैन भन्ने छ बुङ्गे ! धन्दा मान्नुपर्दैन । किन बुङ्गेलाई नि परलोक गैएला भन्ने डर लाग्न थाल्यो कि क्या हो ?

– डर होइन बाज्या । अहिले नीतिगतको खर्बौं कसरी माथि लग्लान् ? भन्ने लागेर सोधेको ।

– यस्तो हुन्छ बुङ्गे । यो कलियुगमा अहिलेका ब्राह्मणले नीतिगत भनेसि सोझै माथि पठाउने मन्त्र पढ्छन् रे । त्यो मन्त्रले नीतिगतबाट आर्जन भाको जति सबै यमराजका दूतले बोकेर लग्ने चलन आरछ । पुराना सम्पत्तिहरू लाँदैनन् । उनीहरू नीतिगत मात्र खोज्छन् रे भन्ने रछ ।

– होला होला बाज्या । नीतिगत भनेसि कतै रोकतोक भेन, सिधै लान सकिने भएसि त्यो मात्र लाने होला । कलियुगको महिमा

नि अपरम्पार भन्या । यमराजको दूतले नीतिगत बोक्ने भर यो मर्त्यमण्डलमा नीतिगत धेरै हुन थाल्या रछ ।

– हो बुङ्गे । जता हेर्‍यो नीतिगत नै देखिन्छ । नीतिगत गर्नेहरू भ्रष्टाचार गर्‍या छैन, गर्न नि दिँदैनम् भन्दै हिँडेको कारण त बल्ल था भो ।

– हेर बाज्या, नीतिगत भनेको गणतान्त्रिक बुद्धि हो, भ्रष्टाचार होइन नि ! नीतिगत भनेको त सत्ताको खोरेत हो नि ! त्यसलाई भ्रष्टाचार भनिदैन बाज्या ! यति बुझिराख ।

– खोरेत भनेर जानिसकेपछि नीतिगतवालाले उपचार गरिहाल्छन् नि ! अहिलेसम्म त्यही उपचारको भरले टिक्या त हो नि ! नत्र नीतिगतवालाले कति पिण्ड खाइसक्थे बुङ्गे !

– का बाज्या ! त्यो यमराजको दूत नि नीतिगतले जे-जे भन्यो, त्यही मान्दै हिँड्या किन होला ? नीतिगत बोक भनेसि बोक् तैँ भनेर नीतिगतवालालाई बोकाको भे दूतको केही कदर देखिन्थ्यो । तर अहिले त दूतलाई नि कर्मचारीजस्तै व्यवहार गरेर हिँड्या छन् ।

– कलियुगको दूत नि बिक्या हुन्छन् भन्थे, हो रछ । नत्र ती नीतिगतवालाको रजगज उहिल्यै सकिन्थ्यो ।

– बाज्या, अब सबै कुरा छाडौँ र पिर्काको व्यापार गर्न थालौँ । हामी नि अर्बपति बनौँ न !

●

# गणतन्त्रलाई कसैले ल्या'को होइन

– नेपालमा गणतन्त्र काँबाट आयो बाज्या ?
– हेर बुङ्गे ! नेपालमा २०६२-६३ सालको आन्दोलन सक्केसि विघटन गरेको संसदलाई राजाले पुनर्बाली गर्दे । नेताहरू संसदमा भाषणभिषण गरेर भैली खेल्न थालिहाले, उता नेपालको आन्दोलन सक्यो, के गर्दैछन् हेर्न जानुपऱ्यो भनेर वारिपारिबाट गणतन्त्र दिनदिनै आउँदै हेर्दै जाँदै फेरि आउँदै गर्दो र'छ ।
– अनि के भो बाज्या ?
– एक दिन त त्यो गणतन्त्र त्यत्रो पहरा दे'र बसेको संसद भवनभित्र नेताहरू के गर्दैछन् भनेर च्याउन पुगेछ । नेताहरूले चिनिहाले । गणतन्त्रलाई समार संसदभित्र मेचमा बसालेछन् र अबदेखि यहीँ बस्नुपर्छ भन्दै सांसदहरूले ल्याप्चे लगाउन थालिहालेछन् । गणतन्त्र त अक्कबक्क परेर बस्याबस्यै भेछ ।
– ए, भनेसि कसैले डाकेर ल्या'को ह्वैन र'छ होइ बाज्या ?
– ह्वैन-ह्वैन, कसैले नि डाकेर ल्याको होइन ।
– त्यसो भे किन त गणतन्त्र मैले ल्याको भनेर नेताहरूले भाषण गर्दै हिँडेको बाज्या ?
– नकचराको औषधी छैन भनेको यही हो बुङ्गे ! संसदमा सबैले ल्याप्चे लगा'र राख्या गणतन्त्रलाई मैले ल्या'को भनेर दिउँसै झूट बोल्छन् भने कसको के लाग्छ !
– त्यसपछि के भो त बाज्या ?
– जनतालाई त केही भेन, राजालाई त्यही गणतन्त्रले नारायणहिटी छाड्न लगायो ।
– होइन बाज्या ! राजाभन्दा नि गणतन्त्र बलियो हुँदो र'छ होइ ?
– हो बुङ्गे, धेरै बलियो हुन्छ । नेपालमा गणतन्त्र यसरी आ'को हो । नेपालमै गर बस्छु भनेर गणतन्त्र आ'को होइन । नेपालमा रमाइलो हेर्दै आउँदाखेरी यस्तो परिबन्दमा परेको हो ।

- अनि गणतन्त्र त्यही संसदमा मात्र बस्छ कि अन्त नि जान्छ बाज्या ?
- संसदमा सबैले सम्मान गरेर राखेसि उसलाई संविधानमा नि बस भनेर राखे । त्यसपछि नेपालभरि नै उसैको हैकम चल्या छ ।
- कुरो था भो बाज्या ! गणतन्त्रले किन फूर्ति गर्छ भनेको त बल्ल था भो । नेपालको संविधानमा बस्न पाएसि सबैले फूर्ति लाउँछन् । अनि बाज्या, त्यो गणतन्त्रले के गर्छ ?
- गणतन्त्रले के गर्छ भन्ने कुरो अझै था भा'को छैन । यसको काम देखेकै छैन बुङ्गे !
- मैले सुनेको त बाज्या, नेपालमा खानी खुलाउँछ अनि नेपालमा डलर नै डलर फलाउँछ भन्ने पो छ त !
- हेर बुङ्गे ! आ'को वीस वर्ष हुन लागिसक्यो, कहिले गर्छ त काम ?
- यस्तो रे'छ नि त बाज्या ! गणतन्त्र जसरी नदेखिने गरी आयो, त्यसै गरी उसले काम नि नदेखिने गरी गरिरा' छ । बिस्तारै-बिस्तारै अहिले देखिन थाल्या छ । गणतन्त्र नेपाली जनताका लागि आ'को होइन र'छ, यो त दस-पन्ध्रजना व्यक्तिहरूलाई खर्बपति बनाउन आ'को र'छ । गणतन्त्रले तिनीहरूको काम मरिमेटेर गरिरा' छ ।
- हो बुङ्गे ! अहिले नि हेर न, त्यो गणतन्त्र सिंहदरबार छिरिसक्यो । अब एक क्षणपछि बालुवाटार जान्छ अनि बालकोट, कोटेश्वर, बाँसवारी सबै ठाम पुग्छ । ती दस-पन्ध्रजना व्यक्तिहरूको कामकै लागि दौडिरा' छ ।
- बिचरा, त्यत्रो काम गर्न खटेको गणतन्त्रलाई एउटा गाडी नि कसैले दे'का छैनन् बाज्या ! जता नि हिँडेरै भ्या'को छ । किनभने ऊ बाहिरबाट आ'को भे'र कसैले माया गऱ्या छैन ।
- त्यो गणतन्त्र नि त्यस्तै छ नि ! जनताको काम नगरेर ती सत्तावाल पाँच-सातजना अनि गणतन्त्रले खर्बपति बना'का

करिब पन्ध्रजनाजतिको मात्र काम गर्छ, अनि त यीबाहेक कसैले नि गणतन्त्रलाई रुचाउँदैनन् क्या !

– कुरो यसो नि र'छ बाज्या ! पार्टीहरूको अधिवेशन हुँदा तिनै खर्बपति बनेकाहरूले उनीहरूलाई पच्चीस-तीस करोडका भातभान्छा गराउँदा र'छन् । भैपरिआउँदाको खर्च नि त्यहीँबाट चल्ने र'छ । त्यसै भ'र नेपालका ट्रस्ट र सरकारी जमिनसमेत उनीहरूले बक्सिस पाउने गरेका र'छन् । यो सबै गणतन्त्रकै खेल हो । अब बाज्या नै भन्नोस्, गणतन्त्रले काम गरेन भन्न मिल्छ ?

– त्यति मात्र हो र बुङ्गे ! नेपालीले कमा'को देखाउन नहुने पैसा नि तिनै ग्रुपले चलाउन थाल्या छन् भनिदैछ ।

– बाज्या नि ! चलाउने मात्र हो र, त्यस्ता पैसा विदेशी बैङ्कमा लगेर राखिदिने खेतालाका काम नि तिनै पो गर्छन भन्ने छ त ! पछि त्यही पैसा विदेशीको लगानी बनेर नेपालमा विकास गर्न आउँछ भन्ने छ ।

– हेर बुङ्गे ! जान्नेले बाँदर नचाउँछ भनेको यही हो ।

– हो बाज्या । हाम्ले गणतन्त्र ल्याको भन्नेहरूले गणतन्त्रलाई राम्रैसँग काम लगार हाम गरेका छन् । यो नि एउटा तरिका हो । अहिले गणतन्त्र यस्तैको पञ्जाबाट बाहिर निस्कन सक्या छैन । के गर्नु र हाम्ले निकाल्न नसक्ने । यस्तै छ होइ !

– के गर्नु त बुङ्गे ! गणतन्त्रलाई काम लगाउन जान्ने उनीहरू नै छन् । त्यसै भेर गणतन्त्र उनीहरूकै अघिपछि लाग्ने गऱ्या छ ।

– बाज्या ! कुरो त्यो मात्र होइन । नेपालको गणतन्त्रलाई हँसाउने मान्छेहरू खुब मन पर्छ रे । त्यसै भेर रमाइलो भन्ने छ ।

– होला-होला बुङ्गे । गणतन्त्रलाई रिझाउन नि ह्याँ हाँसखेल धेरै हुने गरेका छन् ।

●

# दूरदर्शी नेता

– कामले नभ्याए नि बोलीले सबै कुरा भ्या'का छन् हाम्रा नेताले ।

– के कुरा पऱ्यो र बाज्या ?

– कुरो त साधारण नै हो । उति बेला गणतन्त्र आएसि हाम्रा नेताहरू हाम्ले गणतन्त्र ल्याइम् भनेर देशभरि नै भाषण गर्दै हिँड्न थाले ।

– हो बाज्या ! केके न गर्छौं भनेर चाइने-नचाइने बोल्दै हिँडेथे ।

– अनि त हाम्रा नेताहरूले बोलेको देखेर हामी दङ्ग पर्थ्यौं । जे नि गर्छौं भन्या छन् । के गर्छन्, कहिले गर्छन्, त्योचाहिँ था छैन । खालि भाषण गर्न पाए पुग्यो । हाम्लाई नि नेताको भाषण सुनेसि आनन्द आउँथ्यो । त्यस्तो बेला नि आयो बुङ्गे !

– हो बाज्या । धेरै बोल्न थाल्या भेर मैले हाम्रा नेताहरूलाई बुझिने गरेर भाषण नगर भनेर त्यतिखेरै भन्या हो । भाषण गर्नुपऱ्यो भने उही डडेलधुरातिर अझ पश्चिम भेगको भाषामा भाषण गर्नु भनेर सुझाव त कति देको-देको ! काङ्ग्रेसका ढेउवाले चाहिँ माने, अरू नेताले त मान्दै मानेनन् भन्या !

– हेर बुङ्गे ! झन् ती टुक्के र चण्डमुण्ड त सुगा र मैनाले बोलेजस्तो तिखो आवाजले बोल्ने । नबुझिने भन्ने नै छैन ।

– बाज्या ! भाषण गर्दा जे बोले नि हुन्छ भनेर होला हाम्रा कामरेड चण्डमुण्डले त अबको दस वर्षमा नेपाललाई दक्षिण एसियाको पहिलो राष्ट्र बनाउँछु भनेर भाषण ठोकिहाले । यो भाषण नेपालीले भन्दा नि विदेशीले राम्रोसँग चाख दे'र सुन्या रै'छ । नेपाली त त्यसै दङ्ग परे । भाषणको ख्याल कसले गरोस् र ! तर विदेशीलाई भने नेपाल पहिलो हुने भो भनेर पेट पोल्न थालेछ । यता भाषण गर्नेले के बोलियो भन्ने नि बिर्सिहाले, उता दस वर्ष नि बितिहाल्यो । अनि त 'एमनेस्टी इन्टरनेसनल' भन्ने

संस्थाले दक्षिण एसियाका सत्र राष्ट्रहरूमा अध्ययन गर्न थालेछ । कुन राष्ट्रमा विकास कति भा' छ ? कुन राष्ट्रमा भ्रष्टाचार कति भा' छ ? भनेर सबै केलाउन थालेछ । पछि रिपोर्ट तयार हुँदासम्म कामरेड चण्डमुण्डले भनेको दस वर्ष बितेर पन्ध्र वर्ष पुगेछ । फाइनल रिपोर्ट आउँदा त दक्षिण एसियाको पहिलो भ्रष्ट राष्ट्र त नेपाल पो बनेछ, हेर न बाज्या !

– के गर्नु त बुङ्गे ! हाम्रा कामरेड चण्डमुण्डले त पहिलो राष्ट्र बनाउँछु भन्या हो । पहिलो नै बनेछ । पहिलो भनेर दोस्रो, तेस्रो बन्या भे गल्ती बोलेछन् भन्नुपर्थ्यो । पहिलो भन्या ठाममा पहिलो नै भा' र'छ, ठिकै भेछ नि ! बोल्या कुरा पुऱ्या छन् । त्यसैमा गौरव गर्नुपर्छ । हाम्रा नेता देखेर विदेशी त दङ्ग पऱ्यो होला होइ ?

– हो बाज्या ! बोल्या कुरो पुऱ्याउने भा' भे'र नै विदेशीहरू हाम्रा नेतादेखि निकै सजग हुन्छन् । हेर त, दस वर्षपछिको कुरो पहिले नै भन्न सक्ने कम दूरदर्शी हुन् त !

– हेर बुङ्गे ! यो मामलामा त कामरेड चण्डमुण्डलाई ढेउवा र टुक्केले नि भेट्न सक्तैनन् । खर्राट नै छन् नि हाम्रा चण्डमुण्ड ! बोल्नमा कसैले भ्याउँदैनन् । नबुझिने गरी भाषण गऱ्या भे त्यो एमनेस्टी इन्टरनेसनलले भाषणै बुझ्ने थेन । भाषण नबुझेसि एमनेस्टीले अध्ययन गर्ने नै थेन । अध्ययन नगरेको भे कुन राष्ट्र पहिलो, कुन राष्ट्र दोस्रो भन्ने नै हुने थेन । यसको घाटा त जसोतसो नेपालले नै व्यहोर्नुपर्ने रछ । यस मामलामा नेपाल निकै अघि पुगेछ भन्न त मिल्यो नि होइ ?

– हो, भन्या गर्छन् बुङ्गे, हाम्रा नेताले गर्छन् । देशको लागि गर्नु गर्छन् भन्या यही हो ।

– बाज्याले भन्या जस्तो कामले नगरे नि बोलीले गर्न बाँकी राख्दैनन् । अहिलेसम्म भको यही नै हो बाज्या ! कामले पुऱ्याउनुभन्दा बोलीले पुऱ्याउनु सजिलो नि छ नि, होइन र ?

– हो बुङ्गे ! अब यस्तो गाह्रो काम हाम्रा नेताले नगरे हुन्थ्यो क्या ! बेकारमा विदेशीका नि आँखा ठूला हुने, आफूलाई नि दस वर्षसम्म खटिनुपर्ने । यस्तो खटिएको काम न जनताले देखुन् !
– त्यही त भन्या ! अझै नि सबैले बुझ्ने गरेर भाषण नगरे हुन्थ्यो । हाम्ले भन्ने यति नै हो । कि कसो बाज्या ?
– हेर बुङ्गे ! यो हाम्रो कुरा होइन । देशलाई कसरी अघि बढाउनुपर्छ । कसरी विकास गर्नुपर्छ भन्ने कुरा हाम्रा नेताहरूको काम हो । हाम्ले त भोट हालेर नेता बनाउने मात्र हो । नेताले नेताजस्तै भर बस्छन् कि खेताला जस्तो भर बस्छन्, त्यो उनीहरूको कुरा हो । त्यता हाम्ले चिन्ता लिने होइन क्या !
– बाज्याले भनेको कुरो त हो, तर आफ्नो हातले नेता बनाएसि मायालाग्दो रछ क्या ! फेरि दक्षिण एसियाको पहिलो राष्ट्र नेपाललाई नै बनाउने भन्न थालेसि उनलाई त हाम्ले सधैँ बोकेर हिँड्नुपर्ने होइन र ?
– यो बुङ्गे नि अचम्मको कुरा गर्छ भन्या, नेतालाई बोक्ने त पार्टी छँदैछ नि ! हाम्ले बोक्नुपर्छ र ? कुरा यसरी बुझ्दा हुन्छ क्या !
– बाज्या ! पार्टीले मात्र नेताााई बोक्या छैनन्, ह्याँ त लासले बोक्या नेताहरू नि छन् । त्यसै भेर नेपालमा विकास गर्ने कुरा दश वर्ष पहिलेदेखि नै भट्याउन थाल्छन् ।
– हाम्लाई नेताले भट्याको राम्रो लाग्छ बुङ्गे ! त्यसैमा हामी दङ्ग पर्छौं र भविष्य उज्यालो देखेर बस्या छौँ । गर्दै नगर्नुभन्दा गर्छौं भनेकै राम्रो होइन र ? धन्न नेता त हाम्ले पाकै हो ।
– नेता त पाको हो बाज्या ! कस्तो पायो कस्तो !
– कस्तो भन्नु नि बुङ्गे ! अनुहारले नेपालीजस्तो व्यवहारले विदेशीजस्ता र काम गर्नुपर्‍यो भने खोपडी शून्य । त्यसैले भाषण गर्छन् । त्यसैमा टिक्या छन् ।

●

# प्रधानमन्त्रीको दिक्कलाग्दो कुरा

– हेर बुङ्गे ! हाम्रा प्रधानमन्त्री चण्डमुण्डले दिक्क लाग्ने कुरा पो बोलेछन् । २०८० फागुन २०-२२ तिर काङ्ग्रेसलाई छाडेर फेरि एमालेमा जाँदाजाँदै बाटैमा 'म नमर्दासम्म देशमा उथलपुथल भै नै रहन्छ' भनेर भनेछन् । किन मर्ने कुरा गऱ्या होला ? मलाई त दिक्क लाग्न थाल्या छ ।
– हाम्लाई दिक्क लागेर के गर्नु र, उनले मर्ने कुरा गरिहाले ! बरू उथलपुथल गरिरहनु, मर्ने कुराचाहिँ नगरे हुन्थ्यो । होइ बाज्या ?
– बुङ्गेले भन्या ठीक हो । अनि त्यो उथलपुथल भन्या चाहिँ के हो नि बुङ्गे ?
– त्यति नि नजान्ने बाज्या, ल सुन ! वाम भाषामा भनौँ कि प्रजातान्त्रिक भाषामा भनौँ ?
– जुन भाषामा बुझिन्छ, त्यही भाषामा भनौँ न !
– त्यसो भे सुन बाज्या । पहिला वाम भाषामा भन्छु । 'उथलपुथल' भनेको 'गद्धारी' हो । गद्धारले वाम भाषामा उथलपुथल गर्छु भनेर लाखौँ भाषण दे'र हिँड्छ । अनि त्यही अनुसारको ताली नि खान्छ । ल, यसले त ठूलै काम गर्ला जस्तो छ भनेर जनताले भोटपनि उसै लाई दिन्छन् र जिताउँछन् । जितेर ठाउँमा पुगेसि अहिलेको जस्तै उथलपुथल गर्दिहाल्छन् । जनतालाई त केही न केही ।
– ल, बुङ्गेले भन्या कुरा बुझ्यो । अनि प्रजातान्त्रिक भाषामा 'उथलपुथल' भन्या चाहिँ के हो नि ?
– प्रजातान्त्रिक भाषामा 'उथलपुथल' भनेको धोखाधडी हो । कहिले काङ्ग्रेसको बुई चढ्ने, कहिले एमालेको बुई चढ्ने काम गर्दै हिँड्नेलाई प्रजातान्त्रिक भाषामा 'धोखाधडी' भन्ने गर्छन् । बिर्सने काम नगर है बाज्या ! मैले कस्तो महत्वपूर्ण कुरा गऱ्या छ ।

– बिर्सन्नँ । बुङ्गेले भन्या कुरा नि बिर्सन्छु र ? एउटा कुरोचाहिँ बुझिनँ बुङ्गे ।
– के कुरा बाज्या ?
– त्यो धोखाधडी भन्या के हो नि बुङ्गे ?
– ल बाज्या नि, त्यति नि था छैन ? धोखाधडी भनेको आफू 'शिवखुलित' हुनु हो ।
– यो बुङ्गेले भनेको कुरा बुझ्नै छाडियो । कस्तो-कस्तो कुरा गर्छ । मैले त बुझ्दै बुझिनँ ।
– के कुरा बुझेन बाज्या ? भन्नोस् न !
– शिवखुलित हुनु भनेको के हो नि बुङ्गे ?
– त्यति नि बुझेन बाज्याले ? शिवखुलित भनेको आफू पङ्गू हुनु हो ।
– धत्, त्यस्तो कुरा नि गर्नु ! यत्रो देशको प्रधानमन्त्री कहिल्यै त्यस्ता हुन्छन् त ? ह्वाँ बोक्नेलाई कति आराम भा होला । पहिलोपटक एमालेलाई कति आराम भा'को थ्यो । त्यसपछि काङ्ग्रेसलाई कति आराम भा थ्यो । अहिले फेरि एमालेलाई कस्तो आराम भा छ । नत्र कसैले बोकेर हिँड्छन् ? ह्वाँ त पङ्गु भैसक्नुभा छ भनेर कसैले बोक्ने थेनन् । बोके नि बाटैमा फालेर हिँड्थे ।
– का बाज्या नि अन्टसन्ट कुरा गर्छ भन्या ! आफू पङ्गु भैसकेसि मुन्छे हलुको हुन्छ रे क्या ! हलुको मुन्छेलाई जसले नि बोक्छ । दक्खिनका प्रधानमन्त्री, उत्तरका प्रधानमन्त्री र पूर्व-पश्चिमका प्रधानमन्त्रीलाई कसैले बोक्न सक्दैन । उनीहरू हलुका छैनन् । बोक्न गाह्रो छ । उनीहरू उथलपुथल गर्दै हिँड्दैनन् पनि ।
– ल, अब भने अलि अलि कुरा बुझेँ बुङ्गे ।
– बाज्याले नि हैरान गऱ्यो भन्या ! सबै कुरा अझ नि बुझेन ?
– बुझिनँ बुङ्गे ! पङ्गु कसलाई भन्छन्, त्यो नै बुझिनँ । पङ्गु भनेको नराम्रो कुरा होला भनेर मैले बुङ्गेलाई धत् भनिहालेँ । तर पङ्गुको अर्थ अझै बुझिनँ क्या !

– आज बाज्याले हैरान गऱ्यो भन्या ! ल राम्रोसँग सुन । पङ्गु भनेको विश्वास नभा'कोलाई भन्ने गर्छ । अब त बुझ्यो होला नि होइ !

– बुझें बुझें बुझें । मैले त उथलपुथल भनेको नि घरघरमा चामलको बोरा पुऱ्याउने हो कि भन्ठानेको । जनता सुखी हुने भे भनेर कस्तो आनन्द भा थ्यो ! आखिरमा होइन र'छ ।

– का बाज्या ! जनताको कुरा कल्ले गऱ्या छ र ? आफ्नो कुरा गर्न छाडेर अरूको कुरा कसैले गर्छ ? मूर्ख हो र जनताको कुरा गर्नलाई ? जे गरे ठीक गऱ्या छ हाम्रा प्रधानमन्त्रीले ।

– हो बुज्रे हो । अब मलाई नि था भो जे गऱ्या छन् हाम्रा प्रधानमन्त्रीले राम्रै गऱ्या र'छन् । तर उथलपुथल कहिलेसम्म गर्लान् होइ ?

– कुरो सिधै छ नि बाज्या ! नमरेसम्म गरिर'न्छु भन्या होइन र ?

– हो बुज्रे हो । नमरेसम्म गर्छु भन्या हो । त्यसै भेर हाम्रा प्रधानमन्त्री चाँडै नमरून् भन्ने कामना गरौं । कि कसो ?

– यो त हाम्ले भनेर हुँदैन हेर बाज्या, तर उथलपुथलचाहिँ गरिरहुन् । हाम्ले देखिरहन पाइयोस् । उनको उथलपुथलले देश स्वर्ग बन्छ भने उथलपुथल गरिरहुन् । हाम्ले भन्ने यत्ति हो ।

– हेर बुज्रे ! उथलपुथल नि गर्न जान्नुपर्छ । गर्छु मात्र भनेर नि हुँदैन । जानेन भने आफैँलाई उथलपुथल पार्दिन्छ । त्यतिचाहिँ सत्य हो । कि कसो ?

– कुन सत्य, कुन मिथ्या ? सत्य मिथ्या भा छ । मिथ्या सत्य भा छ । नेपालको गति यसरी नै चल्या छ । त्यसै भेर उथलपुथलको कुरा गरिरन्छन् हाम्रा प्रधानमन्त्री चण्डमुण्ड । यस्तै छ नेपालमा बाज्या ।

– हुनुपर्ने नै यस्तै हो बुज्रे । काम नगरे नि नियम-कानुन छँदैछ । आवश्यक परे कानुन नि बनाउँछन् । आफूलाई कसरी फाइदा हुन्छ, त्यस्तै गर्छन् ।

●

# हामप्रसादको महाभाषण

– बाज्या, ओइ बाज्या ! तिमी हामप्रसादको भाषण सुन्न गएन ?
– गइनँ बुङ्गे । भाषण सुन्दासुन्दा बुढो भैसक्यो, कति सुन्नु भाषण । बुङ्गे गा हो ?
– हो बाज्या, मैले त भाषण सुनेर आयो ।
– कार्यक्रम के र'छ नि बुङ्गे ?
– अहिले भाषण गर्न कार्यक्रम नै चाहिँदैन बाज्या । त्यो मञ्चको भित्तामा एउटा ब्यानर टाँस्या थ्यो । त्यसमा 'सहकारीको पुकार, झुसिलो डकार' भन्ने नारा लेख्या र'छ । अनि त त्यसैका अगाडि उभेर सबैले भाषण गर्ने र'छन् ।
– अनि हाम्रा राष्ट्र बैङ्कका गभर्नर हामप्रसादले के भने त बुङ्गे ?
– ओहो ! कुरा नगरौँ बाज्या ! हाम्रा हामप्रसाद त प्रधानमन्त्रीभन्दा नि चर्को भाषण गर्दा र'छन् । उनले आफू मातहतका सहकारी र बैङ्कहरूको लगानी बारे खुब राम्रो भाषण गरे । 'जलवायु परिवर्तनको जोखिमलाई ख्याल गरेर मात्र लगानी गर्नु' भनेर भाषणमै निर्देशन दे'का थे । त्याँ उपस्थित सबैले ताली बजार गर्नु स्वागत गरे नि भाषणको ।
– त्यो भाषण सुन्ने सबै बैङ्क र सहकारीका कर्मचारी होलान् । ताली त बज्ने नै भो नि बुङ्गे ।
– होइन बाज्या, कुरो अर्कै र'छ । अब लगानी गर्दा जलवायु परिवर्तन जाँच्ने मेसिन किन्ने अनि त्यो मेसिनले लगानी गर भने गर्ने नत्र लगानी नगर्ने कुरो र'छ गभर्नरको । यस्तो दिमाग फुर्नलाई २०८० सालको चैत्र लाग्नुपर्ने र'छ ।
– हामप्रसादको महाबुद्धिमा राम्रै कुरा फिरेछ । मान्छेलाई जलवायु परिवर्तनको कुरो था हुँदैन अनि त मेसिन किन्नैपर्ने भो नि । अरू देशमा नि यसै गरी बैङ्कहरूले लगानी गर्ने चलन चल्या छ रे क्या बुङ्गे ।

– होला होला बाज्या । नत्र जलवायु परिवर्तन भा'को-नभा'को अनि त्यसले के गर्छ, के गर्दैन भन्ने कुरो मान्छेलाई के था ? त्यही मेसिन नभ'र ह्वाँ भएभरका सहकारीहरू ढुस हुन थालिसके । मेसिन भा'को भे सहकारीहरू नि डुब्ने थेनन् । हामप्रसादले बुद्धिको खेलो अलि पछि गरेछन् । नेपालका सहकारीहरू नि त्यसै डुब्या हुन् र ? जलवायु परिवर्तनको जोखिमलाई ख्यालै नगरी लगानी गऱ्या र'छ । त्यसै भेर ती डुबेका सहकारीहरूमा हामप्रसादको नजर नपुग्ने, कायदा यस्तो पो र'छ ।

– हो त नि बुङ्गे । अहिले जलवायुको जोखिम सबैतिर पऱ्या छ । सरकारमै त्यसको जोखिम पऱ्या छ । अर्थ मन्त्रालय र मन्त्री नै प्रभावित छन् । उता गभर्नर नै ठूलो प्रभावमा पऱ्या छन् भन्ने छ । जलवायुको प्रभाव त नराम्रो हुँदो र'छ । बैङ्क नै खतम गर्ने, सहकारी नै खतम गर्ने धमिराजस्तो पो हुँदो रछ । यो बुझेर हामप्रसादको महाभाषण आ'को हुनुपर्छ । यो भाषण त्यसै फुऱ्या होइन । कुरो यसो हो नि त ।

– एउटा कुरो बाज्या । त्यो जलवायु परिवर्तनले वातावरण बिगार्छ भन्ने विश्वभर चर्चा छ । हाम्रो नेपालमा त बैङ्क र सहकारीहरू नि बिगार्दो र'छ । कस्तो होइ ?

– बैङ्क र सहकारीहरू मात्र होइन बुङ्गे, जलवायु परिवर्तनले यहाँका ठूलाबडाहरूको दिमागै परिवर्तन गऱ्या छ । नत्र हाम्रो राष्ट्र दक्षिण एसियाको पहिलो राष्ट्र हुने थेन नि । बुझेनौ ?

– त्यो त हो बाज्या । अब सहकारी र बैङ्कहरूको नाम परिवर्तन गर्न लाग्या छन् रे क्या ! जलवायु परिवर्तनले छुन नसक्ने नाम राख्ने टिप्पणी उठिसक्या छ रे । 'लुट एन्ड सुधार कम्पनी', अब यस्तो नाम हुनेवाला छ रे – पहिले लुट्ने अनि सुधार गर्ने । कम्पनीको नाम त राम्रो छ होइ बाज्या ? पहिले बचत ऋण सहकारी भनेर नाम राखे अनि त जलवायु परिवर्तनको समेत आँखा त्यहीँ पर्न थालेछ । त्यसो भ'र पो सहकारीहरू डुब्या

र'छन् । अब सहकारी र बैङ्कहरू डुब्दैनन्, ढुक्क भे हुन्छ । हामप्रसादको भाषणको चुरो यही हो ।

– कुरो यसो हो नि त बुङ्गे । सहकारी र बैङ्कहरू डुब्छन् त हामप्रसादले हेर्ने हो र ? उनी त गभर्नर हुन् । राष्ट्रबैङ्क पो हेर्ने त । कहाँको सहकारी र बैङ्कसँग उनलाई जोडेर हुन्छ ?

– हो बाज्या । त्यसै भेर त जलवायु परिवर्तनको कुरा गऱ्या हुन् । उनी जलवायुविज्ञ नै हुन क्यार । उनले जान्या कुरा भाषण गऱ्या हुन् । बुझेन बाज्याले ?

– बुझ्यो बुङ्गे ! हामप्रसादजीलाई सरकारले अन्याय नि गऱ्या छ । उनीजस्ता जलवायुविज्ञलाई कहाँको नेपाल राष्ट्र बैङ्कमा लगेर राखे, अनि त ह्याँको जलवायु नि उतै लागिहाल्यो नि !

– त्यो जलवायु त छ नि बाज्या, विज्ञ भा ठाममा जाने ह्वैन रछ । त्यो त पैसा जाँ-जाँ हुन्छ, त्याँ-त्याँ पो जाने रछ । राष्ट्र बैङ्कमा पैसा देख्यो, उतै लाग्यो । राष्ट्र बैङ्कमा गएर यसो हेरेछ, पैसा त सहकारीमा धेरै देखेछ । अनि त सहकारीतिर लागेर सहकारीको वातावरण नै ध्वस्त बनाइदेछ भन्या ।

– हेर्दै जाऊँ न । हामप्रसादको भाषणले त केही न केही त गर्ला नि बुङ्गे !

– गर्छ बाज्या गर्छ । नगऱ्या भे सहकारीहरूले पखेटा हाल्ने नै थेन । कुरा यसरी बुझ्दा हुन्छ क्या !

– कुरो बुझेरै सहकारीमारा भन्न थाल्या छन् अहिले । खान नि नाङ्ले पसलले जम्मा गऱ्या नि खान बाँकी राखेनन् धन्न दिमाग त ठूलै भाका हुन् बुङ्गे ।

– का बाज्या । सानो दिमागले ठूलो कुरा खान सक्दैन । ठूलो दिमागले सानो खान्छ र पचाउँछ । अहिले नेपालमा भाको त्यही छ ।

●

# नेताको मेकअप

– बुङ्गेलाई था छ ? अचेल हाम्रा माखुनेले सिँगारपटार गर्न थाल्या छन् । बे गर्न लागेछन् कि क्या हो ?
– होइन होला बाज्या । अब पशुपति जाने बेला केको बे गर्नु नि !
– सिँगारपटार गर्न थाल्या भेर हो कि भन्या नि ! अहिले अब पैसा भा'का मान्छेले वर्षैपिच्छे बे गर्न थाल्या छन् । केटी खोज्नुपर्‍या होइन । घरमै बुढी छँदैछ । वर्षैपिच्छे बे गर्न के फरक पर्‍यो र !
– बाज्याले भनेको ठिकै हो । उति बेला बेको धोको नपुगेकाले पैसा कमाएसि वर्षैपिच्छे बे गर्‍या छन् ।
– बुङ्गेले भन्या जस्तो हाम्रा माखुनेको नि धोको पुग्या थेन कि के था र ? रौसने मान्छे त बे गरिरन मन पराउँछन् नि !
– होइन बाज्या । हाम्रा नेता अरूको जे देख्छन्, त्यही गर्न थाल्छन् भन्या यही हो । अरूले भ्रष्टाचार गरेको देखेर नि नगर भन्दैनन् । आफू त्याँ कहिले पुगिन्छ र भ्रष्टाचार गरौँला भनेर चुप लाग्ने गर्छन् । हद्द भे भाग खोइ भन्छन् । यति मात्र होइन, हाम्रा माखुने कताबाट कलाकारहरूको सिँगार कोठामा पुगेछन् रे । त्याँ कलाकारले सिँगार गर्‍या देखेर उनले नि सिँगार गर्न थाल्या भन्ने छ ।
– होला होला बुङ्गे । अचेल नेताहरू गीत गाउने र नाच्ने गर्न थाल्या छन् । त्यसैका लागि राम्रो बन्या होला । सधैँभरि कलाकारले मात्र कति मेकअप गर्नु त ! हाम्रा नेता नि नेताजस्तै भरिलो, पुष्ट भेर हिँड्नुपर्‍यो नि !
– हो त नि बाज्या । ती विदेशीका अगाडि बाँदरचाउरे अनुहार देखार हिँड्नुभन्दा त अलि खाइलाग्दो अनुहार होस् न ! अनि पो त्यो नेपालको चुच्चे नक्सालाई दक्खिनेले सदर गर्छ ।
– हाम्रो बुङ्गेले भन्या ज्यादै राम्रो । अचेल मेकअप गर्दा चाउरी पर्‍या छाला तनक्क तन्केर पोटिलो बनाइदिने सामान आ' छ

रे । त्यसैको फेला परिन्छ कि भनेर हाम्रा माखुने पार्लरतिर धाउन थाल्या भन्छन् ।

– होला होला बाज्या । अहिले काम नि त केही छैन नि ! हाम्रा नेताहरूले यस्तो बेला नि ज्यान नबनाए कहिले बनाउनु ? नेताहरूले समयलाई सदुपयोग गर्छन् भनेको यही हो ।

– हो त नि बुङ्गे । अहिले नेताहरूलाई पार्टी फुटाउनु नि पऱ्या छैन । आनन्द छ । त्यसै भेर अनुहार राम्रो पार्न थाल्या छन् ।

– का बाज्या । हाम्रा नेताहरूलाई मेकअप गर्ने मान्छेहरू आजित हुन्छन् रे क्या । मेकअप गऱ्यो, अनुहार राम्रो बनाइदिन्छु भनेर नानाथरि मेकअपका सामान दल्यो, अन्तमा ठीक भो होला भनेर यसो हेर्दा त मुखमा कालो मोसो दल्या जस्तो पो देखिन्छ रे । अनि त त्यसलाई मेट्यो अर्को राम्रोखाले मेकअपको सामान लगार यसो हेऱ्यो, त्यसले नि अनुहार त कालै पो बना'को हुन्छ । यसरी आजित भएसि अनि त्यो मेकअप गर्नेले नि जुक्ति निकालेर कोठाबाहिर मेकअप गर्न थालेछ । तब अनुहारमा अलि अलि हिसी आउन थालेछ । कोठाबाहिर मेकअप गरेको सबैले देखे अनि हेर-हेर नेताले मेकअप गरेको भनेर जनताले भन्न थालेसि बल्ल अनुहारमा हिसी आउन थाल्यो रे । जनताले नेता बनाउँछन् भनेको यै हो ।

– होला बुङ्गे । हाम्रा नेताको मनपेटमा कालैकालो छ । मुखमा मेकअप गरेर गोरो बन्न खोजेर के गर्नु ! पेटको कालो अचेलको मेकअपले पहिले मुखमै ल्याइदिन्छ र मुखमा मोसो दल्या जस्तो कालो हुन थाल्छ भन्दा र'छन् ।

– हो बाज्या । त्यो मेकअप बनाउने वैज्ञानिकले नेताहरूको पेट कस्तो छ भनेर जान्नका लागि मेकअपको सामान त्यस्तो बना'को रे ।

– बुङ्गेले भन्या ठीक हो । नेताको पेट कालो छ कि सेतो छ ? कसैले सोध्न भेन । त्यसैले मेकअपको सामान त्यस्तो बनाछन् हेर न । अहिले हाम्रा नेता त्यही मेकअपको फेला पऱ्या र'छन् ।

त्यसै भेर पो मेकअप गर्दाखेरि पेटको कालो अनुहारमै आइपुग्दो र'छ त ।

– जे होस्, हाम्रा माखुनेलाई गोरो बन्न मन लागेकोमा धेरै-धेरै धन्यवाद छ, होइ बाज्या !

– हो बुङ्गे, हाम्रो नेपालमा नेताका मेकअप देख्या थेन, देखियो । यी कम्युनिष्ट नेताहरूले के के देखाउँछन् देखाउँछन् ।

– उतिबेला मैले कम्युनिष्ट छाडेको थक्कथक्क लाग्न थाल्या छ बाज्या । कम्युनिष्ट भेसि जे नि गर्न पाइने र'छ । आफूले भने आदर्शको कुरा गरेर ठूलो पल्टदै कम्युनिष्ट छाडियो ।

– हुन्दे बुङ्गे हुन्दे । जे नि गरेर बाँच्नु भनेको सबैको धिक्कार खानु हो । दुई दिनको जिन्दगीमा संसारले धिक्कारेर बाँच्नु के बाँच्नु !

– त्यसो भे मैले ठीक गरेछ, होइ बाज्या ?

– ठीक गऱ्या हो बुङ्गे ।

– बाज्या, अचेल सर्वहारा भनेको नेपालमा मात्र छ रे । त्यही हेर्ना लागि विश्वका वामहरू नेपालमै आउने गऱ्या छन् । उनीहरूलाई देखाउन नि हाम्रा वामहरूले अनेकौं गर्नुपऱ्या र'छ । यस्ता कुरा हाम्लाई के था । होइ बाज्या ?

– हो बुङ्गे । अब विश्वका वामहरूले सिक्न बाँकी भाका सबै कुरा नेपालका वामहरूले सिकाउँछन् भन्ने चर्चा विश्वमा चल्या रछ । त्यसै भेर नेपालका वामहरूलाई भेट्न विदेशका वामहरूको धुइरो लाग्न थाल्या छ ।

– भेट्ने मात्र होइन बाज्या, वामहरूले गर्नुपर्ने थुप्रै कामहरू नेपालका समृद्ध वामहरूले उनीहरूलाई सिकाउने भा छन् । समृद्ध हुन के गर्नुपर्छ र आय आर्जन कसरी मिलार राख्न सक्नुपर्छ, पहिलो चरणको शिक्षा यस्तो छ भन्छन् ।

●

# लौ ‘बे’ को लाइसेन्स नि बन्ने भो

– राष्ट्रिय भाउजूले नि छोराको बे गरिन् । हाम्ले त उनकै बे देख्या हो । कुरो त्यति ठूलो लागेन ।
– अनि कसलाई ठूलो कुरो लागेछ त बाज्या ?
– अचेल राष्ट्रिय भाउजूले बे दर्ताको कुरा मात्र होइन, लाइसेन्सको कुरा गर्न थाल्या भेर ठूलै कुरो रे’छ कि भनेजस्तो भा हो बुङ्गे !
– बे गर्नु भनेको ठूलै कुरो हो नि त बाज्या ! साइत आउनुपर्‍यो, केटी र केटा जुर्नुपर्‍यो अनि मात्र बे हुन्छ । अनि बे भनेको ठूलो कुरो भेन त ? त्यति मात्र हो र बाज्या ! देश र जनताको विकास गर्ने कुरा बल्ल आउन थाल्यो । चाहिएको यही हो ।
– कुरो त्यसो होइन बुङ्गे । कुरो त बे गरेसि लाइसेन्स दिने चलन हुनुपर्छ भनेर लाइसेन्सको कुरो आ भे’र बेको कुरा ठूलो भन्न थाल्या छन् ! देशविकास त त्यसैउसै गरेकै छन्, गरिहाल्छन् !
– कुरो त बाज्याले भनेको नि ठिकै हो । अहिलेसम्म बेको लाइसेन्स चाहिया थेन । अब लाइसेन्स बनाउनुपर्ने भे’छ भने नि दलाललाई भनेसि लाइसेन्स बनार घरमै ल्याइदिन्छ । के फरक पर्‍यो र ।
– बुङ्गेले भन्या नि राम्रै हो । नेपालमा सबैतिर सबै काम गर्ने दलाल पाइन्छन् । त्यस्ता दलाललाई भन्यो भने लाइसेन्सको कमी हुँदैन ।
– हो भन्या बाज्या । अस्ति हाम्रो टोलमा एकजनाले गाडीको लाइसेन्स त्यसै गरी ले छ ।
– त्यो त हो कि बुङ्गे ! तर गाडीको लाइसेन्स र बेको लाइसेन्समा फरक छ नि त ! गाडीको लाइसेन्सले गाडी चलाउन पाउँछ, बेको लाइसेन्सले के चलाउँछ, त्योचाहिँ था भेन ।
– का बाज्या, ‘ताई न तुई हात लाग्यो दुई’ भन्या यही हो । बेको लाइसेन्स घाँटीमा भिरेर हिँडेमा कत्रो सान, कत्रो मान ! लौ,

यसको नि बे भेछ भनेर हल्ला चल्न थाल्छ । कुरो यही हो । नत्र किन चाहियो लाइसेन्स ?

– खोइ किन चाहिया हो । लाइसेन्स लेर के गर्ने हो, हाम्लाई त अत्तोपत्तो केही था छैन । राष्ट्रिय भाउजूले गऱ्या कुरा नि आधा-आधा मात्र आउँछ, के हो के हो । बेको लाइसेन्स दिने संस्था खडा गरेर सबैले त्याँबाट लाइसेन्स लिनुपर्ने गर्न लाग्या हो कि ! था भे मार्दिनु ।

– होइन बाज्या । डाक्टरी गरेका मान्छे यस्तै-यस्तै कुरा गर्छन् भन्थे, हो र'छ । नत्र त्यत्रो पढेको अनि सांसद बनाइया व्यक्तिले यस्तै बोल्छन् त ? यो त काङ्ग्रेसको बेज्जतै हो ।

– बेज्जतको कुरा होइन बुङ्गे । बेको लाइसेन्स लेसि त्यसलाई नेपाली काङ्ग्रेसले जागिर दिन लागेछ कि क्या हो ?

– हो हो बाज्या । नत्र बेको लाइसेन्स लेर के काम ?

– त्यस्तै उल्फट्याङ् कुरा गर्ने मान्छे खोज्नुपऱ्यो भने काङ्ग्रेसमा गए पाइन्छ भन्नाको कारण यही र'छ । यस्ता नेता भा ठाममा खाँड माड हुन्छन्, माड खाँड हुन्छन् रे क्या !

– कुरा त्यसो मात्र होइन बाज्या । अब बेको लाइसेन्स हुने हो भने बाज्या, बच्चा जन्मेको नि लाइसेन्स हुनुपर्छ है ! जन्मदर्ताले मात्रै पुग्दैन । मैले भन्द्या छु नि ।

– बुङ्गेले भनेको त ठिकै हो । तर लाइसेन्स बनाउने, लागू गर्ने हामी परेन । उनीहरू नै बनाउने भेसि हाम्लाई के खाँचो ?

– का बाज्या नि । हाम्लाई के खाँचो भन्न भेन नि । भोलि त्यो बेको लाइसेन्समा धाउनुपर्ने त हाम्ले नै हो नि ।

– हो बुङ्गे । हामी नै दौडिनुपर्छ । अत्तो न पत्तोसँग लौडाउन के रहर लाग्या होला, होइ ?

– विकास भन्या यै हो बाज्या । बे नि विकास नै हो । झन् त्यसको नि लाइसेन्सलाई विकास नभने के भन्ने ? अचेलको विकास भनेको यस्तै हुन्छ रे क्या बाज्या ?

– ए बुङ्गे ! हेर त, ती दुई जोडी यतै आ' का छन् । के भन्न आ हुन्, गएर सोध न ।

(केही बेरमै)

– सोध्यो बाज्या सोध्यो । ती जोडीले भर्खर बे गर्‍या र'छन् । अनि बेको लाइसेन्स लिन आ'को, काँ पाइन्छ हजुर ? भनेर सोधे । मैले नि उः त्याँ 'भाउजू एन्ड कम्पनी' भन्ने साइनबोर्ड राख्या छ, त्यसैले दिन्छ भनेर उतै पठाइदिएँ ।

– बुङ्गेले ठीक गरेछ । अब त्याँबाट बेको लाइसेन्स लिन्छन्, जान्छन् । ठीक भेन त ?

– ठीक भो बाज्या । त्यसले बे गर्‍याजत्तिकै धर्म मिल्ने भो । बे गर्दिनेलाई आधा धर्म र लाइसेन्स दिनेलाई आधा धर्म मिल्ने भ'छ । त्यसै भ'र पो लाइसेन्स लाइसेन्स भनेर भाउजू करा'की र'छिन् । कुरो यस्तो पो र'छ त बाज्या ! विनाजुक्तिले धर्म नि नआउने भैसकेछ बाज्या !

– हो त नि बुङ्गे ! जुक्ति जानेन भने कमाको धर्म नि फिर्ता जान्छ भन्दारान् । हुन नि हाम्रो नेपालमा कस्ताकस्ताले कमाको धर्म फिर्ता भा छन् । कमाउन मात्र जानेर हुँदैन, जुक्ति पुर्‍यार त्यसलाई व्यवस्थित गर्न जान्नुपर्छ ।

– जुक्ति पुर्‍यारै फिर्ता गर्‍या हुन् रे बाज्या ।

– लाइसेन्सले धेरै काम गर्छ कि क्या हो बुङ्गे ! दम्पतीहरू लाइसेन्स लिन धाउन थालिसके ।

– लाइसेन्सले धेरै काम गर्छ नि त । ह्वाँ हाम्रा सांसदको रातो लाइसेन्सले कत्रो-कत्रो काम गर्‍या होइन र ? भन्या बाज्या ।

– होइन बुङ्गे, कुरा मिलेन । रातो पासवोर्ड भन्या होला । बुङ्गेले लाइसेन्स भन्यो ।

– का बाज्या, पासवोर्ड नि लाइसेन्स नै हो भन्या । बनाउने बेला पासवोर्ड अनि विदेश जाने बेलालाई लाइसेन्स हो ।

●

# बुङ्गे नि राजा बन्यो

– बाज्या, ओ बाज्या, मलाई नि राजा बन्न मन लाग्यो भन्या । बनाइदे न । अहिले नि राजा बनेन भने कहिले बन्छ ?

– राजा नि कसैलाई मन लाग्दैमा बन्न पाइन्छ ? के कुरा गऱ्या बुङ्गेले ?

– पाउँछ बाज्या, पाउँछ । अन्त पाउँदैन होला, गणतन्त्रमा चाहिँ पाउँछ । त्यति मिलाइदे न बाज्या ।

– यो बुङ्गेले नि हैरान गर्न लाग्यो भन्या । गणतन्त्रमा त राजा हुँदै हुँदैन । राजा हटार त गणतन्त्र बन्छ । अनि कसरी राजा बनाउने ? भन त ?

– बाज्या, यो तन्त्रसन्त्रको कुरा नगरीकन राजा बनाउन हुँदैन ? अहिले देशमा राजाको कत्रो खाँचो छ भन्छ ।

– होइन, यो बुङ्गेलाई कल्ले उक्सायो ? राजा बन्नैपऱ्यो भन्न थाल्या छ ।

– अरूले उक्साको होइन बाज्या, मेरै मनले उक्साको हो । मनले उक्साको कुरा बाज्यालाई भन्या हो । राजा त बन्नैपऱ्यो ।

– ठीक छ बुङ्गे । राजा बन्ने नै हो भने म बनाइदिन्छु तर एक दिनका लागि मात्र ।

– बाज्याले राजा बनाएसि एकदिने राजा भे नि हुन्छ । फरक पर्दैन । ल, के-के गर्नुपर्छ गरौँला । बाज्याले चाहिने कुरा बताइदिनु ।

– पहिला त राजा बन्ने साइत आउनुपऱ्यो नि बुङ्गे । साइतविना राजा त्यसै बन्न पाइन्छ ?

– बाज्याको ज्योतिषमा साइत कहिले आउँछ ? हेर त ।

– बुङ्गे कुन सालमा जन्मेको रे ?

– दोस्रो सालमा हो बाज्या । म माइलो हो नि त । माइलो भनेसि दोस्रो साल हो ।

– के कुरा गर्छ यो बुङ्गे ? जन्मेको मिति भन्या क्या ।
– त्यसो भन न त बाज्या । दुई हजार नौमा हो । महिना नि चाहिन्छ बाज्या ? चैत निक्लँदो, वैशाखलाग्दो ३३ गते जन्मेको बाज्या म त ।
– त्यही भर त बुङ्गेलाई राजा बन्न मन लाग्या रछ । साइत आयो बुङ्गे सुन, उन्यू फुल्दा ढुङ्गो टुसाउँदाको समयमा बुङ्गे राजा बन्ने योग छ । त्यति बेला राजा बन्दिनँ भने नि बुङ्गेले राजा बन्नैपर्ने हुन्छ ।
– त्यो भन्या कहिले हुन्छ बाज्या ?
– मैले भन्नुपरेन अब, उन्यू फुल्यो कि फुलेन ? ढुङ्गो टुसाउन थाल्यो कि थालेन ? त्यो हेर्दै गर्नु, आफैँलाई था हुन्छ ।
– यो बाज्याले नि 'ह्वाँयाँ च्वाँयाँ' गर्न खोज्यो । त्यसको नि साइत हेर न, अनि त था भैहाल्छ नि ।
– त्यो जन्म्या था छैन नि बुङ्गे । त्यसै भेर त्यसको साइत आउँदैन क्या ।
– का बाज्या, 'ह्वाँयाँ च्वाँयाँ' भनेको यही हो, हाम्रो असारमा यो दिन पानी पर्छ भन्छ । हाम्रो ज्योतिषले पानीको जन्म उसलाई था छ त ? भेन बाज्या । बाज्याको कुरा मिलेन ।
– मिल्छ केही दिनपछि । अलि दिन हेर न बुङ्गे ।

(अलि दिनपछि)

– अचेल बुङ्गे र हाम्रो भेट ढिला-ढिला हुन थाल्या छ नि, किन ?
– बाज्याले भनेजस्तो ढुङ्गा र उन्यूको खेती गर्न थाल्या छ । उन्यू नि कहिल्यै फुल्दैन, ढुङ्गो नि कहिल्यै टुसाउँदैन । होइन, के हो के हो बाज्या ।
– तिम्लाई राजा बन्न धेरै मन लागेछ । एउटा काम गर न त बुङ्गे ।
– के काम ? भन न बाज्या, गरिहाल्छ नि ।

– मैले अर्को साइत निकालेको छ । राजा बन्ने यो दोस्रो साइत पक्का छ बुङ्गे ।

– कुन दिनको साइत रछ ? बाज्या मैले के ल्याऊँ ?

– जनैपूर्णेको भोलिपल्ट तिमी राजा हुने दोस्रो साइत रछ । त्यसका लागि तिम्ले पातसमेत भको ठूलो कर्कलोको डाँठ एउटा ल्याउने । हाब्रे चराको प्वाँख ल्याउने । राजा भेसि जामा लाउनुपर्छ । त्यो नि ल्याउने । यति सामान तिम्ले जनैपूर्णेको भोलिपल्ट लेर आउनू । तिमी राजा पक्का ।

– जनैपूर्णे कहिले पर्छ बाज्या ?

– आइपुग्यो । भदौमा पर्छ । अहिले साउन भो । ल, भदौको १५ गते पर्ने रछ । भदौ १६ गते बुङ्गेले राजा बन्ने सामान लेर आउनु । राजा पक्का भो ।

(यता बाज्याले भदौ १६ गतेका लागि बीस-तीसजना मान्छेलाई नारा लगाउने ट्रेनिङ दिन थाले । 'राजा बुङ्गे जिन्दावाद', 'यो देश घुम्नुछ, बुङ्गे राजा बन्या छ', यस्तो नारा सिक्दै गर्दा भदौ १६ गते नि आयो ।)

– लौ बाज्या, मैले अरू त सबै ल्यायो तर हाब्रेको प्वाँख पाएन ।

– मैले बनाको छ बुङ्गे । त्यो कर्कलोको पातमा आँखा देख्ने गरी दुइटा प्वाल पार । नाक छिर्ने ठाममा नि प्वाल पार । त्यो पातले मुख छोप र पात नखस्ने गरी बाँध । अब जामा नि लगाऊ । जामामा यो कर्कलोको डाँठ बान । यो तरबार हो क्या । अहिलेको राजाले यस्तो लचिलो तरबार भिर्‍या हुन्छ । ल यो श्रीपेच मैले बनार राख्या हो, लाइहाल । अब बुङ्गे बजार जानु । त्याँ अरू नि राजा आ होलान् । तिम्रो अघिपछि लाग्ने र नारा लगाउने मान्छे नि आउँछन् । तिमीले चाहिँ दायाँबायाँ नमस्ते गर्दै हिँडे पुग्छ । अरू केही गर्नुपर्दैन । अनि साँझ पर्न लागेसि घर फर्कनु । भोलि यता आउनु । तिमी राजा हुने आज

एक दिन मात्र हो । भोलिदेखि फेरि गणतन्त्र लाग्छ । राजा बन्न पाइँदैन नि । ल जाऊ, बजार घुम ।

(यता बजार घुम्न निस्केसि बुङ्गेको नाराजुलुस लाग्न थाल्यो । यसरी बुङ्गे एकदिने राजा बन्यो । बुङ्गे मख्ख भो । राजा भेसि बुङ्गेको फुर्ति कल्ले हेरोस् ! भोलिपल्ट बुङ्गेले बाज्यालाई भेटेर राजा नि बनाइद्यो, मेरा लागि बाज्याले खुब गऱ्यो भनेर प्रशंसा गर्न थाल्यो ।)

– अनि बुङ्गे, श्रीपेच खोइ त ?

– बाज्या ! त्यो जिन्दावाद भन्ने मान्छेले कराउन थाल्यो, त्यसैलाई देको छ ।

– अब राजा बन्ने कुरो नगर नि । किनभने श्रीपेच नै अरूलाई देसि राजा बनाइदे भन्न मिल्दैन क्या ।

●

# प्रधानमन्त्रीको खुबिलिटी

– २०८१ भाद्र ६ गतेको संसद अलि रोचक हुन पुगेछ । हुन त अहिलेसम्मको संसद रोचक मात्र छ । त्यसमध्ये नि त्यो दिन विशेष रोचक बनेछ ।
– हाम्लाई नि भन न बाज्या, कस्तो रोचक बनेछ ?
– हेर बुङ्गे, प्रधानमन्त्रीले बोल्ने भनेर भाषण गर्न उभिने ठाममा प्रधानमन्त्री पुगिसक्नुभछ, यता सांसदहरूलाई था नै रैनछ ।
– किन था पाउनुपर्‍यो त बाज्या ? संसद भनेकै मन लाग्या कुरा बोल्ने ठाम होइन र ?
– हो नि बुङ्गे । तर मन लाग्या कुरा बोल्न नि प्रक्रिया पुर्‍यार बोल्नुपर्‍यो । त्यसै बोल्न पाइयो र ? गाईजात्रामा बोल्न त कति प्रक्रिया पुग्नुपर्छ । त्यो त संसद हो नि त ।
– कस्तो प्रक्रिया भनेको हो ? बाज्याले भनेको बुझेन ।
– प्रक्रिया पुग्ने भन्या मन्त्री, प्रधानमन्त्रीले सदनमा विशेष कुरा बोल्दै हुनुहुन्छ भनेर सभामुखले सबैलाई जानकारी दिनुपर्छ र विषय नि तोक्नुपर्छ क्या ।
– ए बुझ्यो बाज्या । माननीय सांसदलाई था रैनछ बाज्या ?
– रैनछ । हेर न बुङ्गे । माननीय वर्तमान पुनले विषय नै छैन, के बारे बोल्ने हो ? भनेर प्रश्न राखेसि पो अरूले था पाए त ।
– हाम्रा प्रधानमन्त्रीले नबोल्या धेरै भेछ कि क्या हो ? माइक देखे, बोल्न भनेर त्यहीँ पुगिहाले ।
– कुरो त्यसै होला बाज्या । अनि के भछ बाज्या ?
– के हुनु नि बुङ्गे । अनि त प्रधानमन्त्री नि अक्क न बक्कमा परिहाले नि ।
– त्यसपछि के भो बाज्या ?
– केही भेन बुङ्गे । त्वाँ सभामुखलाई पसिना छुटिसक्या थ्यो । त्यही बेला प्रधानमन्त्रीले प्रश्नको उत्तर दिन आको, कसैलाई गाली गर्न आको होइन भन्नुभा छ ।

– भनेसि प्रधानमन्त्री आफूले आफैँलाई गालीबाज भन्न भ्याउनुभछ, होइ बाज्या ?
– त्यही त होला त गाली गर्न लाग्या होइन भन्नुको अर्थ त्यही नै हो नि बुङ्गे ।
– त्यसो भे हाम्रा प्रधानमन्त्री गालीबाजमा ठूलो दखल राख्ने व्यक्तिभन्दा फरक नपर्ने भो होइ बाज्या ?
– त्यति मात्र हो र बुङ्गे, ह्वाँले बोल्न थालेसि संविधान संशोधनका बारेमा राम्रैसँग बोल्नुभो नि । 'आवश्यकताको आधारमा संविधान संशोधन हुन्छ' भनेर ठोक्नुभो ।
– त्यति बोल्न त्यत्रो महाभारत परेछ होइ बाज्या ?
– होइन बुङ्गे, प्रधानमन्त्रीजस्तो भर बोलेको त्यत्ति हो । अरू त मन्त्रीजस्तो भर बोलेको धेरै छ ।
– कस्तो धेरै बाज्या ?
– कस्तो भन्नु नि बुङ्गे, अर्थको जवाफ नि ह्वाँले नै दिनुभा छ । घरजग्गाको जवाफ दिन नि भ्याको छ । विश्वविद्यालयको जवाफ दिन नि भ्याको छ । विद्युत बेच्नेदेखि बक्यौता असूल गर्ने जवाफ दिन नि भ्याकै छ । किसानको कुरा, जलवायु परिवर्तनका कुरा, सबैको जवाफ दिन भ्याकै छ । हाम्रो प्रधानमन्त्रीको खुबिलिटी कसैले बतार सक्ने हो र ?
– बल्ल था पाए हाम्रो प्रधानमन्त्री कस्तो हुनुहुन्छ भनेर । होइ बाज्या ?
– अनि प्रश्न सोध्ने माननीयहरू नि गठबन्धनकै काङ्ग्रेसका थे बुङ्गे ।
– ल राम्रै भ छ बाज्या, अब था पाए होला नि ब्यर्थका प्रश्न गर्नेले । कि कसो ?

●

# यो वर्षको लाखे नाच सक्यो

– देशको पूर्वदेखि पश्चिमसम्मका लाखेले नाचेको कति रमाइलो कति राम्रो राम्रो ।
– हो बाज्या धेरै राम्रो नि, गको वर्षभन्दा त टुक्के र चण्डमुण्डको गठबन्धनजस्तै कति राम्रो होइ ?
– देशभरका लाखेहरूले लाखे समाज खोलेर आफ्नो संस्कृति जोगाउन कत्रो प्रयास गऱ्या छन् । अनि राम्रो भैहाल्छ नि बुङ्गे ।
– बाज्या, कुनै कुनै लाखे त विचार मिल्नेसँग सहकार्य गर्नुपर्छ भनेर भन्दा रछन् । त्यसो भन्या के हो ? बाज्या ।
– लाखे नाचमा झ्याली-झाम्टा बजाउनुपर्छ नि, त्यही बजाउनेको ताल मिलाउने भन्या होला बुङ्गे ।
– त्यस्तो ताल मिलाए भने त बाजागाजा झन् राम्रो हुन्थ्यो होला होइ बाज्या ?
– मिल्दैन क्या, पोखराको बेग्लै, पाल्पाको बेग्लै, धरानतिरको बेग्लै, उपत्यकाको बेग्लै यस्ता थरिथरिका बाजागाजा मिलार मिल्दैन । उही ती झ्यालीबाजहरूले भन्ने कुरा हो । ती धिमावालालाई मतलबै छैन । ती झ्यालिन्चा नचाउने झ्यालीबाजहरूलाई सहकार्यकै धोको बढी ।
– होइन बाज्या, त्यो नाचमा तिनीहरूले नै बढी खान पाउँछ कि क्या हो ? नत्र तिनका पेट किन पोल्नु ?
– खान त खान्छन् नि बुङ्गे । तिनीहरूले छ्याकन खान्छन् ।
– भनेसि लाखे समाज राम्रो हुन थालेछ होइ बाज्या ?
– केही वर्ष भो राम्रो हुन थाल्या बुङ्गे । नत्र जहिले नि झगडा मात्र गर्थे । अब सुद्रेको छ ।
– हिसाब मिलेन भने झगडा हुने त हो नि बाज्या । हिसाब मिलुन्जेल झगडा हुँदैन । यसपालिको हिसाब कस्तो रछ बाज्या ?
– कस्तो हुनु बुङ्गे, सबै आफ्ले गऱ्या काम राम्रो भन्ने त हो नि ।

– हो बाज्या हो, हिसाब जान्ने मान्छे भे त त्यसले समाजको राम्रै गर्छ । नजान्ने पर्‍यो भने हैरान ।
– त्यसो त देशभरकै हिसाब गर्न जान्ने मान्छेलाई तालुकदार बना रछ । बाहिरको होइन त्यही बालुवाटारतिरको मान्छेलाई बना छन् बुङ्गे ।
– का बाज्या, त्यसो भे त्यसलाई नि त्यो बालुवाटारतिरको जग्गा सबै था होला होइ ?
– था होला बुङ्गे, हाम्लाई के खाँचो । लाखे नाचेको एक महिनामा हिसाब खुब सुद्रेको छ भनेर कराको सुन्या हो ।
– ठीकै भ छ बाज्या, प्रगति भकै राम्रो होइ ?
– प्रगतिको कुरा नगर बुङ्गे ! यो बीचमा प्रधानमन्त्री टुक्केले भाटभटेनी भाटभटेनी, ओम्नी ओम्नी भनेर किन भट्याका होलान् भनेको त भाटभटेनीका मालिकले पार्टी बनाउन सित्तैँमा अर्बौंको जग्गा देर त्यसमा घर नि बनाइदिने भनेर शिलान्यास गरेको देखियो । ह्याँभन्दा प्रगति के चाहियो ?
– भनेसि अब नेपालमा भ्रष्टाचारको अन्त्य भेछ त बाज्या ?
– अब भ्रष्टाचार भन्न पाइँदैन । किनभने कसैले देको दानदातव्य, उपहारलाई भ्रष्टाचार भन्न मिल्दैन भनेर प्रधानमन्त्रीले घोषणा गरिसके बुङ्गे ।
– ठीक भे छ बाज्या ! त्यो मालपोततिर, भन्सारतिर, एयरपोर्टतिर दानपत्ता र उपहार लिन-दिन खुल्यो, होइन त ?
– हो बुङ्गे । अब खुल्यो । दान लिन पाइन्छ भनेसि कुरो त्यै हो ।
– प्रधानमन्त्रीले अरूलाई भ्रष्टाचार गर्न नदिने वचनको पक्का भनेको यही हो बाज्या ।
– हेर बुङ्गे ! इतिहासमा लेखिने प्रगति भनेको यही हो । संसारमा यस्तो प्रगति कतै नि हुँदैन । धन्य टुक्के सरकार !
– काङ्ग्रेस के गर्दैछ नि बाज्या ?
– साक्षीमा ल्याप्चे लगाउँदै ऱ्याल काडेर बस्या छ बुङ्गे ।

●

# यो देश कसको ?

यो देश कसको बाज्या ? हामी नेपाली मात्र भन्छ । देशको कुरा गर्दैन हेर न ।

– कस्तो कुरा गर्छ यो बुङ्गे, यो देश सबैको हो । सबैको भनेको हाम्रो हो । तिम्रो नि हो, मेरो नि हो । त्यसै भर हाम्रो भनेको । किन र बुङ्गे ?

– था भो बाज्या था भो, त्यसै भेर ह्याँ विकास नभको रछ । हाम्रोमा विकास हुँदैन । मेरो आफ्नै हुनुपर्छ अनि मात्र विकास हुने रछ । हेर त बाज्या, यो जग्गा कसको ? भनेर सोध्यो भने मेरो भन्छ । त्याँ कति विकास भा छ । अन्तको कुरा गर्नैपर्दैन । त्यो गोकर्णकै कुरा गरौँ । त्यो चन्द्रागिरीकै कुरा गरौँ । कति विकास भा छ । त्यसको दाँजोमा नेपालको विकास खै ?

– के भन्छ भन्छ बुङ्गे, त्यो नि नेपालकै त हो नि । विकास त भा रछ नि ।

– उः त्यो पर उभेको मान्छे मन्त्रीको छोरो रे बाज्या । त्यो त खर्बपति भैसक्यो भन्छ । त्यसले कमाको नेपालको भो त ? मन्त्रीले उनका छोराले कमाउन सक्ने अनि त्यो पूर्व-पश्चिम पहाडका जनताले कमाउन नसक्ने किन ? कामरेड चण्डमुण्डले नि त्यसै भन्ने गरेर ठूला भा हुन् । कमाको जति मेरो र आफ्नो भो । नेपाल हाम्रो भो । यही न हो बाज्या ? अनि नेपालले कहिले कमाउँछ ?

– कमाउँछ बुङ्गे । पहिला देशतिरै जाऊँ न । उति बेला राजा महेन्द्रले नि यो देश मेरो भन्ने गऱ्या हो । अझ गीत नै लेखेका हुन् । 'म मरे पनि मेरो देश बाँचिरहोस्' भन्ने महेन्द्रको गीत हो । उनी त मरे, देशचाहिँ मर्ने-बाँच्ने दोसाँधमा छ । भनेसि मेरो भन्दैमा विकास हुँदो रछ र ?

– का बाज्या, कुरा गर्छ । २२ वर्ष भो यो देश हाम्रो हो भनेर पूर्वको सन्दकदेखि पश्चिमको महाकालीसम्म झन्डा बोकेर झन्डा गाड्दै हामी नि पैदल नारा लगाउँदै हिँड्या होइन र ? 'गाउँ गाउँ, बस्ती बस्ती उठ' भन्दै हिँड्या होइन ? अहिले फेरि त्यही गीत गाउन थाल्या छन् । भनेसि गीतले नि देश बन्ने होइन रछ । झन्डा बोक्दै नारा-जुलुस गरेर नि देश बन्ने होइन रछ । अब भन्नोस्, मेरो देशभर नि भेन । हाम्रो देशभर नि भेन । किन यस्तो भो ? पत्ता लाउ त बाज्या ?

– बुङ्गेले भन्या नि केही हदसम्म ठीकै हो । लौ विचार गर्ने बेला आयो । कसैलाई रिस उठ्यो भने यो सतीले सरापेको देश भन्ने गर्छन् । यसमा नि केही न केही त सत्य होला । नाजायज गरेर कमाउनेलाई सतीले नसराप्ने अनैतिक गर्नेलाई नसराप्ने गरिबलाई मात्र सराप्ने कस्तो सराप हो ?

– हामी नेपाली यस्तै कुरामा सत्य होला भनेरै कति पुर्खा बिते-बिते बाजे ! अहिले आर लुच्चा, देशमारा, ठग, भ्रष्ट, ज्यानमाराहरूले खाने देश भा छ ।

– के त बुङ्गे, त्यसो भे यो देश तिनै लुच्चा ठगहरूकै हो त ?

– हेर्दा त त्यस्तै देख्यो नि त बाज्या ।

– होइन बुङ्गे, यी लुच्चा, डाका, फटाहाहरूको नाउँ कल्ले ल्या छ र ? ह्याँ त यो देश कसको ? भनेर भन्नेलाई पशुपतिनाथको देश भनेर तुरुन्तै जवाफ दिने गरेको नि पाइन्छ होइ ?

– बाज्याले भन्या कुरा नि ठीकै हो । त्यसै भेर बेलाबेलामा पशुपतिनाथलाई सुन चढाउने गऱ्या होला । पहिला त पशुपतिनाथले हामी सबैको कल्याण गरून् भनेको नि सुनिन्थ्यो ।

– त्यति मात्र हो र बुङ्गे, यसपालि त करोडौँ लगानी गरेर पशुपतिनाथको परिसरमा कोटिहोम नि लगा थे ।

– लगाए बाज्या लगाए, धर्मकर्म गऱ्या होला । गर्छन् बाज्या गर्छन् । उनैको देशमा बसेसि त्यति त गर्ने पऱ्यो नि होइ ?

– हेर बुङ्गे, अर्को कुरा सुन । ह्वाँ पशुपतिनाथको भेटी गर्न भनेर सरकारले पठाका गणकलाई दुई-तीन दिनमै जेल लगेछन् । प्रसाद धेरै खाएछन् । त्यसको उपचार गर्ने ठाउँ भनेकै जेल रछ ।
– अस्पतालमा उपचार नहुने भनेसि प्रसादकै करामत हो नि बाज्या । नेपाल सरकारले यस्ता गणक नि पालेर राख्या छ भन्ने था भो । यो देशभित्र यस्तो चर्तिकला हुन्छ । पशुपतिनाथको देशमा के-के हुन्छ-हुन्छ । त्यसको बयान गर्नै सकिन्न ।
– भनेसि अहिलेसम्मको छलफलले यो विचित्रको मान्छे बस्ने देश बनेछ भन्दा हुन्छ ।
– ठीक भन्यो बाज्याले । पशुपतिनाथको देशमा हुने भनेको यही हो । हेर्दा सबै जिउँदो जिउँदोजस्तो देख्छ, पछि त उही हो । जिउँदो हो कि मऱ्या हो ! कानून त्यस्तै बन्छ, न्याय त्यस्तै पाउँछ । कारण त्यही नै हो बाज्या ।
– त्यसै भेर होला नेपालको कानुन दैवले जानुन् भन्ने गऱ्या । बुझिराख बुङ्गे । कि कसो ?
– कुरो कानुनको मात्र होइन बुङ्गे । त्यो पशुपति क्षेत्रमा भाका बाँदरलाई समेत उनै पशुपतिनाथले पालनपोषण गर्नुपऱ्या छ । तैपनि ती बाँदरका घर छैनन् । त्याँका त बाँदर नि सोझा । घर चाहियो भनेर अझसम्म नाराजुलुस गऱ्या था छैन ।
– पशुपतिनाथ नै सोझा भोलेबाबा हुन् । अनि त त्याँ भका जति सबै सोझा छन् बाज्या । जाँसम्म बाँदरका कुरा छन्, तिनलाई सरकारले हेऱ्या छ रे ।
– था भो बुङ्गे । सरकारले हेरेसि सबै कुरा घट्छ भन्ने छ । बाँदर नि घटेकै होलान् । नत्र त्याँ बाँदरराज भैहाल्थ्यो नि ।

●

# परराष्ट्रमन्त्रीको भारत भ्रमण

– हेर बाज्या, हाम्रा परराष्ट्रमन्त्री राष्ट्रिय भाउजूले नि भारत भ्रमण गरेर आउनुभो ।
– हो बुङ्गे । प्रधानमन्त्री जान सक्या छैनन् । ह्वाँ गर आउनुभो, राम्रै भो ।
– बाज्या नि यस्तै-यस्तै कुरा गर्छ भन्या । ह्वाँ प्रधानमन्त्रीको निम्तोपत्र लेर त परराष्ट्रमन्त्री गाको । दक्खिनेलाई निम्तोपत्र देको देखेन बाज्याले ?
– देख्यो बुङ्गे देख्यो । प्रधानमन्त्री गा भे गाई-भैंसी ल्याउँथे होला । परराष्ट्रमन्त्रीले के ल्याउनुभो खोइ ?
– केके ल्याको रे बाज्या ?
– ह्वाँले झन् ठूलो कुरा ल्याउनुभा छ । द्विपक्षबीच सद्भाव वृद्धि गरेर आउनुभो बुङ्गे । गाई-भैंसीभन्दा त ठूलै हो नि, कसो ?
– बाज्यालाई यो ठूलो लागेछ । मलाई त काङ्ग्रेस-एमालेको गठबन्धनलाई भारतले सकारात्मक भेर हेऱ्या रछ भन्ने कुरा नै ठूलो लाग्यो । जे होस्, हेर्न त भारतले हेऱ्या रछ नि त ।
– यसको अर्थ बाज्याले दूध नखाने भो होइ ।
– यो बुङ्गे खाने मात्र कुरा गर्छ । नेपाल-भारतको कुरा गर्नुपऱ्यो ।
– गर बाज्या । कति गर्छौ गर । कुरा मात्र हो, काम हुने होइन ।
– ह्वाँ घनिष्ठ सम्बन्धलाई बल्ल्यो बनार आको छ । बुङ्गे ह्याँ बस्या छ, करा छ । त्यस्तो हुन्छ ।
– भो भो बाज्या । घनिष्ठ सम्बन्ध बल्ल्यो बनार आ होइन क्या । बल्ल्यो बनाउने विश्वास मात्र व्यक्त गऱ्या रे बाज्या ।
– हेर बुङ्गे । नेपालको हित र चासोको विषयमा नि छलफल भा रछ । कम उपलब्धि भा हो र ?
– अनि बाज्या, त्यो हाम्रो नक्साको चुच्चो अनि लुम्बिनीको नक्साको कुरो के भेछ ?

– केही भेन बुङ्गे । त्यस्तो कुरा गर्न गा होइन रे क्या ! सम्बन्ध र सद्भावको मात्र कुरा गऱ्या रे ।
– भनेसि बाज्या अचेल सद्भाव र सम्बन्ध जताततै करार छुट्टी छ । किन होला भन्या त हाम्रा परराष्ट्रमन्त्रीले ल्यार छाड्या रछ, अनि कराउँदो रछ । डाम्नाहरूलाई भोक लागेछ कि ?
– के कुरा गर्छ बुङ्गे, हाम्रा प्रधानमन्त्रीले भारतको प्रधानमन्त्रीलाई देको निम्तोपत्र सबैभन्दा ठूलो कुरो त्यो हो नि त ।
– लौ बाज्या, धेरै खोक्नुपर्दैन । यस्ता कुरा हाम्ले नि जानिसक्यो ।
– अनि बुङ्गेले खोज्या के त ?
– बुङ्गेको बगलीमा हाल्ने हो र बाज्या ! भारतसँग भाको हालसम्मको साना-ठूला सम्झौता केके हुन्, त्यसका बारेमा कुरा छैन । इपिजी खोइ ? बतासे कुरा गऱ्यो उत्तिकै ।
– हेर बुङ्गे, ह्याँका ठूलाबडाहरू अहिलेसम्म यस्तै बतासे कुरा गरेर जुँगामा ताउ लगाउँदै बस्या छन् । अहिले पो हाम्रो मन्त्रीको जुँगा भेन, नत्र ह्वाँको नि यति कुरामै जुँगामा ताउ लाउन मिल्थ्यो । बुङ्गेलाई चाहिँ गाईभैँसी नै ल्याउनुपर्ने रछ । हाम्लाई के था ? गाईभैँसी ल्याउने जमाना गए बुङ्गे, अब दूध खानुपरे उही 'मेलामाइन' बाट बनेको दूध खानु, कुरो यै हो ।
– होइन बाज्या, नरिसाऊ न, मैले भन्या कुरा नराम्रो हो र ? नेपाल-भारतको सम्बन्ध राम्रो गर्न त सम्झौता अघि बढाउन गलत हुन्छ ?
– एक राष्ट्र र अर्को राष्ट्रको बीचमा कुरा मिलेन होला नि बुङ्गे ।
– हाम्ले गऱ्या सम्झौता हो र बाज्या ? उता चीनसँग नि त्यस्तै छ, हेर न त्यो सगरमाथा चढ्न जाँदा चौथो क्याम्पमा पुगेसि आफूसँग भाको घडी र मोबाइलको समय एक्कासि चीनको बनिसक्छ । यो कसरी भो भनेर सरकारले भन्न सक्दैन ? परराष्ट्रमन्त्रीले भन्न सक्छ नि ? चारैतिर समस्या राखेर जुँगामा ताउ लगार बस्नुको केही अर्थ छैन, था छ बाज्या ?

●

# नेपाल त जेमा नि दक्षिण एसियाकै पहिलो

– ल हेर बाज्या, फेरि कुरो आयो दक्षिण एसियाकै । अब यो दक्षिण एसियाले नि पालो पाउने भेन ।

– के कुरा हो बुङ्गे ? कुरा त ठूलै गर्न थाल्या जस्तो छ ।

– ठूलै हो नि बाज्या । हाम्रा प्रधानमन्त्रीले 'कानुन निर्माणमा नेपाल दक्षिण एसियामै अगाडि भा छ' भनेर भाषण गऱ्या सुन्दा हाँसउठ्न थाल्या छ । यो भाषण सुनेसि सबै हाँस्छन् ।

– ए बाबा ! भाषण सुन्ने मान्छेलाई बोर भो भनेर हँसाको नि हुन सक्छ । जान्ने मान्छे अनेक तरिकाले हँसाउँछ क्या बुङ्गे । दक्षिण एसिया भन्दैमा हाँस्नुपर्ने नि छैन, किन हाँस्नुपऱ्यो ?

– बाज्या नि त्यस्तै कुरा गर्छ भन्या । ह्वाँ भ्रष्टाचारी, देशद्रोही र ज्यानमारा बलात्कारीहरू पाँच वर्ष लुकेसि मुद्दा चलाउन नपाउने विधेयक सदनमा ल्याको छ । त्यही विधेयक भोलि कानुन बन्ने न हो । यस्तो कानुन बनाउन लाग्या प्रधानमन्त्री भाषण त्यस्तो गर्छन्, हेर न ।

– कुरो ठिकै त हो नि बुङ्गे । दक्षिण एसियाका अरू राष्ट्रमा त्यस्तो कानुन बन्दै बन्दैन । त्यस्तो कानुन बन्ने नेपालमा मात्र हो, त्यो नि प्रधानमन्त्री टुक्केलाई चाहिया भेर बन्न लाग्या होला नि । त्यसै भर त 'कानुन निर्माणमा नेपाल दक्षिण एसियामै अगाडि छ' भन्या हो । यसरी कुरा बुझौँ न ।

– बाज्याले भनेको नि ठीक हो, नेपाल केमा कम छ र ? नेपाल दक्षिण एसियाको अगाडि पर्नै नहुने त हैन नि । त्यसमा नि काम गरेर अगाडि पऱ्या हो । किन टाउको दुखाइ ?

– बल्ल बुङ्गे ठेगानमा आयो । जति नि हसाउने कुराहरू सबै हाम्रै प्रधानमन्त्रीले मात्र गर्छन् भन्ने छ कि क्या हो । त्यत्रो ओहदामा बसेकाले त्यस्तो हँसाउने काम गर्नै मिल्दैन र गर्दैनन् नि । त्यस्तो हँसाउने काम त टुक्केले गर्ने हो । यो कुरा नि टुक्केले

नै गऱ्या हुनुपर्छ । जे कुरा नि ल्यायो, हाम्रै प्रधानमन्त्रीको टाउकोमा थोपऱ्यो, कति आनन्द हँ ? सोझो हुनु नि केही होइन भन्या यही हो ।

– होला बाज्या होला, नेपालमा प्रधानमन्त्री भेसि दुनिया ठाउँमा के-के भा छन् भन्ने कुरो नि ख्वारै आउँदो रछ । हामी प्रधानमन्त्री भा भे था हुन्थ्यो । आफू प्रधानमन्त्री भा होइन अनि त कुन देशमा कस्तो विकास निर्माण भा छ भनेर मैले त जानेन बाज्या ।

– हो भन्या बुङ्गे । नेपालमा प्रधानमन्त्री भेसि एकजनाले दक्षिण एसियाकै पहिलो राष्ट्र बनाउँछु भनेर लागे र बनाए नि अरू पहिलाकाले त सिङ्गापुर नि बनाए, दुनिया दिवाना बनाए । यो बनाउनमा पहिला नेपालकै प्रधानमन्त्री बन्नुपर्ने रछ ।

– हो त बाज्या । त्यसै भर त हाम्रा प्रधानमन्त्रीले अरू नभे नि दक्षिण एसियामै कानुन निर्माण गर्नेमा पहिलो राष्ट्र बनार देखाउने भा छन् । ह्याँभन्दा के गर्नु ? गऱ्या छन् हाम्रा प्रधानमन्त्रीले । विचरा रोगी भर पो, नत्र चन्द्रमामा जाने तरखर गरिसक्थे होला ।

– बुङ्गेले भन्या कुरो ठीक हो । ह्वाँ अन्तरिक्ष नेपालको नि हिस्सामा पर्छ भनेर कताकता भन्या त सुन्या हो । कुरो त्यसो पो रछ । अहिले पो था भो ।

– का, बाज्या नि के कुरा गर्छ गर्छ । ह्वाँ अन्तरिक्षमा जान पैसा नि चाइयो । विनाढेवा खाडीमा त जान पाउँदैन, अन्तरिक्षमा कसरी जान्छ ?

– के कुरा गर्छ बुङ्गे नि, ह्वाँ मादल नेपाल प्रधानमन्त्री भा बेला नेपालका युवालाई विनाढेवा वैदेशिक रोजगारमा पठाको होइन र भन्या ? त्यति बेला बुङ्गेकी सालीको नन्दको भान्जाको भिनाजु विनाढेवा विदेश गा होइन र भन्या ? कस्तो बिर्सेको ?

– त्यति बेला त हो बाज्या, अहिले त्यस्तो काँ छ र ? विनाढेवा भुटानी शरणार्थीले त बाहिर जान पाएन ।

– हो बुङ्गे । अन्तरिक्षमा जान पैसा नभै हुँदैन भने एउटा पालिका हान्दिने हो । ह्याँ पालिका धेरै भो भनेर कराका छन् । राष्ट्रको शिर उँचो राख्न एउटा घटाइदिने, के फरक पर्छ र ? उति बेला सत्तरी अर्ब हान्देकै हो भन्दा त हान्ने मान्छेले सुख पाए ।
– यस्तो हान्ने कुरा नगर बाज्या । यस्तो कुरा कसैले सुन्यो भने एउटा भन्या ठाममा चारवटा हान्यो भने के गर्ने ? संविधान कराउन थाल्छ । जनता कराए त केही हुनेवाला छैन । उइ नि, जनता कराउँदै कराउँदैन नि, ढुक्क छ ।
– अरूले सुन्ने गरी कुरा गरेकै छैन । मैले त आफ्नो बुङ्गे भनेर खुसुक्क कानमा भन्या हो । काँको हान्ने कुरा ठूलो स्वरले भन्दै हिँड्छु र ? म नि बुझ्छु यस्तो कुरा त ।
– त्यसो भे ठीक छ बाज्या । हेर न, गतिलो कामको कुरा त कसैले सुन्यो कि काम गरिहाल्छ । यो कसको आइडिया हो ? त्यसलाई कति पैसा दिनुपर्छ कि पर्दैन ? विचार कसैले गर्दैन ।
– ल, यो बुङ्गेलाई किन पैसा चाइयो ? माथि जाने बेलामा पैसा के काम ? पैसा त अहिलेका भ्रष्टाचारीले नै बोकुन् । किनभने उनीहरू कहिल्यै मर्दैनन्, माथि नि जाँदैनन्, बीचमै लट्केर बसिरन्छन् । त्यति बेला त्यही भ्रष्टाचार गऱ्या पैसा खार बस्नुपर्छ । त्यसैका लागि उनीहरूलाई पैसा धेरै चाहिन्छ क्या !
– हो बाज्या हो । देशलाई एसिया र युरोपको पहिलो राष्ट्र बनाउने काम नि गर्नु, लट्केर बस्दा बेखर्ची भर नि बस्नुपऱ्यो भने अहिले दुनिया हँसाको के काम ? होइ बाज्या ?
– हेर बुङ्गे । एउटा कुरो बुझेन भन्या । हाम्रा प्रधानमन्त्रीले नेपाललाई पहिलो बनाउन परेसि दक्षिण एसियाकै पहिलो किन बनाउनुपऱ्या होला ? विश्वमा अमेरिका र युरोपमध्ये कुनै एउटाको नाम लेर त्यो राष्ट्रभन्दा नेपाललाई पहिलो बनाको भे हुन्थ्यो नि । के गर्नु, त्यत्रो विकास गर्ने राष्ट्रलाई छाडेर किन दक्षिण एसियाको पहिलो बनाको होला ? यो त चीनलाई रिसाउने काम मात्र गऱ्या हुन् क्या ।

– का बाज्या । बनाउने कुरामा आफ्ले सक्याजति बनाउने हो । हाम्रा प्रधानमन्त्रीले त्यति नै सके त्यति नै बनाए । कुरो यस्तो छ नि बाज्या । कामरेड चण्डमुण्डले नि दक्षिण एसियाकै पहिलो बना भेर त्यति बनाए पुग्ने रछ भन्ने भो होला । त्यसैकारण त प्रधानमन्त्री टुक्केले दक्षिण एसियाकै पहिलो बनाको हुनुपर्छ । के फरक पऱ्यो र ?

– ल, फरक त परिहाल्छ नि बुङ्गे । काँको अमेरिका र युरोप, काँको दक्षिण एसिया ?

– ल हुन्दे बाज्या । यति गरे नि ठूलै काम गरे भन्नुपर्छ कि कसो ?

– हुन्देको अर्थ के हो बुङ्गे ? राम्रै गरे भनेर बुझ्ने हो ?

– हो बाज्या । सक्या र जान्या गर्ने होइन ? जस्तो खानपिन, त्यस्तै गर्छन् । अहिले कस्ता-कस्ता गरिब जनताको पसिना खाका, पसिना मात्र होइन, गरिबका केके खाका खाका । त्यस्ता मान्छेको सोच नै त्यस्तै हुन्छ । अनि त त्यस्तै बनाउँछन् । फेरि बनाउने ठाउँमा उनीहरू नै छन् । उनीहरूले नै कस्तो मन पर्छ, त्यस्तै बनाउँछन् । हाम्ले भनेर हुन्छ ?

– बुङ्गेले भन्या कुरो त ठिकै हो । हाम्लाई नभर हुन्छ र ? अहिले बन्या चीजहरू नि जनतालाई मन पऱ्या छ र ? उनीहरूलाई मन पऱ्यो, बनाए । त्यसले काम गरे नि नगरे नि देशको पैसाले काम गरिहाल्यो । त्यही ठूलो हो नि !

– बाज्या ! देशमा विकासभाँडा  र विकासमारा दुइटा तत्त्वले काम गर्न थालेसि त्यो देशमा जे नि हुन्छ भन्ने छ । हाम्रामा ती तत्त्व छैनन्, होइ बाज्या ?

– तत्तोको कुरा हाम्लाई के पत्तो, होइन र ?

●

# जाने होइन त ठेकेदारलाई खोज्न ?

– हेर बुङ्गे ! नेपालको धन त पानी बग्याझैं बग्या छ । देश गरिब भेर हुन्छ र ? पैसा उडेका छन्-छन् ।
– के भो र ? बाज्या ।
– हेर न, त्यो नारायणगढ-बुटवल सडक खण्डमा बाटो मर्मत गर्न चाइनिज ठेकेदारलाई ठेक्का देको रछ । उसले १७ अर्बको आयोजनामा ९ अर्ब रकम लिसकेछ । बाटो मर्मत र विस्तार गर्न रोकेछ । पोर ८० साउनमा समय थप गर्दे भन्न आएछ । लौ त भनेर एक वर्षको समय नि नेपाल सरकारले थपेछ । त्यसपछि ठेकेदार त छैन बुङ्गे ।
– ठेकेदारलाई भगाए बाज्या भगाए । हाम्रो सरकार त यस्तो काम गर्न चम्बु छ नि ।
– कुरो यसो नि रछ बुङ्गे । हाम्रा यातायात मन्त्रीले आयोजना प्रमुखलाई ठेकेदार खोज्न चीन पठाछन् ।
– हो नि बाज्या, नत्र ठेकेदारलाई कार्वाही गर्नुपर्नेमा चीनसम्म खोज्न पठार के जात्रा गऱ्या होला । मन्त्रीको चाकरी महिमा अचम्म छ । रातो कार्पेट ओछ्याउन पठा होला ।
– कुरो सुन न बुङ्गे । आयोजना प्रमुख चीन जानुमा धेरै शङ्का गर्ने ठाउँ छ क्या । ह्याँ घाटा पऱ्यो भनेर दुई अर्ब लागत बढाउन ठेकेदारले माग गरेछ ।
– कुरो बुझ्यो बाज्या, ती प्रमुख हिसाब मिलाउन गा रछ । दुई अर्बमा केही घटार रकम थप्ने र यता कमिसन कम गर्दिने हुन्छ कि हुन्न ? भन्न गा होला । यस्तो काम गर्नमा नेपाल सरकार माहिर छ बाज्या ।
– का बाज्या । यी सबै नाटक हो क्या । ह्वाँ विद्युत उत्पादन गर्दा चाइनिज ठेकेदारले यसै गरी लागत बढाउँदै लगेर पहिलेको सम्झौताभन्दा डबल तेबर रकम बढा छन् । त्यो

कल्ले हेर्ने ? त्यो ठेकेदारलाई था छ अनि त्यही गर्न खोज्या हो क्या ।

– कुरो त बुझ्झेले भन्या नि बेठीक होइन । त्यस्ता ठेकेदारलाई सरकारले कार्वाही गर्नुपर्थ्यो नि, उल्टै ठेकेदार खोज्न पठाउने ? कस्तो सहमति सम्झौता गऱ्या हो ? बुझ्न सकेन ।

– हेर बाज्या । नेपालमा ठेकेदारले काम नगऱ्या रकम मात्र उठायो भने नि हाम्रो देशको आधा बजेट बनाउन पुग्छ । यी सबैलाई कार्वाही गर्दै गर्दैन । केही दुई-चारजनालाई कार्वाही गऱ्या जस्तो गर्छ अनि फेरि चुपचाप । नेपालका ठेकेदार किन यस्ता बल्या भा होलान् ?

– नेपाल सरकारका मान्छे चुक्या छन् क्या बुझ्झे । यो गणतन्त्र आएसि नेपालमा ठेकेदारको हात माथि, हाम्रो विकासप्रेमीको हात तल पर्न थाल्या छ । त्यसैले उनीहरूलाई कार्वाही हुँदैन । कतिपय ठाममा त मेलमिलाप गरेर अचकल्टो निर्माणलाई पूरा बनाइद्या नि छ । सरकारका तर्फबाट यस्ता उद्धार भाका छन् ।

– हुन्देउ बाज्या । हाम्लाई त के छ र ! विकास-निर्माण राम्रोसँग भाको भे तिनै मन्त्री र प्रधानमन्त्रीले ताली खाई-खाईकन उद्‌घाटन गर्थे । हाम्ले उद्‌घाटन गर्ने होइन । उनैले उद्‌घाटन गर्न पाएनन् । हाम्लाई त केई न केई ।

– हामी हुन्देउ भन्दै गर्ने, ठेकेदार पैसा खार भाग्ने अनि सरकारचाहिँ ठेकेदार काँ छ भनेर घरघरमा खोज्दै हिँड्ने । कस्तो होइ बुझ्झे ?

– कुरा बुझ्न पहिला बाज्या । नेपालमा यस्तै भर त गणतन्त्रमा विकास नदेखेका हुन् । लगानी भाका छन् । विकास ठडिनुको साटो पाताल भासिएर नामनिसानै छैन । अनि ती भासिएका विकासलाई सरकार उद्धार गरेर पूरा बनाइदिँदै हिँड्या छ । सरकारले गर्नुपर्ने काम यसरी गऱ्या छ ।

– भनेसि सरकार र ठेकेदार मिल्न सक्यो भने दक्षिण एसियामा नभाको विकास नेपालमै हुँदो रछ, होइ बुझ्झे ?

– बाज्याले भनेको ठीक हो । हेर बाज्या, अन्तर्राष्ट्रिय विमानस्थल सिनामङ्गल हवाइस्थलमै भाको तेल डिपो असुरक्षित भो भनेर त्याँका जनताले कराका ४० वर्ष भो, कसैले सुन्दैन ।

– सुन्या छ बुङ्गे सुन्या छ । त्यो डिपो सार्न राज्यका निकायहरूको बैठक वर्षको आठ-दसपटक बस्ने गर्‍या छ ।

– बैठक मात्र बस्ने, डिपो सार्ने त होइन रछ नि त बाज्या ?

– हेर न बुङ्गे । बैठक बस्ने डिपो सार्ने कुरामा कुरै नमिल्ने भर बैठक सकिने गर्दो रछ । डिपो सार्न पुग्ने पैसा त बैठकमै सक्या छ । यति भे पुगिहाल्यो नि ! पैसा सर्‍या छँदैछ, डिपो किन सर्नुपर्‍यो ?

– यस्तो काम ठेकेदारलाई दिनुपर्छ, उनीहरूले तु मिलाइदिन्छ । नत्र कैल्यै मिल्दैन बाज्या । सरकारले गर्न नसक्या काम त ठेकेदारले तु गर्छन् । उनलाई पो दिनुपर्छ त । काम गर्ने तरिकै था छैन । के गर्नु त बाज्या, यो ठेकेदारको मामलामा प्रतिपक्ष र सत्तापक्ष एउटै हुन्छन् । ठेकेदारले काम गरेन भनेर प्रतिपक्षले सरकारलाई भन्या सुनेकै छैन ।

– यही हो हाम्रो विकासको विशेषता । बुङ्गे बल्ल कुरोको चुरोमा पुग्यो कि कसो ?

– कुरो चुरोमा पुगिसक्या छैन । अहिले फेरि प्रधानमन्त्री टुक्केले सिनामङ्गलमा भाको तेल डिपो मात्र होइन, थानकोटको तेल डिपो सार्नलाई जग्गा खोज भनेर निर्देशन देका छन् बाज्या ।

– त्यति भे पुगिहाल्यो नि बुङ्गे । ह्वाँ मेची पुल त सातपटक शिलान्यास गरेर बल्लबल्ल बन्या छ । ह्याँ त भरखर मौखिक निर्देशन, त्यो नि प्रधानमन्त्री टुक्केको । अब भन्नोस् त, तेल डिपो नसारी छोड्लान् त ?

– सार्छन् बाज्या । सट्टापट्टा गरेर मिल्ने भे मिलाइसक्थे । त्यसरी मिल्दैन अनि समय त लागिहाल्छ नि !

●

# ज्योतिषको उपद्रो

– बाज्या ! तिमी नि ज्योतिष होइन भन्या ?
– हो भन्ने कि होइन भन्ने बुङ्गे ! अलिअलि हिसाब त जान्ने हो । कहिलेकाहीँ पाट्टपुट्ट केही बताइदिने गऱ्या भेर मलाई ज्योतिष भन्या हुन् । ज्योतिष बनाइदेको त बुङ्गेले नै हो नि । ज्योतिष बाज्या भनीभनीकन ज्योतिष बनाइदेको बुङ्गेले हो ।
– का बाज्या ! नचाइने कुरा नगर न । मैले बाज्यालाई ज्योतिष बनाउन सक्ने भे प्रधानमन्त्री बनाइदिन्थेँ । ज्योतिष बनार राख्थेन ।
– ल बुङ्गे यी कुरा छाड । ज्योतिषको कुरा किन आयो ?
– बाज्या ! ज्योतिष कति प्रकारका हुन्छन् भनेर जान्नका लागि ।
– हेर बुङ्गे ! ज्योतिष धेरै प्रकारका हुन्छन् । कोही पढ्यालेख्या ज्योतिष हुन्छन् । कोही गोठालामा ज्योतिष सिकेर गोठाले ज्योतिष भेर बस्या हुन्छन् । कोही हात हेरेर रेखा गन्दै ज्योतिष हुँ भनेर बस्या हुन्छन् । यस्ता ज्योतिष त रत्नपार्कको फुटपाथमा बस्ने गऱ्या देखिन्छ । कोही मान्छेको अनुहार हेरेर भविष्य बताउने नि आफूलाई ज्योतिष नै भन्छन् । विशेष गरेर यस्ता ज्योतिषचाहिँ भारतबाट शिवरात्रीमा आउने बाबाहरू हुन्छन् । बुङ्गेलाई कस्तो ज्योतिष चाइया हो ?
– मलाई चाइया होइन बाज्या, डोका न ढोकाको मान्छेलाई किन ज्योतिष ? ह्वाँ बाटो हिँड्दा एकजनाले म होनहारको ज्योतिष भन्या भेर हो । बाज्याले होनहारको ज्योतिष त भनेन ।
– ए त्यस्ता ज्योतिष नि हुँदा रछन् होइ ? अनि त्यो ज्योतिष काँ बस्दो रछ बुङ्गे ?
– मन्त्री क्वाटरमा बस्दो रछ ।
– त्यसै भेर आफूलाई होनहारको भन्या हो क्या । ताल चढ्या बेला कुनै दिन तपाई त मन्त्री हुन्छ भन्देको होला । उसले

भविष्यवाणी गऱ्या मान्छे कागतालीमा मन्त्री भएसि ज्योतिष नि क्वाटरमा सँगै बस्न थालिहाल्यो नि । उति बेला अधिराजकुमार धीरेन्द्रलाई त गोठाले ज्योतिषले लटरपटर पाऱ्या थ्यो ।

– भनेसि मन्त्रीहरू त ज्योतिष पालेर बस्दा रछन् होइ बाज्या ?

– अहिले था छैन । पञ्चायतमा त गढवालदेखि ज्योतिष झिकार बस्थे मन्त्रीहरू ।

– ज्योतिषहरू त रमाइला रमाइला नि हुन्छ भन्छन् । बाज्यालाई त्यस्तो ज्योतिषको रमाइलो था छ भने बताइदेऊ न । टाइम पास गर्ने कुरो त हो नि । हामी बुढाहरूको काम छैन । यस्तै त हो नि बाज्या ।

– सबै क्षेत्रका मान्छेका रमाइला कुरा हुन्छन्, लौ सुन । उपत्यकाभित्रकै एक ठाउँको नामी ज्योतिषले आफू कहिले मरिन्छ ? भनेर आफ्नै आहान हेरेछ । यो यो तिथि, मिति, घडी, पलामा यमराजले लिन आउने साइत छ भनेर आफू मर्ने साइत निकालेछ । अनि त्यो साइतको दिन आँगनमा भएको तुलसीको मठ नजिक लिप्न लगाछ । त्याँ पराल ओछ्यार जौ, तील, कुश छरेछ अनि गङ्गाजल नि छर्केछ । घरका छोरा-बुहारीहरू बाउको उपद्रो देखेर जिल्ल पर्दा रछन् । ज्योतिषले आफ्नो साइत आएसि त्यो लिपेको ठाउँमा गएर लम्पसार परेछ । ज्योतिषलाई लिन आउने समय घर्किसकेछ । अनि उठेर फेरि ज्योतिष हेरेछ । ज्योतिषलाई लिन आउने समयमा नारायणगढ मुग्लिन सडकमा बस पल्टेर मान्छे हताहत भका रछन् । लौ यमराज धेरै मान्छे भेतिर गएछन् भन्दै फुकालेको लुगा लगार बसेछन् बुङ्गे । एकछिन अघि रुवाबासी भाको घरमा फेरि रमाइलो र हाँसखेल हुन थालेछ ।

– कस्तो जान्ने ज्योतिष रछ होइ बाज्या ?

– सुन न । फेरि तीन महिनाजति पछि यस्तै उपद्रो गरेछन् । तील, जौ छरेर आँगनमा फेरि लम्पसार परेछन् । त्यति बेला

भने गाउँको एकजना झाँक्री बा आइपुग्या रछ । गाउँका मान्छेले झाँक्रीलाई भनेछन् – 'झाँक्री बा ! यी ज्योतिष बाले इच्छामरण गर्न लागेछन्, हेर्देऊ न !' झाँक्रीले नि विचार गरेर यो मान्छे कि मर्छ, कि बाँच्छ भनेर हिँडेछ । एकछिनपछि उठेर ज्योतिष बाले फेरि फुकालेको लुगा लगार आफ्नो ज्योतिष हेरेछ र भनेछ – यमराज ज्यादै बेफुर्सदी हुँदा रछन् । ल हेर, अहिले त्यो हेलिकप्टर दुर्घटना भा ठाममा गाको भेर ह्याँ आउन पाएनछन् ।

– बाज्या ! यो त फट्याइँ होइन र ?

– गाउँमा कस्तो नाम कलाको ज्योतिषको कामलाई फट्याइँ भन्न मिल्छ ?

– था भो बाज्या, नाम कलाको त देखिहाल्यो नि !

– हेर बुङ्गे ! अर्को एकपटक नि यस्तै गर्दा त्यो ज्योतिष मरेन । त्यसपछि त उसकोमा ज्योतिष हेराउन सबैले छाडेछन् । आखिर कसैले था नपाईकन ती ज्योतिषको धेरै पछि परमधाम भछ ।

– यस्तैले नि ठूलो ज्योतिष बनेर खा रछन्, होइ बाज्या ?

– नेपालमा यस्तै चटकीहरूको राज चल्या छ बुङ्गे, के गर्नु ? ज्योतिष मात्र होइन, सबै क्षेत्रमा यस्तै छ ।

– यो अहिलेको मात्र कुरा होइन । उति बेला राजज्योतिष हुन्थे । राजवैद्य हुन्थे । त्यति बेलाका ज्योतिषको काम राम्रै चल्या भे राजसंस्था उन्मूलन हुने थेन । नामले राजज्योतिष, कामले शून्य । यस्तै भेर दरबार म्युजियम बन्न पुग्या हो क्या बाज्या !

– हो त नि बुङ्गे ! राजा दरबारभित्र, सेना ब्यारेकभित्र, यस्ता ज्योतिषहरू आफ्ना घरभित्र अनि बडीगार्डहरू विश्रामघरभित्र तालाबन्दीमा । सबै-सबै भित्र । बाहिर त हत्यारा मात्र । अनि जे जे गर्न खोज्या थ्यो, त्यही भो । भाको यत्ति हो ।

– हो बाज्या ! जे गर्न नि कोरम पुगिहाल्यो नि । कि कसो ?

●

# भिजिलान्तेले कालयज्ञ भाँडे

– बाज्या, ओ बाज्या ! भित्र त मान्छे कराउँछ, बाज्या बोल्दैन ।
– बुङ्गे ! बस्दै गर है । म आउन लाग्यो ।
– बाज्या काँ गुप्तबास गा भन्या ?
– आइहाल्यो नि । ह्वाँ भ्रष्टाचारको नाइकेको आयु हेर्दिनुपऱ्यो भनेर आ रछ । त्यसो भर भित्र बसेको बुङ्गे ।
– त्यै त भन्या । पहिला भा भे मलाई नि भित्रै डाक्थ्यो बाज्याले । आज किन ठाकेन भन्या त त्यस्तो पो रछ कुरा । बाज्याले ज्योतिष हेर्दा नाइकेलाई कहिले लिन आउँछ भन्यो त बाज्या ?
– मैले ज्योतिष मात्र हेऱ्यो । अनि त्यसको विधि बतार पठा छ । पछि मात्र था हुन्छ ।
– का बाज्या, कालको नि विधि हुन्छ भन्या ?
– विधि हुन्छ । तिम्लाई भेर भन्या हो । हल्ला नगर नि फेरि, पक्रन आउँछ । गोप्य कुरा हो नि त बुङ्गे ।
– हल्ला गर्दैन बाज्या, अनि विधि कस्तो हुन्छ त बाज्या ?
– कालको यज्ञ गरेर पहिला काललाई बोलाउनु अनि भ्रष्टाचारीको आयु कति छ त्यसलाई सोध भनेर पठा छ बुङ्गे ।
– अनि कहिले यज्ञ गर्छ रे बाज्या ?
– चाँडै गर्छु भनेर गा छ । यज्ञ गरेसि मलाई भेट्न आउँछ ।
– अब भ्रष्टाचारीको नाइके कसरी पत्ता लाग्छ ? कोहीको लोग्ने भ्रष्ट, कोहीको स्वास्नी भ्रष्ट, कोहीको बाउछोरै भ्रष्ट । त्यति मात्र हो र भन्या, यी सबै मिलेर सल्लाह गरेर गरेको भ्रष्टाचारको नि नाइके खोजेर पाइन्छ त बाज्या ?
– को हो भ्रष्टाचारको नाइके भनेर सोध्यो भने कालले नै भन्दिन्छ नि । ठूलो कुरै होइन बुङ्गे । केही पहिला नि एकजना यस्तै कुरा गर्न आयो, मैले यही विधि बतार पठा थ्यो । उसले यज्ञ गर्न थालेसि कताड भिजिलान्तेले था पा छ, पक्रेर लगिहाल्यो ।

– विधि पूरा हुन पाएनछ त बाज्या ?
– विधि पूरा हुन त पाएन तर यमराजसँग यज्ञकर्ताले कुरा गर्न चाहिँ भ्या छ बुङ्गे । उसले गरेको विधिमा नाइके होइन भ्रष्ट भनेर सङ्कल्प गऱ्या रछ । अनि त कुरै धेरै हुने भैहाल्यो नि ।
– यमराजसँग के कुरा भे छ बाज्या ?
– कुरा त ठीकै रछ । त्यति बेला नि भ्रष्टाचारीको नाइकेलाई दुई पटकसम्म लिन आउन लाग्या रे । दुवैपटक यमराजको बाहन भैँसीलाई सुसारेले चराउन लगेर ल्याउनै ढिलो गर्देछ । समय घर्केसि लिन आउने कुरै भेन । नलग्या कारण त्यो रछ बुङ्गे ।
– त्यो सुसारेलाई नि घुस खान देछ कि क्या हो बाज्या ?
– क्या हो क्या हो बुङ्गे, यही हो भन्नै सक्येन ।
– अनि यमराजको बाहन भैँसी कुन जातको हुँदो रछ बाज्या ?
– मुर्रा हो कि भनेर सोध्या होला बुङ्गेले । मुर्रा होइन घुर्रा हो ।
– घुर्रा भन्या के हो नि बाज्या ?
– घुर्रा भन्या घुरेर राता-राता आँखा देखाउने, फुत्कन पाए मारिहाल्छ कि जस्तो गरेर हेर्ने, त्यस्तालाई घुर्रा भन्छ । मुर्रा त सोझै जातको हो नि । त्यस्तो तर्साउँदैन ।
– बाज्या ! यो कालयज्ञ गर्ने कुरा भ्रष्टाचारीहरूले था पा छ कि क्या हो ?
– किन र ? के बुझ्यो बुङ्गेले ?
– किनभने अहिले भ्रष्टहरू कति सोझा कुरा गर्न थाल्या छन् ।
– त्यो बिरालो साधु बन्या मात्र हो बुङ्गे ।
– त्यो मात्र हो र बाज्या ! ह्वाँ २२ अर्ब मिना गर्ने भनेसि भ्रष्टाचार गर्दैन भनेर था पाउनुपर्छ क्या ।
– होस् बुङ्गे । हाम्ले राम्रा मान्छे प्रधानमन्त्री पाका छौँ, ढुक्क भे हुन्छ । ह्याँ भ्रष्टाचार हुँदैन र ह्याँ कालयज्ञले नि केही काम गर्दैन । यति बुझिराखे हुन्छ ।

●

# यो हो समाजको गति

– बाज्या ! समाजको गति के कस्तो हुन्छ ? सिकाइदेऊ न ।
– समाजको गति त्यो निस्कँदा हावाजत्तिकै तीव्र हुन्छ । पछि हुँदै जाँदा त्यो गतिजत्तिको ढिलो संसारमा केही हुँदैन ।
– कुरा बुझेन बाज्या । तीव्र नि हुन्छ रे, सबैभन्दा ढिलो नि हुन्छ रे । के भन्या त्यो ?
– ल हेर त बुङ्गे ! मेचीबाट काठमाडौँ जान भनेर समाज हिँडेछ । बाटामा कुरा बुझ्दै घरघरमा पस्दै आउँदा बराहघाटमा आएसि समाज अस्ताछ । समाजको उपलब्धि खेर गो । काठमाडौँबाट समाज मेची पुलसम्म जाने भनेर गा रछ, झापातिरै अस्ताछ । त्यस्तै भारतबाट पशुपति आउन हिँड्या समाज र तिब्बतबाट भारत जान हिँड्या समाज देवघाटमा पुग्दा बेवारिसमा अलपत्र परेछन् । यसरी समाज आफ्नो गन्तव्यमा समयभित्र पुग्नै सकेन ।
– बाज्या ! समाजको गन्तव्य भन्छ के हो ?
– समाजको गन्तव्य भन्या घाटै हो बुङ्गे !
– बाज्या नि मान्छे अल्मल्याउने कुरा मात्र गर्छ भन्या । घाट नि समाजको गन्तव्य हुन्छ ? मान्छेको लासको गन्तव्य भन्या भे नि कुरो अर्कै ।
– ल हेर बुङ्गे, मान्छे काँ बस्छ ? ल भन त ।
– घरमा बस्छ बाज्या ।
– ल भन, घर समाज होइन ?
– हो बाज्या । घरघर मिलेर समाज बन्छ ।
– त्यो समाजका बुढाबुढी तिम्रा-हाम्रा बाउआमा हुन्, था छ ? उनीहरूले ह्याँ जति दौडे नि जान ढिलो भैहाल्दो रछ ।
– कसरी था भो त बाज्यालाई ?

– था भैहाल्छ नि बुङ्गे । समाज त चाँडै पुग्न दौड्या हुन्छ । त्यो आर्यघाटमा एक क्षण उभेर हेऱ्यो भने था हुन्छ । लास चाँडै लगेर जलिसक्ने बेलामा अर्को आइपुग्छ । त्यो पहिलोभन्दा दोस्रो ढिलो भेन त ? त्यस्तै तेस्रो, चौथो एवं रीतले ढिलो हुँदै आका हुन्छन् । यो सबै समाजको ढिलाइ हो । कुरा बुझ्यो ? समाजले आफ्नो काम गर्दै हिँड्दा ढिला भा हो ।
– समाजको तीव्र गति कस्तो हुन्छ त बाज्या ?
– समाजको तीव्र गतिले आकाश बोकेर हिँड्न खोज्छ, आकाशमा पुग्नै सक्दैन र बीचमै थाक्छ । अनि यो समाज टुक्केजस्तै जेल जान थाल्छ, चण्डमुण्डजस्तो ज्यानमारा बन्न थाल्छ । समाजको तीव्रताले गर्ने यही हो बुङ्गे ।
– त्यसो भे बाज्या, समाजको सुरु र अन्त्य काम छैन होइ ?
– छैन बुङ्गे काम छैन । अलिअलि काम भा बेला छोराछोरी हुर्काउने, पढाउने, बेदान गर्नेतिर समाज लाग्छ, यो समाजको पहिलो काम हो । त्यसै भेर हाम्रा होनहार कामरेड चण्डमुण्ड नातिनीको ब्या गर्न गा हुन् । समाजले दिलाको काम त प्रधानमन्त्री हुनु भन्या हो नि त । यो समाजको गति धीमा गर्ने विधि भनेको यही हो । अब समाज यसै गरी ढिला हुन थाल्छ ।
– बाज्याको छोराबुहारी त राम्रै छ हैन ?
– राम्रै छ बुङ्गे, तिम्रो नि ?
– हाम्रो त छोराभन्दा बुहारी धेरै पढेको छ अनि त छोरालाई नि पढाउँछ भन्या, राम्रै छ ।
– बुहारीले कति पढ्या छ ?
– बीए पास छ बाज्या ।
– अनि तिम्रो छोराले कति पढ्या छ ?
– छोराले धेरै पढेन भन्या । मास्टर गऱ्या भन्छ । के हो के हो ।
– अनि बुहारी तिमीसँग राम्रो बोल्छ त ?
– बुहारीसँग भा बेला छोरै बोल्दैन । धेरै पढ्या मान्छे हामीसँग को बोल्छ ? उसको श्रीमती धेरै जान्ने भन्छ । यस्तै छ बाज्या ।

– बुङ्गे बस्या घर बुहारीले बनाको हो ? कि दाइजो ल्याको ?
– मैले त पैसा देन, छोराबुहारीले बनाको होला बाज्या । तेरो बाउले हाम्रा लागि केही गर्दैन भनेर बुहारी भनिरन्छ छोरालाई । त्यसैले छोराबुहारी हामीसँग त्यति खलास छैन ।
– छोरा र बुङ्गेभन्दा त बुहारी बाठी रैछ होइ ?
– बाठी छ बाज्या । अरूलाई केही था हुन्न जस्तो गर्छ । उपत्यकाभरिको तन्त्रमन्त्र जान्नेकोमा जान्छ । कस्कस्ले केके भनेर पठाउँछ, हाम्लाई मतलबै गर्दैन । पैसा खर्च गरी गरी हामीसँग दुश्मन बन्छ । आफू त मर्दैन जस्तो गर्छ ।
– बे काँ गऱ्या नि बुङ्गे ?
– यही शहरतिरै गरेको बाज्या । मान्छे भेर जन्मेसि कसैलाई उद्धार गर्न पाए हुन्थ्यो भन्ने आफ्नो मन थ्यो । त्यही उद्धार गरेको त गद्धार आइलाग्या छ बाज्या ।
– यसै भर गरिब भे नि ठूलाबडाका, अलि इज्जत भाका छोरी ब्या गर्नु भन्या हो बुङ्गे । हेर बुङ्गे, समाजको निकृष्ट काम र अति तल्लो स्तरको घटिया मान्छे यस्तैलाई भन्छन् । बाज्या बज्यै त उनी नि हुन्छन् । त्यो नदेख्नुलाई संस्कार नभाको परिचय देको हो क्या । तिम्रो मात्र होइन बुङ्गे, उः त्यो पल्ला घरमा नि त्यस्तै छ । यो समाजको बाइ प्रोडक्ट हो बुङ्गे । राम्रोबाट यस्तो खराब नि उत्पादन हुन्छ । दिक्क नमान । ह्वाँ चिनी मिलमा चिनी बनाउँदा निस्कने बाइ प्रोडक्टलाई स्प्रिट भनिन्छ । त्यो स्प्रिटबाट रक्सी बनाइन्छ । हेर त, रक्सी जति नै राम्रो बने नि त्यसले मान्छेलाई पागल बनाउँछ । बाइ प्रोडक्टको काम यस्तै हो । यति बुझिराखे हुन्छ होइ बुङ्गे ?
– बुझ्न त अलिअलि बुझेकै हो । तर बाज्याले भनेसि झन् धेरै बुझ्यो बाज्या ! जे भे नि आपत्ति छैन बाज्या । यो समाजको गति नै यस्तै रछ । हामी त जाने बेला भैसक्या छ । छु मतलब होइ ?

●

# अख्तियारका मुद्दा ज्यादै चिप्ला

– बाज्या ! यो गणतन्त्र आएसि मुद्दामामिला नि धेरै पो आउन थाल्यो त । गणतन्त्रले मुद्दालाई पालेर बस्दो रछ कि क्या हो ?

– गणतन्त्र आएसि मुलुकमा धेरै काम गर्न थाले । जति धेरै काम गर्‍यो उति नै मुद्दामामिला बढ्ने रछ बुङ्गे !

– मुद्दा मात्र होइन बाज्या, मुद्दाको सँगसँगै अदालत नि धेरै बढ्या छ ।

– के कुरा गर्छ बुङ्गे ! मुद्दा बढेसि अदालत त्यसै नि बढ्नुपर्‍यो नि । अदालत र मुद्दा जति बढ्यो उति विकास भाको सम्झनुपर्छ क्या !

– त्यसको साथसाथै कानून नि बढ्दै होला होइ बाज्या ?

– कानून बढिहाल्छ नि । कस्तो-कस्तो कानून बनाउँदा मुद्दालाई सजिलो पर्छ, त्यस्तै-त्यस्तै कानून बनाउन परिहाल्यो नि बुङ्गे । नेपालमा गणतान्त्रिक संसदको कामै त्यही कानून बनाउने हो ।

– हो रछ बाज्या । अहिले संसदमा छलफल भैराखेका विधेकहरू ज्यादै प्रगतिशील ढङ्गले छलफल भैरा रछ । पछि कानून बन्ने त्यही त होला नि ।

– कस्तो प्रगतिशील भन्या बुङ्गे ? कानून नि प्रगतिशील र अप्रगतिशील हुन्छ र भन्या ?

– हुन्छ बाज्या हुन्छ । नेपालमा बन्दीहरूलाई राख्ने ठाम छैन रे । त्यसैले अब जस्तोसुकै मुद्दाको कसुर नि धेरैमा पाँच वर्ष जेल बसेसि छुट्नुपर्ने नियम बन्दै छ रे । पाँच वर्ष भनेसि ३ महिनादेखि एक वर्षको सजाय भुक्तान गरे पुग्छ । त्यसकारण अब मुलुकमा अपराध गर्ने मान्छे कोही हुने छैनन् बुझ्नुभो ।

– राम्रै हो नि बुङ्गे । अपराधी निर्मूल देश नेपाल भन्न पाइन्छ । शानै बेग्लै हुन्छ । त्यसमा नि अपराधीले चलाको देशमा अरू अपराधीलाई जेलमा धेरै राख्न हुन्न । सकेसम्म पक्रन हुँदैन ।

– बाज्या ! होइन, नेपालमा मुद्दा कति प्रकारको हुन्छ ?

– धेरै छन् बुङ्गे, भनिसाध्य छैन । ठूला माछा, साना माछा, केके भन्छन्, हामी बुझ्दैनौँ । ह्वाँ अख्तियारले यो वर्ष मात्र दुई सय मुद्दा दायर गरेछ । भनेसि मुद्दाको प्रकार कतिकति ।

– अख्तियारले गर्छ भनेको यही हो बाज्या । ठाउँको ठाउँमा समाइदिन्छ । ल हेर त, यी दुई सयजनालाई कहिलेदेखि समातेको हो, भर्खर मुद्दा दायर गरेछ ।

– पक्रेर मात्र हुन्छ र बुङ्गे ! तल, माथि, दायाँ, बायाँ सबैतिर हेर्नुपर्‍यो । मुद्दा मात्र हेरेर पुग्दैन । त्यसैले ढिलोचाँडो हुन्छ नै ।

– कुरो ढिलोचाँडोको गर्‍या होइन क्या बाज्या । पारदर्शी भएन भन्या हो । ह्वाँ हाम्रो राष्ट्रपतिले समेत ‘आयोगलाई पारदर्शी बनाउन आवश्यक छ’ भन्नुभा  छ ।

– अनि पारदर्शी हाम्ले बनाउने हो र भन्या । बनाउनेले बनाउँदैनन् । हाम्लाई सुनार के काम ? त्यसमाथि नि पारदर्शी भन्या कस्तो हो ? छोड भने छोड्ने, समा भने समाउने भन्या हो कि बुङ्गे ?

– अख्तियारको अगाडि गर हेर्दा भित्रको सबै देखिनेलाई पारदर्शी भन्ने हो कि बाज्या ? त्यस्तैलाई पारदर्शी भन्ने हो भने अहिले नि अख्तियारको गतिविधि सबै छर्लङ्ग छ । सबैले देखेकै छन् । राष्ट्रपतिले भन्या कुरो नि बुझ्न सकेन बाज्या ।

– होइन, राष्ट्रपतिले कैले त्यसो भन्या रछन् बुङ्गे ?

– का बाज्या नि ! पढ्नुपर्छ भनेको त्यही भर हो । ह्वाँ ८१ भाद्र मसान्तको गोरखापत्र पढ्नु अनि था हुन्छ ।

– बुङ्गेलाई कत्तिको था छ, त्यो अख्तियारको मुद्दा त धेरै चिप्लो हुन्छ रे भन्दा रान् । कानूनले समाउन खोज्यो कि चिप्लिहाल्छ रे । कानूनका हरेक दफाहरूले घेरा हालेर समाउन खोजे नि चिप्लिरन्छ भनेसि त्यो अख्तियारले अदालतमा पेश गर्ने मुद्दालाई त ठोकी-ठोकीकन तह लगार राख्या हुँदो रछ । ती मुद्दालाई गर्नुपर्ने त्यस्तै हो ।

– मैले नि सुन्या छ । त्यही हो बाज्या । अख्तियारको फन्दामा परेसि त्यो मुद्दाले गोता पायो भनेर जाने हुन्छ । त्याँबाट फुत्केर अदालत पुगेसि मुद्दाले बल्ल ठूलो सास फेर्छ भन्छन् । किनभने त्याँ चिप्लन जाने हो, चिप्लने अनि घर जाने हो । कानून सबैमा बराबर हुन्छ क्या ।

– अनि छ नि बुङ्गे, त्यो अदालतभित्र आँखामा कालो पट्टी बानेर तराजु समाइराख्या छ । त्यो के गरेको होला होइ ?

– का बाज्या, ज्योतिष मात्र हेर्न जानेर हुँदैन नि कानूनका कुरा नि पढ्नुपर्छ भन्या त्यही हो । सुन, न्याय सबैको लागि बराबर हुन्छ भन्या हो क्या ।

– बुङ्गेले कानून जानेछ, ठूलो मान्छे पल्टिहाल्यो । कानून बराबर हुन्छ भन्छ, कसरी हुन्छ ? एउटाले जित्छ, एउटाले हार्छ । अनि बराबर भयो ? अदालतको तुलो एकातिर ढल्कनैपर्छ । बराबर भो भने त मुद्दाका वादी प्रतिवादी कसैको नि जीतहार हुँदैन ।

– लगभग कानून त्यस्तै हुन्छ कि क्या हो बाज्या ? हाम्रो भतिजले श्रीमतीसँग छोडपत्र गरेको दुई रोपनी जग्गामा एक-एक रोपनी पाउने गरी मुद्दा छिनेछ । तल फैसला बनाउनेले पछि आठ आना मात्र पाउने फैसला बनाछन् । भनेसि माथ्लो तलाबाट तलको तलामा आउँदा यताको आठ आना त उता जोडिन पुगिसकेछ । हाम्रो भतिज दङ्ग पर्‍यो भन्या । बाज्याले भन्याजस्तो तराजु त बल्ल ढल्केछ । भनेसि अब पो न्याय बराबर भो त । कि कसो ?

– मैले भन्या ठीक होइन त बुङ्गे ? बराबर तराजुमा न्याय हुँदै हुँदैन । एकातिर ढल्कनैपर्छ । न्यायाधीशले बराबर गर्दैको कुरा मिलेन किनभने तराजु ढल्केन । फैसला बनाउनेलाई मुद्दा नमिलेको था भो । उनले फैसलामा मिलाइदे । खेल खतम ।

– कुरो त्यति मात्र होइन बाज्या । मुद्दाको नौ सिङ हुन्छ भन्छ । कुनचाहिँ सिङले हान्छ, था नै हुँदैन ।

●

# रक्तचन्दन फिर्ता

– नेपालले रक्तचन्दन फिर्ता गर्न लागेछ नि बाज्या ?
– यो बुङ्गे यस्तै-यस्तै कुरा गर्छ भन्या ! नेपालमा केको रक्तचन्दन छ र ?
– का, बाज्यालाई था नै छैन । ह्वाँ रक्तचन्दनका व्यापारीहरूले नेपालको बाटो गरेर उति बेला ल्या'को रक्तचन्दन नेपालले समातेको थ्यो । अहिले त्यही फिर्ता गर्ने भनेर क्याबिनेटबाट पास गरिसक्यो ।
– अनि काँ फिर्ता गर्ने रे बुङ्गे ?
– भारतबाट ल्या'का रे, त्यतै फिर्ता गर्ने रे बाज्या ! अरू राष्ट्रमा त रक्तचन्दन हुँदैन भन्ने र'छ ।
– बुङ्गेले भन्या कुरा बुझ्यो । कागज भारत फिर्ता, रक्तचन्दन चीन फिर्ता गर्ने होला । जता गरे नि फिर्ता नै गर्ने हो । नेपाललाई त के फरक पर्‍यो र !
– फिर्ता गर्ने भनेसि बाज्याले भनेजस्तो हुन्छ ? जाँबाट ल्या'को हो, त्यतै पठाउनुपरेन ? भारत पठाउने भनेर चीन पठाउन पाइन्छ ? यो बाज्या नि केटाकेटी कुरा गर्छ भन्या !
– बुङ्गेले भनेसि मैले मानेँ । तर जुन देशले सामान समा'को हो, त्यो सामान त्यही देशको हुनुपर्ने होइन र ?
– मैले नि त्यसै भन्या हो । तर होइन र'छ बाज्या ! त्यस्तो भे सरकारले आफैँ नराखेर भारतलाई लिने कि नलिने भनेर पत्र पठाउने नै थेन नि बाज्या !
– बुङ्गेले भन्या जस्तो हो भने अबदेखि सुन नि जाँबाट आ'को हो, त्यतै फिर्ता गर्ने हो त बुङ्गे ?
– होइन भन्या बाज्या ! सुन र रक्तचन्दनको केस नै फरक छ नि ! रक्तचन्दन रातो हुन्छ । सुन पहेँलो हुन्छ । कति फरक छ-छ । त्यसैले सुन ल्याउनेलाई तस्कर भन्छन् । उता रक्तचन्दन

ल्याउनेलाई तस्कर भन्दैनन् क्या ! रक्तचन्दन त पूजा गर्दा चन्दन बनार देउतालाई पूजा गर्छन् । सुन त्यस्तो होइन नि ! बाज्याले सोच्या जस्तो होइन । फरक छ क्या !

– रक्तचन्दन फिर्ता गरेर नेपालले के पाउँछ त बुङ्गे ?

– खोइ बाज्या, त्यो त था छैन । यत्रो वर्ष रक्तचन्दन राख्यो । नेपालले पाउने भनेको रक्तचन्दनको वासना हो । त्यति भे नेपाललाई पुगिहाल्यो नि ! अरू त जोखेर फिर्ता गर्नुपर्छ क्यार ! केही मिल्नेवाला छैन ।

– वासना पाउनु नि राम्रै कुरा हो । नेपालले नसमातेको भे त्यही वासना त पाउने थेन, अन्तै पुग्थ्यो बुङ्गे !

– एउटा कुरा छ नि बाज्या ! त्यो रक्तचन्दन कुरेर बस्ने पालेहरू वासनाले कति मोटा होलान् होइ ?

– बुङ्गेलाई त्यति नि था छैन ? त्यही पालोपहरा गर्नेहरू मोटाए भनेर त फिर्ता गर्न लाग्या । नत्र किन फिर्ता गर्नुपऱ्यो !

– होइन बाज्या ! भारतसँग सम्झौता गरेको छ रे ! त्यसैले फिर्ता गर्नुपर्ने रछ क्या !

– हो भन्या हो बुङ्गे ! कुरा बुझिसक्यो । त्यो सुन भारतबाट आयो भने फिर्ता गर्नुनपर्ने, रक्तचन्दनचाहिँ फिर्ता गर्नुपर्ने । सम्झौता नि आफ्नै तालको बन्दो र'छ । त्यस्तो सम्झौतामा हस्ताक्षर गर्ने को होला होइ ?

– फिर्ता गरे नि नगरे नि हाम्लाई के भो र बाज्या ! फिर्ता नगरे नेपालले रक्तचन्दन बेच्नुपर्थ्यो । नेपालमा राख्ने ठाउँ छैन भनिसक्यो । बेच्यो भने विश्वमा नेपाल सरकारले रक्तचन्दनको व्यापार गऱ्यो भनेर हल्ला गर्न थालिहाल्छन् । त्यसकारण फिर्ता गरेकै राम्रो । कि कसो ?

– हो-हो । फिर्ता गरेकै राम्रो । नेपालमा रक्तचन्दनको बास्ना आएर बसिटिक्नु नै छैन । चाँडै लगे हुन्थ्यो ।

●

# मानेको खाँटी कुरा

– हेर बुङ्गे ! पूर्वप्रधानमन्त्री मादल नेपालले कस्तो खाँटी कुरा गरेछन्, हाम्लाई त पछि मात्र था भो ।
– कस्तो कुरा गरेछन् बाज्या ?
– ल हेर, बुङ्गेलाई नि था रैनछ । ह्वाँ २०८१ जेठ १९ गते 'गोरखापत्र' को फोटो प्रदर्शन हेर्न गा रछन् । फोटाको कुरा गर्न बिर्सेछन् । कुरा फुरेछ कृषिको । अनि भनेछन् – "कृषि उत्पादनलाई निर्यात गर्न सकेमा समृद्धि त त्यसै भैहाल्छ ।"
– कस्तो जानेको होइ बाज्या ? नेपालबाहेक अरू देशमा जन्मेका भे ह्वाँजत्तिको ठूलो विद्वान् कोही हुने थेन । नेपालमा जन्मेर मात्र उनका कुरा कतै नबिक्या हो ।
– हो भन्या बुङ्गे ! संसारमा कसैले नजान्या ठूला कुरा गरेर बस्नै नदिने भे ।
– बस्न किन नदिनु बाज्या ! यस्ता ठूला मान्छे पाकोमा नेपालले गर्व गर्नुपर्छ ।
– बुङ्गेले भनेको नि ठिकै हो । अरू देशमा पूर्वप्रधानमन्त्रीले यस्ता कुरा गर्दैनन् । अरूले यस्ता कुरा गरे भने नि राम्रैसँग हाँस्छन् । तर नेपालीले नचिनेको हीराजस्ता छन् हाम्रा पूर्वप्रधानमन्त्री । उनले बोलेसि कसैले होइन भन्न सक्तैन ।
– हो बाज्या ! ल हेर त, 'कृषि उत्पादनलाई निर्यात गर्न सकेमा समृद्धि त त्यसै भैहाल्छ' । यो कुरालाई होइन भन्ने को ?
– एउटा कुरा छ नि बुङ्गे ! समृद्धि ल्याउन कृषि उत्पादन नै बेच्नुपर्ने भएसि कृषि उत्पादनचाहिँ कुन देशबाट ल्याउने होला ? त्यो नि बताइदेका भे नेपाली झुक्किने थेनन् । नत्र त नेपालीले मुख खुम्च्याउन थालेर हैरान छ ।
– बाज्या नि अचम्मको छ भन्या ! कृषि उत्पादन कहीँबाट ल्याउनैपर्दैन । नेपालमा कृषि उत्पादन गरेर निर्यात गर्ने झन्झट

गर्नुभन्दा ह्याँ उत्पादन गर्ने युवाहरूलाई नै निर्यात गर्देसि भेन र भन्या ? उनीहरूलाई समृद्धि त्यसै आ' को छ नि !

– कुरा यसो नि हो बुङ्गे ! उत्पादन निर्यात गर्न सकेमा समृद्धि त्यसै हुन्छ भन्या हो नि त ! निर्यात गर्न सकेन भने त समृद्धि हुने कुरै भेन नि ! यसरी बुझ्नुपर्छ नेताका कुरा ।

– हो नि त बाज्या ! हाम्रा नेताले काइते कुरा गर्छन् भन्थे, यसै भेर र'छ । नचाहिने कुरा गर्ने र हँसाउने मात्र गर्छन् । नेपालका नेताहरू किन यस्ता भा होलान् होइ ?

– अहिले हाम्रा माखुने कृषि उत्पादन आयत गर्न थाल्या छन् । अब त्यो आयात गरेका कृषि उत्पादनहरू कुन दिनदेखि निर्यात गर्ने हो ? त्यसपछि मात्र नेपालमा समृद्धि आउने भा छ ।

– भनेसि हाम्रा माखुनेले समृद्धि ल्या'रै छाड्ने भे । होइन बाज्या ?

– हो त नि बुङ्गे ! दक्खिनेहरू जिल्ल परेछन् हाम्रा माखुनेको आइडिया देखेर ।

– हो बाज्या हो । अब भने बल्ल नेता देश बनाउन ताते । केही हुनेवाला छ होइ ?

– देश बनाउने होइन बुङ्गे ! देश त बनिसक्या छ । कतै पहाड थप्नुपऱ्या होइन । कतै दोस्रो सगरमाथा थप्नुपऱ्या होइन । बन्या देशलाई के बनाउनु ? अब त बनाउन भनेर लागे भने बिगार्ने मात्र हो ।

– हो रछ बाज्या । त्यो संविधान बनायौँ भन्थे, आखिरमा बिगारेर पो छाडेछन् । ल हेर त, अहिले फेरि संविधान संशोधन गर्ने भनेर लाग्या छन् । यस्तो हुन्छ यिनले बनाउने कुरा । त्यसै भर यिनका कुरामा विश्वास नगर्दा हुन्छ ।

– ती माखुनेको भनाइ नि बुङ्गेले भन्या जस्तै हो । लेब्रो पसारेर ठूला कुरा गर्छन्, हुने केही होइन ।

●

# कोभिड – १९ को नेपाली भेरिएन्ट

– हेर बाज्या ! नेपालमा कोभिड – १९ को भेरिएन्ट पत्ता लागेछ नि ?

– हो र भन्या ! लौ राम्रै भछ । नेपालका डाक्टरहरूले नि मन लगाए भने जस्तै ठूला काम नि गर्छन् बुङ्गे !

– था भो बाज्या ! २०८१ जेठ १२ गतेको 'गोरखापत्र' ले भनेको कोभिडको सबभेरिएन्ट त्यति दुःख दिने खालको छैन रे !

– भेरिएन्ट त पत्ता लागेछ । भेरिएन्टको नाम के राखेछन् बुङ्गे ?

– नाम त बाज्या, कीटाणु जस्तो छ, त्यस्तै राख्ने र'छ । ह्याँ फेला परेको कीटाणुचाहिँ केपी – १ र केपी – २ र'छन् । हुन त बाहिर देशमा फेला परेका चाहिँ केपी – १ देखि केपी ४ सम्म र'छ । तर नेपालमा किन हो केपी – १ र केपी २ मात्र फेला परेछ । अनि त नाम नि त्यही नै राखेछन् । बाज्या ! त्यो बेसार-पानीको कुरा अब त बुझ्यो होला नि ?

– बुझेँ बुङ्गे ! हाम्ले त यो भेरिएन्ट 'केपी' ले नेपालमा मात्र दुःख दे'को होला भनेको त विश्वमै दुःख दे'को र'छ होइ ?

– हो बाज्या ! विश्वमै दुःख द्या रछ । अझ उता त बढी-बढी र'छ नि ! हाम्रो ह्याँ मात्र कम ।

– लौ, कोभिड – १९ ले अर्को नयाँ कुरा पत्ता लगायो । अब छ नि बुङ्गे ! त्यो डेँगुको नि भेरिएन्ट आ छ कि, राम्रोसँग जाँचे थाहा हुन्छ कि होइ ?

– बाज्याले भनेको नि ठीक हो । तर अरू देशले जाँचेका छैनन् । नेपालले जाँच्न थालेर के गर्ने ! फेरि डेँगुको भेरिएन्ट एसबी– १ र एसबी– २, पीके– १ र पीके– २ आइदियो भने के गर्ने ? विदेशीले मान्दिनु नि पऱ्यो । हामीले मात्र मानेर हुँदैन ।

– ठीक हो बुङ्गे ! अहिले ६१ जिल्लामा डेँगु लागिसकेछ । यसको भेरिएन्ट नहोला भन्ने छ र ? राम्रोसँग जाँच्यो भने डेँगुको

भेरिएन्ट एसबी – १ र एसबी – २ नै आउँछ । होइन भने नि पीके – १ र पीके – २ त अवश्य आउँछ । त्यो पक्कापक्की नै हो । 'केपी' आइसकेसि एसबी र पीके मात्र बसिरहन्छ र ? एसबी र पीके त पक्कै नि आइहाल्छन् नि !

– बाज्याले भनेजस्तै हो भने त नेपालले जाँच्दा मलेरियाको नि भेरिएन्ट हुन बेर छैन । त्यसका कीटाणु जेएन– १ र एमके– २ हुन के बेर ?

– हो बुङ्गे ! नेपालमा कडा-कडा रोगका कीटाणु हुँदा रछन् ।

– अब त बाज्या ! त्यो जाँच-पडताल गरेर भेरिएन्ट पत्ता लगाउने डाक्टरले नि थाहा पा'को हुनुपर्छ नेपालका मानिसहरू किन धेरै बिरामी हुन्छन् भन्ने कुरा ।

– हेर बुङ्गे ! भेरिएन्ट नै नेपालमा कडा-कडा र'छन् । त्यसको सक्कली रूपले नेपालीलाई किन टिक्न दिन्थ्यो ! जहिले नि दुःखको दुःखै, जहिले नि बिरामीको बिरामी नै । नेपाली त आजित भैसके, के गर्नु ! ती पिरन वैद्य अनि यमीराम डाक्टरको औषधिले नि केही काम गरेन भन्या !

– बाज्या नि के कुरा गर्छ भन्या ! ती डाक्टर र वैद्यलाई नै भेरिएन्टको बाज्याले सधैँ दुःख दे'को छ । अनि त्यस्ताको ओखतीले के काम गरोस् ! कुरा बुझेर गर न बाज्या ! हाम्रा नेताले गरेजस्तो कुरा नगर न ! अरूले था पाए भने हाँस्छन् ।

– हाँसे के फरक पऱ्यो र बुङ्गे ! सधैँ हाँसेका छन् । सधैँ हँसाका छन् । यी भेरिएन्टले नि हाम्लाई हँसाइराखेकै हुन् । कसैले हँसाउन बाँकी राख्या छैनन् । हाम्रा कुरा सुनेर उनीहरू हाँस्छन्, उनीहरूको कुरा सुनेर हामी हाँस्छौँ । आखिर जिन्दगी नै हाँस्ने बाटो रछ नि त !

– हो बाज्या ! बाज्यासँग कुरा गर्न सक्दैन । अहिलेका बाज्या त्यस्तै छन् रे क्या !

●

# खुट्टा बोकाउने खेल सक्यो

– अहिले नेपालभर एमाले फैसलाको चर्चा चल्या छ ।
– कस्तो फैसला बुङ्गे ?
– कस्तो हुनु नि बाज्या ! ह्वाँ २०८० फागुन २३ गते एमाले र माओवादी केन्द्रले तमसुक लेखेर सम्झौता गऱ्या र'छन् । त्यो तमसुक कीर्ते हो कि होइन भन्ने बारेमा लामो बहस-पैरवी हुँदै आउँदा २०८१ असार १९ गतेको एमाले फैसलाले तमसुक कीर्ते नै ठहर गरेछ ।
– भनेसि अब कामरेड चण्डमुण्ड प्रधानमन्त्री रने भेनन् । होइन त बुङ्गे ?
– हो बाज्या ! सम्झौताको लिखत नै कीर्ते र'छ, अनि कसरी प्रधानमन्त्री बनुन् त ?
– होइन बुङ्गे ! त्योभन्दा अगाडि यस्तै तमसुक गरेर काङ्ग्रेससँग चण्डमुण्डले सम्झौता गऱ्या होइन र भन्या ?
– हो बाज्या ! कामरेड चण्डमुण्ड खुट्टा बोकाउने खेल खेल्न खुब रौसिँदा रछन् । पहिले चण्डमुण्डको खुट्टा एमालेले बोक्यो । त्यो बोकाइले चण्डमुण्ड आनन्दित भेनन् र काङ्ग्रेसलाई खुट्टा बोकाका थे । पछि त्यसमा नि आनन्द आएन भनेर एमालेलाई खुट्टा बोकार बस्या हो । अहिले त्यो खेलले एमालेलाई खुट्टा भारी बन्दै आछ र फैसला गर्दिहालेछ ।
– त्यसो भे अब कीर्ते तमसुकको फेला परेछन् त चण्डमुण्ड । बुङ्गेको भनाइ यही हैन ?
– हो बाज्या ! अब नेपालका ठूला दलहरूलाई खुट्टा बोकार जुँगामा ताउ लाउने दिन गए बाज्या !
– खेल नि अचम्मको र'छ नि बुङ्गे ! अरूको खुट्टा बोक्ने होइन, आफ्नै मात्र खुट्टा बोकार बस्ने खेल । यस्तै भेर त तमसुक कीर्ते भा'को हुनुपर्छ ।

– जान्ने मान्छे यसै गरी खुट्टा घुमाउन थाल्छन् अनि विश्वासको सङ्कटमा भासिन्छन् बाज्या ! यो नौलो कुरा होइन । अरूलाई मूर्ख बनाउन खोज्या मात्र हो ।

– बुङ्गेले भासिन्छन् भनेसि कामरेड चण्डमुण्डको नयाँ शब्द याद भो । 'कस्तो भाष्य होला' भनेर लगभग दुई हप्ताजति 'भाष्य' शब्द मात्र बोल्न थालेका थे, आखिर प्रधानमन्त्रीको पदै भास्यो । भाष्य भन्ने शब्द त कामरेड चण्डमुण्डलाई फाब्दो रैनछ ।

– भास्यो बाज्या भास्यो । असार १९ गते दिनभर पाँचै वर्ष प्रधानमन्त्री हुने भनेर भाषण गर्दै हिँड्या थे कामरेड चण्डमुण्ड । एमालेका अध्यक्ष टुक्केसँग बसेर नि यही कुरा गर्थे । १९ गते दिनभरि त यसरी बिताए, तर त्यही राति उनको तमसुक कीर्ते ठहर भैसकेछ ।

– हेर बुङ्गे ! तमसुक नि अपर्झट नै कीर्ते ठहर भा र'छ । त्यसै भ'र भोलिपल्ट बिहानैदेखि विश्वासको मत लिने भनेर प्रधानमन्त्री चण्डमुण्डले घुर्की ला र'छ । त्यस्तो धोका त दिन नहुने नि होइ ?

– लौ बाज्या नि ! धोका भनेको के हो ? जहिले नि पाँचै वर्ष जान्छ यो सरकार भनेर भाषण गर्नेलाई धोका नभन्ने ?

– त्यसलाई धोका भनिदैन बुङ्गे ! किनभने प्रस्ट भन्दैछ, सरकार चलाउँदैछ केको धोका हुन्छ ! प्रस्ट भनिराख्या हो नि पाँच वर्ष यो सरकार जान्छ भनेर ।

– उता सम्झौताको तमसुक नि त ख्याल गर्नुपर्छ नि भाषण गर्दा । जहिले नि आफू मात्रै प्रधानमन्त्री बन्ने खालले भाषण गर्न भेन नि बाज्या !

– खोइ बुङ्गे ! कुन ठीक कुन बेठीक, हामीलाई के था ! तर जे भे नि धोका भनेको धोकै हो क्या !

•

# हुटहुटीले काम नगर्ने देश

– होइन हौ बुङ्गे ! यो देशमा के कराउँदैछ ? चारैतिर करा'को मात्रै सुनिन्छ त ! कुरा केही बुझिँदैन ।

– बाज्याले नि सुनेछ ! यो देशमा चारैतिर हुटहुटी कराउन थाल्या छ । त्यसमा कामरेड चण्डमुण्डको हुटहुटीको आवाज बेग्लै छ ।

– कस्तो बेग्लै भनेको बुङ्गे ? हुटहुटी नि बेग्लै हुन्छ र भन्या ?

– हुन्छ नि बाज्या ! कामरेड प्रचण्डको सधैँभरि उच्च पदमा आफू बस्ने हुटहुटी चलिराख्या हुन्छ । त्यसै भेर उनको हुटहुटी अरूको भन्दा अलि फरक हुने गर्छ । कामरेडको हुटहुटी चुप लागेर बस्तैन । केही न केही काम गरिराख्या हुन्छ । उनको हुटहुटी धेरै पक्काको छ । त्यसै भेर प्रधानमन्त्री भा बेलामा केके न गरौँ भन्ने हुटहुटी कामरेडलाई भैरन्थ्यो । अनि बेलाबेलामा हुटहुटी जाग्या कुरा गरेको सुनिन्थ्यो । कहिलेकाहीँ उनलाई विकासको मूल फुटाउने हुटहुटी नचल्या होइन । के गर्नु र ! जब कामरेडमा हुटहुटी चल्छ, अनि त बालुवाटारबाट निस्कनुपर्ने भइहाल्छ । त्यसैले उनको हुटहुटी कहिल्यै पूरा भेन । अहिले उनको हुटहुटीको स्वर ठूलो भा'को कारण यही हो । मुलुक बनाउन नपार ठूलो स्वर गर्दै हिँड्या छ हुटहुटीले ।

– अनि टुक्केको हुटहुटी कस्तो छ नि बुङ्गे ?

– कस्तो हुनु बाज्या ! उनको हुटहुटी समान खालको छ । समान रूपले खाने-ख्वाउने, गर्ने-गराउने । उनमा पाइने हुटहुटी यही नै हो । उनी बालुवाटार छिर्नु मात्र पर्छ, उनको हुटहुटीले के गरौँ भन्दै काम गर्न थालिहाल्छ । सबैभन्दा काम लाग्ने हुटहुटी उनकै पाइन्छ । अरू त हुटहुटी भा छ भनेर गफ दिने मात्र हुन् ।

– होइन, काङ्ग्रेसमा चाहिँ हुटहुटी नै छैन कि क्या हो बुङ्गे ?

– बाज्या नि यस्तै कुरा गर्छ भन्या ! काङ्ग्रेसका ढेउवामा झन् धेरै हुटहुटी छ । उनको हुटहुटी भनेको अरूलाई प्रधानमन्त्री बनाउने

हुटहुटी हो । आफू पाँचपटक प्रधानमन्त्री बनिसकेसि अब अरूलाई नि पाँचपटक प्रधानमन्त्री बनाइदिनुपर्‍यो नि ! हो, त्यही हुटहुटीमा ढेउवा लागेको लाग्यै छन् ।

– भनेसि उनको हुटहुटीले आफ्ना लागि त्यति सारो काम गर्दो रैनछ । अनि अरू पूर्वप्रधानमन्त्रीहरूमा चाहिँ हुटहुटी छैन जस्तो छ, होइन बुङ्गे ?

– होइन बाज्या । उनीहरूको नि हुटहुटी छ । तर गाँजा खार बस्या जस्तो अल्छी भ'र बस्या छ उनीहरूको हुटहुटी । प्रधानमन्त्री भा बेलामा चल्तापुर्जा हुने अनि प्रधानमन्त्रीबाट गुन्टा कसेसि हुटहुटी नि शान्त भर बस्ने गर्‍या छ ।

– शान्त हुनुपर्‍यो नि बुङ्गे ! अख्तियारको कुरा गर्न थाल्छन् अनि शान्त हुनुपरेन ? भनेसि हुटहुटी सबैमा हुँदो रछ होइ ?

– हुन्छ बाज्या, सबैमा हुन्छ । तपाईंमा नि हुटहुटी छ नि ! तपाईंको हुटहुटीले अरूको हुटहुटी जान्न खोज्यो । यस्तै हो नि !

– हेर बुङ्गे ! समग्रमा नेताहरूको हुटहुटी कस्तो हुन्छ होला होइ ?

– देश बनाउने हुटहुटी त सबैमा हुन्छ, तर कसैको हुटहुटीले नि देश बनाउने काम गर्दैन । काम गर्ने मान्छेले हुटहुटीको कुरै गर्दैनन् । हाम्रा नेतामा पाइने गुण यही हो बाज्या ! उनीहरू सबैमा हुटहुटीचाहिँ चल्या हुन्छ ।

– अनि पूर्वराजाको हुटहुटी के होला बुङ्गे ?

– बाज्याले कस्तो गाह्रो कुरो सोध्यो भन्या ! ल सुन बाज्या ! कामरेड चण्डमुण्डको भन्दा अलि माथि र राजसंस्थाको भन्दा अलि तलको हुटहुटी पूर्वराजामा पाइन्छ ।

– कुरो बुझिनँ बुङ्गे, के भनेको ? प्रस्ट भन न !

– पूर्वराजाको हुटहुटी कसैले ल्याएर श्रीपेच लगाइदे टाउको हल्लाउन सजिलो हुन्थ्यो भन्ने छ । अब बुझ्यौ होला नि बाज्या !

– बुझेँ बुङ्गे बुझेँ । हुटहुटीको करामत बुझेँ । यस्ता थरिथरिका हुटहुटी हुँदा र'छन् । हाम्लाई के था ?

●

# यो नाटकै हो

- नेपालमा २०८१ साल असार २८ गते अचम्मको योग परेको दिन र'छ बुङ्गे !
- किन बाज्या ? के भो त्यस्तो ? बाज्या आफैँ ज्योतिषी हो क्यार !
- त्यही भेर भन्या हो बुङ्गे ! टुक्केको अहिलेसम्मको खड्गो चण्डमुण्डलाई सार्देछन् । टुक्के ज्यादै बाठा, चुप लागेर प्रधानमन्त्री चलाइराख्या मान्छेलाई बोलार बालकोटमा ल्याएसि केके गरेछन् गरेछन् । बालकोटको खड्गोजति सबै चण्डमुण्डलाई पो सार्देछन् त ।
- के भन्या बाज्या ? कुरो बुझिनँ ।
- हेर बुङ्गे ! प्रधानमन्त्री चण्डमुण्डलाई विश्वासको मत लिनुपर्ने गरा छन् । अनि २८ गते विश्वासको मत लिँदा त चण्डमुण्ड प्रधानमन्त्रीबाट चिप्लिहालेछन् नि !
- कुरो त्यस्तो र'छ बाज्या ? होइन, कामरेड चण्डमुण्डको हालीमुहाली नि धेरै भैसक्या थ्यो भन्या ! २०७२ सालदेखि शक्ति हल्लाउँदै आका हुन् । तीनपटक त प्रधानमन्त्री नै भए । अरू के चाहियो ! अहिले खड्गो टार्न सकेनछन् र चिप्ले ।
- हो बुङ्गे । विश्वासको मतमा फेल भएसि सबै कुरा आफैँले बक्न थालिहाले नि ! २८ गतेको संसद रमाइलो थ्यो भन्या त्यही हो । कामरेड चण्डमुण्डले काँचो वायु बकेझैँ सबै बकेर धुनधान ।
- हो बाज्या ! मैले नि सुन्यो । ह्वाँ केकेको फाइल खोल्न लाग्यो भनेर मलाई हटाए भन्दै भावुक बन्या थे ।
- कुरो त्यसो होइन बुङ्गे ! भावुक हुँदैमा देश बन्छ र ? अनि फाइल खोल्ने कुरा गर्छन्, तर फाइल कहिल्यै खोलिने होइन । तीनपटक प्रधानमन्त्री भेर नि नखुलेको फाइल कहिले खुल्छ ? यी सबै हावादारी कुरा गरेर खाइखेलो गर्ने गरेका हुन् क्या ! यस्ता कुरा कति सुनियो सुनियो !

– अनि बाज्या ! त्यो तीनपटकसम्म प्रधानमन्त्री बनेको मान्छेले देशमा केके विकास गऱ्यो बाज्या ?

– बुङ्गेले सोधिहाल्यो, भन्नै लाज लाग्छ । जतिपटक प्रधानमन्त्री भे नि कुराको मात्र विकास गरे । कामको केही विकास भेन । कुरा नि अरू प्रधानमन्त्रीले जस्तो हो कि भन्ने खालको गरे हुन्थ्यो । त्यति रमाइला कुरा नि छैनन् । अलिअलि धाक लगाएजस्तो, अलिअलि धम्की दे'को जस्तो । सबै कुरा यस्तै हुन् उनका ।

– हो बाज्या ! यस्तै कुराहरू गर्न थालेसि हाम्रा टुक्के कामरेडलाई सुन्न मन लागेन, अनि त को कति पानीमाथि छ भनेर देखाइदेका हुन् । कुरो यत्ति हो ।

– हेर बुङ्गे ! अब भने रमाइला-रमाइला कुरा सुन्न पाइन्छ । हाँस्न नि खुब पाइने भो । जति हाँस्यो, उति स्वस्थ हुन्छन् भन्ने छ । जनतामा रोगव्याध लाग्ला जस्तो छैन अब ।

– किन र बाज्या ? हाँस्न नि जोग मिलाउनुपर्ने हो र ?

– होइन बुङ्गे ! अबको प्रधानमन्त्री त कामरेड टुक्के नै हो । उनले बोलेसि सबै हाँस्छन् । रमाइला मान्छे यस्तै हुन्छन् ।

– का: बाज्या नि अचम्मको छ भन्या ! ती कामरेड चण्डमुण्ड नि हाँस्छन् त ? सबै हाँस्छन् भनेर अहिले नै झूटो बोलिसक्यो ।

– कस्तो कुरा गऱ्या होला ! कामरेड चण्डमुण्डलाई नि हँसाउने गफ गरिदिन्छन् । अनि नहाँसेर सुख ! ह्याँ त अब जनताको हाँस्ने पालो आयो बुङ्गे ! हाँस्न तयार भेर बस्नू ।

– बाज्या ! हाँस्नुभन्दा नि त्यो त एउटा गतिलो नाटकै हो जस्तो छ । हेर, चारपटकसम्म विश्वासको थुप्रो लगार बसेका कामरेड चण्डमुण्ड पाँचौँपटक विश्वासको थुप्रो त वर्षाको पानीले बालुवा बगा'र लगेजस्तो बगाछ ।

– हो बुङ्गे ! नेपालमा विश्वास एकैछिनमा आइलाग्छ, एकैछिनमा अलप हुन्छ । उतिबेला सबै नेपाली पञ्च भन्थे, २०४६ सालको आन्दोलनमा पञ्च भन्नेको निशानै देखिएन । यस्तै हो विश्वास !

●

# पेटान्तरण खुला

– आठपासे शब्दले नि गर्नु गर्न लाग्यो बाज्या !
– के भो र बुङ्गे ?
– हुन त केही भा'को होइन बाज्या ! कुरो बुझेन भनेको मात्रै हो ।
– नेपाली भाषा होइन र भन्या ?
– नेपाली भाषा भेर के गर्नु र ! 'पथान्तरण बन्द' भन्या के हो बाज्या ?
– के हो के हो ! मैले त्यस्तो पढेकै छैन । आफूले नपढेको कुरो था हुँदैन बुङ्गे !
– मैले नि त्यही भन्या हो बाज्या ! २०८१ असार ११ गते 'गोरखापत्र' ले छापेको कुरो बुझिनँ । हुन त सरकारका प्रवक्ता धर्का शर्माले विस्तारपूर्वक बताउँदा 'पथान्तरण बन्द' भनेको त मेलम्चीको सुरुङमा पानी पठाउन बन्द गरियो भन्या र'छ ।
– ल हेर त बुङ्गे ! यस्ता कुरा हामी बुझ्छौँ ? यो भाषा त आठपासे विद्वान्ले मात्र बोल्ने र बुझ्ने गर्छन् । उसलाई बुझे नि नबुझे नि केही फरक पर्दैन । बुझिनँ भन्नै सक्तैन, भन्नै मिल्दैन ।
– बाज्या ! ती धर्का शर्माले त धेरै नै पढेको छ । आठपासे विद्वान् होइन । ह्वाँ क्याबिनेटको निर्णय हुन सक्छ यो । त्याँ छन् नि बहुमुखी प्रतिभाशाली व्यक्तिहरू ! धर्का शर्माले त निर्णय बताइदिने मात्र हो ।
– हेर बुङ्गे ! यिनीहरू नै मातृभाषामा पठनपाठन गराउने भन्दै भाषण गर्छन्  अनि यिनीहरू नै यस्ता लट्ठक शब्द ल्या'र विद्वान् बन्न खोज्छन् ।
– बाज्या ! यो नि त मातृभाषा नै होला नि ! हाम्ले पो पथान्तरण भनेको के हो के हो बुझ्न सकेन ।
– बुङ्गे ! आधा गाग्रो पानी छचल्किन्छ भन्ने चलन छ । त्यही भा' त होइन भन्या ?

– कुरा त त्यसो नि होला बाज्या ! डाक्टरहरूले साधारण भाषा बोल्न हुने अनि यीचाहिँ विद्वान्ले यस्तै शब्द खोजेर बोल्नुपर्ने किन होला होइ ?
– हामीजस्ता विद्वान् कोही छैन भन्नलाई यस्तै शब्द खोज्ने मात्र होइन, बोल्न नि रुचाउँछन् बुङ्गे !
– त्यसो भे हाम्रा नेताहरू ठूला विद्वान् पो र'छन् त होइ बाज्या ?
– हो त नि बुङ्गे ! कस्ताका विद्वान् छन् ! एक महिना पहिलेतिर सदनमा एकजना सांसदले 'निम्छरा' शब्द प्रयोग गरेर ठूलो मान्छे पल्टेछन् । कति दिनसम्म त सदन नै चलेन । हङ्गामा नै भो नि संसदमा ।
– ल हेर बाज्या ! अरूले केही जान्या छैन भन्ने घमण्डले मागेर ल्या'को शब्द प्रयोग गऱ्या होला । पछि था भो । यस्तै-यस्तै विद्वान्हरू छन् भन्या त्यो सदनमा !
– हो बुङ्गे ! सिधा बुझिने कुरा गऱ्यो भने जनताले बुझ्छन्, जनताले कुरा बुझेसि हाम्लाई ढेडु भन्छन् भनेर यस्तै-यस्तै शब्द खोज्दै बोल्न थाल्या छन् ।
– हेर त बाज्या ! त्यस्तै बोल्ने हो भने पेटान्तरण भन्या के हो, था छ ?
– था छैन बुङ्गे ! के हो ? यस्ता शब्द त बुङ्गेलाई नि आउँदो र'छ !
– आउँछ बाज्या ! मलाई नि आउँछ । पेटान्तरण भनेको पेट भर्ने हो । नारायणघाट मुगलिन सडक कहिल्यै पूरा नहुने सडक हो । पेटान्तरणका लागि त्यो सडक कहिल्यै पूरा गरिँदैन । अनि मेलम्ची नि पेटान्तरणका लागि कहिल्यै पूरा गरिँदैन । यी दुईवटा खाने ठाउँ हुन् । त्यसैले त्याँ खाइरहन पाइने भेर त्यो कहिल्यै पूरा हुँदैन ।
– ए ! पेटान्तरण नभा' भे काम बनिसक्ने र'छ, पेटान्तरण भकै कारण काम पूरा नभा'को र'छ । यसरी नै बुझे भो, होइन बुङ्गे ?
– अहिले भने बाज्याले कुरो बुझ्यो ! ठीक कुरा त्यही हो बाज्या !

●

# राजनीतिको कब्जा ढोकामा मिल्दैन

– कब्जाको राजनीति, राजनीतिको कब्जा भनेको के हो बाज्या ?

– खोइ बुङ्गे ! झ्यालढोकाको कब्जा भे था छ । राजनीतिको कब्जा था छैन ।

– ल बाज्या ! झ्यालढोकाको कब्जाभन्दा राजनीतिको कब्जा बल्ल्यो हुन्छ रे । त्यसै भे'र अहिले जताततै कब्जा गर्न थाल्या छन् ।

– बुङ्गेले भन्या ठीक हो । पानीमा कब्जा, मठमन्दिरमा कब्जा, वनजङ्गलमा कब्जा, वडामा कब्जा । सबैतिर कब्जा गर्ने चलन चल्या छ । देशमा कब्जा, माटोमा कब्जा, बाटोमा कब्जा, सरकारी जमिन कब्जा । यस्तै छ ।

– हेर त बाज्या ! यसैलाई भन्छन् पक्का राजनीति । कहिल्यै नहारिने राजनीति हो यो ।

– भन्न त त्यही भनेर कब्जा नीति लेका हुन् । तर यो कब्जा नीतिले राजनीतिलाई फाइदा गर्दैन । यसलाई आठपासे दिग्गज दिमाग नि भनिन्छ बुङ्गे !

– हो बाज्या ! कति ठाममा त्यस्तै देख्या छ । पानीमा हाम्रो पार्टीको कब्जा छ भनेर धाक लाउँदै हिँड्छन् । हेर त, पानीमा राजनीति र राजनीतिमा पानी भनेको दूधमा पानीको कब्जाजस्तै हो । दूधमा पानीको कब्जा जम्यो भने त्यसको काम छैन ।

– ठीक हो बुङ्गे ! अर्को चारपासे निस्कन्छ र मन्दिर कब्जा गर्न दौडन्छ । यस्ता हरिल्वाँठ नेपालमा जताततै पाइन्छन् ।

– हेर त बाज्या ! यस्ता बहुरूपीहरूको दौडले उनीहरूलाई नै धिक्कारिराख्या छ । उनैलाई चेतना छैन ।

– उता खोलामा कब्जा छ । अब त्यो खोलाले मलाई ढल मिसाए भन्न पाउँदैन । किनभने सफा गर्न नेतादेखि वेत्तासम्म लागिसके । कब्जाको कारण अब खोला सधैँ सफा भो भनेर जाने हुन्छ रे बुङ्गे !

– बाज्या ! यो कब्जा नीतिले भूमिगत भेर सरकार चला'को छ । जता हेर, सबैतिर कब्जा । यिनले सक्ने भे आकाशको पानी, वायुमण्डलको हावा सबै कब्जा गर्थे । यो उनका मनको लड्डू हो । चारपासेले खाने नै त्यही हो ।

– कब्जा राजनीति सिमसिमे राजाको पालामा नि चल्या थ्यो रे ! खोइ त राजा मात्र होइन, राजसंस्था नै कता गो गो । छैन बुङ्गे अहिले !

– मैले त्यही त भन्या बाज्या ! ठूलो मान्छे पल्टेर कब्जा बोक्दै हिँड्छ, आखिरमा उसैको ढोका फुट्या हुन्छ । अब त्यो राजनीतिको कब्जा घरको ढोकामा फिट हुँदैन, अनि त ट्वाँ पर्नुपरेन ?

– हो बुङ्गे ! हालका कब्जावालहरूको हालत सबैतिर यस्तै छ ।

– अनि बाज्या ! यी कब्जावालले केके जान्या हुन्छ, बताइदेऊ न !

– बुङ्गेले कुरै बुझेन । जम्माजम्मी चारपासेले के जान्या हुन्छ र ?

– होइन बाज्या ! कस्तो जान्या जान्या कुरा गर्छ ! आकाश नि हाम्रै हो । पाताल नि हाम्रै हो । यो भूमि सबै हाम्रै हो भन्छ ।

– हेर बुङ्गे ! तिनीहरूले यस्तै कुरा बेचेर खाइराख्या छन् । त्यो त उनीहरूको खाने बाटो हो । कब्जावालहरूका खाने बाटा अनेकौँ हुन्छन् । यस्तै कुरा पत्यार हिँड्नू, अनि बुङ्गेलाई नि खोला सोर्न लग्छन् ।

– म त जाँदैन बाज्या ! उनीहरूले कब्जा गऱ्या ठाममा उनीहरू नै जाऊन् ।

– होइन बुङ्गे ! कब्जा पो उनीहरूको भो त ! खोला त सबैको हो नि ! यो कब्जा भनेको काम नपाकाले गर्ने काम हो । बुङ्गेलाई था छैन र ? हुटिट्याउँले राति सुत्दा खुट्टा आकाशतिर फर्काउँछ रे । त्यसको अर्थ आकाश नै मैले थामेको भन्छ । त्यस्तै हो कब्जा । यसैलाई भन्छन् हुटिट्याउँको राजनीति ।

●

# इज्जत थियो नै काँ र बच्नु ?

– हेर-हेर हाम्रा धोतीप्रसाद दुवै हातले धोती स्यार्दै कता दौडेका हुन् ! होइन ए धोतीप्रसाद ! कता लाग्या ? निकै टेन्सनमा देखिन्छौ त !

– कता लाग्नु नि ! इज्जत बच्या कुरा चल्या भेर हेर्न जान लाग्या । कस्तो रछ इज्जत, था पाउनुपर्‍यो नि । ढिलो होला, फेरि इज्जत जति गैसक्ला भनेर लामो पाइला गरेको ।

– केके न होला भनेको त इज्जत हेर्न पो रछ । केको इज्जत छ र हेर्न हिँड्या ? इज्जत त बस्या होइन, गैसक्या छ ।

– त्यसो भे नदेखिने भो इज्जत, होइन ?

– गैसकेको इज्जत केको देख्छौ त ! उति बेला चण्डमुण्डले ठोकमानलाई अख्तियार प्रमुखमा नियुक्ति गर्नुपर्छ भनेर कुर्लदा नै इज्जत गैसक्या हो नि ! अहिले त सर्वोच्चले फेरि सम्झाएको मात्र हो। इज्जत हुनेलाई त्यसरी सम्झाइरहनुपर्थ्यो र ! नभाकालाई सम्झाको हो । ह्वाँहरू क-कसको इज्जत जानुपर्ने हो, उतिबेलै गइसक्या छ । अहिले धन्न इज्जत बच्यो भन्नु त नकचरो बन्या हो । त्यो नि आफू मात्र हो र, सबैको इज्जत बचाको रे । सबैको इज्जत बचाउने ठेक्का लेको हो भने राष्ट्रको इज्जत बचाउने काम गरे हुन्थ्यो नि !

– यस्तै हो भने त आफ्नै इज्जत धन्न-धन्न बचाउनेले राष्ट्रको इज्जत के बचाउँछन् ! त्यही नि नकचरो बन्या रछन्, के था ! आफू भने ठूलै होला इज्जत भनेर सासै नफेरी हेर्न दौडेको ।

– ए धोतीप्रसाद ! इज्जत हुनेले इज्जतको कुरै गर्दैन । जसको इज्जत हुँदैन, ऊचाहिँ इज्जतको कुरा गर्दै भाषण नि त्यसैको गर्दै हिँड्छ । हो कि होइन, ल भन त ! तिमी आफ्नो इज्जतको कुरा गर्छौ र ? गर्दैनौ नि ! किनभने तिमीमा इज्जत छ । जोसँग जे छैन, त्यसैको खोजी धेरै हुन्छ । था छैन ?

– त्यसो भे कुरा मिलेन । मिलार कुरा गर्न जान्या भे घर छैन, सुकुम्वासी हुँ, सुन नि तीन तोला मात्र छ भन्नुपर्थ्यो । आफूसँग भाको त कुरै गर्दैनन् । हो रछ, जे छैन त्यही कुरा गर्छन् भन्या मलाई नि चित्त बुझ्यो । त्यसो भे इज्जत नभाकै हो, होइन त ?

– कुरा त्यति मात्र हो र, संसदलाई सर्वोच्चले उछिन्यो भनेर अर्का मुखुण्डे कराउन थाल्या छन् । काम गर्नेले काम गर्दै जाँदा उछिन्ने कुरा साधारण हो । संसदमा त साँढे पसेजस्तो कसैलाई बोल्नै नदिने, काम गर्नै नदिने अनि केको संसद्ले उछिन्छ । काम गरे पो उछिन्न सकिन्छ । होइन त ?

– यो धोतीप्रसादले नि केको कुरा चपाको नि ? नेता बन्या होला । ह्वाँ ठोकमानलाई महाअभियोग लगाउन कस्सेकाहरूको तिघ्रा काम्न लागिसक्या थ्यो । सर्वोच्चको फैसलाले इज्जत बचाइद्यो, आनन्द भो भनेर दङ्ग पर्‍या छन् । त्यही बर्बराको हो, कुरा बझ्यौ ? ह्याँ कसैले इज्जतको कुरा नगरे हुन्छ ।

●

# अब कसो नबढारिएला !

गुनले नुन खोज्यो भने अलपत्र परिन्छ भन्थे, हो रछ । हाम्रा प्रधानमन्त्रीलाई प्रधानमन्त्री बनाउन गर्नुविधि नै गऱ्या थे यमीरामले । अहिले आफैँलाई झम्टन आए भनेर ग्वार मार्गदैछन् । गुनले नुन खोजेपछि भामरी आइलागेको भन्या यही हो ।

'गुन किन गऱ्यौ त ?' भनेर यमीरामजीलाई सोध्यो भने जवाफ आउँछ – 'उदार बन्न ।' 'उदार किन बन्या ?' भनेर सोधेको प्रश्नमा उनको जवाफ हुँदैन । माखुने एकजनासँग उदार बन्ने यमीरामले संविधान बनाउन सबैसँग उदार बने हुन्थ्यो नि ! संविधान बनाउनचाहिँ आफ्नै सरकार चाहिया किन हो !

किन हो, किन हो ! जवाफ प्रस्ट छैन । उनको भाषामा जनताको बुझाइ फरक छ । फरक त्यत्ति हो, गुन र नुनमा फरक जति छ । कुरो त्यति मात्र होइन रछ नि, हाम्रा प्रधानमन्त्रीलाई बढार्ने भनेसि खुब रिस उठेछ । अनि पो झम्टन गा रछन् त । नगरपालिकाले गर्न नसक्या काम गर्छु भनेसि सबैलाई रिस उठ्छ । उनलाई नि रिस उठेछ । त्यसै त कहाँ झम्टन्थे !

ठीकै रछ त, फोहोरमा कोही नि बस्न चाहँदैन । प्रधानमन्त्री आफैँ नि फोहोरमा बस्ने कहाँ हुन् र ! उनी फोहोरलाई बढार्न खोज्छन् । बढार्नुभन्दा पहिले नै बतासले फोहोर उडाइदिन्छ त उनले के गरून् ! यो बढार्ने काम त्यस्तै हो ।

हाम्रा प्रधानमन्त्रीले नि जान्याचाहिँ हैन है ! त्यसरी झम्टन त नहुने हो नि ! बढारिएका मान्छेले बढार्छु भन्छन् । जसले जे जान्या छ, त्यही गर्ने हो यो संसारमा । झम्टनु गलत भा जस्तो छ । किन झम्टन गा होलान् ? त्यति पुराना मान्छे, त्यति धेरै अनुभव बटुलेका मान्छेले त्यसरी झम्टन गाको सुहाएन । अरूलाई त सुहाएन, ठीकै हो । उनलाई त सुहाएकै हुनुपर्छ । झम्टने कुरो त्यति ठूलो हैन रछ । आफैँले निम्तो देर, रातो कार्पेटमाथि स्वागत गर्दै ल्याएर मञ्चमा

आसीन गराएसि उनैलाई झम्टन गर कति भाग्या छन् । त्यसै भर यो झम्टने कुरो ठूलो लागेन ।

त्यो ठूलो कुरोचाहिँ बढार्ने नै हो । बढार्ने काम बेलाबेलामा रोकिने गऱ्या छ । त्यसैले फोहोर धेरै भो । ठूलो कुरोचाहिँ बढार्ने नै हो । बढार्ने काम भइसक्यो नेपालमा । बढार्ने औजार राम्रो नभर हो कि ? यसो विदेशतिर सम्पर्क गरेर आयात गरे कसो होला ? टेन्डर-सेन्डरभन्दा एलसी खोलेको पक्का भन्छन् । कतै एलसी खोल्नेबित्तिकै बढार्नै नपर्ने गरी हावाहुरी लागेर फोहोर लगि पो हाल्छ कि, के भन्न सकिन्छ र ! मौसम कसैको अधीनमा बस्दैन । खालि बढार्ने कुरा मात्र गरेर अरूलाई किन रिस उठाइरहनु ।

होइन, २२ वटा टाउको त मिल्लान् अनि साढ़े कसरी आयो भन्नुहोला । साँढेचाहिँ उनी आफैँ हो नि ! उनै यमीरामले तानतुन पार्दै गुन लाउँदै ल्याइद्या हुन् क्या ! त्यसैले अगाडि पर्नेलाई झम्टन बाँकी नराख्या हो । उति बेला रावणले झम्टेको कुरा त यमीरामलाई भन्नुपर्दैन होला नि ! त्यस्तै हो । झम्टन बाँकी राख्लान् जस्तो छैन । त्यसकारण बढार्ने काममा विलम्ब नगरौँ । कि कसो ?

कुरो अझै प्रस्ट भेन । बढार्ने ठूलो कि झम्टने ठूलो ? गणतन्त्रमा सबैले खोज्ने कुरो यत्ति हो । सबैभन्दा ठूला त नागरिक हुन् । नागरिकलाई यो छिनोफानो चाँडै गरेको देख्न पाए नागरिकको चित्तबुझ्दो तरिकाले ठूलो बन्नु पो बन्नु । त्यसैले यो छिनोफानो चाँडै गरेको देख्न पाए नागरिकले एउटा लफडाबाट पार पाउँथे । महँगो नुन खार यमीरामको गुन र माखुनेको झम्टाइ कति हेर्नु खोइ ! नागरिक त त्यसो भन्न थाल्या छन् है !

●

**धन्यवाद !**

यो पुस्तक लेख्न घचघच्याउने मेरा परिवारजन उद्धव थापा, सृजना थापा, उमा थापा, उषा थापा, कविता थापा, पविता थापा, अनिल गुमान्जू, गङ्गा बस्नेत र उमङ्गदेव थापामा हार्दिक धन्यवाद !

प्रिय पाठक !
तपाईंलाई यो पुस्तक कस्तो लाग्यो,
निम्नलिखित ठेगानामा प्रतिक्रिया पठाउनोस् है !

**बलदेव थापा**
सूर्यविनायक नगरपालिका वडा नं. ७
गुन्डू, भक्तपुर
दूरभाषाङ्क – ९८४१३३७९८८